एकादशीमाहात्म्यम्

एकादशी-पारणा-विधिः

व्रतस्य श्वोदिने प्रातः शुचिर्भूत्वा प्रसन्नतः ।
विप्राय भोजनं दद्यादित्येषा पारणा स्मृता ।।

उपवास व्रत बसेको एकादशीको भोलिपल्ट बिहान न्याही-ध्वाई ब्राह्मण बोलाई ब्राह्मण-भोजनका लागि शर्बत-सहितको सुयोग्य सिधा टपरी-दुना बुहोतामा हाली जुन एकादशीको कथामा जुन वस्तुले त्यस व्ररतको पारणा गर्नू भनेको छ, त्यो वस्तु पनि त्यस सिधामा विशेष रूपले राखी सिधा तयार पारेर ब्राह्मणलाई सामने बसाई चन्दन-अक्षता फूल लिई टीका लाइदिदा –

'नमो ब्रह्मण्यदेवाय गो-ब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः।।'

भन्नू र शिरमा फूल लाइदिदा–

'सच्चिदानन्दरूपाय विश्वोत्पत्त्यादिहेतवे ।
तापत्रय-विनाशाय श्रीकृष्णाय वयं नुमः।।'

भन्दै फूल लाइदिएर ब्राह्मणको पूजा गरी तीन टुक्रा कुश जौ-जल-तिल दाहिने हत्केलामा लिई त्यसै हातले सिधालाई छोइराखेर तलको संकल्प पढ्नू–।।

'ॐ तत्सत् ३, ॐ विष्णुः ३ श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकल जगत्–सृष्टिकारिणो ब्रह्मणो द्वितीयपरार्धे श्रीश्वेतवाराहकल्पे वैवश्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे प्रथमचरणे भरतखण्डे भारतवर्षे जम्बूद्वीपे आर्यावर्तान्तर्गत हिमवद् - दक्षिणपार्श्वे विन्ध्याचलादुत्तरे अमुक-समीपे अमुक ग्रामे नगरे वा इह पुण्यभूमौ बुद्धावतारे षष्टिसंवत्सराणां मध्ये अमुक नामे संवत्सरे अमुकायने अमुकर्तौ, सौरेण अमुकमासे, चान्द्रेण अमुक मासे अमुक पक्षे अमुक वासरे अमुक तिथौ अमुकराशिस्थिते श्रीसूर्ये अमुक राशिस्थिते चन्द्रमसि अमुकराशिस्थिते देवगुरौ शेषेषु ग्रहेषु यथायथास्थानस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टायां शुभपुण्यतिथौ अद्येह अमुक गोत्रः अमुक प्रवरः अमुक शर्मा अहम् मम सकलपापविनाशक-परमेश्वर-प्रीत्यर्थं विष्णुपुरप्राप्तिकामनया कृतस्य अमुक नाम एकादश्या व्रतपरिपूर्णार्थम् इदं सोपस्करमन्नम् प्रजापतिदैतम् अमुक गोत्राय अमुक शर्मणे ब्राह्मणाय भोजनकरणार्थे तुभ्यमहं संप्रददे ।।'

भनी त्यो कुश मात्र ब्राह्मणको हातमा दिएर अनि भोजनको दक्षिणा पनि त्यसै गरी फेरि जल-जौ-तिल-कुश सहित दाहिने हत्केलामा लिएर–

''ॐ पूर्वसंकल्पसिद्धिरस्तु । अद्य कृतस्य सोपस्करणमन्नदानप्रतिष्ठार्थम् इदं द्रव्यं यथानाम दैवतम् अमुक गोत्राय अमुक शर्मणे ब्राह्मणाय विष्णुस्वरूपाय तुभ्यमहं संप्रददे, ॐ तत्सत् न मम।''

भनी त्यो कुश ब्राह्मणको हातमा राखिदिएर अनि त्यो सिधा दुवै हातले उठाई ब्राह्मणको हातमा राखिदिनू र उनलाई बिदा दिनू। त्यसपछि आफूले पनि हिजो कथामा कहेको पारणामा विहित वस्तु केही खाएर अनि टन्न शर्वत पिएर नित्यगृहक्रिया सकी परिवारका साथ पवित्र सात्त्विक भोजन गर्नू र त्यस दिन दिनभरि नै ननिदाउनू । यही नियम हो 'पारणा-विधि' ।।

(उद्यापनविधि ३४३ पृष्ठमा छ।)

—इति—

सधैं कथा सकिएपछि पढ्‍ने पुष्पाञ्जलिः

उपनयतु मङ्गलं वः सकल-जगन्मङ्गलालयः श्रीमान् ।
दिनकर-किरण-निबोधित-नवनलिनदलनिभेक्षणः कृष्णः ।।
तत्रैव गङ्गा यमुना च तत्र, गोदावरी सिन्धु सरस्वती च ।
सर्वाणि तीर्थानि वसन्ति तत्र, यत्राऽच्युतोदारकथा-प्रसङ्गः ।।
काले वर्षतु पर्जन्यः, पृथिवी शस्यशालिनी ।
देशोऽयं क्षोभरहितो ब्राह्मणाः सन्तु निर्भयाः ।।
अपुत्राः पुत्रिणः सन्तु, पुत्रिणः सन्तु पौत्रिणः ।
निर्धनाः सधनाः सन्तु, जीवन्तु शरदां शतम् ।।
यं ब्रह्मावरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।।
ध्यानाऽवस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो ।
यस्याऽन्तं न विदुः सुराऽसुरगणा देवाय तस्मै नमः ।।
अतसीकुसुमोपमेयकान्ति-र्यमुनाकूलकदम्बमूल - वर्ती ।
नवगोप- वधूविलासशाली, वनमाली वितनोतु मङ्गलं नः ।। ॐ तत्सत् श्रीकृष्णार्पणमस्तु ।

(इति पुस्तकोपरि समर्पयेत्)

सधैं कथा थाल्दा पढिने पुष्पाञ्जलिः

श्रीमच्चन्दनचर्चितोज्ज्वलवपुः शुक्लाम्बरा मल्लिका-
मालालंकृतकुण्डला प्रविलसत् मुक्तावली-शोभिता ।
सर्वज्ञान - निदान - पुस्तकधरा रुद्राक्षमालाकरा
वाग्देवी वदनाऽम्बुजे वसतु मे त्रैलोक्यमाता चिरम् ।।
अमरी - कवरी - भार - भ्रमरी - मुखरीकृतम् ।
दूरीकरोतु दुरितं गौरी - चरणपङ्कजम् ।।
अविरलमदजलनिवहं भ्रमरकुलानीकसेवितकपोलम् ।
अभिमतफलदातारं कामेशं गणपतिं वन्दे ।।
मूकं करोति वाचालं, पंगुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ।।
सच्चिदानन्दरूपाय विश्वोत्पत्त्यादिहेतवे ।
तापत्रयविनाशाय श्रीकृष्णाय वयं नुमः ।।
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ।। ॐ तत्सत् श्रीकृष्णाय नमः।

(इति पुस्तकोपरि समर्पयेत्)

एकादशीमाहात्म्यका कथाहरूको पहिलो दिनको उपोद्घात

अघि कुनै समयमा नैमिषारण्य नाम गरेको क्षेत्र (ठाउँ) मा शौनक आदि गरिएका अठासी हजार ऋषिहरू भेला भई विश्वकल्याणका लागि एक हजार वर्षपछि साङ्ग हुने 'विश्वशान्ति यज्ञ' नामको दीर्घ (लामो) यज्ञ प्रत्येक प्रातः कालमा आफाफ्नू नित्यक्रिया सकेर प्रतिदिन पाँच-पाँच घण्टा गर्ने गरेर रहेका थिए र दिनमा भगवान्को शक्तिबारेका विविध विषयका चर्चा गर्ने गर्थे। त्यस्तै समयमा कुनै दिन व्यासका शिष्य, परम वैष्णव सूतजी तीर्थाटन गर्दै उहीं पुग्नुभयो। उहाँलाई सहसा त्यहाँ उपस्थित भएको देखेर सबै ऋषिहरूले जर्‍याकजुरुक उठेर स्वागत गरे र सभाका बीचमा लगी व्यासासन (कथा सुनाउने आसन) मा बसालेर-' हे महाभाग्यशाली सूतजी, सबै जनको कल्याण चाहने तपाईंले कहेका, यस लोकमा भुक्ति (भोग) र परलोकरमा मुक्ति (मोक्ष) दिलाउने पृथक्-पृथक् कथाहरू हामीले कैयनूचोटि तपाईंका मुखारविन्दबाट भगवान्का अनेक चर्चा सुनिसकेका छौं। अब यो-पाला एकादशीहरूको माहात्म्य सुन्न चाहन्छौं' भनेर विनयपूर्वक बिन्ती चढाएपछि,

निर्मल आकाशमा ताराहरूको बीचमा पूर्ण चन्द्रमा शोभिएझैं, ऋषिहरूका बीचमा व्यासासनमा बसेर शोभिएका सूतजीले, 'अधिका राजा महाराजाहरूलाई उसै समयका ऋषि-मुनिहरूले कहनुभएको भनी, श्रीकृष्णले अर्जुनसहितका पाँचै पाण्डवलाई सुनाउनुभएको, अनि व्यासको मुखारविन्दबाट मैले सुनेको सोही कथा तपाईंहरूलाई सुनाउँछु' भनी सूतजीले शौनकादि गरिएका अठासी हजार ऋषिहरूलाई सुनाउनुभएका एकादशीमहिमाका कथाहरू, अहिले म यहाँ तपाईंहरूलाई सुनाउँछु, सावधान भएर सुन्नुहोस् ।।

ॐ श्रीगणेशाय नमः ।। श्रीवासुदेवाय नमः ।। श्रीनारायणाय नमः ।। श्रीनराय नमः ।। श्रीनरोत्तमाय नमः ।। श्रीदेवीसरस्वत्यै नमः ।। श्रीव्यासाय नमः ।। (अनि संकुलध्वनिमा)– 'धर्मको जय होस् । अधर्मको नाश होस्। विश्वमा शान्ति रहोस् ।।'

'ॐ हरये नमः ।। श्रोतारः सावधाना भवन्तु' (भनी कथा भन्न थाल्नू)-।।

❋

एकादशीमाहात्म्यम्

अथ प्रथमोऽध्यायः

मार्गकृष्णैकादशीकथा।। सूत उवाच–।।

अथ द्वादशमासेषु एकादश्यो भवन्ति याः । अधिके मासि चाप्यन्ये ये च द्वे भवतः शुभे।।१।।
एवं षड्विंशसंख्याका एकादश्यो भवन्ति हि। तासां नामान्यहं वच्मि शृणुध्वं सुसमाहिताः।।२।।

सूतजी भन्नुहुन्छ-।। हे शौनकादि ऋषीश्वरहो ! सावधान भएर सुन्नुहोस् ! अब म तपाईंहरूलाई एकादशी तिथिहरूको महिमाको कथा सुनाउँछु ।। प्रतिवर्षका बाह्र महीनामा जुन चौबीस एकादशी तिथि हुन्छन् र प्रत्येक अढाई वर्षमा आउने अधिमास (मलमास) मा कल्याणकारी दुई एकादशी हुन्छन् ।।१।। यस्ता प्रकारले जम्मा छब्बीस ओटा एकादशी तिथिहरू हुन्छन् । ती सबै एकादशीहरूको नाम म क्रमैले भन्दछु, सावधान भएर सुन्नुहोस् ।।२।।

उत्पन्ना मोक्षदा चाऽपि सफला पुत्रदा तथा। षट्तिलाख्या जयाख्या च विजयाऽऽमलकीति च ।।३।।
पापमोचनिकाऽऽख्या च कामदा च वरूथिनी। मोहिनी चाऽपराख्या च निर्जला योगिनी तथा।।४।।
विष्णोर्देवस्य शयनी पवित्रा पुत्रदा त्वजा। परिवर्तिनीन्दिराऽऽख्या तथा पापांकुशा रमा।।५।।
देवोत्थानीति च प्रोक्ताश्चतुर्विंशतिनामभिः। द्वे चाऽप्यधिकमासस्य पद्मिनी परमेति च ।।६।।
अन्वर्थानि च नामानि सर्वासां विद्धि निश्चितम्। तद्धि सर्वंकथाभिस्तु स्फुटतां यास्यति ध्रुवम् ।।७।।
व्रतमुद्यापनं चाऽऽसां यदि कर्तुं न शक्नुयात् । तदा संकीर्त्तनान्नाम्नां सद्यस्तत्फलमाप्नुयात् ।।८।।

मार्गकृष्णादेखि क्रमैले-१. उत्पन्ना, २. मोक्षदा, ३. सफला, ४. पुत्रदा, ५. षट्तिला, ६. जया, ७. विजया, ८. आमलकी, ९. पापमोचनी, १०. कामदा, ११. वरूथिनी, १२. मोहिनी, १३. अपरा, १४. निर्जला, १५. योगिनी, १६. देवशयनी, १७. पुत्रदा, १८. पवित्रा, १९. अजा, २०. परिवर्तिनी, २१. इन्दिरा, २२. पापांकुशा, २३. रमा र २४. देवोत्थानी (हरिबोधिनी) यी प्रत्येक वर्षका बाह्र महीनामा पर्ने चौबीश एकादशीका नाम हुन् । प्रत्येक अढाई वर्षमा पर्ने अधिकमासका दुई एकादशी हुन् -पद्मिनी र परमा ।।३-६।। सबै एकादशीका नामहरू अन्वर्थ छन्, अर्थात् जस्तो नाम छन् उस्तै गुण भएका छन् यो कुरो निश्चय जान। ती सबै कुराहरू अगाडिका कथाहरूद्वारा पक्कै प्रष्ट हुनेछन् ।।७।। यी एकादशीहरूको व्रत अथवा उद्यापन यदि कसैले गर्न सक्तैन भने, तब यी नाउँहरूको राम्रोसित कीर्तन गऱ्यो भने तुरुन्तै एकादशीका व्रतको फल उसले पाउँदछ ।।८।।

अथ कथा ।। सूत उवाच– ।।

एवं प्रीत्या पुरा विप्राः ! श्रीकृष्णेन परं व्रतम् । कथितं तत् प्रयत्नेन यः कुर्याद्भुवि मानवः ।।१।।
तत्पुण्यस्य प्रभावेण प्राप्तपुण्यफलादिकम् । भुक्त्वा भोगाननेकाँस्तु विष्णुलोकं प्रयाति सः ।।

पार्थ उवाच– ।।

उपवासस्य नक्तस्य तथैवाऽयाचितस्य भो। किं पुण्यं किं विधानं हि ब्रूहि सर्वं जनार्दन ।।२।।

श्रीकृष्ण उवाच– ।।

हेमन्ते चैव संप्राप्ते मासि मार्गशिरे शुभे । शुक्लपक्षे तथा पार्थ एकादश्यामुपोष्य च ।।३।।
दशम्यां चैव यत् किंचित् यः कुर्यात् सुदृढव्रतम् । नक्तं च तद्दिने कृत्वा दशम्यां दन्तधावनम् ।।४।।

अब कथा प्रारम्भ गरिन्छ । नैमिषारण्य क्षेत्रमा अठासी हजार शौनकादि ऋषिहरू-समक्ष सूतजीले भन्नुभयो-हे ब्राह्मणहो ! श्रीकृष्ण भगवानूले बड़ो प्रेमपूर्वक पहिले युधिष्ठिर आदि पाण्डवहरूलाई जो श्रेष्ठव्रत कहनुभयो, त्यसलाई प्रयत्नपूर्वक जो मनुष्य यस पृथ्वीतलमा गर्दछ ।।१।। त्यस पुण्यको प्रभावले प्राप्त भएको पुण्यका फलहरूका अनेक भोगहरू भोगेर मरेपछि त्यो जन विष्णुलोक जानेछ ।। अर्जुनले भने-हे जनार्दन ! यस एकादशीमा गरिएको उपवासको त्यस्तै अघिल्ला दिनको व्रत नियमका त्यस्तै अयाचित (नथप) को के पुण्य हो? यो व्रत बस्ने विधि (नियम) के हो ? त्यो सब कहनुहोस् ।।२।। तब श्रीकृष्णले आज्ञा भो-हेमन्त ऋतुमा कल्याणकारी मङसीर महीना आएपछि हे पार्थ ! कृष्णपक्ष या शुक्लपक्षमा पर्ने एकादशीको दिनमा उपवास बस्ता ।।३।। दशमीकै दिनमा जो कुछ संयम बर्तेर, दशमीमा साँझपख दतिवन गरेर राति हविष्य खानुपर्छ ।।४।।

दिवसस्याऽष्टमे भागे मन्दीभूते दिवाकरे । तत्र नक्तं विजानीयान्न नक्तं निशि भोजनम् ।।५।।
ततः प्रभातसमये संकल्प्य नियमाँश्चरेत् । मध्याह्ने च तथा पार्थ शुचिः स्नातः समाहितः ।।६।।
नद्यां तडागे वाप्यां वा उत्तमं मध्यमं त्वधः । क्रमाज्ज्ञेयं तथा कूपे तदभावे प्रशस्यते ।।७।।
अश्वक्रान्ते रथक्रान्ते विष्णुक्रान्ते वसुन्धरे । मृत्तिके हर मे पापं यन्मया पूर्वसंचितम् ।।८।।
त्वया हतेन पापेन गच्छामि परमां गतिम् । अनेन मृत्तिकास्नानं विदधीत व्रती नरः ।।९।।

दिनको आठौं भागमा सूर्यको तेज मन्द भएपछिको समय नै नक्त हो भन्ने जान । त्यसतो रात्रिको समयमा भोजन गर्नु हुँदैन ।।५।। तब आउने प्रभात (मिरमिरे उज्यालोको) समयमा संकल्प गरेर अर्थात् प्रतिज्ञा गरेर केही नियमहरूको आचरण गर्नुपर्छ । हे पार्थ अर्जुन! तब मध्याह्नमा सावधानचित्तले न्वाहीध्वाई पवित्र वस्त्र पैहनुपर्छ ।।६।। नदीमा न्वाहुनु उत्तम हो, पोखरीमा न्वाहुनु मध्यम हो, वापी (डोबरो) मा न्वाहुनु अधम हो भन्ने कुरो त्यसरी क्रमैले जानेर ती तीनैको अनुकूल नपरे इनारैको वा पर्नेरैको स्नान पनि बेसै हुन्छ ।।७।। त्यहाँ-त्यहाँ न्वाहुनुभन्दा पहिले क्यै माटो लिएर 'हे अश्वक्रान्ते ! हे रथक्रान्ते ! हे विष्णुक्रान्ते ! हे वसुन्धरे ! हे मृत्तिके! मेरो पापलाई र जो मैले पैले सञ्चय गरेको छु त्यो पापलाई पनि नाश गरिदेऊ ।।८।। तिमीले पाप हरिदिएपछि म श्रेष्ठ गतिमा प्राप्त हुन्छु।' यस मन्त्रले न्वाहुनुभन्दा पहिले व्रत लिने व्यक्तिले मृत्तिकास्नान अर्थात् त्यो माटो जीउमा दलेर स्नान गर्नुपर्छ ।।९।।

नाऽऽलपेत् पतितैश्चौरैस्तथा पाषण्डिभिः सह। मिथ्यापवादिनो देववेदब्राह्मणनिन्दकान् ।।१०।।
अन्यांश्चैव दुराचारानगम्यागामिनस्तथा । परद्रव्यापहृच्चैव देवद्रव्यापहारिणः ।।११।।
न सम्भाषेत दृष्ट्वाऽपि भास्करं चाऽवलोकयेत् । ततो गोविंदमभ्यर्च्य नैवेद्यादिभिरादरात् ।।१२।।
दीपं दद्याद् गृहे चैव भक्तियुक्तेन चेतसा । नीराजनस्याक्षि - तापमन्यानपि च कारयेत् ।।
तद्दिने वर्जयेत् पार्थ निंदां मैथुममेव च । गीतशास्त्रविनोदेन दिवारात्रं नयेद् व्रती ।।१३।।

व्रत बसेको दिन पतित, रक्स्याहा, चोर तथा कुनै निश्चित धर्ममा नरहने पाखण्डी, झूटो बोल्ने फटाहा, दौता-वेद-ब्राह्मणको निन्दा गर्ने नीचहरूसँग नबोल्नू अर्थात् कुराकानी नगर्नू ।।१०।। अनि अरू पनि जो दुष्ट (खराब) आचरण गर्ने अथवा अगम्या (माता-दिदी-बैनी) का साथ गमन (रति) गर्ने, अर्काको धन चोर्ने लुट्ने र देवताको, ब्राह्मणको धन हर्ने मानिसहरूसँग पनि ।।११।। बातचीत नगर्नू, त्यस्तालाई देखियो भने पनि सूर्यको दर्शन गर्नू। त्यसपछि नैवेद्य आदिले भक्तिपूर्वक गोविन्द (विष्णु) को पूजा गरेर ।।१२।। आरती गर्नू र त्यो आरती श्रद्धाभक्तिपूर्वक मनले घरमा वरिपरि पनि घुमाउनू, त्यो नीराजनको तापले आँखा सेक्नू र अरूलाई पनि आफाफ्ना आँखा सेक्न लाउनू।। हे पार्थ ! त्यस दिन कसैको पनि निन्दा नगर्नू अनि मैथुन (स्त्रीसंभोग) पनि नगर्नू । व्रत बसेको व्यक्तिले खालि भगवान्‌को भजन कीर्तन गरेर या सत् शास्त्रको लहडले त्यो दिनरात (अहोरात्र) बिताओस् ।।१३।।

रात्रौ जागरणं कृत्वा भक्तियुक्तेन चेतसा । विप्रेभ्यो दक्षिणां दत्त्वा प्रणिपत्य क्षमापयेत् ।।१४।।
यथा शुक्ला तथा कृष्णा मान्या वै धर्मतत्परैः । एकादश्योर्द्वयो राजन् विभेदं नैव कारयेत् ।।१५।।
एवं हि कुरुते यस्तु शृणु तस्याऽपि यत्फलम् । शंखोद्धारे नरः स्नात्वा दृष्ट्वा देवं गदाधरम् ।।१६।।
एकादश्युपवासस्य कलां नार्हन्ति षोडशीम् । व्यतीपाते च दानस्य लक्षमेकं फलं स्मृतम् ।।१७।।
संक्रान्तिषु चतुर्लक्षं यो ददाति धनञ्जय । कुरुक्षेत्रे च यत् पुण्यं ग्रहणे चन्द्रसूर्ययोः ।।१८।।

बड़ो भक्तिपूर्वकको चित्तले त्यो रातभरि जाग्राम बसेर, भोलिपल्ट पारणा गरी, ब्रह्मणहरूलाई दक्षिणा दिएर, उनका गोडामा ढोगेर उनीसित क्षमा माग्नू ।।१४।। जस्तो शुक्लपक्षको एकादशी मान्य हुन्छ, त्यस्तै कृष्णपक्षको पनि मान्य हुन्छ भन्ने धर्मात्माहरूले ठान्नुपर्छ। हे राजन् युधिष्ठिर, दुवै एकादशीमा कुनै फरक मान्नु (गर्नु) हुँदैन ।।१५।। यस्ता प्रकारले जो व्रत बस्तछ, त्यसको बखान पनि अब सुन । कुनै पनि मनुष्यले शंखोद्धार क्षेत्रमा न्वाहेर गदाधर भगवान्को दर्शन गर्दा त्यसलाई जो फल प्राप्त हुन्छ ।।१६।। त्यो फल, एकादशीको व्रतको उपवासको सोह भागको एक भागको पनि समानता गर्न सक्तैन ।। व्यतीपात नाम गरेको योगमा गरिएको दानको फल अरू बेला गरेको भन्दा एक लाख गुना बेसी फल दिनेवाला हुन्छ भनी भनिएको छ ।।१७।। हे धनञ्जय अर्जुन! संक्रान्तिहरूमा जो दान दिइन्छ त्यसको चार लाख गुना बेसी फल हुन्छ भन्ने कहिएको छ। अनि कुरुक्षेत्रमा चन्द्रग्रहण तथा सूर्यग्रहणमा गरिएका दानको जो पुण्य हुन्छ ।।१८।।

मकरस्थे रवौ माघे त्रिवेण्यां स्नानजं फलम् । तत् सर्वं लभते यस्तु एकादश्यामुपोषितः ।।
अश्वमेधस्य यज्ञस्य करणाद्यत्फलं लभेत् । ततः शतगुणं पुण्यमेकादश्युपवासतः ।।१९।।
तपस्विनो गृहे नित्यं लक्षं यस्य च भुञ्जते । षष्टिवर्षसहस्राणि तस्य पुण्यं च यद्भवेत् ।।२०।।
एकादश्युपावासेन पुण्यं प्राप्नोति मानवः । गोसहस्रे च यत् पुण्यं दत्ते वेदांगपारगे ।।२१।।
तस्मात् पुण्यं दशगुणमेकादश्युपवासिनाम् । नित्यं गृहेऽदन्ति यस्य दश चैव द्विजोत्तमाः ।।२२।।

तथा मकरमा सूर्य रहेको वेला प्रयागको त्रिवेणीमा गरेको स्नानको जो जो फल हुन्छ, त्यो सबै फल जो एकादशीमा उपवास व्रत बस्छ उसले पनि पाउँछ ।। अश्वमेध नामको यज्ञ गर्नालि जो फल पाइन्छ, त्योभन्दा सयगुना बेसी पुण्य, एकादशीको उपवास व्रत बस्नाले मिल्दछ ।।१९।। जसको घरमा एक लाख तपस्वीहरू दिनहुँ भोजन गर्दछन्, त्यसरी साठी हजार वर्षसम्म ख्वाउँदा उसलाई जो पुण्य हुन्छ ।।२०।। त्यो पुण्य कुनै पनि मनुष्यले एकादशीको व्रत बस्नाले प्राप्त गर्दछ। वेद-वेदाङ्गमा पारङ्गत विद्वानूलाई एक हजार गाई दान दिदा जो पुण्य प्राप्त हुन्छ ।।२१।। त्योभन्दा दशगुना बेसी पुण्य एकादशीको व्रत गर्ने जनलाई मिल्दछ । जसको घरमा दिनहुँ दश जना उत्तम वैदिक ब्राह्मणहरू भोजन गर्दछन् ।।२२।।

भवेत् तद्वै दशगुणं भोजने ब्रह्मचारिणः । एतत्सहस्रं भूदाने कन्यादाने ततः स्मृतम् ।।२३।।
तस्माद्दशगुणं प्रोक्तं विद्यादाने तथैव च । विद्याद् दशगुणं चाऽन्नं यो ददाति बुभुक्षिते ।।२४।।
अन्नदानसमं दानं न भूतं न भविष्यति । तृप्तिमायान्ति कौन्तेय स्वर्गस्थाः पितृदेवताः ।।२५।।
एकादशीव्रतस्याऽपि पुण्यसंख्या न विद्यते । एतत्पुण्यप्रभावश्च यत्सुरैरपि दुर्लभः ।।२६।।
नक्तस्यार्द्धं फलं तस्य एकभुक्तस्य सत्तम । एकभुक्तं च नक्तं च उपवासस्तथैव च ।।२७।।

ती दश द्विजोत्तमलाई रोजै ख्वाउनुभन्दा दशगुना बेसी पुण्य दिन-दिनै यौटा ब्रह्मचारीलाई ख्वाउँदा हुन्छ। यो ब्रह्मचारीलाई रोजै ख्वाएको भन्दा हजारगुना बेसी पुण्य भू (भूमि) दान गर्दाखेरि पुण्य प्राप्ति हुन्छ र त्यसको भन्दा हजारगुना बेसी कन्यादान गर्दा पुण्य हुन्छ भनिएको छ ।।२३।। त्यस्तै कन्यादानको भन्दा दशगुना बेसी पुण्य विद्यादान गर्दा हुन्छ र विद्यादानभन्दा दशगुना बेसी पुण्य भोकोलाई जो अन्न दिन्छ उसलाई हुन्छ ।।२४।। अन्नदान समानको दान त न पहिले भयो, न त पछि नै हुनेछ। हे अर्जुन! जुन अन्नदानले स्वर्गमा रहेका पितृहरू देवताहरू पनि तृप्त हुन्छन् ।।२५।। तर एकादशी व्रतको चाहिं पुण्यसंख्या नै छैन, त्यो अनगिन्ती छ/। यसका पुण्यको प्रभाव ता जो देवताहरूलाई पनि दुर्लभ (कठिन) ले प्राप्त हुन्छ ।।२६।। हे सज्जन अर्जुन! रातिमा मात्र खाने र दिनमा एकैपल्ट हविष्य खानेलाई पूर्वोक्त फल आधा प्राप्त हुन्छ । दिनमा एकैपल्ट खाने र राति पनि खानेको उपवासको फल उस्तै हो ।।२७।।

एतेष्वन्यतमं वाऽपि व्रतं कुर्याद्धरेर्दिने। तावद्गर्जन्ति तीर्थानि दानानि नियमा यमाः ॥२८॥
एकादशी न संप्राप्ता यावत् तावन्मखा अपि । तस्मादेकादशी सर्वैरुपोष्या भवभीरुभिः ॥२९॥
न नखेन पिबेत् तोयं न हन्यान्मत्स्यशूकरान् । एकादश्यां न भुञ्जीत यन्मां त्वं पृच्छसेऽर्जुन ॥३०॥
एतत् ते कथितं सर्वं व्रतानामुत्तमं व्रतम् । एकादशीसमं नाऽस्ति कृत्वा यज्ञसहस्रकम् ॥३१॥

अर्जुन उवाच–॥

उक्ता त्वया कथं देव पुण्येयं सर्वतस्तिथिः । श्रोतुमिच्छामि तत् सर्वं पुण्याऽधिक्यस्य कारणम् ॥

यी उपरोक्त व्रतहरूमध्ये कुनै भए पनि यौटा एकादशीको पनि कुनै न कुनै व्रत गर्नुपर्छ । तीर्थहरू-दानहरू-नियमहरू-यम (संयम) हरू तबसम्म गर्जन्छन् ॥२८॥ जबसम्म एकादशी आउँदैन, यज्ञहरू पनि तबसम्म मात्रै गर्जन्छन् । त्यसकारण, सांसारिक पापहरूदेखि डराउने सबैले एकादशीको दिन उपवास बस्नुपर्छ ॥२९॥ हे अर्जुन ! यदि तिमी मलाई अझै सोद्धछौ भने, कहिल्यै पनि अँजुलिले पानी नपिउनू, माछा तथा सुँगुर आदि पशुहरूलाई नमार्नू, कुनै पनि एकादशीमा नखानू ॥३०॥ व्रतहरूमध्येमा अत्यन्त उत्तम यो एकादशीको व्रतबारे मैले तिमीलाई सबै कहें। एकादशीको व्रतको जस्तो पुण्य ता हजार यज्ञ गरे पनि हुन्न ॥३१॥ अर्जुनले भने- हे भगवन् ! तपाईंले यो एकादशीलाई सारा तिथिहरूभन्दा पवित्र तिथि हो भनेर कसरी भन्नुभो? यसको अधिक पुण्य हुनाको जो कारण छ, त्यो सबै कुरो म सुन्न चाहन्छु॥

श्रीकृष्ण उवाच–।।

पुरा कृतयुगे पार्थ मुरुनामा हि दानवः । अत्यद्भुतो महारौद्रः सर्वदेवभयंकरः ।।३२।।
इन्द्रो विनिर्जितस्तेन ह्यत्युग्रेण च पाण्डव । इन्द्रेण कथितः सर्वो वृत्तान्तः शंकराय वै ।।३३।।
सर्वलोकपरिभ्रष्टा विचरामो महीतले । उपायं ब्रूहि मे देव त्रिदशानां तु का गतिः ।।३४।।

ईश्वर उवाच–।।

देवराज सुरश्रेष्ठ यत्राऽस्ति गरुड़ध्वजः । शरण्यश्च जगन्नाथः परित्राणपरायणः।।३५।।
तत्र गच्छामहे सर्वे स नः कार्यं विधास्यति । ईशस्य वचनं श्रुत्वा देवराजो महामनाः ।।३६।।

श्रीकृष्णले भन्नुभयो-हे पार्थ, उहिले सत्ययुगमा अत्यन्त अद्भुत, ज्यादै डरलाग्दो, सारा द्यौताहरूमा हाहाकार मच्याउने मुरु नामको दानव थियो ।।३२।। हे पाण्डव! त्यस दानवले आफ्ना उग्र बलले इन्द्रलाई जितिलियो। तब इन्द्रले यो सारा वृत्तान्त शङ्करलाई भने-।।३३।। हामीहरू सबै यतिखेर आफ्नो लोकबाट भागेर पृथ्वीतलमा भट्किरहेका छौं। हे भगवन् ! मलाई उपाय बताइबक्सियोस्,नत्र यी द्यौताहरूको के गति हुने हो? ।।३४।। तब शिवले भन्नुभयो- हे देवताहरूमा श्रेष्ठ देवराज ! शरणमा आएकाहरूको रक्षा गर्नेवाला, जगत्का स्वामी तथा सदा रक्षा गर्न तंतयार रहने, गरुड़ध्वज विष्णु जहाँ हुनुहुन्छ ।।३५।। उही हामी सबै जाऔँ, उहाँले नै हामीहरूको सारा काम फत्ते पारिदिनुहुन्छ । शिवजीको यस्तो वचन सुनेर माननीय देवराज इन्द्र ।।३६।।

पुरस्कृत्य महादेवं सगणं समरुद्गणम् । यत्र देवो जगन्नाथः प्रसुप्तो हि जनार्दनः ॥३७॥
जलमध्ये प्रसुप्तं तु दृष्ट्वा देवं जगत्पतिम् । कृताञ्जलिपुटो भूत्वा रुद्रः स्तोत्रमुदीरयत् ॥३८॥
ॐ नमोऽस्तु देवदेवाय देवदेवैः सुवन्दित । दैत्यारे पुण्डरीकाक्ष त्राहि नो मधुसूदन ॥३९॥
दैत्यभीता इमे देवा मया सह समागताः । शरणं त्वं जगन्नाथ त्वं कर्ता त्वं च कारकः ॥४०॥
त्वं माता सर्वलोकानां त्वमेव जगतः पिता । त्वं स्थितिस्त्वं तथोत्पत्तिस्त्वं च संहारकारकः ॥४१॥

शिवगणसहित तथा देवगणसहितका महादेवलाई अगि लगाएर देवराज उहाँ गए, जहाँ जगत्का स्वामी भगवान् जनार्दन सुत्नुभएको थियो ॥३७॥ जगत्का पति भगवान्लाई जलका बीचमा सुतेको देखेर श्री महादेवले दुवै हात जोडेर नम्रतापूर्वक भगवान्को यो स्तोत्र भन्नुभयो-॥३८॥ 'ॐ देवताहरूका देवता! श्रेष्ठ देवताहरूले सधैं प्रार्थना गरिने, हे दैत्यहरूका शत्रु, हे पुण्डरीकाक्ष! प्रभुलाई नमस्कार छ । हे मधुसूदन! हामीहरूलाई रक्षा गर्नुहोस् ॥३९॥ दानवहरूदेखि डराएका यी देवताहरू मेरा साथ यहाँ आएका छन् । हे जगन्नाथ तपाईं शरणमा आएकाको रक्षा गर्नेवाला हुनुहुन्छ, अनि सबैका कर्ता र सबैलाई सृष्टि गराउने पनि तपाईं नै हुनुहुन्छ ॥४०॥ तपाईं नै सबै लोकको माता हुनुहुन्छ, तपाईं नै जगत्को पिता हुनुहुन्छ, तपाईं नै जगत्को उत्पन्न गर्नेवाला, तपाईं नै स्थिति गर्नेवाला र तपाईं नै संहार गर्नेवाला हुनुहुन्छ ॥४१॥

सहायस्त्वं च देवानां त्वं च शान्तिकरः प्रभो । त्वं धरा च त्वमाकाशः सर्वविश्वोपकारकः ॥४२॥
भवस्त्वं च स्वयं ब्रह्मा त्रैलोक्यप्रतिपालकः । त्वं रविस्त्वं शशांकश्च त्वं देवो त्वं हुताशनः ॥४३॥
हव्यं होमो हुतस्त्वं च मन्त्रतन्त्रर्त्विजो जपः । यजमानश्च यज्ञस्त्वं फलभोक्ता त्वमीश्वरः ॥४४॥
न त्वया रहितं किंचित् त्रैलोक्ये सचराचरे । भगवन् देवदेवेश शरणागतवत्सल ॥४५॥

हे प्रभु ! तपाईं नै देवताहरूको सहायक हुनुहुन्छ, तपाईं नै उनीहरूलाई शान्ति दिनेवाला हुनुहुन्छ। तपाईं नै पृथ्वी हुनुहुन्छ र तपाईं नै आकाश हुनुहुन्छ र तपाईं नै समस्त संसारको उपकार गर्नेवाला हुनुहुन्छ ॥४२॥ तपाईं नै शिव हुनुहुन्छ र तपाईं नै स्वयं ब्रह्मा हुनुहुन्छ तथा तीनै लोककन पालन गर्नेवाला विष्णु हुनुहुन्छ । तपाईं नै सूर्य हुनुहुन्छ, तपाईं नै चन्द्रमा हुनुहुन्छ र तपाईं नै अग्निदेवता हुनुहुन्छ ॥४३॥ हवन गरिने वस्तु चरु (शाकल्य), होम (चरु आगोमा हाल्ने काम) र जसका लागि चरु आगोमा हालियो त्यो पनि तपाईं नै हुनुहुन्छ र मन्त्र, तन्त्र, ऋत्विज, जप, यजमान, यज्ञ, यज्ञको फलभोक्ता पनि तपाईं हुनुहुन्छ र तपाईं नै ईश्वर हुनुहुन्छ ॥४४॥ हे देवताका पनि देवता, हे शरणमा आएकालाई प्यारो गर्ने, हे भगवान् ! यो चर-अचरसहितको तीनै लोकमा तपाईं-विना कुनै वस्तु पनि छैन ॥४५॥

त्राहि त्राहि महायोगिन् भीतानां शरणं भव । दानवैर्निर्जिता देवाः स्वर्गभ्रष्टाः कृता विभो ।।४६।।
स्थानभ्रष्टा जगन्नाथ विचरन्ति महीतले । रुद्रस्य वचनं श्रुत्वा विष्णुर्वचनमब्रवीत् ।।४७।।
श्रीभगवानुवाच-।।
कोऽसो दैत्यो महामायो देवा येन विनिर्जिताः । किं स्थानं तस्य किं नाम किं बलं कस्तदाश्रयः।।४८।।
एतत् सर्वं समाचक्ष्व मघवन् निर्भयो भव । इन्द्र उवाच।। भगवन् देवदेवेश भक्तानुग्रहकारक ।।४९।।
दैत्यः पूर्वं महानासीन्नाडीजंघ इति स्मृतः । ब्रह्मवंशसमुद्भूतो महोग्रः सुरसूदनः ।।५०।।

हे महायोगी! रक्षा गर्नुहोस् , रक्षा गर्नुहोस्, डराएकाहरूको रक्षक हुनुहोस् । हे विभु ! दानवद्वारा जितिएका देवताहरू स्वर्गबाट निकालिएका भएका छन् ।।४६।। हे जगन्नाथ! आफ्ना स्थानबाट भगाइएका द्यौताहरू पृथ्वीतलमा भट्किरहेका छन् ।।' महादेवको त्यस्तो वचन सुनेर विष्णु भगवान्ले यस्तो वचन बोल्नुभो ।।४७।। श्री भगवान्ले भन्नुभयो-।। जसले देवताहरूलाई जित्यो, यस्तो महामायी अर्थात् मायावी त्यो को दैत्य हो? त्यो कहाँ रहन्छ ? त्यसको के नाम हो? त्यो कति बलियो छ? त्यसको सहायक को छ? ।।४८।। हे इन्द्र! यो सबै कुरो भन, नडराऊ। तब इन्द्रले भने- हे देवताका पनि देवता, हे भक्तहरूलाई अनुग्रह (दया) गर्ने भगवन् ।।४९।। हे प्रभो! धेरै समय पहिले, ब्राह्मणकै वंशमा जन्मेको भए पनि बड़ो उग्र डरलाग्दो, द्यौताहरूलाई कत्तल पार्ने खालको, नाडीजंघ भन्ने नामले प्रख्यात भएको ठूलो भयङ्कर दानव थियो ।।५०।।

तस्य पुत्रोऽतिविख्यातो मुरनामा महासुरः । तस्य चन्द्रावती नाम नगरी च गरीयसी ॥५१॥
तस्यां वसन् स दुष्टात्मा विश्वं निर्जित्य वीर्यवान् । सुरान् स वशमानिन्ये निराकृत्य त्रिविष्टपात् ॥५२॥
इन्द्राग्नियमवाय्वीशसोमनिर्ऋतिपाशिनाम् । पदेषु स्वयमेवाऽऽसीत् सूर्यो भूत्वा तपत्यपि ॥५३॥
पर्जन्यः स्वयमेवाऽऽसीद्देव सर्वाश्च देवताः । जहि तं दानवं विष्णो सुराणां जयमावह ॥५४॥
तस्य तद्वचनं श्रुत्वा कोपाऽऽविष्टो जनार्दनः । उवाच शक्रं देवेन्द्र हनिष्ये तं महाबलम् ॥५५॥

त्यस नाडीजंघको छोरो अतिप्रसिद्ध मुर नाम गरेको ठूलो असुर छ । उसको चन्द्रावती नामको ठूलो नगरी (शहर) छ ॥५१॥ त्यसै नगरीमा बसेर अतिबलियो त्यसले देवताहरूलाई हुटहुटी लाएर स्वर्गबाट निकालेर स्वर्गलाई आफ्नू वशमा गरिलियो ॥५२॥ इन्द्र-अग्नि-यम-वायु-ईश-सोम-निर्ऋति-वरुण यी सबको स्थानमा आफै बसेको छ र आफै सूर्य बनेर ताप प्रकाश दिइरहेको छ ॥५३॥ हे भगवन् ! उ आफै मेघ बनेको छ र सारा देवता पनि उ नै भएको छ । त्यसकारण हे विष्णु! त्यस दानवलाई मारिदिनुहोस् र देवताहरूको जय गर्नुहोस् ॥५४॥ ती इन्द्रको त्यस्तो वचन सुनेर क्रोधले चूर भएका जनार्दन भगवान्ले इन्द्रलाई भन्नुभयो- हे देवेन्द्र ! अतिबलियो त्यसलाई म मारिदिनेछु ॥५५॥

प्रयान्तु सहिताः सर्वे चन्द्रावत्यां महाबलाः । इत्युक्ताः प्रययुः सर्वे पुरस्कृत्य हरिं सुराः ॥५६॥
दृष्टो देवैस्तु दैत्येन्द्रो गर्जमानस्तु दानवैः । असंख्यातसहस्रैस्तु दिव्यप्रहरणाऽऽयुधैः ॥५७॥
हन्यमानास्तदा देवा असुरैर्बाहुशालिभिः । संग्रामं ते समुत्सृज्य पलायन्त दिशो दश ॥५८॥
ततो दृष्ट्वा हृषीकेशं संग्रामे समुपस्थितम् । अन्वधावन्नभिक्रुद्धा विविधाऽऽयुधपाणयः ॥५९॥
अथ तान् प्रद्रुतान् दृष्ट्वा शंखचक्र-गदाधरः । विव्याध्य सर्वगात्रेषु शरैराशीविषोपमैः ॥६०॥

हे महाबलिया देवताहो! तिमीहरू सबै एकजूट भएर चन्द्रावती नगरीमा जाओ। तब विष्णुले यस्तो भनिएका सबै देवताहरू विष्णुलाई नै अगाडि लाएर चन्द्रावतीतिर प्रस्थान गरे ॥५६॥ नाना प्रकारका शस्त्र-अस्त्रले सुसज्जित हज्जारौंका हज्जारौं दानवहरूका साथ गर्जदै आएको त्यो दैत्यराजलाई देवताहरूले देखे ॥५७॥ तब अत्यन्त बलिया असुरहरूले ठोकिएका ती धौताहरू त्यो संग्रामकन छाड़ेर दशौदिशातिर कुलेलम ठोके ॥५८॥ त्यसपछि हृषीकेश भगवान्‌लाई त्यस संग्राममा खड़ा भएको देखेर किसिम-किसिमका हतियारहरू हातमा लिएका, अत्यन्त क्रोधी दानवहरूले विष्णुमाथि आक्रमण (हमला) गरे ॥५९॥ अनि ती आक्रमणकारी दानवहरूलाई देखेर शंख-चक्र-गदा हातमा लिने विष्णु भगवान्‌ले सर्पको विष जस्ता बिषालु वाणहरू ती सबैको शरीरमा धसाइदिए ॥६०॥

तेनाऽऽहतास्ते शतशो दानवा निधनं गताः। एकांगो दानवः स्थित्वा युद्ध्यमानो मुहुर्मुहुः ।।६१।।
तस्योपरि हृषीकेशो यद्यदायुधमुत्सृजत् । पुष्पवत् तं समभ्येति कुंठितं तस्य तेजसा ।।६२।।
शस्त्रास्त्रैर्विद्ध्यमानोऽपि यदा जेतुं न शक्यते । युयोध च तथा क्रुद्धो बाहुभिः परिघोपमैः ।।६३।।
बाहुयुद्धं कृतं तेन दिव्यवर्षसहस्रकम् । तेन श्रान्तः स भगवान् गतो बदरिकाश्रमम् ।।६४।।
तत्र हैमवती नाम्नी गुहा परमशोभना । तां प्रविश्य महायोगी शयनार्थं जगत्पतिः ।।६५।।
योजनद्वादशाऽऽयामा एकद्वारा धनञ्जय । अहं तत्र प्रसुप्तोऽस्मि भयभीतो न संशयः ।।६६।।

विष्णुले बाणले ठोकिएका ती सयकड़ौं दानवहरू भताभत मरे। अनि एक्लै त्यो मुर नामको दानव युद्धभूमिमा रहेर अविछिन्न लडिरह्यो ।।६१।। त्यसका उपर हृषीकेश भगवान् जो-जो हतियार छोड्थे ती आयुध त्यसका तेजले मुर्झाएर फूल झैं भै उसलाई लाग्थे ।।६२।। शस्त्रास्त्रले छियाछिया पार्दा पनि जब विष्णुलाई जित्न सकेन त तब रिसाएको उसले गदा जस्ता हातहरूले कुश्ती लड्न थाल्यो ।।६३।। त्यस दानवले दिव्य एकहजार वर्षसम्म बाहुयुद्ध कुश्ती मुक्कामुक्की गऱ्यो । त्यस युद्धले थाकेका भगवान् तब थाकेर बदरिकाश्रम (बद्री) मा विसाउन गए ।।६४।। त्यहाँ हैमवती नामको अत्यन्त राम्रो गुफा थियो । महायोगी जगत्पति सुत्नका लागि त्यसै गुफामा पसे ।।६५।। हे अर्जुन ! त्यो गुफा अठ्चालीस कोशको फराकिलो थियो। उसको यौटै ढोका थियो। त्यसदेखि डराएको म त्यसैमा सुतें, यो पक्का कुरो हो।।६६।।

महायुद्धेन तेनैव श्रान्तोऽहं पाण्डुनन्दन । दानवः पृष्ठतो लग्नः प्रविवेश स तां गुहाम् ॥६७॥
प्रसुप्तं मां तदा दृष्ट्वाऽचिन्तयद्दानवो हृदि । हरिमेनं हनिष्येऽहं दानवानां क्षयावहम् ॥६८॥
एवं सुदुर्मतिस्तस्य व्यवसायं व्यवस्यतः । समुद्भूता ममाऽङ्गेभ्यः कन्यैका च महाप्रभा ॥६९॥
दिव्यप्रहरणा देवी युद्धाय समुपस्थिता । ईक्षिता दानवेन्द्रेण अरुणा पाण्डुनन्दन ॥७०॥
युद्धं समाहिता तेन स्त्रिया तत्र प्रयाचितम् । तेनाऽयुद्ध्यत सा नित्यं तां दृष्ट्वा विस्मयं गतः ॥७१॥

हे अर्जुन ! म त्यसै भयंकर बाहुयुद्धले पलस्त भएर थाकेको थिएँ । पछि-पछि लागेर लघार्दै आएको त्यो दानव पनि त्यस गुफामा पस्यो ॥६७॥ तब त्यहाँ मलाई सुतेको देखेर त्यस दानवले आफ्नू मनमा सोच्यो कि दानवहरूको नाश गर्ने यो हरिलाई म मारि नै दिन्छु भन्ने ठहर गऱ्यो ॥६८॥ यस्ता प्रकारले त्यस दुर्बुद्धिले उपाय सोच्दै थियो कि एकाएक मेरो अङ्गबाट अत्यन्त तेजस्विनी यौटी कन्या उत्पन्न भई ॥६९॥ दिव्य शस्त्र-अस्त्र धारण गरेकी ती देवी तब त्यससित युद्धका लागि तयार भइन् । हे अर्जुन ! त्यो दानवेन्द्रले क्रोधले गर्दा उनलाई राती देख्यो ॥७०॥ तब त्यहाँ ती स्त्रीले "आ लड्न" भनेर हाँक दिंदै त्यस दानवका साथ लड्न थालिन् र त्यसका साथ तिनी लगातार लडेको लड्यै गरिन् । त्यस्ती तिनलाई देखेर त्यो दानव आश्चर्यचकित भयो ॥७१॥

केनेयं निर्मिता रौद्रा अत्युग्राऽशनिपातिनी । इत्युक्त्वा दानवेन्द्रोऽसौ युयुधे कन्यया तया ।।७२।।
ततस्तया महादेव्या त्वरया दानवो बली । छित्त्वा सर्वाणि शस्त्राणि क्षणेन विरथः कृतः ।।७३।।
बाहुप्रहरणोपेतो धावमानो महाबलात् । तलेनाऽऽहत्य हृदये तया देव्या निपातितः ।।७४।।
पुनरुत्थाय सोऽधावत् कन्याहननकांक्षया । दानवं पुनरायान्तं रोषेणाऽऽहत्य तच्छिरः ।।७५।।
क्षणान्निपातयामास भूमौ तत्र महासुरम् । दैत्यः कृत्तशिरः सोऽथ ययौ वैवस्वतालयम् ।।७६।।

'वज्र प्रहार गर्नेवाली अति उग्र डरलाग्दी यो स्त्री कसद्वारा बनाइई अर्थात् उत्पन्न गरिई !' यस्तो भन्दै त्यो दानवेन्द्र त्यस कन्याका साथ लड्न थाल्यो ।।७२।। तब ती महादेवीले तुरुन्तै त्यसका सारा शस्त्रास्त्रहरूलाई काटकुट पारेर एकछिनमा त्यो बलियो दानवलाई विना-रथको पारिदिइन् ।।७३।। तब मुक्क्याउन बडो वेगले दौडदै आएको उसलाई ती देवीले उसको छातीमा एक लात हानेर लडाइदिइन् ।।७४।। फेरि जुरुक्क उठेर ती कन्यालाई मार्ने इच्छाले त्यो दानव देवीतिर दगुर्‍यो। फेरि आउन लागेको त्यस दानवलाई देखेर क्रोधले चुरमुरिदै उसको शिर काटेर ।।७५।। एकैछिनमा त्यहाँ त्यस असुरलाई भूईँमा लडाइदिइन् । त्यसपछि टाउको काटिएको त्यो दैत्य, यमलोक पुग्यो ।।७६।।

शेषा भयाऽऽर्दिता दीनाः पातालं विविशुर्द्विषः । ततः समुत्थितो देवः पुरो दृष्ट्वाऽसुरं हतम् ॥७७॥
कन्यां पुरःस्थितां चाऽपि कृताञ्जलिपुटां नताम् । विस्मयोत्फुल्लवदनः प्रोवाच जगतां पतिः ॥७८॥
केनाऽयं निहतः संख्ये दानवो दुष्टमानसः । येन देवाः सगन्धर्वाः सेन्द्राश्च समरुद्गणाः ॥७९॥
सनागाः सहलोकेशा लीलयैव विनिर्जिताः । येनाऽहं निर्जितो भूत्वा भीतः सुप्तो गुहामिमाम् ॥८०॥

कन्योवाच–॥

मया विनिहतो दैत्यस्त्वदंशोद्भूतया प्रभो । अत्यन्तदुष्टो बलवानयमासीत् जगत्पते ॥८१॥

मुर मरेपछि बाँकी शत्रु दानवहरू डरले थरथर काँप्तै दुःखी भएर पाताल पसे। त्यसपछि जागी उठेका भगवान्ले अगाडि मरेको असुरलाई देखे र ॥७७॥ अनि हात जोडेर नुहेर अगाडि उभिएकी ती कन्यालाई पनि देखे। तब आश्चर्यचकित चेहरा भएका, जगत्का पति विष्णु बोल्नुभयो- ॥७८॥ कसले यो अतिदुष्ट दानवलाई संग्राममा मान्यो! जसले यसलाई मान्यो उसले सारा गन्धर्वसहित, इन्द्रसहित, देवगणसहित ॥७९॥ नागहरूसहित, लोकपालहरूसहितका देवताहरूलाई सजिलैसित जितिलियो। जसले मलाई हरायो र हरुवा भएर डराएको छँदो यस गुफामा सुत्तो भएँ ॥८०॥ कन्याले भनिन्-॥ "हे प्रभु! तपाईंके अंशबाट उत्पन्न भएकी मैले नै यस दैत्यलाई मारेकी हुँ। किनकि हे जगत्पति ! यो बलियो र अत्यन्त दुष्ट थियो ॥८१॥

दृष्ट्वा सुप्तं हरे त्वां तु यतो हन्तुं समुद्यतः । त्रैलोक्यकंटकस्येत्थं व्यवसायं प्रबुद्ध्य च ।।८२।।
हतो मया दुरात्माऽसौ देवता निर्भयाः कृताः। श्रीभगवानुवाच-।। निहते दानवेन्द्रेऽस्मिन् संतुष्टोऽहं त्वयाऽनघे ।।८३।।
हृष्टः पुष्टाश्च वै देवा आनन्दः समजायत । आनन्दस्त्रिषु लोकेषु देवानां यस्त्वया कृतः ।।८४।।
प्रसन्नोऽस्म्यनघे तुभ्यं वरं वरय सुव्रते । ददामि तं न संदेहो यत्सुरैरपि दुर्लभम् ।।८५।।

कन्योवाच-।।

यदि तुष्टोऽसि मे देव यदि देयो वरो मम । तारयेऽहं महापापादुपवासपरं नरम् ।।८६।।

किनभने, हे हरि, तपाईंलाई सुतेको देखेर यो मार्न तंसेको थियो। तीनै लोकलाई थर्कायमान पार्ने त्यसको त्यस्तो मनसाय बुझेर ।।८२।। यो दुष्टलाई मैले मारिदिएँ, सारा देवताहरूलाई निर्भय बनाइदिएँ । भगवान्‌ले भन्नुभन्यो- हे अनघे ! (निष्पापिनी) तिमीले यस दानवेन्द्रलाई मारिदिएकीले म सन्तुष्ट र प्रसन्न छु ।।८३।। अब द्यौताहरू रमाए,प्रसन्न भए, सर्वत्र आनन्द छायो । द्यौताहरूका लागि तिमीले जो यो गऱ्यौ, यसले गर्दा तीनै लोकमा आनन्द (ढुक्क) भयो ।।८४।। हे अनघे, धर्मात्मा, यस कामले म प्रसन्न छु, तिमीलाई वर दिन्छु, हे राम्रो चरित्रवाली ! वर माग। जुन वर द्यौताहरूले पनि पाउन कठिन छ, त्यो वर तिमीलाई म दिन्छु, यसमा सन्देह नमान ।।८५।। कन्याले भनिन्–।। हे भगवन् ! यदि मेरा उपर तपाईं प्रसन्न हुनुहुन्छ भने, यदि मलाई वर दिनुहुन्छ भने त्यो वर दिनुहोस् जुन वरले म एकादशीको व्रतमा लागिपरेको मनुष्यलाई उसका महान् पापहरूदेखि उद्धार गर्न सकूँ ।।८६।।

उपवासस्य यत्पुण्यं तस्याऽर्द्धं नक्तभोजने। तदर्धं च भवेत् तस्य एकभुक्तं करोति यः ।।८७।।
यः करोति व्रतं भक्त्या दिने मम जितेन्द्रियः । स गत्वा वैष्णवं स्थानं कल्प-कोटिशतानि च ।।८८।।
भुञ्जानो विविधान् भोगानुपवासी जितेन्द्रियः । भगवँस्त्वत्प्रसादेन भवत्वेष वरो मम ।।८९।।
उपवासं च नक्तं च एकभुक्तं करोति यः । तस्य धर्मं च वित्तं च मोक्षं देहि जनार्दन ।।९०।।

श्रीभगवानुवाच-।।

यत् त्वं वदसि कल्याणि तत् सर्वं च भविष्यति। मम भक्ताश्च ये लोकास्तव भक्ताश्च ते नराः ।।९१।।

अहोरात्र उपवास गर्ने जनलाई जो पुण्य प्राप्त हुन्छ, त्यसको आधा राति मात्र खानेलाई हुन्छ र जो दिनमा एकपल्ट खान्छ त्यसलाई नक्तभोजीको आधा फल मिल्छ ।।८७।। जो जन मेरो एकादशी तिथिको दिन आफ्ना इन्द्रियहरूलाई जितेर भक्तिपूर्वक व्रत गर्दछ, त्यो जन मरेपछि वैष्णव लोकमा गएर कडोरौं कल्प वर्षसम्म ।।८८।। त्यो इन्द्रियहरूलाई जितेर उपवास गर्ने जनले नाना प्रकारका सुखभोग भोग्दै रहन पाओस् । हे भगवन् ! तपाईंका कृपाले मलाई यही वर प्राप्त होओस् ।।८९।। हे जनार्दन भगवन् ! जो जन पूरै उपवास अथवा रात्रिभोजन गरेर उपवास अथवा दिनमा एकपल्ट मात्र खाएर व्रत गर्दछ, त्यसलाई धर्म, वैभव (धन), अन्तमा मोक्ष दिनुहोस् ।।९०।। भगवान्ले भन्नुभयो-।। हे कल्याणि, सबैको भलो चाहनेवाली, जो तिमी भन्दछ्यौ, त्यो सबै हुनेछ । जो जन मेरा भक्त छन् , ती मनुष्यहरू तिम्रा पनि भक्त हुन् ।।९१।।

त्रिषु लोकेषु विख्याताः प्राप्स्यन्ति मम सन्निधिम् । एकादश्यां समुत्पन्ना मम भक्तिपरायणाः ॥१२॥
अत एकादशीत्येवं तव नाम भविष्यति । दग्ध्वा पापानि सर्वाणि दास्यामि पदमव्ययम् ॥१३॥
तृतीया चाऽष्टमी चैव नवमी च चतुर्दशी। एकादशी विशेषेण तिथयो मे महाप्रियाः ॥१४॥
सर्वतीर्थाधिकं पुण्यं सर्वदानाधिकं फलम् । सर्वव्रताधिकं चैव सत्यं सत्यं वदामि ते ॥१५॥
एवं दत्त्वा वरं तस्यास्तत्रैवान्तरधीयत। हृष्टा तुष्टा तु सा जाता तदा एकादशी तिथिः ॥१६॥

त्यस्ता भक्तहरू तीनै लोकमा प्रसिद्ध भएर अन्तमा मेरो समीपमा बस्न पाउनेछन् । मेरो भक्तिमा लागिपरेकी तिमी एकादशीको दिन उत्पन्न भएकी छौ ॥१२॥ यसकारण, एकादशी नै तिम्रो नाम पनि हुनेछ । तथा एकादशीको व्रत गर्नेलाई उसका सारा पापलाई डढाएर उसलाई अविनाशी स्थान दिनेछु ॥१३॥ तृतीया, अष्टमी, नवमी, चतुर्दशी विशेष गरेर एकादशी तिथिहरू मेरा अत्यन्त प्रिय तिथि हुन् ॥१४॥ एकादशीको व्रतको पुण्य सबै तीर्थहरूको पुण्यभन्दा अधिक हुन्छ, अनि यसको फल सब प्रकारका दानको भन्दा अधिक फल दिने हुन्छ । अरू तिथिहरूको व्रतभन्दा अधिक पुण्य दिने हुन्छ, यो कुरो तिमीलीई म साँचो साँचो भनिरहेको छु ॥१५॥ यस्ता प्रकारको वर त्यसलाई दिएर, भगवान् त्यहीं नै अल्पिनुभयो । तब त्यो एकादशी तिथि पनि त्यस्तो वर पाएर अत्यन्तै प्रसन्न र तृप्त भइन् ॥१६॥

इमामेकादशीं पार्थ करिष्यन्ति नरास्तु ये। तेषां शत्रुं हनिष्यामि दास्यामि परमां गतिम् ।।९७।।
अन्येऽपि ये करिष्यन्ति एकादश्या महाव्रतम्। हरामि तेषां विघ्नाँश्च सर्वसिद्धिं ददामि च ।।९८।।
एवमुक्ता समुत्पत्तिरेकादश्याः पृथासुताः। इयमेकादशी नित्या सर्वपापक्षयंकरी ।।९९।।
एकैव च महापुण्या सर्वपापनिषूदनी। उदिता सर्वलोकेषु सर्वसिद्धिकरी तिथिः ।।१००।।
शुक्ला वाप्यथवा कृष्णा इति भेदं न कारयेत्। कर्तव्ये उभये पार्थ न तुल्या द्वादशी तिथिः ।।१०१।।

हे पार्थ अर्जुन ! यस्ता प्रकारको एकादशीको व्रत जो मनुष्य गर्ने गर्दछन्, त्यस्ताका शत्रुलाई म मारिदिन्छु र त्यसलाई परमगति (मोक्ष) दिन्छु ।।९७।। जुनसुकै जातिका, जुनसुकै देशकाले पनि जो एकादशीको ठूलो व्रत गर्दछन्, तिनीहरूको सारा विघ्नबाधा हर्छु र तिनलाई सबै प्रकारका सिद्धि दिन्छु ।।९८।। हे पृथाका पुत्र पाण्डव हो ! यस्ता प्रकारले मैले एकादशीको उत्पत्ति बताएँ। यो एकादशी तिथि सधैं सबै प्रकारको पापलाई नाश पार्नेवाला हो ।।९९।। सबै प्रकारका पापलाई नाश गर्ने, अनि ठूला ठूला पुण्य दिने, सारा लोकमा सबै प्रकारको सिद्धि प्रदान गर्ने यो यौटै तिथि उत्पन्न भएको छ ।।१००।। शुक्लपक्षको अथवा कृष्णपक्षको भनेर यस्तो भेद नगर्नू। हे पार्थ ! दुवै एकादशीको व्रत लिनुपर्छ, तिनमा पनि द्वादशीविद्ध एकादशी तिथि भए त, त्यसको बराबर कुनै तिथि नै हुँदैन, त्यस्तो एकादशी अति उत्तम हो ।।१०१।।

अन्तरं नैव कर्त्तव्यं समस्तैर्व्रतकारिभिः । तिथिरेका भवेत् सर्वा पक्षयोरुभयोरपि ॥१०२॥
उपवासं प्रकुर्वन्ति एकादश्यां नराश्च ये । ते यान्ति परमं स्थानं यत्राऽऽस्ते गरुडध्वजः ॥१०३॥
धन्यास्ते मानवा लोके विष्णुभक्तिपरायणाः । एकादश्यास्तु माहात्म्यं सर्वलोकेषु यः पठेत् ॥१०४॥
अश्वमेधस्य यत् पुण्यं तदाप्नोति न संशयः । एकादश्यां निराहारः स्थित्वाऽहं च परेऽहनि ॥१०५॥
भोक्ष्यामि पुण्डरीकाक्ष शरणं मे भवाऽच्युत । इत्युच्चार्य ततो विद्वान् पुष्पाञ्जलिमथाऽर्पयेत् ॥१०६॥

समस्त व्रतवासीहरूले शुक्ल र कृष्णको एकादशी भनेर भेद गर्नु हुँदैन । दुवै पक्षका सबै एकादशी तिथि एकै ठान्नुपर्छ ॥१०२॥ जो मनुष्यहरू एकादशीमा उपवास व्रत बस्तछन् ,ती जनहरू जहाँ गरुडध्वज भगवान् रहनुहुन्छ, त्यो परम स्थान (धाम) मा जान्छन् ॥१०३॥ ती मनुष्यहरू संसारमा धन्य छन्, जो विष्णुको भक्तिमा रत रहन्छन् । अनि समस्त संसारमा जो एकादशीको माहात्म्य पढ्दछन् ॥१०४॥ अश्वमेध यज्ञ गर्दा जो पुण्य मिल्दछ, त्यो पुण्य माहात्म्य पढ्नेले पनि प्राप्त गर्दछ, यसमा संशय छैन । हे अच्युत ! अब म पनि सबै एकादशीमा निराहार रहेर अर्को दिन मात्रै ॥१०५॥ खानेछु । हे पुण्डरीकाक्ष, हे अच्युत! शरण लिनेवाला रक्षक हुनुहोस् । यस्तो प्रार्थना गरेर अनि त्यसपछि विद्वान् पुरुष पुष्पाञ्जलि अर्पण गरोस् ॥१०६॥

अष्टाऽक्षरेण मन्त्रेण त्रिर्जप्तेनाऽभिमंत्रितम् । उपवासफलप्रेप्सुः पिबेत् पात्रगतं जलम् ।।१०७।।
दिवा निद्रां परान्नं च पुनर्भोजनमैथुने । क्षौद्रं कांस्यामिषे तैलं द्वादश्यामष्ट वर्जयेत् ।।१०८।।
असंभाष्यं हि संभाष्य भक्षयेत् तुलसीदलम् । आमलक्याः फलं वाऽपि पारणे प्राश्य शुद्धयति ।।१०९।।
आमध्याह्नाच्च राजेन्द्र द्वादश्यामरुणोदये । स्नानार्चनक्रियाः कार्या दानहोमादिसंयुताः ।।११०।।
संकष्टे विषमे प्राप्ते द्वादश्याः पारणं कथम् । अद्भिस्तु पारणं कुर्यात् पुनर्भुक्तं न दोषकृत् ।।१११।।

व्रतको बीचमा प्यास लाग्यो भने, उपवासको पूरा फल पाउन चाहने व्यक्तिले, कुनै पवित्र पात्रमा रहेको जल-कन 'ॐ नमो वासुदेवाय' तीनपल्ट जपिएको यो अष्टाक्षर मन्त्रले अभिमन्त्रित गर्नु (फुक्नु) र अनि मात्रै पिउनुपर्छ ।। १०७।। एकादशीको व्रत बसेको व्यक्तिले भोलिपल्ट द्वादशीको दिनमा 'दिउँसो सुत्नु, अर्काको अन्न खानु, बार-बार खानु, स्त्रीप्रसंग गर्नु, मह खानु, काँसको भाँडामा खानु, आमिष खानु, तेल घस्नु' यी आठ कुरो त्याग्नुपर्छ ।।१०८।। व्रत बसेको दिन सधैं बोल्न निषेध गरिएका चाण्डाल आदि जड्याहाहरूसँग बोल्नुपर्‍यो र बोलियो भने तुरुन्तै तुलसीको पत्र खानू। अथवा व्रतको पारणमा अमलाको फल खाए पनि शुद्ध होइन्छ ।।१०९।। हे राजेन्द्र ! एकादशीको मध्याह्नदेखि लिएर द्वादशीमा अरुणोदय नभएसम्म, दान होम सहित स्नान-पूजा-पाठ आदि कार्य गर्नुपर्छ ।।११०।। यदि कोही विषम परिस्थिति आइपर्‍यो भने, द्वादशीको पारण कसरी गर्ने ? भन्छौ भने, पानी पिएर मात्रै पारण गरे पनि हुन्छ, यसमा अर्कोपल्ट पनि खान दोष छैन ।।१११।।

यः शृणोति दिवारात्रौ नरो विष्णुपरायणः । तद्भक्तमुखनिष्पन्नां कथां विष्णोः सुमंगलाम् ।।११२।।
कल्पकोटिसमायुक्तो विष्णुलोके महीयते । एकादश्याश्च माहात्म्यं पादमेकं शृणोति यः ।।११३।।
ब्रह्महत्यादिकं पापं नश्यते नाऽत्र संशयः । विष्णुधर्मसमं नाऽस्ति व्रतं नाम सनातनम् ।।११४।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे मार्गशीर्षकृष्णैकादशीमाहात्म्यं संपूर्णम् ।।१।।

जो विष्णुपरायण मनुष्य विष्णुभक्तका मुखारविन्दबाट निस्केको कल्याणकारी विष्णुकथा दिन-रात सुन्दछ ।।११२।। त्यो मनुष्य कडोरौं कल्पसम्म विष्णुको लोकमा आनन्दपूर्वक निवास गर्दछ ।। जो मनुष्य एकै पाउ पनि एकादशीको माहात्म्य सुन्दछ ।।११३।। त्यसको ब्रह्महत्या आदि गरिएको महापाप पनि सखाप हुन्छ, यसबारेमा कुनै संशय छैन। किनकि वैष्णव धर्मको समान सनातन नामको कुनै व्रत (धर्म) छँदै छैन ।।११४।।

।। इति एकादशीमाहात्म्ये नेपाली टीकायां प्रथमोऽध्यायः ।।१।।

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

हरे राम, हरे राम, राम-राम, हरे-हरे। हरे कृष्ण, हरे कृष्ण, कृष्ण-कृष्ण हरे हरे ।।
हरे राम, हरे राम, राम-राम, हरे-हरे। हरे कृष्ण, हरे कृष्ण, कृष्ण-कृष्ण हरे हरे ।।.........

अथ द्वितीयोऽध्यायः

अथ मार्गशीर्षशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

वन्दे विष्णुं प्रभुं साक्षाल्लोकत्रयसुखप्रदम् । विश्वेशं विश्वकर्तारं पुराणं पुरुषोत्तमम् ।।१।।
पृच्छामि देवदेवेश संशयोऽस्ति महान् मम । लोकानां तु हितार्थाय पापानां च क्षयाय च ।।२।।
मार्गशीर्षे सिते पक्षे किं नामैकादशी भवेत् । कीदृशश्च विधिस्तस्याः को देवस्तत्र पूज्यते ।।३।।
एतदाचक्ष्व मे स्वामिन् विस्तरेण यथातथम् । श्रीभगवानुवाच ।। सम्यक् पृष्टं त्वया राजन् साधु ते विपुलं यशः ।।४।।

अब आज मार्गशीर्षशुक्लपक्षको एकादशीको कथा कहिन्छ ।। युधिष्ठिर भन्नुहुन्छ-।। तीनै लोकलाई सुख दिने, विश्वका स्वामी, विश्वका कर्ता, अनादि पुरुषोत्तम, साक्षात् प्रभु विष्णुलाई म नमस्कार गर्दछु ।।१।। हे देवदेवेश भगवन् ! मलाई यौटा ठूलो संशय छ, लोकको कल्याणको लागि र पापको नाशका लागि तपाईंलाई सोधिरहेको छु ।।२।। मङसीरको शुक्लपक्षमा कुन नामको एकादशी पर्छ? त्यसको व्रत बस्ने विधान कस्तो छ? त्यसमा कुन देवताको पूजा गरिन्छ? ।।३।। हे मालिक ! यस विषयमा मलाई विस्तारपूर्वक, जस्ताको तस्तै गरी यो कुरो बताइबक्सियोस् । श्रीभगवान् भन्नुहुन्छ-।। हे राजन् ! तिमीले असल कुरो सोध्यौ, यसैउसले तिम्रो यश संसारमा भलीभाँति विख्यात छ ।।४।।

कथयिष्यामि राजेन्द्र हरिवासरमुत्तमम् । उत्पन्ना सा सिते पक्षे द्वादशी मम वल्लभा ॥५॥
मार्गशीर्षे समुत्पन्ना मम देहान्नराधिप । मुराऽसुरवधार्थाय प्रख्याता मम वल्लभा ॥६॥
कथिता सा मया चैव त्वदग्रे राजसत्तम । पूर्वमेकादशी राजँस्त्रैलोक्ये सचराचरे ॥७॥
मार्गशीर्षेऽसिते पक्षे चोत्पत्तिरिति नामतः । अतः परं प्रवक्ष्यामि मार्गशीर्षे सितां तथा ॥८॥
तस्याः श्रवणमात्रेण वाजपेयफलं भवेत् । मोक्षा नाम्नीति विख्याता सर्वपापहरा परा ॥९॥

हे राजन् ! एकादशीको बारेमा तिमीलाई म भलीभाँति बताउँछु । मङ्सीरको शुक्लपक्षमा पर्ने त्यो उत्पन्ना नामको एकादशी यदि द्वादशीविद्ध छ भने त्यो अतिउत्तम हुनाले मेरो अतिप्रिय छ ॥५॥ हे राजन् ! मङ्सीरको कृष्णपक्षमा मुर नामको असुरलाई मार्नका लागि मेरो शरीरबाट उत्पन्न भएकी र एकादशीकै नामले प्रख्यात भएकी एकादशी मेरो अति प्यारो छ ॥६॥ हे राजन् ! राजाहरूमा अति सज्जन युधिष्ठिर! चर-अचर सहितको यो तीनै लोकमा मार्गकृष्ण पक्षको त्यो एकादशीको बारेमा मैले पहिले नै तिम्रो सामु कहिसकें ॥७॥ मङ्सीरको कृष्णपक्षमा यसको उत्पत्ति भएकोले यो 'उत्पन्ना' नामले प्रसिद्ध छ । अब उप्रान्त तिमीलाई म त्यसै गरी मङ्सीरको शुक्लपक्षमा पर्ने एकादशीको बारेमा बताउनेछु ॥८॥ सबै प्रकारका पाप सखाप पार्ने, श्रेष्ठ यो एकादशी ' मोक्षा' भन्ने नामले विख्यात छ । त्यसको नाम र महिमा सुन्नाले मात्रै पनि वाजपेय यज्ञ गरेको फल प्राप्त हुन्छ ॥९॥

देवं दामोदरं तस्यां पूजयेच्च प्रयत्नतः । तुलस्या मञ्जरीभिश्च धूपदीपैर्मनोरमैः ॥१०॥
श्रुणु राजेन्द्र वक्ष्यामि कथां पौराणिकीं शुभाम् । अधोगतिं गता ये वै पितृमातृसुतादयः ॥११॥
अस्याः पुण्यप्रभावेण स्वर्गं यान्ति न संशयः । एतस्मात्कारणाद्राजन्महिमानं शृणुष्व तम् ॥१२॥
चम्पके नगरे रम्ये वैष्णवैः सुविभूषिते । वैखानसेति राजर्षिः पुत्रवत् पालयन् प्रजाः ॥१३॥
द्विजाश्चाऽन्येऽवसँस्तत्र चतुर्वेदपरायणाः । एवं स राज्यं कुर्वाणो रात्रौ तु स्वप्नमध्यतः ॥१४॥

त्यसमा दामोदर देवतालाई राम्रा तुलसीका पत्र मञ्जरीहरूले र धूप-दीपले श्रद्धाभक्तिपूर्वक पूजा गर्नुपर्छ ॥१०॥ हे राजन् ! यसबारेमा कल्याणकारी यौटा पौराणिक कथा कहन्छु, सुन । जो पिता-माता सुतादि सन्तान अधोगति (नरक) मा गएका छन् ॥११॥ छोराले गरेका यस व्रतका प्रभावले स्वर्ग जान्छन्, यसमा कुनै शंका छैन । हे राजन् ! यसै कारण यसको त्यो महिमाकन सुन ॥१२॥ वैष्णव (विष्णुका भक्तहरू) ले भरिएको यौटा अत्यन्त राम्रो चम्पक नामको नगरमा प्रजाहरूलाई छोरालाई झैं पालना गर्ने वैखानस नामका राजर्षि रहन्थे ॥१३॥ त्यहाँ चारै वेदमा पारङ्गत अरू ब्राह्मणहरू पनि रहन्थे। यस्ता प्रकारले शासन गर्दै रहने ती राजाले राति सपनामा ॥१४॥

ददर्श जनकं स्वं तु अधोयोनिगतं नृप । एवं दृष्ट्वा तु तं तत्र विस्मयोत्फुल्ललोचनः ॥१५॥
द्विजानाहूय प्रातर्हि तान् प्रणम्य विनम्रतः । कथयामास वृत्तान्तं द्विजाऽग्रे स्वप्नसंभवम् ॥

राजोवाच– ॥

मया तु स्वपिता दृष्टो नरके पतितो द्विजाः । तारयस्वेति मां तात अधोयोनिगतं सुत ॥१६॥
इति ब्रुवाणः स तदा मया दृष्टः पिता स्वयम् । तदाप्रभृति भो विप्रा नाऽहं शर्म लभाम्यहो ॥१७॥
एतद्राज्यं मम महदसह्यमसुखं तदा । अश्वा गजा रथाश्चैव मे रोचन्ते न सर्वथा ॥१८॥

हे नृप, आफ्नू बाबुलाई नरकमा गएको देखे । त्यस नरकमा त्यस्तो प्रकारले रहेका ती बाबुलाई देखर आश्चर्यले चकित भएका ती राजाले ॥१५॥ बिहानै ब्राह्मणहरूलाई बोलाएर, तिनलाई ढोगेर नम्रतापूर्वक ती ब्राह्मणहरूका सामने आफूले सपनामा देखेको सारा वृत्तान्त बताए ॥ राजाले भने- ॥ हे ब्राह्मणहो ! मैले सपनामा आफ्ना बाबुलाई नरकमा गिरको देखें । हे छोरा ! हे बाबू ! नरकमा परेको मलाई उद्धार गर अर्थात् उतार ॥१६॥ यस्तो भन्ने भएका मेरा पितालाई जब मैले आफै देखें, तबदेखि हे ब्राह्मणहो ! मलाई पटक्क चैन छैन ॥१७॥ मेरो यो ठूलो पनि राज्य तबदेखि मलाई सहि नसक्नुको दुः खदायी भएको छ। यी घोडा हात्ती रथहरू पनि मलाई कत्ति मन पर्दैनन् ॥१८॥

न कोशोऽपि सुखायेति न किंचित् सुखदं मम । न दारा न सुता मह्यं रोचन्ते द्विजसत्तमाः ॥१९॥
किं करोमि क्व गच्छामि शरीरं मे सुदह्यते । दानं व्रतं तपो योगो येनैव मम पूर्वजाः ॥२०॥
मोक्षमायान्ति विप्रेन्द्रास्तदेव कथयन्तु मे । किं तेन जीवता लोके सुपुत्रेण बलीयसा ॥२१॥
पिता तु यस्य नरके तस्य जन्म निरर्थकम् । ब्राह्मणा ऊचुः-॥ पर्वतस्य मुनेरत्र आश्रमो निकटे नृप ॥२२॥
गम्यतां राजशार्दूल भूतं भव्यं विजानतः । तेषां श्रुत्वा ततो वाक्यं वैखानो राजसत्तमः ॥२३॥

हे ब्राह्मणश्रेष्ठ हो ! धन खजाना पनि मेरो लागि कत्ति पनि सुख-चैन दिनेवाला छैनन् । न त स्त्री, न छोराहरू नै मलाई मन पर्छन् ॥१९॥ म के गरूँ, कहाँ जाऊँ, मेरो शरीर पीरले जलिरहेको छ। हे श्रेष्ठ ब्राह्मणहो! दान-व्रत-तप-योग जेले मेरा पुर्खाहरू ॥२०॥ मुक्तिमा प्राप्त हुन्छन् त्यही कुरो (उपाय) मलाई बताउनुहोस् । किनकि त्यस्तो बलियो सुपुत्रले यस लोकमा बाँचेर के काम छ ? ॥२१॥ जसको पिता नरकमा जाकिएको छ, त्यस्ता पुत्रको जन्म बेकारको छ। ब्राह्मणहरूले भने॥ हे राजन् ! यहाँबाट नजीकै नै पर्वत नाम गरेका मुनिको आश्रम छ ॥२२॥ हे राजन् ! भूत भविष्यत् जान्नेवाला तिनै भाउँ जाऔं। तब ती ब्राह्मणहरूको त्यस्तो कुरो सुनेर राजाहरूमा श्रेष्ठ वैखानस ॥२३॥

जगाम तत्र यत्राऽसौ आश्रमे पर्वतो मुनिः । ब्राह्मणैर्वेष्टितः शान्तैः प्रजाभिश्च समंततः ।।२४।।
आश्रमो विपुलस्तस्य मुनिभिः सन्निषेवितः । ऋग्वेदिभिर्याजुषैश्च सामाऽथर्वणकोविदैः ।।२५।।
वेष्टितो मुनिभिस्तत्र द्वितीय इव पद्मजः । दृष्ट्वा तं मुनिशार्दूलं राजा वैखानसस्तदा ।।२६।।
जगाम चाऽवनिं मूर्ध्ना दण्डवत् प्रणनाम च । प्रपच्छ कुशलं तस्य सप्तस्वंगेष्वसौ मुनि : ।।२७।।
राज्ये निष्कण्टकत्वं च राजसौख्यसमन्वितम् । राजोवाच।। तव प्रसादाद्ब्रो विप्र कुशलं मेऽङ्गसप्तके ।।२८।।

त्यस आश्रममा गए, जहाँ शान्तचित्तका ब्राह्मणहरूले र प्रजाहरूले पनि वरिपरिबाट घेरिएर ती पर्वत मुनि रहेका थिए ।।२४।। ऋग्वेदीहरूले, यजुर्वेदीहरूले, सामवेदीहरूले, अथर्ववेदका विद्वान् मुनिहरूले निवास गरिएको ती पर्वत मुनिको त्यो आश्रम ठूलो र फराकिलो थियो ।।२५।। मुनिहरूले वरिपरिबाट घेरिएका ती मुनि त्यहाँ मानों दोस्रो ब्रह्माजी जस्तै थिए । तब राजा वैखानसले मुनि हरूमा श्रेष्ठ ती पर्वतमुनिलाई देखेर ।।२६।। टाउकोले पृथ्वीमा टेकी लम्पसार परी दण्डवत् प्रणाम गरे। तब ती मुनिले उनका राज्यको सातै अङ्गको बारेमा कुशल प्रश्न सोधे ।।२७।। राज्य सुखमा निकानन्दका साथै राज्यमा निष्कण्टकत्व अर्थात् विघ्नबाधाका बारेमा पनि सोधे । तब राजाले भने- ।। हे ब्राह्मणश्रेष्ठ, तपाईंका कृपाले मेरा सातै राज्याङ्गमा कुशल छ ।।२८।।

विभवेष्वनुकूलेषु कश्चिद्विघ्न उपस्थितः । एतन्मे संशयं ब्रह्मन् प्रष्टुं त्वां च समागतः ॥२९॥
एवं श्रुत्वा नृपवचः पर्वतो मुनिसत्तमः । ध्यानास्तमितनेत्रोऽसौ भूतं भव्यं व्यचिन्तयत् ॥३०॥
मुहूर्त्तमिकं ध्यात्वा च प्रत्युवाच नृपोत्तमम् । मुनिरुवाच ॥ जानेऽहं तव राजेन्द्र पितुः पापं विकर्मणः ॥३१॥
पूर्वजन्मनि ते पित्रा सपत्नीकृतद्वेषतः । कामासक्तेन चैकत्र ऋतुभंगः कृतः स्त्रियाः ॥३२॥
त्राहि देहीति जल्पन्त्या ऋतुदानं नराधिप । तेन वै तव पित्रा तु न दत्तो ऋतुराग्रहात् ॥३३॥

समस्त ऐश्वर्यहरूमा अनुकूल भए पनि हे ब्राह्मणदेवता ! एकाएक कुनै विघ्न आइपऱ्यो, हे ब्राह्मण ! मेरो यही संशयको बारेमा तपाईंसँग सोध्न म यहाँ प्रभुको दर्शनमा आएको हुँ ॥२९॥ राजाको यस्तो वचन सुनेर मुनिहरूमध्ये श्रेष्ठ ती पर्वत मुनिले ध्यानमग्न भएर आँखा चिम्लेर राजाका भूत-भविष्यत्को बारेमा सोच्ता भए ॥३०॥ एक मुहूर्त जति ध्यान गरेर मुनिले ती श्रेष्ठ राजालाई उत्तर दिए। मुनिले भने-हे राजन् ! मैले तिम्रा पिताको दुष्कर्मले पैदा भएको पापकन जानें ॥३१॥ पूर्वजन्ममा तिम्रा बाबुले सौताले गरेको डाहमा लागेर कामले पीडिएर भेट्न आएकी आफ्नी धर्मपत्नीको मैथुनको इच्छालाई फट्कारिदिए ॥३२॥ हे नरेश्वर ! मलाई रक्षा गर्नुहोस् , ऋतुदान दिनोस् ! यस्तो आग्रहपूर्वक भन्ने स्त्रीलाई ती तिम्रा बाबुले उसलाई ऋतुदान दिएनन् ॥३३॥

कर्मणा तेन सततं नरके पतितो ह्ययम् ।। राजोवाच।। केन वै व्रतदानेन मोक्षस्तस्य भवेन्मुने ।।३४।।
निरयात् पापसंयुक्तात् तन्ममाऽऽचक्ष्व पृच्छतः। मुनिरुवाच।। मार्गशीर्षे सिते पक्षे मोक्षा नाम्नी हरेस्तिथिः ।।३५।।
सर्वैस्तु तद्व्रतं कृत्वा पित्रे पुण्यं प्रदीयताम् । तस्याः पुण्यप्रभावेण मोक्षस्तस्य भविष्यति ।।३६।।
मुनेर्वाक्यं ततः श्रुत्वा नृपः स्वगृहमागतः । आग्रहायणिकीं कृच्छ्रात् प्राप्तो भरतसत्तम ।।३७।।

त्यसै पाप कर्मले तिम्रा यी पिता सदाका लागि नरकमा जाकिएका हुन् । राजाले भने-हे मुनिश्रेष्ठ ! त्यस्तो कुन व्रत वा दान छ ? जसले उनको नरकबाट मोक्ष (छुट्कारा) होओस् अर्थात् मिलोस् ।।३४।। पाप मुछिएको त्यस नरकबाट जे गर्दा मुक्ति मिल्छ त्यो उपदेश सोध्ने भएको मलाई बताइबक्सियोस् । तब मुनिले भने-हे राजन् ! मङ्सीर महीनाको शुक्लपक्षमा 'मोक्षा' नामको हरिको तिथि (एकादशी) हुन्छ ।।३५।। राजा र राजपरिवार सबैले नै त्यो मोक्षा एकादशीको व्रत गरेर त्यो पुण्य सबै व्रतीले तिम्रा पितालाई दिऊन् त त्यस पुण्यका प्रभावले तिम्रा पिताको मोक्ष अर्थात् नरकबाट मुक्ति (छुट्कारा) अवश्यै हुनेछ ।।३६।। तब ती मुनिको त्यस्तो कुरो सुनेपछि राजा आफ्नू दरबारमा आए ।। हे भरतसत्तम भरतवंशमा श्रेष्ठ युधिष्ठिर ! धेरै दिनको पर्खाइपछि मङसीरका शुक्लपक्षको त्यो मोक्षा एकादशी आयो र ।।३७।।

अन्तःपुरचरैस्सर्वैः पुत्रदारैस्तथा नृपः । व्रतं कृत्वा विधानेन पुण्यं दत्त्वा नृपाय तत् ॥३८॥
तस्मिन् दत्ते तदा पुण्ये पुष्पवृष्टिरभूद्दिवः । वैखानसपिता तेन गतः स्वर्गं स्तुतो गणैः ॥३९॥
राजानमन्तरिक्षाच्च शुद्धां गिरमभाषत । स्वस्त्यस्तु ते पुत्र सदेत्युक्त्वा स त्रिदिवं गतः ॥४०॥
एवं यः कुरुते राजन् मोक्षदैकादशीमिमाम् । तस्य पापं क्षयं याति मृतो मोक्षमवाप्नुयात् ॥४१॥

अन्तः पुर (रनिवास) मा रहने सबैले, स्त्रीपुत्रादि सारा परिजनले तथा राजा स्वयंले पनि विधिपूर्वक मोक्षा एकादशीको व्रत गरे र, त्यो पुण्य पितृ राजालाई दिए ॥३८॥ तब त्यो पुण्य पितृ पितालाई, दिएपछि आकाशबाट पुष्पवृष्टि भयो। वैखानसका नरकवासी पिता त्यस पुण्यले स्वर्ग गए, अनि उहाँ देवगणद्वारा स्तुति (स्वागत) गरिए ॥३९॥ आकाशबाट राजालाई उनका पिताले शुद्धवाणीमा भने, हे पुत्र! तिम्रो सधैं कल्याण होस् । यति भनेर ती स्वर्ग गए ॥४०॥ हे राजन् ! जो पुरुष यस्ता प्रकारले यो मोक्षदा एकादशीको व्रत लिन्छ, त्यसको सारा पाप नाश हुन्छ र मरेपछि पनि सरासर मोक्ष (मुक्ति) पाउँछ ॥४१॥

नाऽतः परतरा काचिन्मोक्षदा विमला शुभा । पुण्यसंख्यां तु राजेन्द्र न जानेऽहं तु यैः कृताः ।।४२।।
चिन्तामणिसमा ह्येषा स्वर्गमोक्षप्रदायिनी । इह लोके सुखं मानं प्रतिष्ठां जयवर्धिनी ।।४३।।

।। इति श्रीभविष्योत्तरपुराणो श्रीकृष्णाऽर्जुनसंवादे मार्गशीर्षशुक्लैकादश्या मोक्षदानाम्न्या माहात्म्यं समाप्तम् ।।२।।

योभन्दा अर्को मरेपछि मोक्ष दिने र मरेकालाई पनि नर्कबाट निकालेर स्वर्ग पुऱ्याउने कल्याणकारी अतिपवित्र अर्को कुनै एकादशी छैन । हे राजेन्द्र ! जस-जसले यो एकादशीको व्रत गरे, तिनका पुण्यको संख्या त म पनि जान्न सक्तिनँ ।।४२।। स्वर्ग पुऱ्याउने र मोक्ष दिलाउने यो मोक्षदा नामको एकादशी चिन्तामणि मणिको समान छ ।।४३।।

।। इति एकादशीमाहात्म्ये नेपाली टीकायां द्वितीयोऽध्यायः ।।२।।

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ तृतीयोऽध्यायः

अथ पौषकृष्णासफलैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

पौषस्य कृणपक्षे तु केयमेकादशी भवेत् । किं नाम को विधिस्तस्याः को देवस्तत्र पूज्यते ।।१।।
एतदाचक्ष्व मे स्वामिन् विस्तरेण जनार्दन । श्रीकृष्ण उवाच ।। कथयिष्यामि राजेन्द्र भवतः स्नेहकारणात् ।।२।।
तथा तुष्टिर्न मे राजन् क्रतुभिश्चाऽऽप्तदक्षिणैः । यथा तुष्टिर्भवेन्मह्यमेकादश्या व्रतेन वै ।।३।।
तस्मात् सर्वप्रयत्नेन कर्तव्यो हरिवासरः । पौषस्य कृष्णपक्षे तु द्वादशी या भवेन्नृप ।।४।।

अब आज पौषकृष्णमा पर्ने सफला एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने -।। हे कृष्ण ! पूसको कृष्णपक्षमा कुन एकादशी हुन्छ ? त्यसको कस्तो विधि हुन्छ ? त्यस एकादशीमा कुन देवताको पूजा गरिन्छ ? ।।१।। हे स्वामी जनार्दन ! यस-बारेमा मलाई विस्तारपूर्वक कहिबक्सियोस् ! तब श्रीकृष्णले भन्नुभयो- ।। हे राजेन्द्र ! तिम्रो स्नेहको कारणले गर्दा त्यो सब म बताउँछु ।।२।। हे राजन् ! दक्षिणासहितका यज्ञहरूले म त्यति प्रसन्न हुन्नँ, जति प्रसन्नता मलाई एकादशीको व्रतले हुन्छ ।।३।। त्यसकारण सकेसम्म एकादशीको व्रत गर्नुपर्छ । हे राजन्! पौषको कृष्णपक्षमा जो द्वादशीविद्ध एकादशी हुन्छ ।।४।।

तस्याश्चैव च माहात्म्यं शृणुष्वैकाग्रमानसः । गदिता याश्च वै राजन्नेकादश्यो भवन्ति हि ।।५।।
तासामपि हि सर्वासां विकल्पं नैव कारयेत् । एकादश्यास्तथाप्यस्याः शृणु राजन् कथान्तरम् ।।६।।
अतः परं प्रवक्ष्यामि पौषस्यैकादशीं तव । लोकानां च हितार्थाय कथयिष्ये विधिं तव ।।७।।
पौषस्य कृष्णपक्षे या सफला नाम नामतः । नारायणोऽधिदेवोऽस्याः पूजयेत् तं प्रयत्नतः ।।८।।
पूर्वेण विधिना राजन् कर्तव्यैकादशी जनैः । नागानां च यथा शेषः पक्षिणां गरुडो यथा ।।९।।

त्यसको माहात्म्य पनि एकचित्त भएर सुन । हे राजन् ! जो एकादशीहरू पहिले कहिएका छन् ।।५।। ती सबै एकादशीहरूको पनि व्रतमा यो एकादशीको व्रत गरूँ कि नगरूँ भन्ने विकल्प बुद्धि नगर्नू । हे राजन् ! सबै एकादशी उस्तै हुन्, तैपनि यस एकादशीको अर्कै कथा तिमीलाई म बताउँछु, सावधान भएर सुन ।।६।। अब उप्रान्त तिमीलाई म पौषकृष्णको एकादशी बारेमा तिम्रो र जनताको कल्याणको लागि कहन्छु ।।७।। पौषकृष्ण पक्षमा जो 'सफला' नामले पुकारिने एकादशी छ, यसको अधिदेवता नारायण हुनुहुन्छ, ती नारायणलाई परिश्रमपूर्वक विशेष प्रकारले पूजा गर्नुपर्छ ।।८।। हे राजन् ! मनुष्यहरूले यस एकादशीको व्रत पनि पहिलेकै विधिले गर्नुपर्छ । नाग (सर्प) हरूमा जस्तो शेषनाग, पक्षीहरूमा जस्तो गरुड ।।९।।

यथाश्वमेधो यज्ञानां नदीनां जाह्नवी यथा । व्रतानां च तथा राजन् प्रवरैकादशी तिथिः ।।१०।।
ते जना भरतश्रेष्ठ मम पूज्याश्च सर्वशः । हरिवासरसंयुक्ता वर्तन्ते ये जना भृशम् ।।११।।
सफला नाम या प्रोक्ता तस्याः पूजाविधिं शृणु । फलैर्मां पुजयेत् तत्र कालदेशोद्भवैः शुभैः ।।१२।।
नारिकेलफलैः शुद्धैस्तथा वै बीजपूरकैः । जम्बीरैर्दाडिमैश्चैव तथा पूगीफलैरपि ।।१३।।
लवंगैर्विविधैश्चाऽन्यैस्तथा चाऽऽम्रफलादिभिः । पूजयेद्देवदेवेशं धूपैर्दीपैर्यथाक्रमम् ।।१४।।

यज्ञहरूमा जस्तो अश्वमेघ, नदीहरूमा जस्तो गङ्गाजी हुन्छ, हे राजन् ! त्यस्तै व्रतहरूमा एकादशी तिथि श्रेष्ठ छ ।।१०।। हे भरत श्रेष्ठ भरतवंशमा उच्च युधिष्ठिर ! ती मानिसहरू एकदम मेरा पूज्य छन् जो मानिसहरू लागिपरेर वारवार एकादशीको व्रत बस्छन् ।।११।। मैले जो सफला नामको एकादशी भनें , अब त्यसको पूजाको विधि सुन-। त्यस एकादशीमा देश-समय अनुसार फलेका राम्रा-राम्रा फलहरूले मलाई पूजा गर्नू ।।१२।। त्यसमा विशेष गरेर चोखा नारियलका फलहरूले, त्यस्तै नै मौसम्बीहरूले, ज्यामीरहरूले, अनारका फलहरूले,अनि सुपारीहरूले र ।।१३।। ल्वाङहरूले तथा अरू अरू पनि आँप आदि गरिएका नाना प्रकारका फलले देव-देवेश नारायणलाई क्रमाऽनुसार धूप-दीप-नैवेद्यहरूले पूजा गर्नू ।।१४।।

सफलायां दीपदानं विशेषेण प्रकीर्तितम् । रात्रौ जागरणं तत्र कर्तव्यं च प्रयत्नतः ॥१५॥
यावदुन्मीलयेन्नेत्रं तावज्जागर्ति यो निशि । एकाग्रमानसो भूत्वा तस्य पुण्यं शृणुष्व तत् ॥१६॥
तत्समो नाऽस्ति वै यज्ञस्तीर्थं तत्सदृशं न हि । तत्समं न व्रतं किञ्चिदिह लोके नराधिप ॥१७॥
पञ्चवर्षसहस्राणि तपस्तप्त्वा च यत् फलम् । तत्फलं समवाप्नोति सफलाया व्रतेन वै ॥१८॥
श्रूयतां राजशार्दूल सफलायाः कथानकम् । चम्पावतीति विख्याता पुरी माहिष्मतस्य च ॥१९॥

सफला एकादशीमा विशेष गरेर दीपदानको महिमा बताइएको छ । यस एकादशीमा प्रयत्नपूर्वक भए पनि हरि-भजन गर्दै रातमा जाग्राम रहनुपर्छ ॥१५॥ जबसम्म जन आँखा खुला राख्छ,ढुसु-ढुसु उँध्दैन, तबसम्म हरिमा एकाग्र मनको भएर रातमा जो जागा रहन्छ, त्यसको त्यो पुण्यको फल सुन ॥१६॥ हे नरेश ! त्यस पुण्यको बराबरी गर्ने कुनै यज्ञ छैन, त्यसको मुकाबिला गर्ने कुनै तीर्थ छैन । यस संसारमा त्यसको तुलना गरिने कुनै व्रत छैन ॥१७॥ पाँच हज्जार वर्षसम्म तपस्या गरेर जो फल मिल्छ, त्यो फल त सफला एकादशीको व्रत बस्नाले नै मजासँग मिल्दछ ॥१८॥ हे राजाहरूमा सिंह जस्ता युधिष्ठिर ! अब तिमी सफलतापूर्वक गरिएको सफला एकादशीको कथानक (वृत्तान्त) सुन। उहिले कुनै माहिष्मत नामको राजाको अति प्रसिद्ध चम्पापुरी कहिने पुरी (शहर) थियो ॥१९॥

माहिष्मतस्य राजर्षेश्चत्वारश्चाऽभवन् सुताः । तेषां मध्ये तु यो ज्येष्ठः स महापापसंयुतः ॥२०॥
परदाराभिगामी च वेश्यासंगरतः सदा । पितुर्द्रव्यं स पापिष्ठो गमयामास सर्वशः ॥२१॥
असद्वृत्तिरतो नित्यं देवताद्विजनिन्दकः । वैष्णवानां च देवानां नित्यं निन्दारतः स वै ॥२२॥
इदृग्विधं तदा दृष्ट्वा पुत्रं माहिष्मतो नृपः । नाम्ना स वै लुम्पकं तु कृतवानत्यमर्षितः ॥२३॥
राज्यान्निष्कासितस्तेन पित्रा चैवापि बन्धुभिः । परिवारजनैः सर्वैस्त्यक्तो राज्ञो भयादिति ॥२४॥

हे राजशार्दूल ! ती माहिष्मत राजर्षिका चारोटा छोरा भएका थिए । ती- मध्ये जो जेठो थियो, त्यो अत्यन्तै पापी थियो ॥२०॥ अर्काकी स्त्रीहरूमा संभोग गर्ने, वेश्याहरूका साथ सदा रमाउने भएर त्यस पापीले बाबुको सारा सम्पत्ति नाश गरिदियो ॥२१॥ त्यो सधैं देवता र ब्राह्मणको निन्दा गर्ने गर्थ्यो र वैष्णव (विष्णुका भक्तहरू) को अनि द्यौद्यौताहरूको दिनहुँ नै निन्दा गर्न लागि- परेको त्यो सधैं नीच काममा नै रमाउँथ्यो ॥२२॥ तब छोरालाई त्यस्ता प्रकारको देखेर ती माहिष्मत राजाले अत्यन्त रिसाएर उसको नाम लुम्पक भन्ने राखिदिए ॥२३॥ तब ती बाबुले आफ्नू राज्यैबाट निकालिदिए, त्यस्तै बन्धुवर्गले पनि वास्ता गरेनन् । राजाका डरले परिवारका सबै जनले पनि त्यो त्यागियो ॥२४॥

लुम्पकोऽपि तदा त्यक्तश्चिन्तयामास एकलः । मयाऽत्र किं प्रकर्त्तव्यं त्यक्तः पित्रा च बान्धवैः ।।२५।।
इति चिन्तापरो भूत्वा मतिं पापे तदाऽकरोत् । मया तु गमनं कार्यं वनं, त्यक्त्वा पुरीं पितुः ।।२६।।
दिवा वने चरिष्यामि रात्रावपि पितुः पुरः । तस्माद्वनात् पितुः सर्वं व्यापयिष्ये पुरं निशि ।।२७।।
इत्येवं स मतिं कृत्वा लुम्पको दैवपातितः । निर्जगाम पुरात् तस्माद्गतोऽसौ गहनम् वनम् ।।२८।।
जीवघातकरो नित्यं नित्यं स्तेयपरायणः । सर्वं वनचरं तेन मुषितं पापकर्मणा ।।२९।।

तब सबैले त्यागिएको त्यो लुम्पक पनि एकलै घोरिएर चिन्ता गर्न लाग्यो- । बाबु र बान्धवहरूले पनि त्यागिएको म अब के गरूँ ।।२५।। भन्ने चिन्तामा परेको उसले तब पापैमा आफ्नू बुद्धि लगायो। अब म बाबुको नगरलाई छाडेर वनमा जाने काम गर्छु ।।२६।। अनि दिनभरि वनमै डुलफिर गर्छु र राति चाहिं पिताको पुरमा पस्छु । तब त्यस वनदेखि राति-राति पिताको पुरमा पसेर चोरी आदि सबै प्रकारको उपद्रव गर्ने गर्छु ।।२७।। यस प्रकारको कुरो सोचेर अर्थात् बुद्धिले विचारेर भाग्यहीन त्यो लुम्पक त्यस नगरबाट निस्क्यो र अनि उ अटाम्मेको वनमा गयो ।।२८।। त्यस वनमा रहेर उ सधैं प्राणीहरूको वध गर्ने गर्थ्यो र पुरमा पसेर उ सधैं चोरी गर्नमै लागिरहन्थ्यो । वनमा उसले सारा वनजन्तुलाई आफ्ना पाप कर्मले थर्कायमान गरायो ।।२९।।

गृहीतश्च परित्यक्तो राज्ञो माहिष्मतेर्भयात् । जन्मान्तरीयपापेन राज्यभ्रष्टः स पापकृत् ।।३०।।
आमिषाऽभिरतो नित्यं नित्यं वै फलभक्षकः । आश्रमस्तस्य दुष्टस्य वासुदेवस्य संमतः ।।३१।।
अश्वत्थो वर्तते तत्र जीर्णो बहुलवार्षिकः । देवत्वं तस्य वृक्षस्य वर्तते तद्वने महत् ।।३२।।
तत्रैव निवसँश्चाऽसौ लुम्पकः पापबुद्धिमान् । एवं कालक्रमेणैव वसतस्तस्य पापिनः ।।३३।।
दुष्कर्मनिरतस्याऽस्य कुर्वतः कर्म निन्दितम् । पौषस्य कृष्णापक्षे तु संप्राप्तं सफलादिनम् ।।३४।।

राजकर्मचारीहरूले पक्रिए पनि राजा माहिष्मतिको डरले छाडिदिन्थे । अरू-अरू जन्मका सञ्चित पापले त्यो पापी राज्यबाट भगाइयो ।।३०।। वन बसेर उ रोजै नै मासु खाने गर्थ्यो र नित्यै नै फलहरू खाने गर्थ्यो । किन्तु त्यस दुष्टको रहने ठाउँ भने वासुदेव भगवान्को मन्दिरको नगीचै थियो ।। ३१।। त्यहाँ धेरै वर्ष पुरानो पीपलको रूख थियो । त्यस वनमा त्यो वृक्षको ठूलो महत्व थियो अर्थात् परापूर्वदेखि त्यसलाई देउता मात्रे गरिन्थ्यो ।।३२।। त्यसै वृक्ष भएको ठाउँमा त्यो पाप बुद्धि भएको लुम्पक रहने गर्थ्यो । यस्ता प्रकारले त्यहाँ बस्ता त्यस पापीका आजभोलि गर्दागर्दै धेरै दिन बिते ।। ३३।। दुष्ट कर्ममा मात्रै लागिपरेको, निन्दित कर्म मात्रै गर्ने उसको त्यहाँ रहँदारहँदै पौष कृष्णपक्षमा पर्ने सफला एकादशीको दिन आइपुग्यो ।।३४।।

दशमीदिवसे राजन् निशायां शीतपीडितः । लुम्पको वस्त्रहीनोऽसौ निश्चेष्टो ह्यभवत् तदा ॥३५॥
पीड्यमानस्तु शीतेन अश्वत्थस्य समीपतः । न निद्रा न सुखं तस्य गतप्राण इवाऽभवत् ॥३६॥
पीडयन् दशनैर्दन्तानेवं च गमिता निशा । भानूदयेऽपि तस्याऽथ न संज्ञा समजायत ॥३७॥
लुम्पको गतसंज्ञस्तु सफलादिवसे तदा । मध्याह्नसमये प्राप्ते संज्ञां लेभे स लुम्पकः ॥३८॥
प्राप्तसंज्ञो मुहूर्तेन चोत्थितोऽसौ तदाऽऽसनात् । प्रस्खलँश्च पदन्यासैः पंगुवच्चलितो मुहुः ॥३९॥
वनमध्ये गतस्तत्र क्षुत्तृषापीडितोऽभवत् । न शक्तिर्जीवघातस्य लुम्पकस्य दुरात्मनः ॥४०॥

हे राजन् ! अगिल्लो दशमीको रातमा त्यो नाङ्गेझार लुम्पक जाडोले थुर्थुर काँप्दै बेहोश हुँदो भयो ॥३५॥ त्यो पीपलवृक्षको नजीकै रहेको त्यो जाडोले थुर्थुर काँप्तै रातभर न निदायो, न त ननिदाई नै रहन सक्यो, कठांग्रिएर मरे समान भयो ॥३६॥ दाँतले दाँत किटकिटाउँदै उसले त्यो रात बितायो । सूर्य उदाएपछि पनि उ होशमा आएको थिएन ॥३७॥ तब त्यो लुम्पक सफला एकादशीको दिनमा मरे समान भएर लडेको थियो । मध्याह्न भएपछि मात्रै त्यो लुम्पकले चेत पायो ॥३८॥ तब चेत आएको त्यो लुम्पक एकछिनपछि बसेको आसनबाट उठ्यो र घरिघरि गोडा लर्खराउँदै लङ्डो झैं हिड्न थाल्यो ॥३९॥ हिड्दै वनको बीचमा पुग्यो र त्यहाँ भोकप्यासले आकुल भयो । तब त्यस दुष्ट लुम्पकको जिबात मार्ने ताकत रहेन॥४०॥

फलानि भूमौ पतितान्याजहार स लुंपकः । यावत् स चाऽऽगतस्तत्र तावदस्तमगाद्रविः ।।४१।।
किं भविष्यति तातेति विललापाऽतिदुःखितः । फलानि तानि सर्वाणि वृक्षमूले न्यवेदयत् ।।४२।।
प्रत्युवाच फलैरेभिः प्रीयतां भगवान् हरिः । उपविष्टो लुम्पकश्च निद्रां लेभे न वै निशि ।।४३।।
तेन जागरणं जातं भगवान् मधुसूदनः । फलानां पूजनं मेने सफलायास्तथा व्रतम् ।।४४।।
कृतमेवं लुम्पकेन ह्यकस्माद् व्रतमुत्तमम् । तेन व्रतप्रभावेण प्राप्तं राज्यमकण्टकम् ।।४५।।

तब त्यस लुम्पकले भूईँमा झरेका फूलहरूलाई टिपटाप पाऱ्यो र जब उ त्यहाँ पीपलको रूखमनि आइपुग्यो तबै सूर्य अस्ताए ।।४१।। अरे बाबा ! के हुने हो, भन्दै अत्यन्त दुःखित भएर विलाप गर्न थाल्यो। दिउँसो बटुलबाटुल पारेका फलहरूलाई त्यसै रूखका मन्तिर थुप्प्याइदियो ।।४२।। र 'यी फलहरूले भगवान हरि प्रसन्न हुनुहोस्' भन्यो र थुचुक्क त्यहीं बसेको त्यो लुम्पक रातभरि निदाएन ।।४३।। त्यो निद्रा नलाग्नुले नै त्यसको जागरण भयो र भगवान् मधुसूदनले उसले दिक्क लागेर फेदमा थुप्प्याएको फललाई आफ्नू पूजा मान्नुभो, तथा दिनभर भोकै टट्टिनुलाई नै सफलाको व्रत ठान्नुभो ।।४४।। यस्ता प्रकारले लुम्पकद्वारा अकस्मात् त्यो उत्तम व्रत गरियो र त्यसै व्रतका प्रभावले उसले निष्कंटक राज्य पायो ।।४५।।

पुण्यांकुरोदयाद्राजन् यथा प्राप्तं तथा शृणु । रवेरुदयवेलायां दिव्योऽश्वश्चाऽऽजगाम ह ।।४६।।
दिव्यवस्तुपरीवारो लुम्पकस्य समीपतः । तस्थौ स तुरगो राजन् वागुवाचाऽशरीरिणी ।।४७।।
प्राप्नुहि त्वं नृपसुत स्वं राज्यं हतकण्टकम् । वासुदेवप्रसादेन सफलायाः प्रभावतः ।।४८।।
पितुः समीपं गच्छ त्वं भुंक्ष्व राज्यमकण्टकम् ।। तथेत्युक्त्वा त्वसौ तत्र दिव्यरूपधरोऽभवत् ।।४९।।
कृष्णे मतिश्च तस्याऽऽसीत् परमा वैष्णवी तथा । दिव्याभरणशोभाढ्यस्तातं नत्वा स्थितो गृहे ।।५०।।

हे राजन् ! पुण्यको टुसो टुसाएको कारणले, जस्ता प्रकारले उसले राज्य पायो, त्यो त्यस प्रकारको वृत्तान्त सबै सुन । भोलिपल्ट सूर्य उदाउने वेलामा यौटा दिव्य घोडा त्यहाँ आइपुग्यो ।।४६।। दिव्य वस्तुहरूले शोभिएको त्यो घोडा लुम्पकको समीपमै खडा भयो। हे राजन् ! त्यसै वेलामा आकाशवाणी भयो ।।४७।। हे राजपुत्र ! सफला एकादशीको प्रभावले गर्दा वासुदेव भगवान्को कृपाले अब तिमी निष्कण्टक आफ्नू राज्य प्राप्त गर ।।४८।। अब तिमी आफ्ना बाबुभाठौं जाऊ र शत्रुहरूले रहित भएको अकण्टक राज्य भोग गर । 'त्यसै गर्छु' यस्तो भन्नेबित्तिकै त्यहीं त्यो लुम्पक दिव्यरूपको भयो ।।४९।। तबदेखि त्यसको कृष्णमा अत्यन्त वैष्णावी मति (बुद्धि) भयो र दिव्य आभरणहरूको शोभाले सुशोभित भएर घर गई बाबुलाई ढोगेर घरमै रहन लाग्यो ।।५०।।

वैष्णवाय ततो दत्तं पित्रा राज्यमकण्टकम् । कृतं राज्यं तु तेनैव वर्षाणि सुबहून्यपि ।। ५१ ।।
हरिवासरसंलीनो विष्णुभक्तिरतः सदा । मनोज्ञास्तस्य पुत्राः स्युर्दाराः कृष्णप्रसादतः ।।५२।।
ततः स वार्धके प्राप्ते राज्ये पुत्रं निवेश्य च । वनं गतः संयतात्मा विष्णुभक्तिपरायणः ।।५३।।
साधयित्वा तथाऽऽत्मानं विष्णुलोकं जगाम ह । गतः कृष्णस्य सान्निध्ये यत्र गत्वा न शोचति ।।५४।।
एवं ये वै प्रकुर्वन्ति सफलैकादशीव्रतम् । इह लोके यशः प्राप्य मोक्षं यास्यन्त्यसंशयम् ।।५५।।

तब बाबुले त्यस वैष्णव पुत्रलाई आफ्नू अकण्टक राज्य दिए । अनि उसैले धेरै वर्षसम्म त्यो राज्य गऱ्यो ।।५१।। तबदेखि उ एकादशीको व्रतमा लागिपरेर सधैं विष्णु-भक्तिमा रमाएर रहन लाग्यो । भगवान् कृष्णाका अनुग्रहने त्यसका सुन्दरी स्त्रीहरू र रहरलाग्दा छोराहरू भए ।।५२।। अनि उसले बूढो भएपछि राज्यमा पुत्रलाई बसालेर वनमा गयो र इन्द्रियहरूलाई जितेर विष्णुभक्तिमा लवलीन भयो र ।।५३।। त्यस्ता प्रकारले आत्मालाई साधेर अर्थात् आत्मसिद्धि प्राप्त गरेर मरेपछि त्यो विष्णुलोकमा जाँदो भयो। कृष्णाको समीपमा पुगेपछि जहाँ गएर उ निःस्पृह भएर अनन्दलोकमा रहन थाल्यो ।।५४।। यस्ता प्रकारले जो-जो जनहरू सफला एकादशीको व्रत गर्दछन्, ती-ती जन यस लोकमा कीर्ति कमाएर अन्तमा अवश्य नै मोक्षमा प्राप्त हुन्छन् ।।५५।।

धन्यास्ते मानवा लोके सफला व्रतकारिणः । तस्मिञ्जन्मनि ते मोक्षं लभन्ते नाऽत्र संशयः ।।५६।।
सफलायाश्च माहात्म्यं श्रवणाद्धि विशांपते । राजसूयफलं प्राप्य वसेत् स्वर्गे स मानवः ।।५७।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे पौषकृष्णैकादश्याः सफलानाम्न्या माहात्म्यं सम्पूर्णम् ।।३।।

यस मनुष्यलोकमा सफला एकादशीको व्रत गर्ने ती सबै मानिसहरू धन्य छन्। किनकि त्यसै जन्ममा नै ती मनुष्यहरू मोक्ष प्राप्त गर्दछन् अर्थात् मुक्त हुन्छन् , हे युधिष्ठिर ! यसमा कुनै संशय छैन ।।५६।। हे राजन् ! सफला एकादशीको माहात्म्य सुन्नाले मात्रै पनि राजसूय यज्ञको फल प्राप्त गरेर त्यो मनुष्य स्वर्गमा बस्न पाउँछ ।।५७।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां तृतीयोऽध्यायः।।३।।

(शंख-घण्ट-ध्वनिः)

''हरिकीर्तन''

*

अथ चतुर्थोऽध्याय:

अथ पौषशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

कथिता वै त्वया कृष्ण सफलैकादशी शुभा । कथयस्व प्रसादेन शुक्ला पौषस्य या भवेत् ।।१।।
किं नाम को विधिस्तस्या: को देवस्तत्र पूज्यते । कस्मै तुष्टो हृषीकेशस्त्वमेव पुरुषोत्तम: ।।२।।

श्रीकृष्ण उवाच– ।।

शृणु राजन् प्रवक्ष्यामि शुक्ला पौषस्य या भवेत् । तस्या विधिं महाराज लोकानां च हिताय वै ।।३।।

अब आज पौषशुक्ल एकादशीको कथा कहिन्छ । युधिष्ठिरले भने -।। हे कृष्ण ! तपाईंले पौषकृष्णमा पर्ने कल्याणकारी सफला नामको एकादशीको बारेमा कथा कहनुभो । अब कृपा गरेर पौषको शुक्लपक्षमा जो एकादशी पर्छ त्यसको कथा कहिबक्सियोस् ।।१।। त्यो के नामको एकादशी हो? त्यसको कुन विधि हो? त्यस एकादशीको को देवता हो? तपाईं नै हृषीकेश हुनुहुन्छ र तपाईं नै पुरुषोत्तम हुनुहुन्छ, तपाईं कसका उपर सन्तुष्ट होइबक्सिन्छ ? ।।२।। श्रीकृष्णले भन्नुभयो- हे राजन् , हे महाराज! पौषशुक्लमा जुन एकादशी हुन्छ, लोकको (जनताको) कल्याणको लागि त्यसको विधि पनि म भन्दछु, सुन ।।३।।

पूर्वेण विधिना राजन् कर्त्तव्यैषा प्रयत्नतः । पुत्रदेति च नाम्नाऽसौ सर्वपापहरा परा ॥४॥
नारायणोऽधिदेवोऽस्याः कामदः सिद्धिदायकः । नाऽतः परतरा काचित् त्रैलोक्ये सचराचरे ॥५॥
विद्यावन्तं यशस्वन्तं करोति तं नरं हरिः । यः करोति पुत्रदाया व्रतं कल्याणकारकम् ॥
शृणु राजन् प्रवक्ष्यामि कथां पापहरां पराम् । पुरी भद्रावती नाम्नी राजा तत्र सुकेतुमान् ॥६॥
तस्य राज्ञोऽथ राज्ञी च शैव्या नाम्नीति विश्रुता । पुत्रहीनेन राज्ञा च कालो नीतो मनोरथैः ॥७॥
नैवाऽऽत्मजं नृपो लेभे वंशकर्त्तारमेव च । तेनैव राज्ञा धर्मेण चिन्तितो बहुकालतः ॥८॥

हे राजन् ! पहिले बताइएका विधिले नै यस एकादशीलाई पनि परिश्रमपूर्वक गर्नुपर्दछ, सबै प्रकारको पाप हरण गर्नेमा अति उत्तम यो एकादशी 'पुत्रदा' नामले पुकारिन्छ ॥४॥ यस एकादशीका अधिदेव अर्थात् यसमा पूजा गरिने द्यौता नारायण हुनु। उनी सकल सिद्धिदायक, चाहेको पु¥याउनेवाला हुनुहुन्छ । चर अचर–सहितको तीनै लोकमा इच्छा पूर्ति गर्ने योभन्दा अर्को कुनै छैन ॥५॥ जो जन पुत्रदा एकादशीको कल्याणकारी व्रत गर्दछ, भगवान् हरिले त्यस मान्छेलाई विद्वान् र कीर्तिमान् बनाइदिनुहुन्छ॥ हे राजन् ! पाप सखाप पार्नमा अतिश्रेष्ठ भएको पुत्रदा एकादशीको कथा कहन्छु, सुन। उहिले भारतमा भद्रावती नामको नगरी थियो र त्यस नगरीमा सुकेतुमान् राजा थिए ॥६॥ अनि ती राजाकी रानी शैव्या भन्ने नामले प्रख्यात थिइन् । छोरो नभएका ती राजाले छोरो होला-भन्ने मनोरथले धेरै काल बिताए ॥७॥ तैपनि ती राजाले अगाडि वंश चलाउनेवाला छोरो पाउन सकेनन्। त्यसकारण ती धर्मात्मा राजाले त्यसबारे धेरै समयसम्म चिन्ताले नै बिताए ॥८॥

किं करोमि क्व गच्छामि सुतप्राप्तिः कथं भवेत् । न राष्ट्रे न पुरे सौख्यं लेभे राजा सुकेतुमान् ।।
शैब्यया कान्तया सार्द्धं प्रत्यहं दुःखितोऽभवत् । अपुत्रस्य हितं नाऽस्ति इह लोके परत्र च ।।९।।
तावुभौ दम्पती नित्यं चिन्ताशोकपरायणौ । पितरस्तु जलं दत्तं कवोष्णमुपभुञ्जते ।।१०।।
राज्ञः पश्चान्न पश्यामो योऽस्मान् सन्तर्पयिष्यति। कः करिष्यति श्राद्धादीन् पितृकार्यान् तदा तु नः।।
इत्येवं संस्मरन्तोऽस्य पितरो दुःखिनोऽभवन् । तेषां तद्-दुःखमूलं च ज्ञात्वा राजाप्यतप्यत ।।११।।

हे भगवन् ! म के गरूँ? कहाँ जाऊँ? कसरी मलाई छोरो होला ? भन्ने चिन्ताले, न राज्यमा, न नगरीमा कतै पनि ती सुकेतुमान् राजाले सुख-शान्ति पाएनन् ।। यो लोकमा र परलोकमा पनि अपुताको कल्याण छैन भन्ने सोचेर, पत्नी शैब्याका साथसाथै दिनहुँ चिन्तित रहन लागे ।।९।। यस्ता प्रकारले ती दुवै पति-पत्नी हमेशै शोक र चिन्तामा डुबिरहन्थे । पितृहरू पनि मैले दिएको पिण्ड-पानी पनि खिन्न भएर खाँदा हुन् ।।१०।। राजाको पछि जो हामीलाई पिण्ड-पानी-तर्पण देओस् , त्यस्तो कोही देख्दैनौं। तब कसले हाम्रो श्राद्ध आदि पितृकार्य गर्ला ।। यस्तो प्रकारको कुरो संझी-संझी त्यसका पितृहरू दुःखित रहन्थे। ती पितृहरूको त्यो दुःखको मूलकारण जानेर राजा पनि तड्पिरहन्थे ।।११।।

न बान्धवा न मित्राणि न चैव सुहृदस्तथा । रोचन्ते तस्य भूपस्य न गजाश्वपदातयः ॥१२॥
नैराश्यं भूपतेस्तस्य मनस्यैवमजायत । नरस्य पुत्रहीनस्य नाऽस्ति वै जन्मनः फलम् ॥१३॥
अपुत्रस्य गृहं शून्यं हृदयं दुःखितं सदा । पितृदेवमनुष्याणां नाऽनृणत्वं सुतं विना ॥१४॥
तस्मात् सर्वप्रयत्नेन सुतमुत्पादयेन्नरः । इह लोके यशस्तेषां परलोके शुभा गतिः ॥१५॥
येषां तु कर्मकर्तॄणां पुण्यं जन्मशतोद्भवम् । आयुरारोग्यसंपच्च तेषां गेहे प्रवर्तते ॥१६॥

त्यतिखेर ती राजालाई न त दाजु-भाइ, न त बन्धु-वर्ग, तथा न मित्रहरू नै, न त हात्ती-घोडा-पदाति (पैदलसेना) नै बेस (राम्रो) लाग्थे ॥१२॥ ती राजाको मनमा यस्ता प्रकारको निराशता छायो-। पुत्रहीन अपुता मनुष्यको जन्मेको फल केही छैन ॥१३॥ अपुतो अपुत्रीको घरै शून्य लाग्दछ, सधैं दिल दुःखी रहन्छ, छोरो नभैकन पितृदेवको र पितृमनुष्यहरूको अऋणी हुन सकिदैन ॥१४॥ त्यसकारण, मनुष्यहरूले जसरी हुन्छ आफ्नू छोरो उत्पन्न गर्नुपर्छ । जसको छोरो छ, त्यसको यस लोकमा पनि कीर्ति हुन्छ र परलोकमा असल कल्याणकारी गति (अवस्था) रहन्छ ॥१५॥ जुन शुभकर्म गर्ने मनुष्यहरूको सयकडौं जन्मको पुण्य उदय हुन्छ, तिनीहरूकै घरमा आयु-आरोग्य र सम्पत्ति सदा रहन्छ ॥१६॥

पुत्रपौत्राश्च लोकाश्च भवेयुः पुण्यकर्मणाम् । पुण्यं विना च न प्राप्तिर्विष्णुभक्तिं विना तथा ॥१७॥
पुत्राणां संपदो वाऽपि विद्यायाश्चेति मे मतिः । एवं विचिन्त्यमानोऽसौ राजा शर्म न लब्धवान् ॥१८॥
प्रत्यूषेऽचिन्तयद्राजा निशीथेऽचिन्तयत्तथा । ततश्चाऽऽत्मविनाशं वै विचार्याऽथ सुकेतुमान् ॥१९॥
आत्मघाते दुर्गतिं च चिन्तयित्वा तदा नृपः । दृष्ट्वाऽऽत्मदेहं प्रक्षीणमपुत्रत्वं तथैव च ॥२०॥
पुनर्विचार्याऽऽत्मबुद्ध्या ह्यात्मनो हितकारणम् । अश्वारूढस्ततो राजा जगाम गहनं वनम् ॥२१॥

पुण्य कर्म गर्नेहरूको नै लोकमा छोरा नाति पनाति खनाति र इष्टमित्रहरू हुन्छन् । ती सब विना-पुण्यले तथा विना-विष्णुले नदिई पाइँदैनन् ॥१७॥ पुत्रहरू, सम्पत्तिहरू त्यस्तै विद्याको प्राप्ति पनि पुण्यविना पाइन्न भन्ने मेरो निश्चय छ । यस्तै कुराहरू सोच्तै ती राजा सधैं दुःखी रहन लागे, उनले शान्ति पाएनन् ॥१८॥ बिहान पनि राजा त्यही चिन्ता गर्थे, त्यस्तै आधारातमा पनि त्यही चिन्ता गरिरहन्थे । त्यसपछि ती सुकेतुमान् राजाले अब आत्महत्या गर्ने निश्चय गरे ॥१९॥ तब ती राजाले आत्महत्या गर्दा पनि दुर्गति हुन्छ भन्ने सोचेर र आफ्नू शरीरलाई पनि ठाडै सुकेको अनि त्यस्तो आफू अपुतो भएको देखेर ॥२०॥ त्यसपछि फेरि आफ्नै बुद्धिले आफ्नू कल्याण हुने कुरो विचारेर, त्यस-पछि ती राजा घोडामा चढेर अटाम्मे जङ्गलमा जाँदा भए ॥२१॥

पुरोहितादयः सर्वे न जानन्ति गतं नृपम् । गंभीरे विपिने राजा मृगपक्षिनिषेविते ।।२२।।
विचचार तदा तस्मिन् वने वृक्षान् विलोकयन् । वटानश्वत्थविल्वाँश्च खर्जूरान् पनसाँस्तथा ।।२३।।
बकुलान् शप्तपर्णांश्च तिंदुकाँस्तिलकानपि । शालाँस्तालाँस्तमालाँश्च ददर्श सरलान् नृपः ।।२४।।
इंगुदीन् ककुभाँश्चैव श्लेष्मातक-विभीतकान् । शल्लकी-करमर्दांश्च पाटलान् खदिरानपि ।।२५।।
शाखाँश्चैव पलाशाँश्च शोभितान् ददृशे नृपः । मृगव्याघ्रवराहाँश्च सिंहाञ्छाखानृगानपि ।।२६।।

त्यसरी सुटुक्क सङ्केका ती राजालाई पुरोहित ब्राह्मणहरूले पनि पत्तै पाएनन् । अनि राजा जंगली मृग आदि जन्तुहरूले र चराचुरुङ्गीले वास गरिने बाक्लो घनघोरको जंगलमा परे र ।।२२।। तब त्यस वनमा बर, पीपल,बेल, खजूर त्यस्तै कटहरका रूखहरू हेर्दै टहल्न थाले ।।२३।। टहल्दा त्यहाँ मौलसरी, छतिवन, तित्री, तिलके, शाल, ताल, तमाल र सल्लाका रूखहरू पनि ती राजाले देखे ।।२४।। त्यस्तै कुसुम, कुम्भी, लप्सी, भलायो, सीमल, कर्मा, टटलो, खयर, बयर ।।२५।। त्यस्तै अत्यन्त शोभिएका पाकड़ र पलासका रूखहरूलाई पनि राजाले त्यस जंगलमा देख्ता भए । अनि त्यहाँ मृग, बाघ, बदेल, सिंह, ढेडु वानरहरू पनि देखे ।।२६।।

दर्दर्श भुजगान् राजा वल्मीकादभिनिस्सृतान् । तथा वनगजान् मत्तान् कलभैः सह संगतान् ॥२७॥
गवयान् कृष्णसारान् गाः शृगालाञ्छशकानपि । वनमार्जारकान् क्रूराञ्झल्लकाँश्चमरानपि ॥२८॥
यूथपाँश्च चतुर्दन्तान् करिणीगणमध्यगान् । तान् दृष्ट्वा चिन्तयामास ह्यात्मनस्स गजान् नृपः ॥२९॥
तेषां स विचरन् मध्ये राजा शोकमवाप ह । महदाश्चर्यसंयुक्तं ददर्श विपिनं नृपः ॥३०॥
क्वचिच्छिवारुतं शृण्वन्नुलूकविरुतं तथा । ताँस्तानूपक्षिगणानूपश्यनूबभ्राम वनमध्यगः ॥३१॥

अनि त्यहाँ ती राजाले कतै धमिराको देवल (बाँबी) बाट निस्किरहेका सर्पहरूलाई देखे त कतै मत्ता वनहात्तीहरू ढोईहरूका साथमा देखे ॥२७॥ अनि त्यहाँ ब्वाँसा, कस्तूरीमृग, नील गाई, श्याल, खरायाहरू तथा वनबिराला, गाई, डरलाग्दा अर्ना, चौंरी गाईहरू पनि देखे ॥२८॥ त्यसपछि त्यसै जंगलमा हत्तिनी (ढोई) समूहका बीचमा शोभिएका चतुर्दन्ते यूथप मत्ताहात्तीहरूकन पनि देखे। ती हात्ती-हत्तिनीहरूलाई देखेर ती राजाले आफ्ना हात्तीहरूलाई झलक्क सम्झे ॥२९॥ त्यस्ता ती रूख, चराचुरुङ्गी, रूख, बोट, जंगली जनावरका बीचमा भट्किरहेका ती राजा चिन्ता र पीरले शोकाएको हुँदै ती राजाले अत्यन्त आश्चर्यलाग्दो त्यो अटाम्मे जङ्गलकन देख्ता भए ॥३०॥ कतै श्याल कराएको अनि कतै लाटाकोसेरा रोएको शब्द सुन्दै, ती ती पक्षिसमूहलाई हेर्दै वनका बीचमा गएका राजा त्यहीं भट्कदा भए ॥३१॥

एवं ददर्श गहनं नृपो मध्यंगते रवौ । क्षुत्तृड्भ्यां पीडितो राजा इतश्चेतश्च धावति ।।३२।।
चिन्तयामास नृपतिः संशुष्कगलकन्धरः । मया तु किं कृतं कर्म प्राप्तं दुःखं यदीदृशम् ।।३३।।
मया च तोषिता देवा यज्ञैः पूजाभिरेव च । तथैव ब्राह्मणा दानैस्तोषिता मिष्टभोजनैः ।।३४।।
प्रजाश्चैव यथाकालं पुत्रवत् परिपालिताः । कस्माद्दुःखं मया प्राप्तमीदृशं दारुणं महत् ।।३५।।
इति चिन्तापरो राजा जगामाऽथाऽग्रतो वनम् । सुकृतस्य प्रभावेण सरो दृष्टं मनोरमम् ।।३६।।

ती राजाले यस्ता प्रकारले त्यो निविड वन हेदहिँदै सूर्य बीच आकाशमा पुगे अर्थात् मध्याह्नमा भोकप्यासले आकुल भएका ती राजा यता र उता चारैतिर हिड्दै ।।३२।। प्यासले गला घाँटी तालु सुकेका ती राजाले यस्ता प्रकारको चिन्ता गर्न थाले-। मैले के त्यस्तो कर्म गरेको थिएँ र आज जो यस्तो दुःख पाएँ ।।३३।। नाना यज्ञहरूले र पूजाहरूले पनि द्यौताहरूलाई मैले सन्तुष्ट पारेकै थिएँ । त्यस्तै प्रकारले ब्राह्मणहरूलाई दानले र मीठा-मीठा भोजनले तृप्त पारेकै थिएँ ।।३४।। प्रजाहरूलाई पनि समयानुसार छोरा जस्तै गरेर पालन (सुरक्षा) गरेकै थिएँ भने कुन कारणले मलाई यस्तो सहि नसक्नुको ठूलो दुःख आइपऱ्यो अर्थात् प्राप्त भो ।।३५।। यस्तै चिन्ताले पिरोलिएका ती राजा जाँदाजाँदै अझ अगाडिको वनमा गए अर्थात् पुगे त आफ्ना कुनै पुण्यका प्रभावले अर्थात् भाग्यवश अगाडि यौटा अत्यन्त सुन्दर तलाउ देखियो ।।३६।।

मानसं स्पर्धमानं च पद्मिनीपरिशोभितम् । कारण्डवैश्चक्रवाकै राजहंसैश्च नादितम् ।।३७।।
मकरैर्बहुभिर्युक्तं मत्स्यैर्जलचरैर्युतम् । समीपे सरसस्तत्र मुनीनामाश्रमान् बहून् ।।३८।।
ददर्श राजा लक्ष्मीवान्निमित्तैः शुभशंसिभिः । सव्यात् परतरं चक्षुः प्रास्फुरच्च तथा करः ।।३९।।
स्फुरितस्तस्य राज्ञश्च शंसितं शुभलक्षणम् । तस्य तीरे मुनीन् दृष्ट्वा कुर्वाणान्नैगमं जपम् ।।४०।।
अवतीर्य हयात् तस्मान्मुनीनामग्रतः स्थितः । पृथक् पृथक् ववन्दे स मुनीँस्ताञ्शंसितव्रतान् ।।४१।।

मानौं त्यो पोखरी मानसरोवरसँग स्पर्धा गर्ला जस्तो, फुलेका कमलका फूलहरूले शोभिएको, जलकुखुरा (कन्याङ्कुरुङ) हरूले, चक्रवाक (चखेवा) हरूले, रजहाँसहरूले चिर्बिर गरिइरहेको ।।३७।। प्रशस्त ग्राहाहरूले, माछाहरूले र अरू अरू जलचरहरूले युक्त भएको त्यस तलाउको नगीचै त्यहाँ मुनिहरूका धेरै आश्रम (कुटी) हरू पनि ।।३८।। भाग्यमानी ती राजाले देखे त उनको बायाँभन्दा अर्को अर्थात् दायाँ आँखा र दायाँ पाखुरा फर्फरायो ।।३९।। ती राजाको फर्फराएको आँखो र पाखुराले शुभलक्षणको संकेत जनायो। अनि त्यस तलाउका तीर (तट) मा वैदिक मन्त्रको जप गरिरहेका मुनिहरूलाई देखेर ।।४०।। आफू चढेको घोडाबाट ओर्लिएर मुनिहरूका अगाडि उपस्थित भए र व्रतशील अर्थात् नियममा रहने संयमी ती मुनिहरूलाई ती राजाले प्रत्येकलाई एकएक गरेर ढोगे ।।४१।।

कृताञ्जलिपुटो भूत्वा दण्डवच्च प्रणम्य सः । हर्षेण महताऽऽविष्टो बभूव नृपसत्तमः ।।४२।।
तमूचुस्तेऽपि मुनयः प्रसन्नाः स्मो वयं तव । कथयस्वाऽद्य वै राजन् यत् ते मनसि वर्तते ।।४३।।

राजोवाच–।।

के यूयमग्रतपसः किमाख्या भवतामपि । किमर्थमागता यूयं वदन्तु मम तत्त्वतः ।।४४।।

मुनय ऊचुः–।।

विश्वेदेवा वयं राजन् स्नानार्थमिह चाऽऽगताः । माघो निकटमायात एतस्मात् पञ्चमेऽहनि ।।४५।।
अद्य ह्येकादशी राजन् पुत्रदा नाम नामतः । पुत्रं ददात्यसौ शुक्ला पुत्रदा पुत्रमिच्छताम् ।।४६।।

अनि ती राजाले हात जोडेर लम्पसार परी दण्डवत् प्रणाम (ढोग) गरेर ती सज्जन राजा अत्यन्त हर्षले गद्गद हुँदा भए ।।४२।। अनि ती मुनिहरूले पनि ती राजालाई भने-हामी तिम्रा उपर प्रसन्न छौं, हे राजन् ! तिम्रो मनमा जो इच्छा छ सो आज भन ।।४३।। राजाले भने-। हे तपस्वीहरूमा अग्रगण्य मुनिहो! तपाईहरू को हुनुहुन्छ र तपाईहरूको के नाम हो? किन तपाईहरू यहाँ आउनुभएको हो? मलाई साँचो-साँचो आज्ञा होस् ।।४४।। तब मुनिहरूले भने-। हे राजन् ! हामी विश्वेदेव हौं, यस तलाउमा न्वाहुनका लागि यहाँ आएका हौं, माघ महीना नगीचै आइरहेको छ, आजको पाँच दिनपछि माघ लाग्छ ।।४५।। हे राजन् ! आज 'पुत्रदा' नामले पुकारिने एकादशी हो, यो पौषशुक्लको पुत्रदा नामको एकादशी पुत्र चाहनेहरूलाई पुत्र दिन्छ ।।४६।।

राजोवाच–।।

एष वै संशयो मह्यं सुतस्योत्पादने महान् । यदि तुष्टा भवन्तो मे पुत्रो वै दीयतां तदा ।। ४७।।

मुनय ऊचुः–।।

अस्मिन्नेव दिने राजन् पुत्रदा नाम वर्तते । एकादशीति विख्याता क्रियतां व्रतमुत्तमम् ।।४८।।

आशीर्वादेन चाऽस्माकं केशवस्य प्रसादतः । अवश्यं तव राजेन्द्र पुत्रप्राप्तिर्भविष्यति ।।४९।।

इत्येवं वचनात् तेषां कृतं राज्ञा व्रतं शुभम् । द्वादश्यां पारणं कृत्वा मुनीन् नत्वा पुनः पुनः ।।५०।।

आजगाम गृहं राजा राज्ञी गर्भं समादधौ । मुनीनां वचनेनैव पुत्रदायाः प्रभावतः ।।५१।।

राजाले भने-। पुत्रदा एकादशीले छोरो दिन्छ भन्ने यस कुराले मलाई ठूलो संशयात्मक आश्चर्य लागेको छ । यदि तपाईंहरू मेरा उपर प्रसन्न हुनुहुन्छ भने, तब मलाई छोरो दिनुहोस् ।।४७।। तब ती मुनिहरूले भने -। हे राजन् ! हे राजन् ! आजको दिन नै पुत्रदा नामले विख्यात (प्रसिद्ध) एकादशी तिथि हो, यसकारण यसको उत्तम व्रत गर्नुहोस् ।।४८।। हामीहरूको आशीर्वादले र केशव भगवान्को कृपाले, हे राजन् ! निश्चय नै तपाईंलाई पुत्रप्राप्ति हुनेछ ।।४९।। यस्ता प्रकारको ती मुनिहरूको वचनले ती राजाले त्यस कल्याणकारी व्रत गरे,द्वादशीमा पारण गरेर, ती मुनिहरूलाई बारंबार ढोगेर ।।५०।। राजा आफ्नू दर्बारमा आए त मुनिहरूको आशीर्वादले र पुत्रदा एकादशसीहो व्रतको प्रभावले रानीले गर्भ धारण गरिन् अर्थात् गर्भवती भइन् ।।५१।।

पुत्रो जातस्तथा काले तेजस्वी पुण्यकर्मकृत् । पितरं तोषयामास प्रजापालो बभूव सः ।।५२।।
एतस्मात्कारणाद्राजन्कर्तव्यं पुत्रदाव्रतम् । लोकानां च हिताऽर्थाय तवाऽग्रे कथितं मया ।।५३।।
एतद्व्रतं तु ये मर्त्याः कुर्वन्ति पुत्रदाऽभिधम् । तेषां चैव भवेत् पुत्रो ह्यवश्यं मोक्षभागिनाम् ।।५४।।
पठनाच्छ्रवणाद्राजन्नश्वमेधफलं लभेत् । इह लोके सुखं प्राप्य परलोके महीयते ।।५५।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे पौषशुक्लैकादश्याः पुत्रदानाम्न्या माहात्म्यं सम्पूर्णम् ।।४।।

अनि समय आएपछि तेजस्वी तथा पुण्यात्मा छोरो जन्मियो। पछि उसले बाबुलाई सन्तुष्ट तुल्यायो र त्यो प्रजाको राम्रो तरहले पालना गर्ने हुँदो भयो ।।५२।। हे राजन् युधिष्ठिर ! यसै कारणले पुत्रदा एकादशीको व्रत गर्नुपर्दछ । लोक (जन) हरूको कल्याण होस् भन्नाका लागि मैले तिम्रा सामु भनेको हुँ ।।५३।। जो मानिसहरू पुत्रदा नामले पुकारिने यो व्रत गर्दछन् ती मोक्षभागी धर्मात्माहरूलाई अवश्यै पुत्रप्राप्ति छुन्छ ।।५४।। यो पुत्रदाको कथा पढ्नाले अथवा सुन्नाले मात्रै पनि हे राजन् ! ती पढ्ने सुन्नेलाई अश्वमेध यज्ञ गरेको फल मिल्नेछ र यस लोकमा सुख पाएर परलोकमा पनि आनन्दले रहनेछन् ।।५५।।

।। इति एकादशीमाहात्म्ये नेपाली टीकायां चतुर्थो ऽध्यायः।।४।।

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ पञ्चमोऽध्यायः

अथ माघकृष्णैकादशीकथा ।। दाल्भ्य उवाच– ।।

मर्त्यलोके तु संप्राप्ताः पापं कुर्वन्ति जन्तवः । ब्रह्महत्यादिपापैश्च ह्यन्यैश्च विविधैर्युताः ।।१।।
परद्रव्यापहाराश्च परव्यसनमोहिताः । कथं न यान्ति नरकान् ब्रह्मन् तद् ब्रूहि तत्त्वतः ।।२।।
अनायासेन भगवन् दानेनाऽल्पेन केनचित् । पापं प्रशममायाति येन तद्वक्तुमर्हसि ।।३।।

पुलस्त्य उवाच– ।।

साधु साधु महाभाग गुह्यमेतदुदाहृतम् । यन्न कस्यचिदाख्यातं ब्रह्मविष्णिवन्द्रदेवतैः ।।४।।

दाल्भ्य ऋषिले भन्नुभयो-। हे ब्रह्मन् ! मर्त्यलोकमा जन्मेका प्राणीहरू पाप गर्दछन् । ब्रह्महत्या आदि पापले र अरू-अरू पनि नाना प्रकारका पापले युक्त हुन्छन् ।।१।। त्यस्ता अर्काको धन हर्ने र दुर्व्यसनमा लागिपरेका प्राणीहरू के गर्दा हुँदि नरक पर्दैननू , हे ब्रह्मनु! त्यो कुरो यथार्थ तरहले भुन्नुहोस् ।।२।। हे भगवन् ! कुनचाहिं सानूभन्दा सानू थोरै दानले पनि सजिलैसित जे गर्दा पाप शान्त हुन्छ अर्थात् सेलाउँछ, त्यो कुरो बताइबक्सियोस् ।।३।। तब पुलस्त्यले भन्नुभयो-। हे महाभाग भाग्यमानी दाल्भ्य! साधु साधु अर्थात् बेस यो गुह्य अर्थात् गुप्त कुरो तिमीले सोध्यौ, जो कुनै ब्रह्मा, विष्णु, इन्द्र आदि देवताले पनि सोधेका छैनन् ।।४।।

तदहं कथयिष्यामि त्वया पृष्टो द्विजोत्तम । ततो माघे तु संप्राप्ते शुचिः स्नातो जितेन्द्रियः ।।५।।
कामक्रोधाभिमानेर्ष्यालोभपैशुन्यवर्जितः । देवदेवं च संस्मृत्य पादौ प्रक्षाल्य वारिणा ।।६।।
भूमावपतितं ग्राह्यं गोमयं तत्र मानवः । तिलान् प्रक्षिप्य कार्पासं पिण्डकाँश्चैव कारयेत् ।।७।।
अष्टोत्तरशतं चैव नाऽत्र कार्या विचारणा । ततो माघे च संप्राप्ते ह्यादौ चैव भवेद्यदि ।।८।।
मूले वा कृष्णपक्षस्यैकादश्यां नियमं ततः । गृह्णीयात् पुत्रफलदं विधानं तत्र मे शृणु ।।९।।

हे द्विजोत्तम ब्राह्मणश्रेष्ठ ! तिमीले सोधिएको म त्यो गुप्त कुरो बताउँछु । माघ महीना आएपछि तब न्वाईध्वाई शुद्ध हुनू, जितेन्द्रिय अर्थात् इन्द्रियहरूलाई जितेर संयमी हुनू ।।५।। काम-क्रोध-अभिमान (घमण्ड)- ईर्ष्या (डाह) -लोभ-चुगुलखोरीलाई त्यागिदिनू र हात-पाउ पखालेर भगवान्लाई सम्झँदै ।।६।। अनि त्यो संयमी जनले भुईंमा नझरेको गोबर ल्याउनू र त्यसमा तिलहरू छरेर, कपास मिलाएर डल्ला बनाउनू ।।७।। ती डल्ला एक सय आठोटा बनाउनू, यसबारे कुनै प्रकारको विचार गर्ने काम छैन । तब माघ लागेपछि यदि माघको आरम्भमै भए पनि ।।८।। अथवा उसका कृष्णपक्षको शुरूमा नै भए पनि व्रतका नियमको प्रारम्भ गर्नू । त्यसपछि पुत्र प्रदान गर्ने एकादशीको व्रत लिनू । अब त्यस व्रतमा गर्नुपर्ने विधान (विधि) मबाट सुन ।।९।।

देवदेवं समभ्यर्च्य सुस्नातः प्रयतः शुचिः । कृष्णनामानि संकीर्त्य क्षुज्जृम्भासु च सर्वदा ।।१०।।
रात्रौ जागरणं कुर्याद्रात्रौ होमं च कारयेत् । अर्चयेद्देवदेवेशं शंखचक्रगदाधरम् ।।११।।
चन्दनागरुकर्पूरैर्नैवेद्यैः शर्करादिभिः । संस्मृत्य नाम्ना च ततः कृष्णाऽऽख्येन पुनः पुनः ।।१२।।
कूष्माण्डैर्नारिकेलैश्च ह्यथवा बीजपूरकैः । सर्वाभावेऽपि विप्रेन्द्र शस्तं पूगीफलं तदा ।।१३।।
अर्घ्यं दत्त्वा विधानेन पूजयित्वा जनार्दनम् । कृष्ण कृष्ण कृपालो त्वमगतीनां गतिप्रद ।।१४।।

प्रथम त न्वाईध्वाई सावधान भएर श्रद्धाभक्तिपूर्वक देवदेव भगवान्को पूजा गरेर, पूजा गर्दा हाच्छ्युँ अथवा हाई आयो भने सर्वदा कृष्णाको नाम लिएर ।।१०।। रातमा जाग्राम गर्नू र रातमा नै ती एक सय आठ डल्लाले हवन पनि गर्नू । पूजा गर्दा शंख– चक्र- गदा-पद्म हातमा लिने, द्यौताहरूका पनि द्यौता विष्णुको पूजा गर्नू ।।११।। पूजा गर्दा श्रीखण्ड चन्दन, सेता सुगन्धित फूल, कुम्कुम, कपूर, चीनी हालेर बनाइएका नाना प्रकारका नैवेद्य चढाएर गर्नू । त्यसपछि बारम्बार 'कृष्ण-कृष्ण' भन्ने नामको कीर्तन गरी ।।१२।। कुभिण्डो वा नरिवल अथवा बिमिरोले, ती नपाए सुपारी नै भने पनि अर्घ्यपात्रको पञ्चामृतमा राखी ।।१३।। विधिपूर्वक अर्घ्यको जलमा जनार्दनको पूजा गरी, अर्घ्यपात्र उठाई, पूर्व फर्की धारा लाएर भन्दै जानू-''हे कृष्ण, हे दयालु कृष्ण, अगति परेकालाई सद्गति दिने हे कृपालु कृष्ण'' ।।१४।।

संसाराऽर्णवमग्नानां प्रसीद परमेश्वर। नमस्ते पुण्डरीकाक्ष नमस्ते विश्वभावन ॥१५॥
सुब्रह्मण्य नमस्तेऽस्तु महापुरुष पूर्वज । गृहाणाऽर्घ्यं मया दत्तं लक्ष्म्या सह जगत्पते ॥१६॥
ततस्तु पूजयेद् विप्रमुदकुम्भं प्रदापयेत् । छत्रोपानहवस्त्रैश्च कृष्णो मे प्रीयतामिति ॥१७॥
कृष्णा धेनुः प्रदातव्या यथाशक्त्या द्विजोत्तम । तिलपात्रं द्विजश्रेष्ठ दद्यात् तत्र विचक्षणः ॥१८॥
स्नानप्राशनयोः शस्ताः श्वेताः कृष्णास्तिला मुने । तान् प्रदद्यात् प्रयत्नेन यथाशक्त्या द्विजोत्तम ॥१९॥

हे परमेश्वर! संसाररूपी समुद्रमा डुबेका मनुष्यमाथि प्रसन्न रहनुहोस् । हे पुण्डरीकाक्ष तपाईंलाई नमस्कार छ, हे विश्वभावन! तपाईंलाई नमस्कार छ ॥१५॥ हे सुब्रह्मण्य! हे महापुरुष! हे पूर्वज! हे जगत्पते मैले दिएको अर्घ्यलाई लक्ष्मीसहित भएर ग्रहण गर्नुहोस्, ॥१६॥ त्यसपछि छाता जुत्ता वस्त्रहरूले ब्राह्मणलाई पूजा गरेर, जल भरिएको घडा दान दिनू र हात जोडेर-'श्रीकृष्ण मेरा उपर प्रसन्न रहून्' यस्तो भन्नू ॥१७॥हे द्विजोत्तम! शक्ति अनुसार सके कैली गाई पनि दान गर्नुपर्दछ । हे द्विजश्रेष्ठ ! त्यसै अवसरमा चतुर र उदार जनले तिल भरिएको पात्र पनि दान गरोस् ॥१८॥ हे मुनि, न्वाहुन सेता र खानका लागि काला तथा दानका लागि दुवै प्रकारका तिल बेस उत्तम हुन्छन्, हे श्रेष्ठ ब्राह्मण! त्यस्ता तिललाई शक्ति अनुसार जसै गरेर पनि दान गर्नैपर्छ ॥१९॥

तावद्वर्षसहस्राणि स्वर्गलोके महीयते । तिलस्नायी तिलोद्वर्ती तिलहोमी तिलोदकी ।।२०।।
तिलभुक् तिलदाता च षट्तिलाः पापनाशकाः । नारद उवाच ।। कृष्ण कृष्ण महाबाहो नमस्ते भक्तभावन ।।२१।।
षट्तिलैकादशीभूतं कीदृशं फलमश्नुते । सोपाख्यानं मम ब्रूहि यदि तुष्टोऽसि यादव ।।२२।।

श्रीकृष्ण उवाच– ।।

शृणु ब्रह्मन् यथावृत्तं दृष्टं तत् कथयामि ते । मृत्युलोके पुरा ह्यासीद् ब्राह्मणी तत्र नारद ।।२३।।
व्रतचर्यरता नित्यं देवपूजारता तदा । मासोपवासनिरता मम भक्ता च सर्वदा ।।२४।।

किनकि तिल दान गर्ने व्यक्ति जति गेडा तिल दान गर्छ, त्यति हजार वर्षसम्म स्वर्गलोकमा मजा लिन पाउँछ। १. तिल मिलेको जलले न्वाहुने, २.तिल पिसेर बनाएको उबटनले न्वाहुने, ३. तिल होम गर्ने, ४. तिल मिलेको पानी प्यूने ।।२०।। ५. तिल खाने र ६. तिल दान गर्ने गरे यी छःवै प्रकारले प्रयोग गरिएका तिल ती समस्त पापलाई नाश गर्ने हुन्छन् । नारदले भने-। ''हे कृष्ण, हे कृष्ण, हे महाबाहो ! हे भक्तभावन! तपाईंलाई नमस्कार छ ।।२१।। षट्तिला एकादशीको व्रत गर्नाले प्राप्त भएको फल कस्तो हुन्छ? र त्यो व्रती कस्तो फल भोग्न पाउँछ ? हे यदुपति! यदि मेरा उपर प्रसन्न हुनुहुन्छ भने त्यो कुरो, उपाख्यान (कथा) सहित, मलाई भन्नुहोस् ।।२२।। तब श्रीकृष्णले भन्नुभयो - । हे ब्रह्मन् नारद! त्यसबारे जस्तो प्रकारको वृत्तान्त मैले देखेको छु, त्यो तिमीलाई कहन्छु, सुन। हे नारद! उहिले त्यहाँ मृत्युलोकमा यौटी ब्राह्मणी रहन्थिन् ।।२३।। ती त्यस वेला सधैं व्रत गर्ने गर्थिन्, देवताको पूजामा रत रहन्थिन्, मास-उपवास गर्थिन् र सर्वदा मेरो भक्ति गर्थिन् ।।२४।।

कृष्णोपवाससंयुक्ता मम पूजापरायणा । शरीरं क्लेशितं नित्यमुपवासैर्द्विजोत्तम ॥२५॥
दीनानां ब्राह्मणानां च कुमारीणां च भक्तितः । गृहादिकं प्रयच्छन्ती सर्वकालं महामतिः ॥२६॥
अतिकृच्छ्ररता सा तु सर्वकालेषु वै द्विज । शुद्धमस्याः शरीरं हि व्रतैः कृच्छ्रैर्न संशयः ॥२७॥
अर्थिनं वैष्णवं लोकं कायक्लेशेन वै तया । न दत्तमन्नदानं हि येन तृप्तिः परा भवेत् ॥२८॥
एतज्जिज्ञासया ब्रह्मन् मृत्युलोकमुपागतः । कापिलं रूपमास्थाय भिक्षापात्रेण याचिता ॥२९॥

हे द्विजोत्तम नारद ! कृष्णको नाममा उपवास व्रत गर्ने, मेरो पूजामा लागिपर्ने तिनले सधैं उपवास बस्ता बस्ता आफ्नू शरीरलाई झिङटी पारिन् ॥२५॥ ती बुद्धिमती ब्राह्मणी दीन दुःखी ब्राह्मणहरूलाई र कुमारीहरूलाई भक्तिपूर्वक सधैंजसो घर आदि दान दिने गर्थिन् ॥२६॥ हे ब्राह्मण नारद, राधैंभरि उनी अति कठिन कठिन व्रत गर्ने गर्थिन् । त्यस्ता कठिन व्रतहरूले तिनको शरीर एकदम शुद्ध भयो, यसमा सन्देह छैन ॥२७॥ किन्तु उनले शरीरको दुर्बलताले गर्दा भिक्षा माग्ने वैष्णव जनलाई कहिल्यै अन्नदान गरिनन्, जसले प्राणी अत्यन्त तृप्त हुन्छ ॥२८॥ हे ब्राह्मण नारद! यो कुरो जान्ने इच्छाले म मृत्युलोकमा गएँ र जटाधारी रूप लिएर भिक्षापात्र थापेर उससँग भिक्षा माँगें ॥२९॥

ब्राह्मण्युवाच – ।।

कस्मात् त्वमागतो ब्रह्मन् वद यस्मात् समागतः । पुनरेव मया प्रोक्तं देहि भिक्षां च सुन्दरि ।।३०।।
तया कोपेन महता मृत्पिण्डस्ताम्रभाजने । क्षिप्तो यावत् तया देव्या पुनः स्वर्गं गतो द्विज ।।३१।।
ततः कालेन महता तापसी सुमहाव्रता । कदाचित् स्वर्गमायाता व्रतचर्याप्रसादतः ।।३२।।
मृत्पिण्डस्य प्रभावेण गृहं प्राप्तं मनोरमम् । संजातं चैव विप्रर्षे धान्यकोशादिवर्जितम् ।।३३।।
गृहं यावन्निरीक्षेत न किञ्चित् तत्र पश्यती । तावद्गृहाद्विनिष्क्रान्ता ममाऽन्ते चाऽऽगता द्विज ।।३४।।

तब ती ब्राह्मणीले भनिन् -। हे ब्राह्मण ! तपाईं कहाँबाट आउनुभएको हो? जहाँबाट आउनुभएको हो, त्यो बताउनोस् । फेरि पनि मैले "हे सुन्दरि ! 'भिक्षा देऊ' भन्नें" ।।३०।। तर तिनले एकदम रिसाएर मेरो भिक्षापात्र तामाको भाँडामा जब ती स्त्रीले माटाको ढेला हालिदिइन् त हे ब्राह्मण नारद ! फेरि म लगत्तै स्वर्ग गएँ ।।३१।। तब धेरै वर्षपछि ती अत्यन्तै व्रत बस्ने तपस्विनी कुनै दिन व्रत गरेका फलले स्वर्गमा आइन् त ।।३२।। हे विप्रर्षि नारद ! माटोको डल्लो भिक्षा दिएको प्रभावले अत्यन्त सुन्दर घर पाइन्, तर त्यो घर धन-धान्य केही नभएको रित्तो थियो ।।३३।। जब उनले त्यस घरमा हेरिन् त उहाँ उनले क्यै पनि देखिनन् । हे ब्राह्मण नारद! तब त्यस घरबाट निस्केर सोझै मभाठौं आइन् ।।३४।।

क्रोधेन महताऽऽविष्टा त्विदं वचनमब्रवीत् । मया व्रतैश्च कृच्छ्रैश्च उपवासैरनेकशः ॥३५॥
पूजयाऽऽराधितो देवः सर्वलोकस्य भावनः । न धनं दृश्यते किञ्चिद् गृहे मम जनार्दन ॥३६॥
ततश्चोक्ता मया सा तु गृहं गच्छ यथागतम् । आगमिष्यन्ति सुतरां कौतूहलसमन्विताः ॥३७॥
देवपत्न्यस्तु त्वां द्रष्टुं विस्मयेन समन्विताः । द्वारं नोद्घाटनीयं हि षट्तिलापुण्ययाचनात् ॥३८॥
एवमुक्ता गता सा तु यदा वै मानुषी तदा । अत्राऽन्तरे समायाता देवपत्न्यश्च नारद ॥३९॥

र भयङ्कर क्रोधले चुर्मुरिदै यो वचन बोलिन् - मैले कठिन-कठिन व्रतहरूले र अनेक प्रकारका उपवासहरूले ॥३५॥ अनि सारा त्रिलोकका भावन (रचयिता) जो विष्णु भगवान् हुनुहुन्छ, पूजाहरूले उहाँको आराधना गरें, तर पनि हे जनार्दन! मेरो घरमा केही पनि धन देखिदैन ॥३६॥ तब मैले उनलाई जसरी आएकी छौ त्यसै गरी आफ्नू घर जाऊ । उहाँ चाँडै नै आश्चर्यले चकित भएका देवपत्नी अप्सराहरू आश्चर्यले उत्सुक हुँदै तिमीलाई हेर्न अर्थात् भेट्न आउनेछन् त तिमीले षट्तिला एकादशीको पुण्य माग्दै ढोका नखोल्नू ॥३७-३८॥ मैले उनलाई यति भनेपछि जब ती मानुषी ब्राह्मणी गइन् त तब हे नारद! उसै समयमा देव-पत्नी अप्सराहरू पनि त्यहाँ आइपुगे ॥३९॥

ताभिश्च कथितं तत्र त्वां द्रष्टुं हि समागताः । द्वारमुद्घाटय त्वं च पश्यामस्त्वां शुभानने ।।४०।।

मानुष्युवाच– ।।

यदि द्रष्टुं मया कार्यं सत्यं वाच्यं विशेषतः । ददन्तु षट्तिलापुण्यं द्वारोद्घाटनकारणात् ।।४१।।

एकापि तत्र नाऽवादीत् षट्तिलाव्रतनामतः । अन्यया कथितं तत्र द्रष्टव्या मानुषी मया ।।४२।।

ततो द्वारं समुद्धाट्य दृष्टा ताभिश्च मानुषी । साऽतीव सुन्दरी चाऽऽसीन्नयनाऽऽनन्दकारिणी ।।

न देवी न च गन्धर्वी नाऽसुरी न च पन्नगी । दृष्टा पूर्वं मया नारी ईदृशी सा द्विजर्षभ ।।४३।।

तब तिनीहरूले त्यहाँ 'तिमीलाई हेर्न नै हामी आएका हौं' भने। तसर्थ, हे सुन्दर चेहराकी सुन्दरी! तिमीलाई हामी हेर्छौं, तिमी ढोका उघार ।।४०।। तब ती मानुषीले भनिन् -''यदि मलाई हेर्ने नै काम छ त, एकदम साँचो-साँचो भन्नुहोस् अर्थात् वाचा बाँध्नुहोस् र ढोका खोलेको उपलक्ष्यमा मलाई षट्तिला एकादशीको पुण्य दिनुहोस् ।।४१।। तब षट्तिलाका व्रतको नाम सुनेर त्यहाँ कसैले पनि क्यै बोलेन । तब त्यहाँ अर्कीले 'म मानुषी (मान्छी) लाई हेर्छु हेर्छु, बरु षट्तिलाको पुण्य दिन्छु, दिन्छु' भनी ।।४२।। तब तिनीहरूले दैलो उघारेर ती मान्छीलाई देखे। त्यो हेरिरहूँ जस्ती अत्यन्त राम्री थिई ।। न त त्यो देवी जस्तै थिई, न गन्धर्वी जस्तै थिई, न दानवी जस्तै थिई, न त पन्नगी (नागकन्या) जस्तै थिई। हे द्विजोत्तम नारद! मैले पैले देख्ता पनि त्यो त्यस्तै नारी थिई ।।४३।।

रूपकान्तिसमायुक्ता क्षणेन समपद्यत । धनं धान्यं च वस्त्रादि सुवर्णं रौप्यमेव च ।।४४।।
सर्वं गृहं सुसंपन्नं षट्तिलायाः प्रसादतः । अतितृष्णा न कर्तव्या वित्तशाठ्यं विवर्जयेत् ।।४५।।
आत्मवित्ताऽनुसारेण तिलान् वस्त्रादि दापयेत् । लभते चैवमारोग्यं ततो जन्मनि जन्मनि ।।४६।।
दारिद्र्यं न च कष्टं वै न च दौर्भाग्यमेव च । न भवेद्वै द्विजश्रेष्ठ षट्तिलाया उपोषणात् ।।४७।।
अनेन विधिना राजँस्तिलदानान्न संशयः । मुच्यते पातकैः सर्वैर्नाऽत्र कार्या विचारणा ।।४८।।

अनि त्यो एकैछिनमा अधिकी भन्दा पनि अधिक रूप कान्तिले चहकिली भई । षट्तिलाको कृपाले हेर्दाहेर्दै उसको सारा घर धन-धान्य र लुगा-फाटा अनि सुन-चाँदीले पनि ।।४४।। भरिभराउ भयो ।। "त्यसकारण, हे नारद ! धन पाएपछि अतितृष्णा गर्नु हुन्न, कृपणतालाई पनि त्यागिदिनुपर्छ ।।४५।। आफ्ना धनको शक्तिको अनुसार तिल, वस्त्र आदि दान गर्दै रहनुपर्छ। यस कामले जन्म-जन्मान्तरमा पनि आरोग्यता भइरहन्छ ।।४६।। न त कुनै जन्ममा पनि दरिद्र नै हुनुपर्छ, न त कुनै कष्ट नै हुन्छ, न त दुर्भाग्य नै हुन्छ ! हे द्विजश्रेष्ठ नारद! षट्तिलाको व्रत बस्नाले ती उपरोक्त कुरा हुँदै हुँदैनन् ।।४७।। हे राजन् युधिष्ठिर! यस्ता प्रकारले माघकृष्ण पक्षको षट्तिला एकादशीको व्रत बसेर तिल दान गर्नाले निश्चय नै सारा पापहरूबाट त्यो मनुष्य मुक्त हुन्छ, यसमा कुनै प्रकारको संशयात्मक विचार गर्ने काम छैन ।।४८।।

दानं च विधिना सम्यक् सर्वपापप्रणाशनम् । नाऽनर्थभूतो नाऽऽयासः शरीरे मुनिसत्तम ।।४१।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे माघकृष्णैकादशीषट्तिलामाहात्म्यं समाप्तम् ।।५।।

हे मुनिहरूमा श्रेष्ठ नारद ! विधिपूर्वक राम्रोसित दान गर्ने गरिरह्यो भने त्यस दान गर्नेको सारा पाप नाश हुन्छन् र न त उसलाई कुनै अनर्थ हुन्छ, न त कुनै उसको शरीरमा शारीरिक खेद या चिन्ता नै रहन्छ ।।४१।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां पञ्चमोऽध्यायः ।।५।।

शंख-घण्ट-ध्वनिः

हरिकीर्तन

*

अथ षष्ठोऽध्यायः

अथ माघशुक्लैकादशी-कथा ।। युधिष्ठिर उवाच– ।।

साधु कृष्ण त्वया प्रोक्ता आदिदेव जगत्पते । स्वेदजा अण्डजाश्चैव उद्भिज्जाश्च जरायुजाः ।।१।।
तेषां कर्त्ता विकर्त्ता च पालकः क्षयकारकः । माघस्य कृष्णपक्षे तु षट्तिला कथिता त्वया ।।२।।
शुक्ले चैकादशी या च कथयस्व प्रसादतः । किं नाम को विधिस्तस्याः को देवस्तत्र पूज्यते।।३।।

श्रीभगवानुवाच– ।।

कथयिष्यामि राजेन्द्र शुक्ले माघस्य या भवेत् । जया नाम्नीति विख्याता सर्वपापहरा परा ।।४।।

अब आज माघशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने-।। हे आदिदेव हे जगत्का पति, हे श्रीकृष्ण! तपाईले बहुतै राम्रो उपदेश दिइबक्सियो । स्वेदज (पसीनाबाट) उब्जने, अण्डज (अण्डाबाट जन्मने),उद्भिद् (उम्रने) र जरायुज सालबाट जन्मने गरी चार प्रकारका प्रणी छन् ।।१।। ती चारै प्रकारका प्राणीको उत्पन्न गर्ने-नगर्ने, पाल्ने-नास्ने तपाई नै हुनुहुन्छ । माघकृष्णपक्षमा पर्ने षट्तिलाको बारेमा तपाईले बताइबक्सियो ।।२।। अब माघशुक्लमा जो एकादशी हुन्छ, कृपा गरेर त्यसको बारेमा पनि कहिबक्सियोस् । त्यस एकादशीको के नाम हो? त्यो एकादशीको के विधि हो? त्यस एकादशीमा कुन द्यौताको पूजा गर्नुपर्छ? ।।३।। तब श्रीकृष्ण भगवानूले भन्नुभयो-। हे राजेन्द्र ! माघको शुक्लपक्षमा जुन एकादशी हुन्छ त्यो 'जया' भन्ने नामले विख्यात छ र सारा पाप हरण गर्नेमा श्रेष्ठ छ, त्यसका बारेमा म कहन्छु, सुन ।।४।।

पवित्रा पापहन्त्री च पिशाचत्वविनाशिनी । नैव तस्या व्रते चीर्णे प्रेतत्वं जायते नृणाम् ।।५।।
नाऽतःपरतरा काचित् पापघ्नी मोक्षदायिनी ।एतस्मात्कारणाद्राजन् कर्तव्येयं प्रयत्नतः ।।६।।
श्रूयतां राजशार्दूल कथां पौराणिकीं शुभाम् । पङ्कजे च पुराणेऽस्या महिमा कथितो मया ।।७।।
एकदा नाकलोके वै इन्द्रो राज्यं चकार ह । देवाश्च तत्र सौख्येन निवसन्ति मनोरमे ।।८।।
पीयूषपाननिरता ह्यप्सरोगणसेविताः । नन्दनं तु वनं तत्र पारिजातोपशोभितम् ।।९।।

यो जया अत्यन्त पवित्र छ, सारा पापलाई नाश गर्नेवाली र यसको व्रत गर्नेलाई पिशाच हुनुपर्ने भए पनि त्यस पिशाचत्वबाट छुटाउनेवाला छ अर्थात् त्यसको व्रत गर्ने मनुष्य प्रेत हुँदैन ।।५।। यो–भन्दा अर्को सारा पाप नाश गर्ने र मरेपछि पनि मोक्ष दिलाउने कुनै एकादशी छैन । हे राजन् युधिष्ठिर, यसै कारणले यो एकादशीको व्रत प्रयत्नपूर्वक पनि गर्नुपर्दछ ।।६।। हे राजशार्दूल, राजाहरूमा सिंह जस्ता युधिष्ठिर, यो कल्याणकारी पौराणिक कथा सुन । यस एकादशीको महिमा मैले पद्मपुराणमा बेलिविस्तार लाएर बताएको छु ।।७।। कुनै समयमा स्वर्गलोकमा इन्द्र राज्य गर्दथे। द्यौताहरू त्यस मनोरम अतिसुन्दर स्वर्गमा सुखपूर्वक रहन्थे ।।८।। त्यस स्वर्गमा देवताहरू अमृत पिएर मस्त थिए, अप्सराका समूहहरूले सेवा गरिइरहन्थे, त्यहाँ पारिजातले शोभायमान नन्दन नामको बगैचा थियो ।।९।।

रमयन्ति रमन्त्यत्र ह्यप्सरोभिर्दिवौकसः। एकदा रममाणोऽसौ देवेन्द्रः स्वेच्छया नृप ॥१०॥
नर्तयामास हर्षात् स पञ्चाशत्कोटिनायिकाः। गन्धर्वास्तत्र गायन्ति गन्धर्वः पुष्पदन्तकः ॥११॥
चित्रसेनश्च तत्रैव चित्रसेन - सुतास्तथा। मालिनीति च नाम्ना तु चित्रसेनस्य कामिनी ॥१२॥
मालिन्यां तु समुत्पन्नः पुष्पवानिति नामतः। पुष्पदन्तस्य पुत्रो वै माल्यवान् नाम नामतः ॥१३॥
गन्धर्वी पुष्पवत्याख्या माल्यवत्यतिमोहिता। कामस्य च शरैस्तीक्ष्णैर्विद्धाङ्गी सा बभूव ह ॥१४॥
तया भावैः कटाक्षैश्च माल्यवाँश्च वशीकृतः। लावण्यरूपसंपन्ना तस्या रूपं नृप शृणु ॥१५॥

जहाँ अप्सराहरूका साथ देवताहरू विहार गर्थे र गराउँथे। हे राजन् युधिष्ठिर, यस्तैमा एक दिन इन्द्र आफ्नू इच्छापूर्वकको विहार गरिरहेको वेलामा ॥१०॥ हर्षपूर्वक उनले पचास करोड नायिका (अप्सरा) हरूलाई नचाए। त्यस नाचमा गन्धर्वहरू गाना गाउँथे। त्यस नाच-गानमा गन्धर्व पुष्पदन्तक, ॥११॥ चित्रसेन अनि त्यहीं नै चित्रसेनका छोराहरू, त्यस्तै मालिनी नामकी चित्रसेनकी पत्नी थिई ॥१२॥ मालिनीबाटै पैदा भएको पुष्पवान् नाम गरेको पुष्पदन्तको माल्यवान् नामको छोरो पनि थियो ॥१३॥ पुष्पवान् गन्धर्वकी पुष्पवती नामकी छोरी माल्यवान्मा अत्यन्त मोहित भई र माल्यवान्का कामका तीखा वाणले त्यो पुष्पवती घोचिएकी भई ॥१४॥ अनि त्यसका आशयपूर्वकका कटाक्षले माल्यवान् पनि वशीभूत भो। हे राजन्! रूप र सुन्दरताले सम्पन्न भएकी उस नारीको रूपबारे सुन ॥१५॥

बाहू तस्यास्तु कामेन कण्ठपाशौ कृताविव । चन्द्रवद्वदनं तस्या नयने श्रवणाऽऽयते ।।१६।।
कर्णौ तु शोभितौ तस्याः कुण्डलाभ्यां नृपोत्तम । कम्बुग्रीवायुता चैव दिव्याऽऽभरणभूषिता ।।१७।।
पीनोन्नतौ कुचौ तस्याः मुष्टिमात्रं च मध्यमम् । नितम्बौ विपुलौ तस्या विस्तीर्णं जघनस्थलम् ।।१८।।
चरणौ शोभमानौ तौ रक्तोत्पलसमद्युती । ईदृश्या पुष्पवत्या च माल्यवानतिमोहितः ।।१९।।
शक्रस्य परितोषाय नृत्यार्थं तौ समागतौ। गायमानौ च तौ तत्र ह्यप्सरोगणसंगतौ ।।२०।।

त्यसका बाहुहरू मानों कामदेवले अँगालो मार्न नै बनाएका जस्ता थिए ! त्यसको मुख निष्कलङ्क पूर्णचन्द्र जस्तै थियो, त्यसका दुवै आँखा कानलाई छोलान् जस्ता लाम्चा थिए ।।१६।। हे राजन् ! उसका दुवै कान कुण्डलले सुशोभित थिए । दिव्य (राम्रा) गहना- हरूले शोभिएको उसको घाँटी शंखको समान थियो ।।१७।। साह्रा र उठेका उसका दुवै स्तन थिए, कम्बर अत्यन्त पातलो मुठी मात्रको थियो। त्यसका नितम्ब ठूल्ठूला थिए र जाँघ मोटा-मोटा थिए ।।१८।। उसको दुवै पैताला रातो कमलपुष्पको पत्र जस्ता शोभायमान थिए । यस्ती पुष्पवतीलाई देखेर माल्यवान् पनि अत्यन्त मोहित हुँदो भयो ।।१९।। इन्द्रलाई प्रसन्न पार्न नाच्नका लागि ती दुवै सामु आए र अप्सरासमूहका साथैमा त्यहाँ तब ती दुवै गाउन थाले ।।२०।।

शुद्धगानं न गायेतां चित्तभ्रमसमन्वितौ । बद्धदृष्टी तथाऽन्योऽन्यं कामबाणवशं गतौ ॥२१॥
ज्ञात्वा लेखर्षभस्तत्र संगतं मानसं तयोः । तालकालक्रियामानलोपाद्गीताऽवभञ्जनात् ॥२२॥
चिन्तयित्वा तु मघवा ह्यवज्ञानं तथाऽऽत्मनः । कुपितश्च तयोरित्थं शापं दास्यन्निदं जगौ ॥२३॥
धिग् वां पापरतौ मूढावाज्ञाभंगकरौ मम । युवां पिशाचौ भवतां दम्पतीरूपधारिणौ ॥२४॥
मृत्युलोकमनुप्राप्तौ भुञ्जानौ कर्मणः फलम् । एवं मघवता शप्तावुभौ दुःखितमानसौ ॥२५॥

कामका वाणले वशीभूत भएका ती दुवैले परस्परमा आँखा गाडेर हेर्दा चित्त भ्रम भएकोले शुद्ध गीत गाउन सकेनन् र ताल चुके ॥२१॥ अनि त्यहाँ इन्द्रले ती दुवैको मन मिलेको जानेर ताल-काल-क्रियामानको लोप भएकोले गीतको ध्वनि बिग्रिएको जानेर ॥२२॥ तब इन्द्रले आफ्नू अपमान ठानेर, तिनका उपर क्रोधित भए र ती दुवैलाई यस्तो श्राप दिँदै यो कुरो भने- ॥२३॥ पापमा रत भएका हे मूर्ख हो! मेरो आज्ञा भङ्ग गर्ने तिमी दुवैलाई धिक्कार छ । दम्पतीको रूपमा तिमी दुवै पिशाच होओ ॥२४॥ र मृत्युलोकमा गएर आफ्ना पाप कर्मको फल भोग गर । यस्ता प्रकारले इन्द्रले सरापिएका ती दुवै दुःखित मनका खिन्न भएर ॥२५॥

हिमवन्तमनुप्राप्ताविन्द्रशापविमोहितौ । उभौ पिशाचतां प्राप्तौ दारुणं दुःखमेव च ।।२६।।
सन्तप्तमानसौ तत्र महाकृच्छ्रगतावुभौ । गन्धं रसं च स्पर्शं च न जानन्तौ विमोहितौ ।।२७।।
पीड्यमानौ तु दाहेन देहपातकरेण च । तौ न निद्रासुखं प्राप्तौ कर्मणा तेन पीडितौ ।।२८।।
परस्परं वादमानौ चेरतुर्गिरिगह्वरम् । पीड्यमानौ तु शीतेन तुषारप्रभवेण तौ ।।२९।।
दन्तघर्षं प्रकुर्वाणौ रोमाञ्चितवपुर्धरौ । ऊचे पिशाचः शीतार्त्तः स्वपत्नीं तां पिशाचिकाम् ।।३०।।

इन्द्रका सरापले लट्ठिएका ती दुवै अनि हिमालय पर्वतमा गए र ती दुवै पिशाचपनामा प्राप्त भएका छँदा कठिन दुःख पाए र ।।२६।। मन पिरिएका ती दुवैले त्यहाँ ठूलो दुःख पाए । श्रापले लट्ठिएका ती दुइले गन्ध रस स्पर्श पनि जान्दैनथिए ।।२७।। प्राणै लेला जस्तो छटपटीले छटपटिएका ती दुवैले आफ्ना त्यस कर्मले पीडित भएका छँदा अर्थात् अति दुःख पाएका छँदा निद्राको सुख पनि पाएनन् अर्थात् निदाउन पनि सकेनन् ।।२८।। तब त्यहाँ परस्परमा कुराकानी गर्दै पहाडका खोल्सा-खाल्सीहरूमा भट्किन थाले । त्यहाँ ती दुवै बिचरा तुषारोको प्रभावले उत्पन्न भएको जाडोले कठ्यांग्रिएर ।।२९।। शरीरभर काँडा उम्रिएका ती दुवैले दाँत किटकिटाउँदै धुचुक्क बसे र जाडोले थुर्थुर काँपिरहेको पिशाचले त्यो पिशाचिनी आफ्नी स्त्रीलाई भन्न थाल्यो ।।३०।।

किमावाभ्यां कृतं पापमत्यन्तं दुःखदायकम् । येन प्राप्तं पिशाचत्वं स्वेन दुष्कृतकर्मणा ॥३१॥
नरकं दारुणं मन्ये पिशाचत्वं च गर्हितम् । तस्मात् सर्वप्रयत्नेन पापं नैव समाचरेत् ॥३२॥
इति चिन्तापरौ तत्र ह्यास्तां दुःखेन कर्शितौ । दैवयोगात् तयोः प्राप्ता माघस्यैकादशी सिता ॥३३॥
जया नाम्नीति विख्याता तिथीनामुत्तमा तिथिः । तस्मिन् दिने तु संप्राप्ते तावाहारविवर्जितौ ॥३४॥
आसाते तत्र नृपते जलपान-विवर्जितौ । न कृतौ जीवघातश्च न पत्रफलभक्षणम् ॥३५॥

यो अत्यन्त दुःखदायक कुन पाप हामी दुईले गरेका थियौं, जुन आफ्ना दुष्कृत कर्मले पिशाच हुनुपर्‍यो ॥३१॥ यो निन्दित पिशाचपनलाई म घोर नरक मान्दछु । त्यसकारण कस्तै परे पनि यस्तो पाप कसैले नगरोस् ॥३२॥ यस्ता प्रकारको चिन्ता गर्दा ती त्यहाँ दुःखले दुब्लाउँदै रहिरहेका थिए । यस्तैमा दैवसंयोगले ती दुवैको सामु माघशुक्ल एकादशी आयो ॥३३॥ जया भन्ने नामले विख्यात (प्रसिद्ध) अनि तिथिहरूमा उत्तम तिथि यो हो । त्यो तिथि प्राप्त भएको त्यस दिन ती दुवै भोकभोकै रहे ॥३४॥ हे नृपति, हे राजन् , त्यस दिन ती दुईले त्यहाँ पानीसम्म पनि नपिईकन रहेका थिए। न त त्यस दिन तिनीहरूले कुनै प्राणीकन नै मारे, न त फल-फूल सागपात नै खाए ॥३५॥

अश्वत्थस्य समीपे तु पतितौ दुःखसंयुतौ । रविरस्तंगतो राजँस्तथैव स्थितयोस्तयोः ।।३६।।
प्राप्ता चैव निशा घोरा दारुणा शीतकारिणी । वेपमानौ तु तौ तत्र हिमेन च जडीकृतौ ।।३७।।
परस्परेण संलग्नौ गात्रयोर्भुजयोरपि । न निद्रां न रतिं तत्र न तौ सौख्यमविन्दताम् ।।३८।।
एवं तौ राजशार्दूल शापेनेन्द्रस्य पीडितौ । इत्थं तयोर्दुःखितयोर्निर्जगाम तदा निशा ।।३९।।
जयायास्तु व्रते चीर्णे रात्रौ जागरणे कृते । तयोर्व्रतप्रभावेण यथा ह्यासीत् तथा शृणु ।।४०।।

त्यस दिन ती दुवै त्यहाँ पीपलको रूखमनि दुःखपूर्वक पल्टेका थिए । हे राजन् ! ती दुवै त्यहाँ त्यसै गरी रहेको रहँमा सूर्य अस्ताए ।।३६।। जाडोले थुर्थुर पार्ने अघोर दुःखदायी रात पर्‍यो। तब त्यहाँ ती दुवै जाडोले कठ्यांग्रिएर थुर्थुर काँप्दै ।।३७।। ती दुवै परस्परमा शरीरले पनि, दुवै हातको अँगालोले पनि च्याप्पै टाँसिएरै रहे । न निदाउन सके, न मजा नै लिन सके, न त ती दुवैले सुख कुन चराको नाम हो जान्न सके ।।३८।। हे राजशार्दूल ! यस्ता प्रकारले ती दुवै नै इन्द्रका सरापले अत्यन्त पीडित थिए ।। यस्तै प्रकारले दुःखित ती दुवैको तब त्यो रात दुःखैदुःखमा बित्यो ।।३९।। हे राजन् ! जयाको व्रत गर्ने र रातभर जाग्राम गर्ने ती दुवैको त्यस व्रतका प्रभावले जस्तो भएको थियो, त्यो त्यस्तै सुन ।।४०।।

द्वादशीदिवसे प्राप्ते ताभ्यां चीर्णे जयाव्रते । विष्णोः प्रभावान्नृपते पिशाचत्वं तयोर्गतम् ॥४१॥
पुष्पवती माल्यवाँश्च पूर्वरूपौ बभूवतुः । पुरातनस्नेहयुतौ पूर्वालंकारसंयुतौ ॥४२॥
विमानमधिरूढौ तावप्सरोगणसेवितौ । स्तूयमानौ तु गन्धर्वैस्तुम्बुरुप्रमुखैस्तथा ॥४३॥
हावभावसमायुक्तौ गतौ नाके मनोरमे । देवेन्द्रस्याऽग्रतो गत्वा प्रणामं चक्रतुर्मुदा ॥४४॥
तथाविधौ तु तौ दृष्ट्वा मघवा विस्मितोऽब्रवीत् । इन्द्र उवाच ॥ वदतं केन पुण्येन पिशाचत्वं विनिर्गतम् ॥४५॥

हे राजन् ! ती दुईले गरेका जयाको व्रतले र विष्णु भगवान्को प्रतापले भोलिपल्ट द्वादशीको दिन लागेपछि ती दुवैको पिशाचत्व छुट्यो ॥४१॥ अनि ती पुष्पवती र माल्यवान् दुवै आफाफ्नू पहिलेकै जस्ता रूपका, पहिलेको जस्तै माया-प्रीति भएका र पहिलेको जस्तै गहनागुरियाले झरिझुट्ट भएका हुँदा भए ॥४२॥ अनि ती दुवै विमानमा चढेका, अप्सराका समूहहरूले सेविएका, त्यस्तै तुम्बुरु आदि गरिएका गन्धर्वहरूले स्तुति गरिएका भएर ॥४३॥ पहिलेकै जस्तै हाव-भाव कटाक्षले सहित भै मन रमाउने सुन्दर स्वर्गमा गए र इन्द्रको अगाडि गएर खुशी हुँदै प्रणाम गरे यानि ढोगे ॥४४॥ त्यस्ता प्रकारका ती दुईलाई देखेर इन्द्र महाराज आश्चर्यचकित हुँदै बोले-। इन्द्रले भने -"कुन पुण्यको प्रभावले तिमीहरूको पिशाचत्व हट्यो ? त्यो कुरो बताओ! ॥४५॥

मम शापवशं प्राप्तौ केन देवेन मोचितौ । माल्यवानुवाच।। वासुदेवप्रसादेन जयायाः सुव्रतेन च ।।४६।।
पिशाचत्वं गतं स्वामिन् सत्यं भक्तिप्रसादतः । इति श्रुत्वा वचस्तस्य प्रत्युवाच सुरेश्वरः ।।४७।।

इन्द्र उवाच– ।।

पवित्रौ पावनौ जातौ वन्दनीयौ ममाऽपि च । हरिवासरकर्त्तारौ विष्णुभक्तिपरायणौ ।।४८।।
हरिभक्तिरता ये च शिवभक्तिरतास्तथा । अस्माकमपि ते मर्त्याः पूज्या वन्द्या न संशयः ।।४९।।
विहरस्व यथासौख्यं पुष्पवत्या सुरालये । एतस्मात् कारणाद्रजन् कर्तव्यो हरिवासरः ।।५०।।

मेरो सरापको वशमा परेका अर्थात् मेरो श्राप भोगिरहेका तिमीहरूलाई कुन देवताले छुटायो? माल्यवानूले भन्यो- ''जया एकादशीको व्रतको प्रभावले तथा वासुदेवको कृपाले र ।।४६।। यी दुवैमा गरिएको भक्तिको प्रतापले हाम्रो पिशाचत्व छुट्यो । हे स्वामिन् ! यो कुरा सत्य हो । त्यस माल्यवानूको यस्तो कुरो सुनेर तब इन्द्रले प्रत्युत्तरमा भने ।।४७।। इन्द्रले भने -।। एकादशीको व्रत गर्ने र विष्णुको भक्तिमा लागिपरेका तिमी दुवै पवित्र भयौ र अरूलाई पनि पवित्र पार्ने तिमीहरू मेरा पनि पूजनीय बन्यौ ।।४८।। जो जन हरिको भक्ति गर्छन्, त्यस्तै प्रकारले जो शिवजीको भक्तिमा रमाउँछन् ती मनुष्यहरूका वा कोही को पनि तथा हाम्रा पनि पूज्य र वन्द्य (ढोगिने) हुन्छन्, यसमा कुनै संशय छैन ।।४९।। त्यसकारण, हे माल्यवान् ! अब तिमी तिम्री पुष्पवतीका साथ स्वर्गमा आनन्दपूर्वक विहार गर ।। हे राजन् युधिष्ठिर, यसै कारणले यो एकादशीको व्रत अवश्य पनि गर्ने गर्नुपर्दछ ।।५०।।

जयाव्रतं तु राजेन्द्र ब्रह्महत्याऽपहारकम् । सर्वदानानि दत्तानि यज्ञास्तेन कृता नृप ॥५१॥
सर्वतीर्थेषु स स्नातः कृतं येन जयाव्रतम् । यः करोति नरो भक्त्या श्रद्धायुक्तो जयाव्रतम् ॥५२॥
कल्पकोटिशतं यावद् वैकुण्ठे मोदते ध्रुवम् । पठनाच्छ्रवणाद्राजन्नग्निष्टोमफलं लभेत् ॥५३॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे माघशुक्लैकादशीजयामाहात्म्यं समाप्तम् ॥६॥

हे राजेन्द्र ! जया एकादशीको व्रत त ब्रह्महत्या जस्तो पापकन पनि नाश गरिदिन्छ । हे युधिष्ठिर, जसले जया एकादशीको व्रत गऱ्यो, उसले सबै प्रकारका दान गऱ्यो र सबै प्रकारका यज्ञ गऱ्यो भन्ने ठान ॥५१॥ जसले जयाको व्रत गऱ्यो, उसले सबै तीर्थमा न्वाह्यो भन्ने सम्झे हुन्छ ॥ त्यसकारण, जो जन श्रद्धापूर्वक भक्ति गरेर जया एकादशीको व्रत गर्दछ ॥५२॥ त्यस्तो जन करोडौं वर्षसम्म वैकुण्ठमा ढुक्कसँग रमाइरहन्छ । अनि हे राजन् ! यो कथा पढ्नाले या सुन्नाले पनि आग्निष्टोम यज्ञ गरेको फल मिल्छ ॥५३॥

॥ इति एकादशीमाहात्म्ये नेपालीटीकायां षष्ठोऽध्यायः ॥६॥

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

✳

अथ सप्तमोऽध्यायः

अथ फाल्गुनकृष्णैकादशी कथा ।। युधिष्ठिर उवाच– ।।

फाल्गुनस्याऽसिते पक्षे किं नामैकादशी भवेत् । वासुदेव प्रसादेन कथयस्व ममाऽग्रतः ।।१।।

श्रीकृष्ण उवाच– ।।

कथयिष्यामि राजेन्द्र कृष्णे या फाल्गुने भवेत् । विजयेति च सा प्रोक्ता कर्तॄणां जयदा सदा ।।२।।

तस्याश्च व्रतमाहात्म्यं सर्वपापहरं परम् । नारदः परिपप्रच्छ ब्रह्माणं कमलासनम् ।।३।।

फाल्गुनस्याऽसिते पक्षे विजया नाम या तिथिः । तस्या व्रतं सुरश्रेष्ठ कथयस्व प्रसादतः ।।४।।

अब आज फाल्गुनकृष्ण एकादशीको कथा सुनाइन्छ ।। युधिष्ठिरले भने- हे वासुदेव! फाल्गुनको कृष्णपक्षमा कुन नाम गरेको एकादशी हुन्छ? कृपा गरेर मेरा सामु अर्थात् मलाई कहिबक्सियोस् ।।१।। तब श्रीकृष्ण भगवान्ले भन्नुभयो -'हे राजेन्द्र युधिष्ठिर ! फाल्गुन कृष्णपक्षमा पर्ने एकादशीको नाम म भन्दछु सुन ! 'विजया' यस्तो नाउँले त्यो पुकारिन्छे र व्रत गर्नेलाई सधैं जय दिने भनिन्छे ।।२।।त्यसका व्रतको माहात्म्य सारा पापलाई हर्ने अत्यन्त श्रेष्ठ छ । यसबारे कुनै समयमा नारदले कमलबाट उत्पन्न ब्रह्माजीलाई सोधे- ।।३।।हे सुरश्रेष्ठ ब्रह्माजी ! फाल्गुनको कृष्णपक्षमा विजया नामको जो तिथि हुन्छ, कृपा गरेर त्यसको व्रतबारे कहिबक्सियोस् ।।४।।

इति पृष्टो नारदेन प्रत्युवाच पितामहः । ब्रह्मोवाच ।। शृणु नारद वक्ष्यामि कथां पापहरां पराम् ।।५।।
पुरातनं व्रतं ह्येतत् पवित्रं पापनाशनम् । यन्न कस्यचिदाख्यातं मयैतद् विजयाव्रतम् ।।६।।
जयं ददाति विजया नृणां चैव न संशयः । रामस्तपोवनं यातो वर्षाण्येव चतुर्दश ।।७।।
न्यवसत् पञ्चवट्यां तु ससीतश्च सलक्ष्मणः । तत्रैव वसतस्तस्य राघवस्य महात्मनः ।।८।।
रावणेन हृता भार्या सीतानाम्नी तपस्विनी । तेन दुःखेन रामोऽसौ मोहमभ्यागतस्तदा ।।९।।

यस्ता प्रकारले नारदले सोधिएका ब्रह्माजीले उत्तर दिनुभयो- । ब्रह्माले भन्नुभयो- ।। ठूला-ठूला पापलाई नष्ट पार्ने विजयाको कथा म तिमीलाई भन्छु, हे नारद ! सुन -।।५।। यो अत्यन्त पुरानो र पाप सखाप पार्ने अति पवित्र व्रत हो । मैले यो विजयाव्रतको बारेमा अहिलेसम्म कसैलाई पनि भनेको छैन ।।६।। यो विजया नामको एकादशी यसका उपासकलाई जय दिन्छ, यसमा कुनै संशय छैन । अघि राम चौध वर्षका लागि तपोवनमा गएका थिए ।।७।। उहाँ गएर उनी सीता र लक्ष्मण-समेत भएर पञ्चवटीमा बसेका थिए । त्यहीं पञ्चवटीमा बस्ताखेरि ती महात्मा राघव (राम) की ।।८।। सीता नामकी तपस्विनी पत्नीलाई रावणले हरण गर्‍यो । तब त्यस पीरले ती रामचन्द्रजी मायामा डुबेर ।।९।।

भ्रमञ्जटायुषं तत्र ददर्श विगताऽऽयुषम् । कबन्धो निहतः पश्चाद् भ्रमतोऽरण्यमध्यतः ॥१०॥
राज्ञे विज्ञाप्य तत् सर्वं सोऽपि मृत्युवशं गतः । सुग्रीवेण समं सख्यं रामस्य समजायत ॥११॥
वानराणामनीकानि रामार्थं संगतानि वै । ततो हनुमता दृष्टा लंकोद्याने तु जानकी ॥१२॥
रामसंज्ञापनं तस्यै दत्तं कर्म महत् कृतम् । समेत्य रामेण पुनः सर्वं तत्र निवेदितम् ॥१३॥
अथ श्रुत्वा रामचन्द्रो वाक्यं चैव हनूमतः । सुग्रीवाऽनुमतेनैव प्रस्थानं समरोचयत् ॥१४॥

त्यस वनमा भट्कदै हिड्दा मर्न आँटिको जटायुलाई देख्ता भए । त्यसपछि जंगलको बीचमा भट्कदाभट्कदै कबन्धलाई मारे ॥१०॥ मर्दामर्दै उसले त्यो सारा हाल राजा रामचन्द्रलाई बताएर त्यो पनि मर्दो भयो, अनिपछि सुग्रीवका साथ रामको मित्रता हुँदो भयो ॥११॥ तब रामचन्द्रजीका लागि वानरहरूको सेना एकट्ठा भयो । त्यसपछि हनुमान्ले लङ्काको अशोक बाटिकामा जानकी (सीता) लाई देखे ॥१२॥ रामले पहिचानका लागि दिएको औंठी ती सीतालाई दिए र उहाँ लङ्कादाहादि ठूलो काम गरे। अनि फेरि फर्केर आई रामसित भेटेर त्यहाँ भएको सारा हाल निवेदन गरे ॥१३॥ त्यसपछि रामचन्द्रले हनूमान्को कुरो सुनेर सुग्रीवको सम्मतिले लङ्काका लागि प्रस्थान गर्न राजी भए ॥१४॥

स गत्वा वानरैः सार्धं तीरं नदनदीपतेः । दृष्ट्वाऽब्धिं दुस्तरं रामो विस्मितोऽभूत् कपिप्रियः ।।१५।।
ोत्फुल्ललोचनो भूत्वा लक्ष्मणं वाक्यमब्रवीत् । सौमित्रे केन पुण्येन तीर्यते वरुणाऽऽलयः ।।१६।।
अगाधसलिलैः पूर्णो नक्रैर्मीनैः समाकुलः । उपायं नैव पश्यामि येनाऽयं सुतरो भवेत् ।।१७।।

लक्ष्मण उवाच – ।।

आदिदेवस्त्वमेवाऽसि पुराणपुरुषोत्तमः । बकदाल्भ्यो मुनिश्चाऽत्र वर्त्तते द्वीपमध्यतः ।।१८।।
अस्मात् स्थानाद्योजनार्धमाश्रमस्तस्य राघव । अनेन दृष्टा बहवो ब्रह्माणो रघुनन्दन ।।१९।।

अनि वानरहरूका प्रिय ती रामचन्द्रजी सबै वानरहरूका साथ प्रस्थान गरे र नद र नदीका पति समुद्रको तीरमा पुगेपछि तरि नसक्नुको समुद्रलाई देखेर आश्चर्यचकित भए अर्थात् अलमल्ल परे ।।१५।। तब बडा-बडा आँखाले हेर्दै लक्ष्मणलाई यो कुरो भने-हे सौमित्रि लक्ष्मण ! अब कुन पुण्यका प्रतापले समुद्र तरिन्छ ? ।।१६।। किनकि अगाध पानीले भरएको गहिरो न गहिरो अनि ग्राहा र माछाले व्याप्त भएको यो समुद्र छ । सजिलैसँग यो तर्न सकिने कुनै उपाय म दोखिरहेको छैन ।।१७।। तब लक्ष्मणले भने -।। हे महाराज ! आदिदेव अनि पुराणपुरुषोत्तम तपाईं नै हुनुहुन्छ । यहाँ यसै टापूको बीचमा बकदाल्भ्य नाम गरेका मुनि रहनुहुन्छ ।।१८।। हे राघव ! यो ठाउँबाट दुई कोश पर ती मुनिको आश्रम छ । हे रघुनन्दन ! ती मुनिले धेरै ब्रह्माहरू देखेका छन् ।।१९।।

तं पृच्छ गत्वा राजेन्द्र पुराणमृषिपुङ्गवम् । इति वाक्यं ततः श्रुत्वा लक्ष्मणस्याऽतिशोभनम् ॥२०॥
जगाम राघवो द्रष्टुं बकदाल्भ्यं महामुनिम् । प्रणनाम मुनिं मूर्ध्ना रामो विष्णुमिवाऽपरम् ॥२१॥
मुनिर्ज्ञात्वा ततो रामं पुराणपुरुषोत्तमम् । उवाच स ऋषिस्तत्र कुतो राम तवाऽऽगमः ॥२२॥

राम उवाच— ॥

त्वत्प्रसादादहो विप्र वरुणाऽऽलयसन्निधिम् । आगतोऽत्र ससैन्योऽस्मि लङ्कां जेतुं सराक्षसाम् ॥२३॥
भवतश्चाऽनुकूल्येन तीर्यतेऽब्धिर्यथा मया । तमुपायं वद मुने प्रसादं कुरु सुव्रत ॥२४॥

हे राजेन्द्र ! त्यहाँ गएर अतिवृद्ध ऋषिहरूमा अग्रगण्य ती बकदाल्भ्य ऋषिलाई सोधिबक्सियोस् ॥ तब लक्ष्मणको त्यो अति राम्रो कुरो सुनेर ॥२०॥ ती ठूला मुनि बकदाल्भ्यलाई हेर्न अर्थात् भेट्न राघव उहाँ जानुभो र मानो ती अर्का विष्णु जस्ता मुनिलाई रामले टाउकाले उनका गोडामा ढोगे ॥२१॥ तब मुनिले रामलाई पुराणपुरुषोत्तम जानेर त्यहाँ ती ऋषिले भने-हे राम! तिमी कताबाट किन आयौ? ॥२२॥ तब रामले भने-॥ अहो विप्र ! तपाईंको कृपाले राक्षस-सहितको लङ्का जित्नलाई सैन्यसहित भएर यहाँ समुद्रको तटमा आएको छु ॥२३॥ तपाईंको अनुकूलताले मैले जसरी समुद्र तर्न सकिन्छ, हे मुनि, त्यो उपाय बताउनोस्, हे संयमी ऋषि ! मलाई दया गर्नुहोस् ॥२४॥

मुनिरुवाच-।।

कथयिष्याम्यहं राम व्रतानां व्रतमुत्तमम् । कृतेन येन सहसा विजयस्ते भविष्यति ।।२५।।
लङ्कां जित्वा राक्षसाँश्च दीर्घां कीर्तिमवाप्स्यसि । एकाग्रमानसो भूत्वा व्रतमेतत् समाचर ।।२६।।
फाल्गुनस्याऽसिते पक्षे विजयैकादशी भवेत् । तस्या व्रते कृते राम विजयस्ते भविष्यति ।।२७।।
निस्संशयं समुद्रं च तरिष्यसि सवानरः । विधिश्च श्रूयतां राम व्रतस्याऽस्य फलप्रदः ।।२८।।
दशमीदिवसे प्राप्ते कुम्भमेकं च कारयेत् । हैमं वा राजतं वापि ताम्रं वाप्यथ मृण्मयम् ।।२९।।
स्थापयेच्छोभितं कुम्भं जलपूर्णं सपल्लवम् । तस्योपरि न्यसेद्देवं हैमं नारायणं प्रभुम् ।।३०।।

तब मुनिले भने-।। हे राम ! व्रतहरूमा अति उत्तम व्रत तिमीलाई म कहन्छु, जुन व्रत गर्नाले चाँडै नै तिम्रो विजय हुनेछ ।।२५।। अनि राक्षस-सहितको लङ्कालाई जितेर कहिल्यै नमेटिने ठूलो कीर्ति प्राप्त गर्नेछौ ।एकाग्र मनको भएर त्यो व्रत गर ।।२६ ।। फाल्गुनको कृष्णपक्षमा विजया नामको एकादशी हुन्छ । हे राम ! त्यसको व्रत गऱ्यौ भने तिम्रो विजय हुनेछ ।।२७।। आनि अवश्य नै संशयरहित भएर सारा वानर-सहित समुद्र पनि तर्नेछौ । हे राम ! फल दिने यस व्रतको विधि पनि सुन ।।२८।। दशमीको दिन आएपछि अर्थात् दशमीमा सुनको वा चाँदीको अथवा तामाको, नपाए माटैको पनि यौटा घडा तयार पार्नू ।।२९।। त्यस घडालाई पञ्चपल्लवले सजाएर जल भरेर चन्दनले सिंगारिएको त्यो कुम्भ थाप्नू । त्यसको माथि चामल भरिएको चार्कुनेमा प्रभु नारायण भगवान्को स्वर्ण-प्रतिमा राख्नू ।।३०।।

एकादशीदिने प्राप्ते प्रातःस्नानं समाचरेत् । निश्चले स्थापिते कुम्भे गन्धमाल्याऽनुलेपिते ।।३१।।
दाडिमैर्नारिकेलैश्च पूजयेच्च विशेषतः । सप्तधान्यान्यधस्तस्य यवानुपरि विन्यसेत् ।।३२।।
गन्धैर्धूपैस्तथा दीपैर्नैवेद्यैर्विविधैरपि । कुम्भाऽग्रे तद्दिने राम नीयते भक्तिभावतः ।।३३।।
रात्रौ जागरणं चैव तस्याऽग्रे कारयेद् बुधः । द्वादशे दिवसे प्राप्ते मार्तण्डस्योदये सति ।।३४।।
नीत्वा कुम्भं जलोद्देशे नद्यां प्रस्रवणे तथा । तडागे स्थापयित्वा वा पूजयित्वा यथाविधि ।।३५।।

एकादशीको दिन प्राप्त भएपछि प्रातः स्नान गर्नू र चन्दन अक्षता फूल माला पञ्चपल्लवले सिङारिएको अनि निश्चल ठाउँमा राखिएको त्यस कुम्भमा ।।३१।। विशेष गरेर अनार र नरिवलले पूजा गर्नुपर्छ । त्यो कुम्भरूप कलशको तल सप्तधान्य राख्नू र माथि सरवामा जौ भरेर राख्नुपर्छ ।।३२।। हे राम, त्यो एकादशीको दिनमा अघि कुम्भका माथि स्थापित नारायणरूप स्वर्ण प्रतिमालाई चन्दन फूल धूप तथा दीप अनि अनेक प्रकारका नैवेद्यहरूले पनि भक्तिपूर्वक पूजा गरेर बिताउनू ।।३३।। अनि बुद्धिमान् जनले त्यसै कलशका सामु रहेर रात्रिमा रातभर जागरण गर्नू । भोलिपल्ट द्वादशीको दिन लागेपछि सूर्यको उदय भएपछि ।।३४।। त्यस कुम्भ (कलश) लाई कुनै जलाशयमा वा नदीमा वा झर्नामा वा पोखरीको जलमा स्थापना गरेर विधिपूर्वक पूजा गरेर ।।३५।।

दद्यात् सदैवतं कुम्भं ब्राह्मणे वेदपारगे । कुम्भेन सह राजेन्द्र महादानानि दापयेत् ।।३६।।
अनेन विधिना राम! यूथपैस्सह संगतः । कुरु व्रतं प्रयत्नेन विजयस्ते भविष्यति ।।३७।।
इति श्रुत्वा वचो रामो यथोक्तमकरोद् व्रतम् । कृते व्रते स विजयी बभूव रघुनन्दनः ।।३८।।
अनेन विधिना राजन् ये कुर्वन्ति नरा व्रतम् । इह लोके जयस्तेषां परलोके सदा जयः ।।३९।।
एतस्मात् कारणात् पुत्र कर्तव्यं विजयाव्रतम् । पठनाच्छ्रवणात् तस्य वाजपेयफलं लभेत् ।।४०।।

।।इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे फाल्गुनकृष्णैकादश्या विजयानाम्न्या माहात्म्यं समाप्तम् ।।७।।

अनि देवप्रतिमा सहितको त्यो कुम्भकन वेदमा पारङ्गत ब्राह्मणलाई दान दिनू र कुम्भदानका साथ हे राजेन्द्र ! महादानहरू पनि दिनुपर्छ ।।३६।। हे राम ! यस्तो विधिले यो व्रत आफ्ना सेनानायक सहित भएर यत्नपूर्वक गर त, तिम्रो विजय अवश्य हुनेछ ।।३७।। रामले ऋषिको यस्तो वचन सुनेर ऋषिले जस्तो भन्नुभएको थियो त्यसै गरी त्यो व्रत गरे । त्यो व्रत गरेपछि ती रघुनन्दन राम वियजी हुँदा भए ।।३८।। हे राजन् युधिष्ठिर, जो मनुष्यहरू यस विधिले व्रत गर्दछन्, यस लोकमा तिनको विजय त छँदै छ, परलोकमा पनि जयैजय छ ।।३९।। ब्रह्माजी भन्नुहुन्छ – हे पुत्र नारद, यसै कारणले विजयाको व्रत अवश्य गर्नुपर्दछ । यो विजयाको कथा पढ्नाले वा सुन्नाले मात्रै पनि वाजपेय यज्ञको फल प्राप्त हुन्छ ।।४०।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां सप्तमोऽध्यायः ।।७।।

(शंख-घण्ट- ध्वनिः)

हरिकीर्तन

*

अथ अष्टमोऽध्यायः

अथ फाल्गुनशुक्लैकादशीकथा । मान्धातोवाच–।।

वद ब्रह्मन् महाभाग येन श्रेयो भवेन्मम । ईदृग्व्रतं ब्रह्मयोने तेऽनुकम्पाऽस्ति चेन्मयि ।।१।।

वसिष्ठ उवाच–।।

सरहस्यं सेतिहासं व्रतानां व्रतमुत्तमम् । कथयाम्यधुना तुभ्यं सर्वभूतफलप्रदम् ।।२।।
आमलक्या व्रतं राजन् महापातकनाशनम् । मोक्षदं सर्वलोकानां गोसहस्रफलप्रदम् ।।३।।
अत्रैवोदाहरामीममितिहासं पुरातनम् । यथा मुक्तिमनुप्राप्तो व्याधो हिंसासमन्वितः ।।४।।

अब आज फाल्गुनशुक्ल एकादशीको कथा कहिन्छ ।। मान्धाताले भन्नुभयो- हे ब्रह्मयोने अर्थात् ब्रह्माका पुत्र ! हे महाभाग अर्थात् भाग्यशाली! ब्रह्मन् अर्थात्ब्राह्मण नारदजी ! यदि तपाईको मेरा उपर दया छ भने यस्तो व्रत बताइबक्सियोस् जसले मेरो कल्याण होस् ।।१।। तब वसिष्ठले कहनुभयो-।। सबै प्राणीलाई फल दिने व्रतहरूमध्ये अति उत्तम रहस्य र इतिहास-सहितको व्रत तिमीलाई अहिले म बताउँछु, सुन ।।२।। हे राजन्, ठूला-ठूला पापहरूलाई नाश पार्ने अनि सारा मोक्ष चाहने जनलाई मोक्ष दिने तथा हजार गोदानको फल दिने 'आमलकी' नामको एकादशीको व्रत छ ।।३।। अब म यसैको बारेमा यो पुरानू इतिहासको वर्णन बताउँदछु । जसरी हिंसामा लागिपरेको व्याधाले पनि मुक्ति पाएको थियो ।।४।।

वैदिशं नाम नगरं हृष्टपुष्टजनाऽऽकुलम् । ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैश्च समलंकृतम् ।।५।।
रुचिरं नृपशार्दूल ब्रह्मघोषनिनादितम् । न नास्तिको दुष्कृतिकस्तस्मिन् पुरवरे सदा ।।६।।
तत्र सोमाऽन्वये राजा विख्यातश्शशबिन्दुकः । राजा चैत्ररथो नाम धर्मात्मा सत्यसंगरः ।।७।।
नागाऽयुतबलः श्रीमान् शस्त्रशास्त्रार्थपारगः । तस्मिन् शासति धर्मज्ञे धर्मात्मनि धरां प्रभो ।।८।।
कृपणो नैव कुत्राऽपि दृश्यते नैव निर्धनः । सुकालः क्षेममारोग्यं तस्मिन् राज्यं प्रशासति ।।९।।

कुनै समयमा हृष्ट-पुष्ट जनताहरूले भरिएको अनि ब्राह्मण क्षत्रिय वैश्य शूद्र यी चारै वर्णले शोभिएको 'वैदिश' नाम गरेको नगर थियो ।।५।। हे नृपशार्दूल राजाहरूमा श्रेष्ठ मान्धाता ! त्यो नगर सधैं वेदध्वनिले गुञ्जायमान अत्यन्त राम्रो थियो । त्यस श्रेष्ठ नगरमा नास्तिक तथा कुकर्म गर्ने कोही पनि थिएन ।।६।। त्यस नगरमा सोमवंशी शशविन्दु नामको अत्यन्त विख्यात राजा अघि भएको थियो । पछि त्यसैको वंशमा सत्यप्रतिज्ञ अत्यन्त धर्मात्मा चैत्ररथ नाम गरेको राजा हुँदो भयो ।।७।। त्यस राजामा दश हजार मत्ता हात्तीको बल थियो । त्यो राजा शस्त्रको शास्त्रमा पारंगत लक्ष्मीवान् (ऐश्वर्यशाली) थियो । हे राजन् ! धर्मात्मा तथा धर्म जान्ने त्यसले पृथ्वीमा शासन गर्दा ।।८।। अर्थात् त्यसले राज्य प्रशासन गर्दा कहीं पनि कृपण व्यक्ति र निर्धन व्यक्ति देखिदै-देखिदैनथ्यो । सर्वत्र सुकाल कल्याणैकल्याण र सबैमा आरोग्यता विद्यमान थियो ।।९।।

महाफलं व्रतं ज्ञात्वा स्नानं कृत्वा नदीजले । तत्र देवालये राजा लोकयुक्तो महाप्रभुः ॥१५॥
पूर्णकुम्भमवस्थाप्य छत्रोपानहसंयुतम् । पञ्चरत्नसमायुक्तं दिव्यगन्धादिवासितम् ॥१६॥
धात्रि धातृसमुद्भूते सर्वपातकनाशिनि । आमलकि नमस्तुभ्यं गृहाणाऽर्घ्योदकं मम ॥१७॥
धात्रि ब्रह्मस्वरूपाऽसि त्वं तु रामेण पूजिता । प्रदक्षिणविधानेन सर्वपापहरा भव ॥१८॥
तत्र जागरणं चक्रुर्जनाः सर्वे स्वभक्तितः । एतस्मिन्नेव काले तु व्याधस्तत्र समागतः ॥१९॥

ठूलो फल दिने व्रत जानेर सबैले नदीको जलमा स्नान गरेर, त्यहीं नदीतटमै रहेको अमलाको रूख पनि भएको मन्दिरमा महाशक्तिशाली राजा पनि जनताहरूकै साथ गए ॥१५॥ त्यहाँ छाता-जुत्ता सहितको पूर्णकुम्भ (कलश) थापेर पूजा गरे। अनि अर्घौतामा पञ्चरत्नसहित दिव्य (सुगन्धित) चन्दनले गमगमाउने अर्घ्य उठाएर ॥१६॥ 'हे ब्रह्माबाट उत्पन्न भएकी अनि सारा पापलाई नाश पार्ने हे धात्रि, हे आमलकी! तपाईंलाई नमस्कार छ, मेरो यो अर्घ्यजललाई स्वीकार गरिबक्सियोस्' भन्दै अर्घ्य दिनू र ॥१७॥ 'हे धात्री ! तिमी ब्रह्मस्वरूपा हौ, तिमी भगवान् रामचन्द्रद्वारा पूजिएकी हौ । मेरो यो प्रदक्षिणा कार्यले सबै पाप हर्नेवाली होऊ' भनेर तीनपप्ट प्रदक्षिणा गर्नू ॥१८॥ त्यहाँ त्यसरी पूजा गरेर सबै जना आआफ्नू भक्तिअनुसार जाग्राम गरिरहेका थिए । यही समयमा नै त्यहाँ यौटा व्याधा आइपुग्यो ॥१९॥

क्षुधा-श्रमपरिव्याप्तो महाभारेण पीडितः । कुटुम्बाऽर्थं जीवघाती सर्वधर्मबहिस्कृतः ॥२०॥
तत्र जागरणं पूर्वमामलक्याः क्षुधान्वितः । दीपमालाकुलं दृष्ट्वा तत्रैव निषसाद सः ॥२१॥
किमेतदिति संचिन्त्य प्राप्तो विस्मयतां भृशम् । ददर्श कुम्भं तत्रस्थं देवं दामोदरं तथा ॥२२॥
ददर्शाऽऽमलकीवृक्षं तत्रस्थाँश्चैव दीपकान् । वैष्णवं च तथाऽऽख्यानं शुश्राव पठतां नृणाम् ॥२३॥
एकादश्याश्च माहात्म्यं शुश्राव क्षुधितोऽपि सन् । जाग्रतरस्तस्य सा रात्रिर्गता विस्मितचेतसः ॥२४॥

त्यो व्याधा भोक-प्यास र थकाईले व्याकुल थियो र भारी भारीले पीडित थियो। जहान-परिवारका लागि प्राणी मार्ने त्यो सारा धर्मबाट बहिष्कार गरिएको थियो ॥२०॥ भोकले व्याकुल भएको त्यो व्याधाले त्यहाँ आमलकीको जागरण र बत्तीहरूले जगमगाएको त्यो ठाउँ देखेर त्यो व्याधा त्यहीं नै थुचुक्क बस्यो र ॥२१॥ 'क्या हो यस्तो !' यो भन्ने ठानेर अत्यन्तै आश्चर्यचकित भयो। अनि उसले त्यहीं रहेको सिङ्गारेको कलश देख्यो र तब भगवान् दामोदरलाई पनि देख्यो ॥२२॥ अनि उसले अमलाको रूख पनि देख्यो र त्यहाँ रहेका बलेका बत्तीहरू पनि देख्यो। अनि मानिसहरूले पढिरहिएको विष्णुको कथा पनि सुन्दो भयो ॥२३॥ भोकले व्याकुल भएको भए पनि एकादशीको माहात्म्य पनि सुन्यो । त्यस्तो झिलिमिली बत्ती, पूजाआजा, कथाकीर्तन सुन्दा र हेर्दा आश्चर्यचकित भएका उसको जागाको जागै त्यो रात छर्लङ्ग बित्यो ॥२४॥

ततः प्रभातसमये विविशुर्नगरं जनाः । व्याधोऽपि गृहमागत्य बुभुजे प्रीतमानसः ॥२५॥
ततः कालेन महता व्याधः पञ्चत्वमागतः । एकादश्याः प्रभावेण रात्रौ जागरणेन च ॥२६॥
राज्यं प्रपेदे सुमहच्च्चतुरङ्गबलान्वितम् । जयन्ती नाम नगरी तत्र राजा विदूरथः ॥२७॥
तस्मात् स तनयो जज्ञे नाम्ना वसुरथो बली । चतुरङ्गबलोपेतो धनधान्यसमन्वितः ॥२८॥
दशाऽयुतानि ग्रामाणां बुभुजे भयवर्जितः । तेजसाऽऽदित्यसङ्काशः कान्त्या चन्द्रसमप्रभुः ॥२९॥

तब बिहान भएपछि त्यहाँ आएका जनहरू नगरका घर-घरमा पसे। त्यो व्याधा पनि घरमा आएर प्रसन्न मनले खाना खायो ॥२५॥ त्यसका बाद निकै समय बितेपछि त्यो व्याधा मऱ्यो । त्यो एकादशीमा भोकै बसेको प्रभावले र रातभरि जागै रहेको कारणले ॥२६॥ अर्को जन्ममा उसले चतुरङ्गिणी सेनाले युक्त एकदम ठूलो राज्य पायो, त्यस राज्यको राजधानी जयन्ती नामको नगरी थियो र त्यहीं त्यो विदूरथ नामको राजा भएर बस्यो ॥२७॥ त्यसपछि त्यो राजा विदूरथले वसुरथ नाम गरेको छोरो पायो। त्यो वसुरथ पछि अत्यन्त बलियो, चतुरङ्गिणी सेनाले युक्त भएको, धन-धान्यले टन्न रहेको छँदो ॥२८॥ निर्भय भएर दश हज्जार गाउँको शासन गर्दथ्यो । त्यो वसुरथ राजा तेजले सूर्य समान र कान्तिले चन्द्रमा समान प्रभा भएको थियो ॥२९॥

पराक्रमे विष्णुसमः क्षमया पृथिवीसमः। धार्मिकः सत्यवादी च विष्णुभक्तिपरायणः ॥३०॥
ब्रह्मज्ञः कर्मशीलश्च प्रजापालनतत्परः। यजते विविधान् यज्ञान् स राजा परदर्पहा ॥३१॥
दानानि विविधान्येव प्रददाति च सर्वदा। एकदा मृगयां यातो दैवान्मार्गपरिच्युतः ॥३२॥
न दिशो नैव विदिशो वेत्ति तत्र महीपतिः। उपधाय च दोर्मूलमेकाकी गहने वने ॥३३॥
श्रान्तश्च क्षुधितोऽत्यन्तं संविवेश महीपतिः। अत्राऽन्तरे म्लेच्छगणः पर्वताऽन्तरवासभाक् ॥३४॥

अनि पराक्रममा विष्णुबराबर थियो र क्षमा गर्नमा पृथ्वीको समान थियो। अनि अत्यन्त धर्मात्मा, साँचो बोल्ने र विष्णुको भक्तिमा तत्पर रहन्थ्यो ॥३०॥ त्यो राजा ब्रह्मज्ञ अर्थात् ईश्वरमा श्रद्धा राख्ने र काम गर्न जात्रे, प्रजाको पालनमा तत्पर रहनेवाला थियो। शत्रुको घमण्डलाई चूर पार्ने त्यो राजा अनेक प्रकारका यज्ञहरू पनि गर्ने गर्थ्यो ॥३१॥ अनि उ सधैं नाना प्रकारका दानहरू पनि गर्ने गर्थ्यो, एकपल्ट त्यो शिकार खेल्न गएको त दैववशले बाटो बिर्सियो ॥३२॥ तब उस राजालाई त्यस जंगलमा दिशा-विदिशाको ज्ञान भएन त त्यो बाक्लो वनमा पुर्पुरामा दुवै हात लाएर टुकुक्क बस्यो ॥३३॥ थ्याक्त थाकेको र असाध्यै भोकाएको त्यो राजा त्यसरी बसेको थियो, त्यसै समयमा, पर्वतका गुफाहरूमा बस्ने म्लेच्छहरूको समूह ॥३४॥

आययौ तत्र यत्राऽऽस्ते राजा परबलार्दनः । कृतवैरास्तु ते राज्ञा सर्वदैवोपतापिताः ।।३५।।
परिवार्य ततस्तत्स्थू राजानं भूरिदक्षिणम् । हन्यतां हन्यतां चाऽयं पूर्ववैरविरुद्धधीः ।।३६।।
अनेन निहताः पूर्वं पितरो भ्रातरः सुताः । पौत्राश्च भागिनेयाश्च मातुलाश्च निपातिताः ।।३७।।
निष्कासिताश्च स्वस्थानाद्विक्षिप्ताश्च दिशो दश । एतावदुक्त्वा ते सर्वे तत्रैनं हन्तुमुद्यताः ।।३८।।
पाशैश्च पट्टिशैः खड्गैर्बाणैर्धनुषि संस्थितैः । सर्वतोऽरिगणास्ते च राजानं हन्तुमुद्यताः ।।३९।।

जहाँ शत्रुको बल हल गर्ने ती राजा बसेका थिए त्यहीं आयो। तब राजाले वैरी ठानेर सधैं सताइएका ती म्लेच्छहरूले ।।३५।। धेरै दाता ती राजालाई वरिपरिबाट घेरेर खड़ा रह्यो र हाम्रा पूर्वजहरूको कट्टर विरोधी यो राजालाई मार मार भन्न थाले ।।३६।। यसले हाम्रा पूर्वज पिताहरू, दाजु भाइहरू, छोराहरू, नातिहरू, भाञ्जाहरू, मामाहरू सबैलाई मारिदियो ।।३७।। कतिलाई आफ्नू घर गाउँबाट निकालिदियो, निकालिएका हामीहरू चारैतिर तितर-बितर भएका छौं ।। यति भनेर ती सबै त्यहाँ ती राजालाई मार्न तंसिए ।।३८।। पाशहरूले, पट्टिशहरूले, खड्गहरूले, धनुषमा चढाएका वाणहरूले सुसज्जित ती शत्रुसमूहले चारैतिरबाट घेरेर ती राजालाई मार्न तम्सिए र ।।३९।।

सर्वाणि शस्त्राणि समाद्रवन्ति
न वै शरीरे प्रविशन्ति तस्य ।
ते चाऽपि सर्वे हतशस्त्रसंघा
म्लेच्छा बभूवुर्गतदेहजीवाः ।।४०।।
पदाऽपि चलितुं तत्र न शेकुस्तेऽरयो भृशम् । शस्त्राणि कुण्ठतां जग्मुः सर्वेषां हतचेतसाम् ।।४१।।
दीना बभूवुस्ते सर्वे ये ते हन्तुं समागताः । एतस्मिनेव काले तु तस्य राज्ञः शरीरतः ।।४२।।
निःसृता प्रमदा ह्येका सर्वावयवशोभना । दिव्यगन्धसमायुक्ता दिव्याऽऽभरणभूषिता ।।४३।।

राजाका उपर सबै प्रकारका शस्त्र प्रहार गरे, तर ती शस्त्रहरू ती राजाको शरीरमा प्रवेश गरेनन् अर्थात् छुँदै छोएनन् । बल्कि ती शस्त्र समूहहरू आफै नष्ट भए र ती म्लेच्छहरू पनि मरेका जस्ता भएर लठ्याङ्रिए ।।४०।। त्यहाँ ती शत्रुहरू आफू उभिएको ठाउँबाट एकदम एक पाइलो पनि चल्न सकेनन् । होश हराएका ती सबैका शस्त्रहरू कच्याककुचुक भए ।।४१।। जो शत्रुहरू तिनलाई मार्न आएका थिए ती सबै निन्यौरा भए। त्यसै समयमा नै ती राजाको शरीरबाट ।।४२।। प्रत्येक अङ्गप्रत्यङ्गले शोभिएकी, दिव्य बास्ना आउने चन्दन शरीरमा पोतेकी, राम्रा-राम्रा गहनागुरियाले झकिझकाउ भएकी यौटी स्त्री प्रकट भइन् ।।४३।।

दिव्यमाल्याम्बरधरा भ्रुकुटीकुटिलानना । सस्फुलिंगं च नेत्राभ्यां वमन्तं पावकं बहु ।।४४।।
चक्रोद्यतकरा चैव कालरात्रिरिवाऽपरा । अभ्यधावत संक्रुद्धा म्लेच्छानत्यन्तदुःखितान् ।।४५।।
निहताश्च यदा म्लेच्छास्ते विकर्मरतास्तथा । ततो राजा निबुद्धः सन् ददर्श महदद्भुतम् ।।४६।।
हतान् म्लेच्छगणान् दृष्ट्वा राजा हर्षमवाप सः । इह केन हता म्लेच्छा अत्यन्तं वैरिणो मम ।।४७।।
केन चेदं महत् कर्म कृतमस्मद्धितार्थिना । एतस्मिन्नेव काले तु वागुवाचाऽशरीरिणी ।।४८।।

ती स्त्री राम्रा-राम्रा माला र वस्त्र लगाएकी थिइन्, क्रोधले आँखीभुइँ टेढ्याएकी उनका दुवै आँखाबाट झिल्काहरू झिलिल्लिरहेका थिए, मुखबाट ह्वार्ह्वार धेरै आगो उगेलिरहेकी थिइन् ।।४४।। दोस्रो कालरात्रि जस्तै रिसाएकी ती स्त्री, हातमा चक्र-चम्काउँदै जाइलागेकी छँदी, क्रोधले बङ्गारा किटकिटाउँदै ती अत्यन्त दुःखी म्लेच्छहरूलाई मार्न ती-तिर दौडिइन् ।।४५।। ती लुटाहा कर्म गर्ने म्लेच्छहरूलाई तिनले जब मारिदिइन् त त्यसपछि राजा बेहोशीबाट बिउँझेर त्यो अद्भुत आश्चर्य देखे ।।४६।। ती मारिएका म्लेच्छसमूहलाई देखेर ती राजा तब अत्यन्तै रमाए र सोच्न लागे कि यहाँ यी मेरा अत्यन्त वैरी म्लेच्छहरूलाई कसले मारिदियो? ।।४७।। हाम्रो हित चाहने कसले यो यस्तो महान् कार्य गर्‍यो ? राजा यस्तो सोच्दै थिए, त्यसै वेला कसैले अशरीरी वाणी बोल्यो अर्थात् आकाशवाणी भयो ।।४८।।

तं स्थितं नृपतिं दृष्ट्वा निष्कामं विस्मयाऽन्वितम् । शरणं केशवादन्यो नास्ति कोऽपि द्वितीयकः ।।४९।।
वनात् तस्मात् स कुशली समायातोऽपि भूमिभुक् । राज्यं चकार धर्मात्मा धरायां देवतेशवत् ।।५०।।

वशिष्ठ उवाच—।।

तस्मादामलकीं राजन् ये कुर्वन्ति नरोत्तमाः । ते यान्ति वैष्णवं लोकं नाऽत्र कार्या विचारणा ।।५१।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे फाल्गुनशुक्लैकादश्याऽऽमलकी-माहात्म्यं समाप्तम् ।।८।।

आश्चर्य मान्दै टोल्लाएर रहेका ती राजालाई देखेर त्यो आकाशवाणीले भन्यो-' केशव भगवान्- भन्दा अर्को दोस्रो कोही पनि शरण दिनेवाला छैन ।' ।।४९।। त्यस वनबाट त्यसरी कुशलतापूर्वक घर आएका ती धर्मात्मा राजाले, स्वर्गमा देवताका राजाले शासन गरे झैं, पृथ्वीमा राज्य गरे ।।५०।। वसिष्ठले भन्नु भयो -।। त्यसकारण, हे राजन् ! जो उत्तम मनुष्यहरू आमलकीको व्रत गर्दछन् , ती जनहरू परेपछि सरासर वैष्णव लोकमा जान्छन् ।। यस बारेमा विचार गर्ने काम छैन ।।५१।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायाम् अष्टमोऽध्यायः ।। ८।।

(शंख-घण्ट-ध्वनि :)

हरिकीर्तन

*

अथ नवमोऽध्यायः

अथ चैत्रकृष्णैकादशी- कथा ।। युधिष्ठिर उवाच—।।

फाल्गुनस्य सिते पक्षे श्रुता साऽऽमलकी मया । चैत्रस्य कृष्णपक्षे तु किं नामैकादशी भवेत् ।।१।।

श्रीकृष्ण उवाच—।।

शृणु राजेन्द्र वक्ष्यामि पापमोचनिका-व्रतम् । यल्लोमशोऽब्रवीत् पृष्टो मान्धात्रा चक्रवर्तिना ।।२।।

मान्धातोवाच—।।

भगवञ्छ्रोतुमिच्छामि लोकानां हितकाम्यया । चैत्रमासाऽसिते पक्षे किं नामैकादशी भवेत् ।।३।।

अब आज चैत्रकृष्ण एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भन्नुभयो-।। हे भगवन् ! फाल्गुनको शुक्लपक्षमा पर्ने त्यो आमलकीको व्रत-बारेमा मैले सुनें अब चैत्रको कृष्णपक्षमा कुन नाउँको एकादशी हुन्छ ?।।१।। श्रीकृष्णले भन्नुभयो -।। हे राजेन्द्र ! पापमोचनिका व्रत म भन्दछु, सुन । जुन कथाको बारेमा चक्रवर्ती मान्धाताले सोधिएका लोमश ऋषिले भन्नुभएको थियो ।।२।। मान्धाताले भन्नुभयो-।। हे भगवन् ! दुनियाँको हित होस् भन्ने इच्छाले म केही कुरो सुन्न चाहन्छु । प्रभो ! चैत्र महीनाको कृष्णपक्षमा के नाम गरेको एकादशी हुन्छ ? ।।३।।

को विधिः किं फलं तस्याः कथयस्व प्रसादतः । कृतं केन किमाप्नोत् स श्रोतुमिच्छामि विस्तरात् ।।

लोमश उवाच – ।।

श्रूयतां राजशार्दूल कामदा सिद्धिदा तथा । कथा विचित्रा शुभदा पापहा धर्मदायिनी ।।४।।
पुरा चैत्ररथोद्देशे ह्यप्सरोगणसेविते । वसन्तसमये प्राप्ते पुष्पैराकुलिते वने ।।५।।
गन्धर्वकन्यास्तत्रैव रमन्ते सह किन्नरैः । पाकशासनमुख्याश्च क्रीडन्ते च दिवौकसः ।।६।।
नाऽपरं सुन्दरं किंचिद्वनाच्चैत्ररथाद्वनम् । तस्मिन् वने तु मुनयस्तपन्ति बहुलं तपः ।।७।।
सह देवैस्तु मघवा रमते मधुमाधवे । एको मुनिवरस्तत्र मेधावी नाम नामतः ।।८।।

त्यसको के विधि हो ? त्यसको के फल हो? पहिले कसले गऱ्यो र उसले के फल पायो ? यो सबै कुरो विस्तारपूर्वक सुन्न चाहन्छु, तसर्थ प्रसन्नतापूर्वक कहिबक्सियोस् ।। लोमशले भन्नुभयो -।। हे राजशार्दूल राजाहरूमा सिंह मान्धाता ! कामना (चिताएको कुरो) पूरा गर्ने र सिद्धि दिने तथा कल्याण गर्ने अनि भएभरका पाप हर्ने अनि धर्मैधर्म दिने जो यौटा विचित्र कथा छ, त्यो कथा तिमीलाई म सुनाउँछु, सुन ।।४।। उहिले वसन्त ऋतुको वेलामा, फुलेका फूलहरूले ढकमक्क भएको, अप्सराका समूहहरूले विहार गरिएको चैत्ररथ नाम गरेको वनमा ।।५।। गन्धर्वकन्याहरू गन्धर्व युवकहरूका साथमा खेडबहाड गर्दथे। तथा इन्द्र आदि गरिएका देवताहरू पनि त्यहीं नै विहार गर्दथे ।।६।। त्यतिखेर चैत्ररथभन्दा राम्रो अर्को कुनै वन थिएन । त्यसै वनमा नै कैयन् मुनिहरू तपस्या गरिरहेका थिए ।।७।। द्यौताहरूका साथमा इन्द्र पनि चैत-वैशाखमा त्यहाँ आएर घुमघाम गर्थे ! मेधावी नामले पुकारिने एक जना श्रेष्ठ मुनि त्यहाँ थिए ।।८।।

अप्सरास्तं मुनिवरं मोहनायोपचक्रमे । मञ्जुघोषेति विख्याता भावं तस्य विचिन्वती ।।९।।
क्रोशमात्रं स्थिता तस्य भयादाश्रमसन्निधौ । गायन्ती मधुरं साधु पीडयन्ती विपञ्चिकाम् ।।१०।।
गायन्तीं तामथाऽऽलोक्य पुष्पचन्दनवेष्टिताम् । कामोऽपि विजयाकांक्षी शिवभक्तं मुनीश्वरम् ।।११।।
तस्याः शरीरसंसर्गं शिववैरमनुस्मरन् । कृत्वा भ्रुवोर्धनुःकोटी गुणं कृत्वा कटाक्षकम् ।।१२।।
मार्गणौ नयने कृत्वा पक्षयुक्तौ यथाक्रमम् । कुचौ कृत्वा पटकुटीं विजयायोपसंस्थितः ।।१३।।

अनि अप्सराहरूले ती मेधावी मुनिवरलाई मोहित गराउनका लागि उपाय गर्न थाले । ती अप्सरामध्ये मञ्जुघोषा भन्ने नामले प्रसिद्ध कुनै अप्सराले तिनको अभिप्राय जान्ने इच्छा गर्दी छँदी ।।९।। ती मुनिको डरले उनको आश्रमको नगीचै कोशभर पर रहेर मीठो सुरिलो स्वरले गाउँदै वीणा बजाउन लागी ।।१०।। त्यसपछि फूल र चन्दनले सिङारिएकी त्यस अप्सरालाई गाइरहेकी देखेर कामदेव पनि ती शिवभक्त मुनिश्रेष्ठलाई जित्ने इच्छा गर्न थाल्यो ।।११।। कामदेवले पनि शिवको वैरत्वलाई सम्झँदै त्यस अप्सराको शरीरमा आसक्त गराउने इच्छाले, त्यस अप्सराको आँखीभूइँलाई धनु बनाएर, त्यसमा कटाक्ष (टेढो हेराइ) रूपी ताँदो खिंचेर ।।१२।। क्रमैले उसका दुवै आँखालाई पखेटा भएका वाण बनाएर, उसका दुवै स्तनलाई पटकुटी (लुगाको पर्दा) बनाएर विजयको लागि उपस्थित भयो ।।१३।।

मञ्जुघोषाऽभवत् तत्र कामस्येव वरूथिनी । मेधाविनं मुनिं दृष्ट्वा साऽपि कामेन पीडिता ।।१४।।
यौवनोद्भिन्नदेहोऽसौ मेधाव्यतिविराजते । सितोपवीतसंवीतो दण्डी स्मर इवाऽपरः ।।१५।।
मेधावी वसति स्माऽसौ च्यवनस्याऽऽश्रमे शुभे । मञ्जुघोषा स्थिता तत्र दृष्ट्वा तं मुनिपुंगवम् ।।१६।।
मदनस्य वशं प्राप्ता मन्दं मन्दमगायत । रणद्वलयसंयुक्ता शिंजन्नूपुरमेखला ।।१७।।
गायन्तीं भावसंयुक्तां विलोक्य मुनिपुंगवः । मदनेन ससैन्येन नीतो मोहवशं बलात् ।।१८।।

त्यहाँ त्यो मञ्जुघोषा नै कामदेवको सेना झैं भई । अनि मेधावी नामका मुनिलाई देखेर त्यो मञ्जुघोषा पनि कामले उकुसमुकुसिएर छटपटाउन थाली ।।१४।। यौवन (पट्ठो) अवस्थाले दन्दनाउँदो त्यो मेधावी पनि अत्यन्तै राम्रो देखिन्थ्यो। सेतो जनै लगाएको, मानों दोस्रो कामदेवको समान त्यो दण्डी स्वामी ।।१५।। त्यो मेधावी ऋषि, त्यहाँ च्यवन ऋषिको सुन्दर आश्रममा रहन्थ्यो। मञ्जुघोषा पनि ती मुनिश्रेष्ठलाई देखेर त्यहीं रहँदी भई।।१६।। कामदेवको वशमा परेकी त्यो मञ्जुघोषा चुराहरू छन्छनाउँदै, पाउजेब र करधनी छम्छमाउँदै विस्तार-विस्तार गाउन थाली ।।१७।। भाव (आशय) प्रकट गर्दै अर्थात् आशय जनाउँदै गाइरहेकी त्यो मञ्जुघोषालाई देखेर ती मुनिश्रेष्ठ मेधावी पनि सैन्यसहितको कामदेवद्वारा जबर्जस्ती मोहको वशमा गरियो ।।१८।।

मञ्जुघोषा समागम्य मुनिं दृष्ट्वा तथाविधम् । हास्यभावकटाक्षैस्तु मोहयामास चांऽऽङ्गना ।।१९।।
अधः संस्थाप्य वीणां सा सस्वजे तं मुनीश्वरम् । वल्लीवाऽऽकुलिता वृक्षं वातवेगेन वेपिता ।।२०।।
सोऽपि रेमे तया सार्द्धं मेधावी मुनिपुंगवः । तस्मिन्नेव वनोद्देशे दृष्ट्वा तद्देहमुत्तमम् ।।२१।।
शिवतत्त्वं गतं तस्य कामतत्त्ववशं गतः । न निशां न दिनं सोऽपि रमञ्जानाति कामुकः ।।२२।।
बहुलश्च गतः कालो मुनेराचारलोपकः । मञ्जुघोषा देवलोकगमनायोपचक्रमे ।।२३।।

अनि मञ्जुघोषा नखराउँदै आएर ती मुनिलाई पनि त्यस्ता प्रकारको कामातुर देखेर त्यस स्त्रीले हास्यभाव कटाक्षहरूले अर्थात् मन्द मुस्कान-गूढ आशय-टेढो हेराइहरूद्वारा मोहित पार्दी भई ।।१९।। अनि उसले वीणालाई तल भुइँमा राखेर ती मुनिलाई, वायुका वेगले हल्लाएर आकुल भएको लहराले वृक्षलाई बेरेझैं, अँगालो मारी ।।२०।। अनि ती मुनिश्रेष्ठ मेधावीले पनि त्यस स्त्रीको शरीरलाई उत्तम (राम्रो) देखेर त्यसै वनको कुनै ठाउँमा त्यसका साथ रमिता गरे ।।२१।। अनि कामदेवको वशमा परेका ती मुनिको शिवतत्त्व (तपस्यासपस्या) बेपत्ता भो । तब त्यो कामुक मेधावीले त्यसका साथ रमण गरेको गऱ्यै गर्दा रात-दिन क्यै नजात्रे भयो अर्थात् कुन दिन हो कुन रात हो उसलाई क्यै पत्तो भएन ।।२२।। त्यसरी ती मुनिको आचार-विचार,संयम-नियम सारा लोप भएको धेरै समय बित्यो। अनि मञ्जुघोषा पनि स्वर्ग जाने सुरसार गर्न थाली ।।२३।।

गच्छन्ती प्रत्युवाचाऽथ रमन्तं मुनिपुंगवम् । आदेशो दीयतां मह्यं स्वधामगमनाय मे ।।२४।।

मेधाव्युवाच-।।

अद्यैव त्वं समायाता प्रदोषाऽऽदौ वरानने । यावत् प्रभातसंध्या स्यात् तावत् तिष्ठ ममाऽन्तिके ।।२५।।

इति श्रुत्वा मुनेर्वाक्यं भयभीता बभूव सा । पुनर्वै रमयामास तं मुनिं मुनिसत्तमम् ।।२६।।

मुनेः शापभयाद्भीता बहुलान् परिवत्सरान् । वर्षाणां पञ्चपञ्चाशन्नवमासान् दिनत्रयम् ।।२७।।

सा रेमे मुनिना तेन निशार्द्धमिव चाऽभवत् । सा च तं प्रत्युवाचाऽथ तस्मिन् काले गते मुनिम् ।।

अनि संगमका लागि गएकी त्यस अप्सराले रमण गरिरहेका ती मुनिपुङ्गवलाई भनी-हे मुनि, अब मलाई मेरो आफ्नू धाम (स्थान) मा जानका लागि आदेश (आज्ञा) दिनुहोस् ।।२४।। तब मेधावीले भने-।। हे वरानने सुन्दरी ! तिमी आजै त साँझपख आएकी हौ। जबसम्म भोलि बिहान उज्यालो हुँदैन तबसम्म त मेरा नगीचमा रहू ।।२५।। ती मुनिको यस्ता प्रकारको कुरो सुनेर त्यो अप्सरा भयभीत भई (डराई) अनि मुनिहरूमा श्रेष्ठ ती मुनिलाई अँगालो मारेर फेरि रमण गर्न थाली ।।२६।। ती मुनिको श्रापको भयले डराएकी उसले त्यहाँ धेरै वर्षहरू अर्थात् पचपन्न वर्ष, नौ महीना, तीन दिनसम्म ।।२७।। त्यो ती मुनिका साथ रमण गर्दै रही । तर त्यो समय त मुनिलाई आजैको आधारात जस्तै भयो । त्यतिका वर्ष बितेपछि उसले ती मुनिलाई ।।

आदेशो दीयतां ब्रह्मन् गन्तव्यं स्वगृहं मया । बहुकालगतं ह्यत्र गन्तुमिच्छामि सांप्रतम् ।।२८।।

मेधाव्युवाच –।।

प्रातःकालोऽधुनैवाऽऽस्ते श्रूयतां वचनं मम । कुर्वे सन्ध्यामहं यावत् तावत् त्वं वै स्थिरा भव ।।२९।।

इति वाक्यं मुनेः श्रुत्वा भयेन च समाकुला । स्मितं कृत्वा तु सा किञ्चित् प्रत्युवाच सुविस्मिता ।।३०।।

अप्सरा उवाच–।।

कियत्प्रमाणी विप्रेन्द्र तव सन्ध्या गता न वा । मयि प्रसादं कृत्वा तु गतः कालो विचार्यताम् ।।३१।।

इति तस्या वचः श्रुत्वा विस्मयोत्फुल्ललोचनः । स ध्यात्वा हृदि विप्रेन्द्रः प्रमाणमकरोत् तदा ।।३२।।

हे ब्रह्मन् ! मेरो यहाँ धेरै वर्ष बित्यो, अब म यतिखेर जान चाहन्छु । मैले मेरो घर जानुपर्छ तसर्थ आदेश (आज्ञा) दिनुहोस् ।।२८।। तब मेधावीले भने -।। ऐले भर्खर प्रातःकाल भएको छ, मेरो कुरो सुन। अब म जबसम्म सन्ध्या गर्छु तबसम्म तिमी यहीं स्थिर रहू ।।२९।। मुनिको यस्तो कुरो सुनेर, भयले डराउँदी छँदी क्यै मन्द मुस्कान मुस्कुराउँदै उसले भन्न लागी ।।३०।। अप्सराले भनी-।। हे विप्रेन्द्र मुनि! तपाईंको सन्ध्या कति प्रमाणको (लामो) छ ? तपाईंको सन्ध्या सकियो कि सकिएको छैन ? मेरा उपर कृपा गरेर अब बितेको समयकन विचार गर्नुहोस् ।।३१।। त्यस स्त्रीको यस्तो वचन सुनेर आश्चर्यचकित भएका ती विप्रेन्द्र ऋषिले आफ्नू हृदयमा ध्यान गरेर तब समयको लेखा लाउन थाले त ।।३२।।

समाश्च सप्तपञ्चाशद्गता मम तया सह । नेत्राभ्यां विस्फुलिंगान् स मुञ्चमानोऽतिकोपनः ।।३३।।
कालरूपां च तां दृष्ट्वा तपसः क्षयकारिणीम् । दुःखार्जितं मम तपो नीतं तदनया क्षयम् ।।३४।।
सकम्पोष्ठो मुनिस्तत्र प्रत्युवाचाऽऽकुलेन्द्रियः । स तां शशाप मेधावी त्वं पिशाची भवेति च ।।३५।।
धिक् त्वां पापे दुराचारे कुलटे पातकप्रिये । तस्य शापेन सा दग्धा विनयाऽवनता स्थिता ।।३६।।
उवाच वचनं सुभ्रूः प्रसादं वाञ्छती मुनिम् । प्रसादं कुरु विप्रेन्द्र शापस्याऽनुग्रहं कुरु ।।
शापादहं पीडिताऽस्मि कथमुद्धरणं मम । सतां संगो हि फलति वचोभिः सप्तमे पदे ।।३७।।

त्यसका साथमा मेरो सन्तावन्न वर्ष बितिसकेछन् । तब ती अन्त्यन्त रिसाएर क्रोधका म्मारे उनका दुवै आँखाबाट झिल्का निस्कन थाले ।।३३।। तब तिनले तपस्यालाई नाश गरिदिनेवाली त्यस स्त्रीलाई कालसमान देख्न थाले । अत्यन्त दुःखले आर्जन गरेको मेरो त्यो तपस्यालाई यस डङ्किनीले नाश पारिदिई ।।३४।। तब व्याकुल इन्द्रियवाला ती मुनिले ओठ कँपाउँदै क्यै भने र अनि ती मेधावीले त्यसलाई 'तँ पिशाचिनी होइजा' भनेर सरापे ।।३५।। हे पापिनी, हे दुष्ट आचरण गर्ने वाली, हे कुलटा, हे पापकर्म नै प्रिय भएकी वेश्या, तँलाई धिक्कार छ । तिनका त्यस्तो श्रापले पिरिएकी त्यो, तब नम्र भएर त्यहीं उभिइरही ।।३६।। तब मुनिको कृपा चाहने उस सुन्दर आँखिभुइँ भएकी उसले ती मुनिलाई यस्तो कुरो भनी-हे विप्रेन्द्र ! प्रसन्नतापूर्वक दया गर्नुहोस् र श्रापको नाश हुने उपाय बताउने कृपा गर्नुहोस् । श्रापले म छटपटाइरहेकी छु ।। कसरी मेरो उद्धार होला ? किनकि सज्जनहरूको संगत वचनहरूद्वारा सातौं पाइलामै फल दिनेवाला हुन्छ भने।।३७।।

त्वया सह मम ब्रह्मन् गताः सुबहवः समाः । एतस्मात् कारणात् स्वामिन् प्रसादं कुरु सुव्रत ।।३८।।

मुनिरुवाच– ।।

शृणु मद्वचनं भद्रे शापाऽनुग्रहकारणम् । किं करोमि त्वया पापे क्षयं नीतं महत्तपः ।।३९।।
चैत्रस्य कृष्णपक्षे या भवत्येकादशी शुभा । पापमोचनिका नाम सर्वपापक्षयंकरी ।।४०।।
तस्या व्रते कृते सुभ्रु पिशाचत्वं प्रयास्यति । इत्युक्त्वा तां स मेधावी जगाम पितुराश्रमम् ।।४१।।
तमागतं समालोक्य च्यवनः प्रत्युवाच ह ।। किमेतद्विहितं पुत्र त्वया पुण्यक्षयः कृतः ।।४२।।

हे ब्रह्मन् ! तपाईका साथ मेरा ता धेरै वर्षहरू विते । त्यसै कारणले हे तपस्वी ! हे स्वामी ! मेरा उपर प्रसन्न हुनुहोस् ।।३८।। तब मुनिले भने-।। हे पापिनी! तैंले मेरो ठूलो तपस्यालाई नाश पारिदिइस्, अब म के गरूँ ! तैपनि हे कल्याणी ! श्राप हटाउनलाई मेरो कुरो सुन् ।।३९।। चैत्रको कृष्णपक्षमा जो शुभ एकादशी हुन्छ, त्यसको नाम पापमोचनिका हो, त्यसले सबै पापलाई नाश पारिदिन्छ ।।४०।। हे सुभ्रु ! त्यसै एकादशीको व्रत गर्‍यौ भने तेरो पिशाचत्व नाश हुनेछ । त्यस मञ्जुघोषालाई यति भनेर ती मेधावी आफ्नू पिताको आश्रममा जाँदा भए ।।४१।। ती मेधावी पुत्रलाई आश्रममा आएको देखेर च्यवनले हे पुत्र ! सारा पुण्य नाश पारेर तैंले यो के काम गरेको? भने ।।४२।।

मेधाव्युवाच –।।

पापं कृतं महत् तात रमिता चाऽप्सरा मया । प्रायश्चित्तं ब्रूहि तात येन पापक्षयो भवेत् ।।४३।।

च्यवन उवाच –।।

चैत्रस्य चाऽसिते पक्षे नाम्ना वै पापमोचनी । यस्या व्रते कृते पुत्र पापराशिः क्षयं व्रजेत् ।।४४।।
इति श्रुत्वा पितुर्वाक्यं कृतं तेन व्रतोत्तमम् । गतं पापं क्षयं तस्य पुण्ययुक्तो बभूव सः ।।४५।।
साऽप्येव मञ्जुघोषा च कृत्वा तद्व्रतमुत्तमम् । पिशाचत्वविनिर्मुक्ता पापमोचनिकाव्रतात् ।।४६।।
दिव्यरूपधरा साऽपि गता नाकं वराऽप्सराः । लोमश उवाच ।। इत्थंभूतप्रभावं हि पापमोचनिकाव्रतम् ।।४७।।

तब मेधावीले भने-।। हे बाबा ! मैले अप्सराका साथ रमण गरेर ठूलो पाप गरें । हे पिताजी ! जे गर्दा त्यो पाप नाश हुन्छ, त्यस्तो प्रायश्चित्त बताइबक्सियोस् ।।४३।। तब च्यवन ऋषिले भन्नुभयो -।। हे पुत्र ! चैतको कृष्णपक्षमा पापमोचनी नामको एकादशी पर्छ, त्यस एकादशीको व्रत गर्‍यौ भने समस्त पाप नाश हुन्छ ।।४४।। आफ्ना बाबुको यस्तो कुरो सुनेर ती मेधावीले त्यो उत्तम व्रत गरे । त्यसै व्रतका प्रभावले उसको पाप नाश भयो । अनि उ फेरि पुण्यवान् भयो ।।४५।। उता त्यो मञ्जुघोषा पनि त्यो उत्तम व्रत गरेर, पापमोचनिकाको व्रतको प्रभावले पिशाचत्वबाट छुट्टती भई र ।।४६।। त्यो श्रेष्ठ अप्सरा पनि दिव्यरूप धारण गरेकी छँदी स्वर्ग गई । अनि लोमशले भन्नुभयो - पापमोचनिकाको व्रत यस्तो अद्भुत प्रभावको छ ।।४७।।

पापमोचनिकां राजन् ये कुर्वन्ति च मानवाः । तेषां पापं च यत्किञ्चित् तत् सर्वं क्षयमाव्रजेत् ॥४८॥
पठनाच्छ्रवणाद्राजन् गोसहस्रफलप्रदा । ब्रह्महा भ्रूणहा चैव सुरापो गुरुतल्पगः ॥४९॥
व्रतस्य चाऽस्य करणात् पापमुक्ता भवन्ति ते । बहुपुण्यप्रदं ह्येतत् करणाद्व्रतमुत्तमम् ॥५०॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे चैत्रकृष्णे पापमोचनिकानामैकादशीमाहात्म्यं समाप्तम् ॥९॥

हे राजन् मान्धाता ! जो मनुष्यहरू पापमोचनिकाको व्रत गर्दछन्, तिनीहरूको जो कुछ पाप छ त्यो सारा नाश हुन्छ ॥४८॥ हे राजन् ! यो कथा सुन्नाले वा पढ्नाले मात्र पनि एक हजार गाई दान गरेको फल मिल्छ । ब्राह्मण मार्ने, गर्भ मार्ने, रक्सी पिउने, गुरुआमासँग संभोग गर्ने पनि ॥४९॥ यो पापमोचनी एकादशीको व्रत गर्नाले ती-ती पापबाट छुट्छन् । यो उत्तम व्रत गर्नाले धेरै-धेरै पुण्यको फल मिल्दछ अर्थात् प्राप्त हुन्छ ॥५०॥

॥ इति एकादशीमाहात्म्ये नेपालीटीकायां नवमोऽध्यायः॥९॥

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ दशमोऽध्यायः

अथ चैत्रशुक्लैकादशीकथा ।। सूत उवाच – ।।

देवकीनन्दनं कृष्णं वसुदेवात्मजं हरिम् । नमस्कृत्य प्रवक्ष्यामि महापातकनाशनम् ।।१।।
युधिष्ठिराय कृष्णेन कथितानि महात्मना । एकादशीमहात्म्यानि नानापापहराणि च ।।२।।
अष्टादश-पुराणेभ्यो विविच्य सुमहात्मना । चतुर्विंशतिसंख्यानि नानाख्यानैर्युतानि च ।।३।।
तानि वक्ष्यामि भो विप्राः शृणुध्वं सुसमाहिताः । युष्माकं भाग्यतश्चैव ह्यत्राऽहं समुपस्थितः ।।४।।

युधिष्ठिर उवाच ।।

वासुदेव नमस्तुभ्यं कथयस्व ममाऽग्रतः । चैत्रस्य शुक्लपक्षे तु किं नामैकादशी भवेत् ।।५।।

अब आज चैत्रशुक्ल एकादशीको कथा बताइन्छ।। सूतजीले भन्नुभयो-।। देवकीनन्दन, वसुदेवका छोरा, हरि भगवान् कृष्णलाई नमस्कार गरेर ठूला-ठूला महापातक पापहरू नाश गर्ने कथा म कहन्छु ।।१।। जुन कथा महात्मा कृष्णले युधिष्ठिरलाई कहनुभएको थियो ती अनेक प्रकारका पाप नाश गर्ने एकादशीका माहात्म्यहरू कहन्छु, सुन्नुहओस् ।।२।। अट्ठार पुराणहरूबाट महात्मा व्यासले चुनेर अनेक प्रकारका आख्यान (कथन) ले युक्त भएका चौबीस ओटा एकादशीका कथा लेख्नुभएको छ।।३।। हे ब्राह्मण हो! तिनै कथाहरूलाई म भन्दछु, सावधान भएर सुन्नुहोस् । तपाईंहरूको भाग्यले नै म यहाँ उपस्थित छु।।४।। युधिष्ठिरले भन्नुभयो-।। हे वासुदेव! तपाईंलाई नमस्कार छ। चैत्र शुक्ल पक्षमा के नाउँको एकादशी हुन्छ, त्यो मेरा सामु कहिबक्सियोस् ।।५।।

श्रीकृष्ण उवाच–।।

शृणुष्वैकमना राजन् कथामेतां पुरातनीम् । वसिष्ठो यामकथयत् प्राग् दिलीपाय पृच्छते ।।

दिलीप उवाच–।।

भगवञ्छ्रोतुमिच्छामि कथयस्व प्रसादतः । भाग्येनैव त्ववसरो प्राप्यते पुण्यदायकः ।।६।।

चैत्रमासे सिते पक्षे किंनामैकादशी भवेत् । वसिष्ठ उवाच ।। साधु पृष्टं नृपश्रेष्ठ कथयामि तवाऽग्रतः ।।७।।

एकादशी पुण्यतमा पापेन्धनदवानलः । शृणु राजन् कथामेतां पापघ्नीं पुत्रदायिनीम् ।।८।।

पुरा रत्नपुरे रम्ये हेम - रत्नविभूषिते । पुण्डरीकमुखा नागा निवसन्ति मदोत्कटाः ।।९।।

श्री कृष्णले भन्नुभयो-।। हे राजन् ! यो पुरानू कथाकन एकमन भएर सुन! जुन कथाकन सोध्ने भएका दिलीपलाई उहिले वसिष्ठले कहनुभएको थियो।। दिलीपले भने-।। हे भगवन् प्रभु ! म केही कुरो सुन्न चाहन्छु, कृपया त्यो कुरो कहिबक्सियोस्। किनकि भाग्यले नै पुण्यदायक मौका मिल्दछ।।६।। चैत्र महीनाको शुक्लपक्षमा कुन नाम गरेको एकादशी हुन्छ? तब वसिष्ठले भन्नुभयो-।। हे श्रेष्ठराजा! तपाईंले बेस प्रश्न गर्नुभयो, म त्यो तिम्रो सामु कहन्छु ।।७।। अत्यन्त पवित्र यो एकादशी त पापरूपी दाउराको खलियोलाई सखाप पारेर डढाउने डढेलो नै हो। हे राजन्! पापलाई नाश गर्ने, पुत्र नहुनेलाई छोरो दिने यसको यो कथा सुन ।।८।। कुनै समयमा सुवर्ण र रत्नहरूले झकिझकाउ भएको अत्यन्त राम्रो रत्नपुर नामको नगरमा घमण्डले चूर भएको पुण्डरीक आदि गरिएका नाग(पर्वते)हरू रहन्थे ।।९।।

तस्मिन् पुरे पुण्डरीको राजा राज्यं करोति च । गन्धर्वैः किन्नरैश्चैव ह्यप्सरोभिः सुसेव्यते ॥१०॥
वराऽप्सरा तु ललिता गन्धर्वो ललितस्तथा । उभौ रागेण संयुक्तौ दम्पती कामपीडितौ ॥११॥
रेमाते स्वगृहे रम्ये धनधान्ययुते सदा । ललितायास्तु हृदये पतिर्वसति सर्वदा ॥१२॥
हृदये तस्य ललिता नित्यं वसति भामिनी । एकदा पुण्डरीकाद्याः क्रीडन्ति सदसि स्थिताः ॥१३॥
गीतगानं प्रकुरुते ललितो दयितां विना । पदबन्धे स्खलज्जिह्वो बभूव ललितां स्मरन् ॥१४॥

गन्धर्व, किन्नर र अप्सराहरूले भरिएको त्यो रत्नपुर नामको नगरमा पुण्डरीक नामको राजा राज्य गर्दथ्यो ॥१०॥ त्यस नगरमा अत्यन्त राम्री ललिता नामकी अप्सरा र त्यस्तै अत्यन्तै राम्रो ललित नामको गन्धर्व रहन्थ्यो । यी दुवै दम्पती प्रीतियुक्त थिए र सधैं कामाऽऽसक्त रहन्थे ॥११॥ धन-धान्यले भरिपूर्ण आफ्नू सुन्दर घरमा सधैं ठाटबाटले रहन्थे। ललिताको हृदयमा हमेशै उसको पति रहन्थ्यो भने, ॥१२॥ ललितको हृदयमा पनि सधैं उसकी पत्नी ललिता वास गर्दथी । कुनै समयमा पुण्डरीक आदि गरिएका गन्धर्वहरू सभामा रहेर गाना-बजानाको उत्सव गरिरहेका थिए ॥१३॥ त्यस दिन त्यहाँ आफ्नी पत्नी-विना नै ललित गीत गाइरहेको थियो। किन्तु मनमा ललिताको यादले गर्दा लयको तालमा उसको जिब्रो चुक्यो ॥१४॥

मनोभावं विदित्वाऽस्य कर्कोटो नागसत्तमः । पदबन्धच्युतिं तस्य पुण्डरीके न्यवेदयत् ॥१५॥
शशाप ललितं तत्र मदनाऽऽतुरचेतसम् । राक्षसो भव दुर्बुद्धे क्रव्यादः पुरुषादकः ॥१६॥
यतः पत्नीवशो जातो गायमानो ममाऽग्रतः । वचनात् तस्य राजेन्द्र रक्षोरूपो बभूव ह ॥१७॥
रौद्राऽऽननो विरूपाक्षो दृष्टमात्रो भयंकरः । बाहू योजनविस्तीर्णौ मुखं कन्दरसन्निभम् ॥१८॥
चन्द्रसूर्यनिभे नेत्रे, ग्रीवा पर्वतसन्निभा । नासारन्ध्रे तु विवरे, अधरौ योजनार्धकौ ॥१९॥

ती पर्वतिहरूमा श्रेष्ठ कर्कोटले त्यसको मनको भाव (अभिप्राय) जानेर त्यस ललितको गीतका लयमा ताल चुकेको चुक्ली पुण्डरीकमा बिन्ती चढायो ॥१५॥ तब त्यहीं राजा पुण्डरीकले कामातुर चित्त भएको त्यस ललितलाई हे मूर्ख! 'तँ काँचो मासु र मान्छेको मासु खाने राक्षस भैजा!' भनेर सराप्यो ॥१६॥ किनकि तँ यहाँ यत्रो सभामा मेरा सामने गाउँदागाउँदै स्त्रीको वश (कामातुर) भैगइस् ? हे राजेन्द्र ! त्यसको त्यस सरापरूपी वचनले त्यो ललित तुरुन्त त्यहीं राक्षसरूपको भइगो ॥१७॥ डरलाग्दो, कस्तो-कस्तो आँखा भएको, हेर्नै नसकिने भयङ्करको, चार-चार कोश लामा हात भएको, खोल्सो जस्तो मुख भएको ॥१८॥ चन्द्रमा र सूर्य जस्तो चमचम चम्किने आँखा भएको, पहाड जस्तो लामो घाँटी भएको, गुफा जस्तो नाकका प्वाल भएको, दुइ-दुइ कोशका ओठ भएको ॥१९॥

शरीरं तस्य राजेन्द्र उच्छ्रितं योजनाऽष्टकम् । ईदृशो राक्षसः सोऽभूद्भुञ्जानः कर्मणः फलम् ॥२०॥
ललिता तमथाऽऽलोक्यस्वपतिं विकृताऽऽकृतिम् । चिन्तयामास मनसा दुःखेन महताऽर्दिता ॥२१॥
किं करोमि क्व गच्छामि पतिः पापेन पीडितः । इति संस्मृत्य मनसा न शर्म लभते तु सा ॥२२॥
चचार पतिना सार्धं ललिता गहने वने । बभ्राम विपिने दुर्गे कामरूपः स राक्षसः ॥२३॥
निर्घृणः पापनिरतो विरूपः पुरुषार्दकः । न सुखं लभते रात्रौ न दिवा पापपीडितः ॥२४॥
ललिता दुःखिताऽतीव पतिं दृष्ट्वा तथाविधम् । भ्रमन्ती तेन सार्धं सा रुदती गहने वने ॥२५॥

राजेन्द्र! त्यसको शरीर ता बत्तीस कोशको अग्लो हुँदो भयो। आफ्नू कर्मको भोग भोग्दो छँदो त्यो सुन्दर ललित त यस प्रकारको कुरूप राक्षस भयो ॥२०॥ अनि ललिताले त्यो आफ्नू पतिलाई त्यस्तो विरूप आकारको देखेर बड़ो दुःखले विलाप गर्दै मनमा चिन्ता गर्न लागी अर्थात् पिरिई ॥२१॥ के गरूँ! कहाँ जाऊँ! पति पापले पीडित हुनुभयो। मनमा यस्तै पिरोलिएर उसले कतै शान्ति पाइन ॥२२॥ अनि ललिता पनि आफ्ना पतिका साथ त्यस गहन वनमा चहार्न थाली। त्यो विरूप राक्षस पनि घनघोरको जंगलमा भट्किरहेको थियो ॥२३॥ निर्दयी, पापकर्म मात्र गर्ने तथा मान्छेको मासु खाने अनि पापले पीडित भएर छटपटाइरहने ॥२४॥ त्यस प्रकारको पतिलाई देखेर ललिता अत्यन्तै दुःखित भई र ऊ पनि उसैका साथमा रुँदै त्यो घनघोरको जङ्गल्मा भट्कन थाली ॥२५॥

कदाचिदगमद्विंध्यशिखरे बहुकौतुके । ऋष्यशृङ्गमुनेस्तत्र दृष्ट्वाऽऽश्रमपदं शुभम् ॥२६॥
शीघ्रं जगाम ललिता विनयाऽवनता स्थिता । प्रत्युवाच मुनिर्दृष्ट्वा का त्वं कस्य सुता शुभे ॥२७॥
किमर्थं हि समायाता सत्यं वद ममाऽग्रतः । ललितोवाच ॥ वीरधन्वेति गन्धर्वः सुता तस्य महात्मनः ॥२८॥
ललितां नाम मां विद्धि पत्यर्थमिह चाऽऽगताम् । भर्ता मे शापदोषेण राक्षसोऽभून्महामुने ॥२९॥
रौद्ररूपो दुराचारस्त्वं दृष्ट्वा नाऽस्ति मे सुखम् । सांप्रतं शाधि मां ब्रह्मन् प्रयश्चित्तं वद प्रभो ॥३०॥

त्यसरी भट्कदाभट्कदै कुनै दिन अनेक आश्चर्यलाग्दा वस्तुले भरिएको विन्ध्यपर्वतको टाकुरामा पुगी त त्यहाँ ऋष्यशृङ्ग मुनिको सुन्दर आश्रमस्थान देखेर ॥२६॥ ललिता हतपत उहाँ गई र विनयले नम्र भएर उभिई । अनि उसलाई देखेर मुनिले हे कल्याणी! तिमी को हौ? कसकी छोरी हौ? भनेर सोधे र ॥२७॥ के कामले यहाँ आयौ? मेरो सामु साँचो-साँचो भन । तब ललिताले भनी-॥ वीरधन्वा भन्ने नामले प्रसिद्ध कुनै गन्धर्व छन्, म उनै महात्माकी छोरी हुँ ॥२८॥ पतिका लागि यहाँ आएकी मलाई ललिता नामकी भन्ने जान्नुहोस्। हे महामुनि ! श्रापको दोषले गर्दा मेरा पति राक्षस भएका छन् ॥२९॥ भयङ्कर रूप र उग्र पाप कर्म गर्ने उनलाई देखेर मलाई सुख-शान्ति कत्ति पनि छैन । हे ब्रह्मन्! यतिखेर मलाई उपदेश दिनुहोस् र त्यस श्रापरूपी पापको प्रायश्चित्त बताउनुहोस् ॥३०॥

येन पुण्येन विप्रेन्द्र राक्षसत्वाद्विमुच्यते । ऋषिरुवाच ।। चैत्रमासस्य रंभोरु शुक्लपक्षस्य सांप्रतम् ।।३१।।
कामदैकादशी नाम्नी या कृता कामदा नृणाम् । कुरुष्व तद्व्रतं भद्रे विधिपूर्वं मयोदितम् ।।३२।।
तस्य व्रतस्य यत् पुण्यं तत् स्वभर्त्रे प्रदीयताम् । दत्ते पुण्यं क्षणात् तस्य शापदोषः प्रशाम्यति ।।३३।।
इति श्रुत्वा मुनेर्वाक्यं ललिता हर्षिताऽभवत् । उपोष्यैकादशीं राजन् द्वादशीदिवसे तदा ।।३४।।
विप्रस्यैव समीपे तु वासुदेवाऽग्रतः स्थिता । वाक्यमूचे तु ललिता स्वपत्युस्तारणाय वै ।।३५।।

हे विप्रेन्द्र! जुन प्रायश्चित्तको पुण्यले राक्षसत्वबाट छुटिन्छ, त्यो शिक्षा पाऊँ । तब ऋषिले भन्नुभयो-''हे रम्भोरु सुन्दरी! चैत महीनाको शुक्लपक्षको यतिखेर ।।३१।। कामदा नामको एकादशी आइरहेको छ, जसको व्रत गर्नाले मनुष्यहरूको कामना अवश्य पूरा हुन्छ । हे कल्याणी! मैले बताएको विधिपूर्वक त्यो एकादशीको व्रत गर ।।३२।। त्यस व्रतको जो पुण्य हो, त्यो पुण्य आफ्नो पतिलाई देऊ। त्यसरी त्यो पुण्य दिएपछि तुरुन्तै श्रापको दोष शान्त भइजान्छ ।।३३।। ती मुनिको यस्तो उपदेश सुनेर ललिता खुशी भई र हे राजन् ! त्यो एकादशीको व्रत गरेर तब द्वादशीको दिनमा ।।३४।। उनै ब्राह्मणकै समीपमा उही आश्रममा स्वपूजित वासुदेवको अगाडि रहेर आफ्नू पतिको उद्धारको लागि ललिताले यस्तो कुरो भनी-।।३५।।

मया तु यद्व्रतं चीर्णं कामदाया उपोषणम् । तस्य पुण्यप्रभावेण गच्छत्वस्य पिशाचता ।।३६।।
ललितावचनादेव वर्तमानोऽपि तत्क्षणे । गतपापः स ललितो दिव्यदेहो बभूव ह ।।३७।।
राक्षसत्वं गतं तस्य प्राप्तो गन्धर्वतां पुनः । हेमरत्न-समाकीर्णो रेमे ललितया सह ।।३८।।
तौ विमानसमारूढौ पूर्वरूपाऽधिकावुभौ । दम्पती चाऽपि शोभेतां कामदायाः प्रभावतः ।।३९।।
इति ज्ञात्वा नृपश्रेष्ठ कर्तव्यैषा प्रयत्नतः । लोकानां च हितार्थाय तवाऽग्रे कथिता मया ।।४०।।

हे वासुदेव! मैले कामदा एकादशीको उपवास बसेर विधिपूर्वक जो व्रत गरें, त्यसका पुण्यका प्रभावले ईः मेरा पतिको पिशाचपन हटोस् ।।३६।। ललिताले यति भन्नेबित्तिकै राक्षस देहमा रहेको त्यो ललित नामको गन्धर्व तुरुन्तै पापरहित भयो र दिव्य देहको हुँदो भयो ।।३७।। यस्ता प्रकारले त्यस ललित गन्धर्वको राक्षस शरीर नाशियो र फेरि उ गन्धर्व शरीरको भयो र सुनका र रत्नका आभूषण पहिरेर प्यारी ललिताका साथ विहार गर्न थाल्यो ।।३८।। तब ती विमानमा चढेका दुवै दम्पती कामदा एकादशीको व्रतका प्रभावले पहिलेको भन्दा पनि कता हो कता असाध्यै राम्रा भएर शोभिएका देखिए ।।३९।। हे नृपश्रेष्ठ! कामदाका व्रतको यस्तो प्रभाव जानेर यो एकादशीको व्रत प्रयत्नपूर्वक गर्नुपर्छ । संसारका मनुष्यको कल्याण होस् भन्नाका लागि तिम्रा सामु अर्थात् तिमीलाई मैले यो कथा सुनाएँ ।।४०।।

बहुपुण्यप्रदा ह्येषा कामदैकादशी स्मृता । ब्रह्महत्यादिपापघ्नी पिशाचत्वविनाशिनी ॥४१॥
नाऽतः परतरा काचित् त्रैलोक्ये सचराचरे । पठनाच्छ्रवणाद्वाऽपि वाजपेयफलं लभेत् ॥४२॥

॥ इति भविष्योत्तरपुराणे श्रीकृष्णार्जुन-संवादे चैत्रशुक्ल-कामदानामैकादशीमाहात्म्यं समाप्तम् ॥१०॥

यो कामदा कहिने एकादशी अत्यन्तै पुण्य दिनेवाला छ । यसको व्रतका प्रतापले ब्रह्महत्यादि पाप नाश हुन्छन् र पिशाचत्व, राक्षसत्व आदि नाशिन्छन् ॥४१॥ चर अचर सहित यो त्रिलोकमा आफ्नू इच्छासिद्धिका लागि यो-भन्दा अर्को श्रेष्ठ एकादशी छैन । केवल पढ्नाले वा सुन्नाले मात्रै पनि वाजपेय यज्ञ गरेको पुण्यफल प्राप्त हुन्छ ॥४२॥

॥ इति एकादशीमाहात्म्ये नेपालीटीकायां दशमोऽध्यायः ॥१०॥

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ एकादशोऽध्यायः

अथ वैशाखकृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

वैशाखस्याऽसिते पक्षे किं नामैकादशी भवेत् । महिमानं कथय मे वासुदेव नमोऽस्तु ते।।१ ।।

श्रीकृष्ण उवाच– ।।

सौभाग्यदायिनी राजन्निह लोके परत्र च । वैशाखकृष्णपक्षे तु नाम्ना चैव वरूथिनी ।।२ ।।

वरूथिन्या व्रतेनैव सौख्यं भवति सर्वदा । पापहानिश्च भवति सौभाग्यप्राप्तिरेव च ।।३ ।।

दुर्भगाऽपि करोत्येनां स्त्री सौभाग्यमवाप्नुयात् । लोकानां चैव सर्वेषां भुक्तिमुक्तिप्रदायिनी ।।४ ।।

अब आज म वैशाखकृष्ण एकादशीको कथा कहन्छु ।। युधिष्ठिरले भने- ।। हे वासुदेव! वैशाखको कृष्णपक्षमा कुन नामको एकादशी हुन्छ? त्यसको महिमा मलाई बताइबक्सियोस् , तपाईलाई नमस्कार छ ।।१ ।। श्रीकृष्णले आज्ञा भयो- ।। हे राजन् ! यस लोकमा र परलोकमा पनि सुख-सौभाग्य दिने वरूथिनी नामको एकादशी वैशाखकृष्ण पक्षमा हुन्छ ।।२ ।। वरूथिनीको व्रतकोप्रभावले सर्वदा व्रतीलाई सुख-शान्ति हुन्छ। अनि समस्त पापको नाश र नाना प्रकारका सौभाग्यको प्राप्ति पनि हुन्छ ।।३ ।। विधवा स्त्रीले पनि वरूथिनीको व्रत बसी भने सुख शान्ति पाएर भाग्यमानी हुन्छे । यो वरूथिनी एकादशी सारा लोकलाई भुक्ति (सुखभोग) र मुक्ति (मोक्ष) दिनेवाली छ ।।४ ।।

सर्वपापहरा नृणां गर्भवासनिकृन्तनी । वरूथिन्या व्रतेनैव मान्धाता स्वर्गतिं गतः ।।५।।
धुन्धुमारादयश्चाऽन्ये राजानो बहवस्तथा । ब्रह्मकपालनिर्मुक्तो बभूव भगवान् भवः ।।६।।
दशवर्षसहस्राणि तपस्तप्यति यो नरः । तत्तुल्यं फलमाप्नोति वरूथिन्या व्रतादपि ।।७।।
श्रद्धावान् यस्तु कुरुते वरूथिन्या व्रतं नरः । वाञ्छितं लभते सोऽपि इहलोके परत्र च ।।८।।
पवित्रा पावनी ह्येषा महापातकनाशिनी । भुक्तिमुक्तिप्रदा ह्येषा कर्तृणां नृपसत्तम ।।९।।

अनि मनुष्यहरूको सारा पापलाई नाश गरिदिन्छ र गर्भवासको दुःखलाई छुटाइदिन्छ अर्थात् गर्भवासको आवागमनलाई मेटाइदिन्छ। वरूथिनीको व्रतको प्रभावले नै मान्धाता स्वर्ग गएका थिए ।।५।। त्यस्तै धुन्धुमार आदि अरू धेरै राजाहरू पनि स्वर्ग गए । भगवान् शिवजी पनि ब्रह्मकपालबाट छुटे ।।६।। जो मनुष्य दश हज्जार वर्षसम्म तपस्या गर्दछ, त्यो तपस्याको फल-बराबर फल केवल वरूथिनीको व्रतबाटै प्राप्त हुन्छ ।।७।। श्रद्धा-भक्तिपूर्वक जो मनुष्य वरूथिनीको व्रत गर्दछ त्यो यस लोकमा र परलोकमा पनि आफूले चाहेको फल पाउँछ ।।८।। पवित्र र अरूलाई पनि पवित्र पार्ने यो वरूथिनी ठूला-ठूला पापहरूलाई पनि नाश पारिदिन्छ । हे श्रेष्ठ राजा! जसले यसको व्रत गर्दछ त्यसलाई यो मुक्ति पनि दिन्छ ।।९।।

अश्वदानान्नृपश्रेष्ठ गजदानं विशिष्यते । गजदानाद्भूमिदानं तिलदानं ततोऽधिकम् ॥१०॥
ततः सुवर्णदानं तु ह्यन्नदानं ततोऽधिकम् । अन्नदानात् परं दानं न भूतं न भविष्यति ॥११॥
पितृदेवमनुष्याणां तृप्तिरन्नेन जायते । तत्समं कविभिः प्रोक्तं कन्यादानं नृपोत्तम ॥१२॥
धेनुदानं च तत्तुल्यमित्याह भगवान् स्वयम् । प्रोक्तेभ्यः सर्वदानेभ्यो विद्यादानं विशिष्यते ॥१३॥
तत्फलं समवाप्नोति नरः कृत्वा वरूथिनीम् । कन्यावित्तेन जीवन्ति ये नराः पापमोहिताः ॥१४॥

हे नृपश्रेष्ठ! घोड़ाको दानभन्दा हात्तीको दान विशेष फलदायक हुन्छ । हात्तीको दानभन्दा भूमिदान महत्त्वपूर्ण छ, तिलहरूको दान भूमिदानभन्दा पनि अधिक फलदायक छ ॥१०॥ तिलदानभन्दा पनि बढेर सुवर्णदान हुन्छ र अन्नदान ता कता हो कता सुवर्णदानभन्दा पनि अधिक फलदायक हुन्छ । अन्नदानभन्दा ठूलो दान ता न भयो, न हुनेछ ॥११॥ पितृदेवता र मनुष्यहरूको तृप्ति अन्नले नै हुन्छ । हे नृपोत्तम श्रेष्ठ राजा! कविहरूले कन्यादानलाई अन्नदानको बराबर फलदाता बताएका छन् ॥१२॥ स्वयं भगवान्ले पनि भन्नुभएको छ कि गाईदान पनि कन्यादानकै बराबरको हुन्छ । माथि कहिएका सबै दानभन्दा विशेष फलदाता विद्यादान हुन्छ॥१३॥ जो मनुष्य वरूथिनीको व्रत गर्छ, अर्थात् वरूथिनीको व्रत गरेर पनि मनुष्यले विद्यादानकै बराबरको फल पाउँछ ॥ पापले मोहित (वश) भएका जो मनुष्य कन्याको धनले जीवन निर्वाह गर्दछन् ॥१४॥

ते नरा नरके यान्ति यावदाभूतसंप्लवम् । तस्मात् सर्वप्रयत्नेन न ग्राह्यं कन्यकाधनम् ।।१५।।
यश्च गृह्णाति लोभेन कन्यां क्रीत्वा च तद्धनम् । सोऽन्यजन्मनि राजेन्द्र ओतुर्भवति निश्चितम् ।।१६।।
कन्यां वित्तेन यो दद्याद्यथाशक्ति स्वलंकृताम् । तत्पुण्यसंख्यां कर्तुं हि चित्रगुप्तो भवत्यलम् ।।१७।।
तत्फलं समवाप्नोति नरः कृत्वा वरूथिनीम् । कांस्यं मांसं मसूरान्नं चणकान् कोद्रवाँस्तथा ।।१८।।
शाकं मधु परान्नं च पुनर्भोजनमैथुने । वैष्णवो व्रतकर्त्ता च दशम्यां दश वर्जयेत् ।।१९।।

ती मनुष्यहरू सारा संसार प्रलय नभएसम्म नरकमा जाकिन्छन् । त्यसकारण हरतरहले कन्याको धन नलिनू ।।१५।। जो जन कन्या बेचेर लोभले त्यो धन लिन्छन्, हे राजेन्द्र ! त्यो जन अर्को जन्ममा अवश्य नै बिरालो हुन्छ ।।१६।। जो जन यथाशक्ति सावगास अनुसार कन्यालाई गरगहनाले सिँगारपटार पारेर अर्थात् धन लगाएर कन्यादान गर्छ, त्यसका पुण्यको लेखा लाउन त चित्रगुप्त पनि समर्थ हुँदैनन् ।।१७।। त्यही कन्यादानको फल जस्तै फल मनुष्यले वरूथिनीको व्रत गरेर पाउँदछ । वरूथिनीको व्रत बस्ने विष्णुभक्त वैष्णव मनुष्यले अघिल्लो दशमीको दिनमा काँसको भाँडामा भोजन, अनि मासु, मसूराको दाल, चना, कोदो तथा साग, मह, अर्काको अन्न, दुई छाक खानु अर्थात् पुनर्भोजन र मैथुन (स्त्रीप्रसङ्ग) यी दश कुरा त्याग्नुपर्छ ।।१८-१९।।

द्यूतक्रीडां च निद्रां च ताम्बूलं दन्तधावनम् । परापवादं पैशुन्यं पतितैः सह भाषणम् ॥२०॥
क्रोधं चैवाऽनृतं वाक्यमेकादश्यां विवर्जयेत् । कांस्यं मांसं मसूराँश्च क्षौद्रं वितथभाषणम् ॥२१॥
व्यायामं च प्रयासं च पुनर्भोजनमैथुने ।क्षारं तैलं परान्नं च द्वादश्यां परिवर्जयेत् ॥२२॥
अनेन विधिना राजन् विहिता यैर्वरूथिनी । सर्वपापक्षयं कृत्वा दद्याच्चान्तेऽक्षयां गतिम् ॥२३॥

अनि एकादशीमा पनि जूवा खेल्नु, दिउँसो सुत्नु, पान खानु, दतिउन लाउनु, अर्काको निन्दा गर्नु, चुगुलखोरी गर्नु, पतित नीचहरूसँग कुराकानी गर्नु ॥२०॥ क्रोध गर्नु, झुठो कुरो बोल्नु यी नौ कुरो एकादशीको दिन गर्दै नगर्नू अर्थात् चटक्कै त्यागिदिनू। अनि द्वादशीका दिनमा पनि काँसाको भाँडामा खानु, मासु, मसूरो, मह, झुटो बोलाइ, व्यायाम (कसरत), प्रयास (मिहिनेत), पुनर्भोजन (दुवारा खानु), मैथुन गर्नु अनि नून (नुनिलो वस्तु), तेल घस्नु, अर्काको अन्न खानु यी बाह्र काम गर्न त्यागिदिनुपर्छ ॥२१-२२॥ हे राजन् ! यस्ता प्रकारले जसले-जसले वरूथिनीको व्रत गर्छन्, वरूथिनीले तिनको-तिनको सारा पाप नाश गरेर अन्तमा अक्षय (अविनाशी) गति दिन्छिन् ॥२३॥

तस्मात् सर्वप्रयत्नेन कर्तव्या पापभीरुभिः। क्षपारितनयाद्भीतैर्नरदेव वरूथिनी ॥२४॥
पठनाच्छ्रवणाद्राजन् गोसहस्रफलं लभेत्। सर्वपापविनिर्मुक्तो विष्णुलोके महीयते ॥२५॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे वैशाखकृष्णवरूथिन्येकादशीमाहात्म्यं समाप्तम् ॥११॥

हे नरदेव! नरेश! त्यसकारण क्षपारितनय अर्थात् सूर्यका छोरा यमराजका भयले थरहरी भएर पापदेखि डराउने डरपोक मनुष्यहरूले कसैगरी पनि वरूथिनी उपास्नैपर्छ ॥२४॥ हे राजन् ! वरूथिनीको कथा सुन्नाले वा पढ्नाले मात्रै पनि हजार गाईदान गरेको पुण्य प्राप्त हुन्छ। नर्क भनेको देख्नै नपर्ने ती सारा पापबाट छुट्तछ र मरेपछि विष्णुलोकमा गएर मजा मार्छ ॥२५॥

॥ इति एकादशीमाहात्म्ये नेपालीटीकायां एकादशोऽध्यायः॥११॥

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ द्वादशोऽध्यायः

अथ वैशाखशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

वैशाखशुक्लपक्षे तु किं नामैकादशी भवेत् । किं फलं को विधिस्तस्याः कथयस्व जनार्दन ।।१।।

श्रीकृष्ण उवाच– ।।

कथयामि कथामेतां शृणु त्वं धर्मनन्दन । वसिष्ठो यामकथयत् पुरा रामाय पृच्छते ।।२।।

राम उवाच– ।।

भगवन् श्रोतुमिच्छामि व्रतानामुत्तमं व्रतम् । सर्वपापक्षयकरं सर्वदुःखनिकृन्तनम् ।।३।।

अब आज वैशाखशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भन्नुभयो-।। हे जनार्दन श्रीकृष्ण, वैशाखको शुक्लपक्षमा के नाम गरेको एकादशी हुन्छ? र त्यो एकादशीको व्रतको के फल हो? अनि त्यसको उपास्ने (व्रत बस्ने) विधि के हो? ।।१।। तब श्रीकृष्णले भन्नुभयो-।। उहिले सोध्ने भएका रामलाई वसिष्ठ ऋषिले जुन कथा भन्नुभएको थियो, हे धर्मनन्दन युधिष्ठिर ! त्यही कथा तिमीलाई म कहन्छु, सावधान भएर सुन ।।२।। रामले भन्नुभएको थियो-।। हे भगवन् गुरु ! सबै पापलाई नाश पार्ने, सबै दुःखलाई नाश्नेवाला त्यस्तो व्रतहरूमा अति उत्तम व्रत म सुन्न चाहन्छु ।।३।।

मया दुःखानि भुक्तानि सीताविरहजानि वै । ततोऽहं भयभीतोऽस्मि पृच्छामि त्वां महामुने ।।४।।

वसिष्ठ उवाच– ।।

साधु पृष्टं त्वया राम तवैषा नैष्ठिकी मतिः । त्वन्नामग्रहणेनैव पूतो भवति मानवः ।।५।।

तथापि कथयिष्यामि लोकानां हितकाम्यया । पवित्रं पावनानां च व्रतानामुत्तमं व्रतम् ।।६।।

वैशाखस्य सिते पक्षे द्वादशी राम या भवेत् । मोहिनी नाम सा प्रोक्ता सर्वपापहरा परा ।।७।।

मोहजालात् प्रमुच्येत पातकानां समूहतः । अस्या व्रतप्रभावेण सत्यं सत्यं वदाम्यहम् ।।८।।

सीताका विरहले उत्पन्न भएका अनेक दुःखहरूलाई मैले साँचै नै भोगिसकेको छु। त्यसै कारण दुःखदेखि म डराइरहेको हुन्छु, यसैले हे महामुने! त्यस्तो दुःख पर्दै नपर्ने, परे पनि सजिलै टर्ने उपाय तपाईंलाई सोधिरहेको छु ।।४।। तब वशिष्ठले भन्नुभयो- ।। हे राम ! तपाईंले राम्रो कुरो सोध्नुभयो, यो तपाईंको नैष्ठिकी (धर्ममा आस्था राख्ने) बुद्धि हो। तपाईंको नाम लिनाले मात्रै पनि मनुष्य पहिलेका पापहरूबाट छुटेर पवित्र हुन्छ ।।५।। त्यस्ता तपाईंलाई म के कहूँ ? तथापि मनुष्यहरूको कल्याणका लागि म कहन्छु, सुनिबक्स्य ेस् । ब्रह्मादि देवताहरूलाई पनि पवित्र पार्नेवाला, व्रतहरूमा अत्यन्त उत्तम यो व्रत हो- ।।६।। हे राम! वैशाखको शुक्लपक्षमा द्वादशीविद्ध जो एकादशी हुन्छ, त्यो त्यस्तो एकादशी मोहिनी नामले पुकारिन्छ, त्यो एकादशी सारा पाप सखाप पार्नमा अतिश्रेष्ठ छ ।।७।। यसको व्रतको प्रभावले व्रत गर्ने मानिस संसारको मोहजालबाट र पापका समूहबाट छुट्टतछ, यो कुरो तपाईंलाई म एकदम साँचो-साँचो बताइरहेको छु।।८।।

अतस्तु कारणाद्राम कर्त्तव्यैषा भवादृशैः । पातकानां क्षयकरी महादुःखविनाशिनी ॥९॥
शृणुष्वैकमना राम कथां पुण्यप्रदां शुभाम् । अस्याः श्रवणमात्रेण माहापापं प्रणश्यति ॥१०॥
सरस्वत्यास्तटे रम्ये पुरी भद्रावती शुभा । द्युतिमान्नाम नृपतिस्तत्र राज्यं करोति वै ॥११॥
सोमवंशोद्भवो राम द्युतिमान् सत्यसंगरः । तत्र वैश्यो निवसति धनधान्यसमृद्धिमान् ॥१२॥
धनपाल इति ख्यातः पुण्यकर्मप्रवर्तकः । प्रपासत्राद्यायतन-तडागाऽऽरामकारकः ॥१३॥
विष्णुभक्तिपरः शान्तस्तस्याऽऽसन् पञ्च पुत्रकाः । सुमना द्युतिमाँश्चैव मेधावी सुकृती तथा ॥१४॥

यसै कारणले तपाईंहरू जस्ताले, हे राम! ठूलठूला पापहरूलाई क्षय गर्ने र ठूला-ठूला दुःख हर्ने यो एकादशी गर्नैपर्छ ॥९॥ हे राम! पुण्य दिने यो कल्याणकारी कथालाई एकाग्र मनको भएर सुन्नुहोस् । यस कथालाई सुन्नाले मात्रै पनि महापाप नाश हुन्छ ॥१०॥ सरस्वती नदीको रमणीय तटमा उहिले भद्रावती नामको राम्रो पुरी (शहर) थियो । द्युतिमान् नामको राजा त्यहाँ राज्य गर्दथे ॥११॥ हे राम! चन्द्रवंशमा जन्मेको त्यो द्युतिमान राजा सत्यप्रतिज्ञवाला थियो । त्यसै नगरमा धन-धान्यले टञ्च भएको समृद्धिशाली यौटा वैश्य पनि बरतथ्यो ॥१२॥ धनपाल भन्ने नामले विख्यात त्यो वैश्य पुण्यकर्ममा सधैं लागिरहन्थ्यो । पौशाला, यज्ञशाला आदि र मन्दिर, पोखरी, पाटी-पौवा बनाइरहन्थ्यो॥१३॥ विष्णुको भक्तिमा रमाइरहन्थ्यो र शान्त चित्तको थियो, त्यसका पाँचोटा छोरा थिए । ती थिए-सुमना, द्युतिमान् , अनि मेधावी, सुकृति तथा॥१४॥

पञ्चमो धृष्टबुद्धिश्च महापापरतः सदा। वारस्त्रीसंगनिरतो विटगोष्ठी - विशारदः ॥१५॥
द्यूतादिव्यसनाऽऽसक्तः परस्त्रीरतिलालसः। न देवान्नातिथीन् वृद्धान् पितॄँश्चैव द्विजानपि ॥१६॥
अन्यायकर्त्ता दुष्टात्मा पितुर्द्रव्यक्षयंकरः। अभक्ष्यभक्षकः पापः सुरापानरतः सदा ॥१७॥
वेश्याकण्ठक्षिप्तबाहुर्भ्रमन् दृष्टश्चतुष्पथे। पित्रा निष्कासितो गेहात् परित्यक्तश्च बान्धवैः ॥१८॥
स्वदेहभूषणान्येव क्षयं नीतानि तेन वै। गणिकाभिः परित्यक्तो निन्दितश्च धनक्षयात् ॥१९॥

पाँचौं चाहिं धृष्टबुद्धि नामको थियो। जो सधैं ठूला पापकर्ममा नै रमाउँथ्यो, वेश्या स्त्रीहरूका साथमा लम्पट रहन्थ्यो, गुण्डाहरूको सभामा चतुर थियो ॥१५॥ जूवा आदि व्यसनमा आसक्त रहन्थ्यो, अर्काका स्त्रीको संभोगमा लम्पट रहन्थ्यो। देवता, पाहुना, बूढा-बूढी मान्यजन, पितृहरू र ब्राह्मणहरूलाई पनि मान्देनथियो॥१६॥ अन्याय गर्ने, बाबुको सम्पत्ति स्वाहा पार्ने, अभक्ष्य कुरो खाने, अत्यन्त पापी, सधैं रक्सी धोकिरहने त्यो दुष्टबुद्धि स्वाँठे ॥१७॥ वेश्याका कण्ठ (काँध) मा पूरा हात राखेर चौबाटातिर घुमिरहेको त्यसलाई उसको बाबुले देखेर घरबाट निकालिदियो, त्यसका बन्धुबान्धवले पनि त्यसलाई त्यागिदिए ॥१८॥ अनि उसले आफूले लाएका भूषणहरूलाई नै बेचबाच पारेर खर्च चलाउन थाल्यो। धन सकिएकोले वेश्याहरूले पनि त्यो त्यागियो र छिःछिः र दुर्दुर्‌गरिँदै सबैको निन्दापात्र बन्यो॥१९॥

ततश्चिन्तापरो जातो वस्त्रहीनः क्षुधाऽर्दितः । किं करोमि क्व गच्छामि केनोपायेन जीव्यते ॥२०॥
तस्करत्वं समारब्धं तत्रैव नगरे पुनः । गृहीतो राजपुरुषैर्मुक्तश्च पितृगौरवात् ॥२१॥
पुनर्बद्धः पुनर्मुक्तः पुनर्मुक्तः ससंभ्रमैः । धृष्टबुद्धिर्दुराचारो निबद्धो निगडैर्दृढैः ॥२२॥
कशाघातैस्ताडितश्च पीडितश्च पुनः पुनः । न स्थातव्यं हि मन्दात्मँस्त्वया मद्देशगोचरे ॥२३॥
एवमुक्त्वा ततो राज्ञा मोचितो दृढबन्धनात् । निर्जगाम भयात् तस्य गतोऽसौ गहनं वनम् ॥२४॥

त्यसपछि त्यो नाङ्गेझार तथा भोकले आकुल भएर आफ्नू मन-मनमा पिरिन लाग्यो कि अब म कहाँ जाऊँ, के गरूँ, कुन उपायले बाँच्ने होला॥२०॥ भनेर फेरि त्यसै नगरमा चोरी गर्न शुरू गऱ्यो। प्रहरीहरूद्वारा कतिपल्ट पक्रियो तापनि उसको बाबुको गौरव (इज्जत) ले गर्दा छोडिन्थ्यो॥२१॥ फेरि पक्रिन्थ्यो, फेरि छोडिन्थ्यो, फेरि तुरुन्तै पक्रिन्थ्यो फेरि छोडिन्थ्यो। त्यसपछि अत्यन्त दुष्ट त्यो धृष्टबुद्धि मजबूत हतकडीले बाँधियो र राजाभाठौं पुऱ्याई॥२२॥ कोर्राले पिट्नासम्म पिटियो तथा बारम्बार सताइयो । अनि हे दुराचारी अब तँ मेरो राज्यमा रहन पाउँदैनस् ॥२३॥ यस्तो भनेर अनि राजाले उसलाई दृढबन्धनबाट छोडिदिए । अनि उ पनि ती राजाको डरले त्यस शहरबाट निस्कियो र त्यो बाक्लो वनमा गयो ॥२४॥

क्षुत्तृषापीडितश्चाऽयमितश्चेतश्च धावति । सिंहवन्निजघानाऽसौ मृगशूकरचित्तलान् ।।२५।।
आमिषाहारनिरतो वने तिष्ठति सर्वदा । करे शरासनं कृत्वा निषङ्ग-पृष्ठसन्ततम् ।।२६।।
अरण्यचारिणो हन्ति पक्षिणश्च चतुष्पदान् । चकोरांश्च मयूरांश्च कङ्कांस्तित्तिरिमूषकान् ।।२७।।
एतानन्यान् हन्ति नित्यं धृष्टधीर्निर्गतघृणः । पूर्वजन्मकृतैः पापैर्निमग्नः पापकर्दमे ।।२८।।
दुःखशोकसमाविष्टश्चिन्तयन् सोऽप्यहर्निशम् । कौण्डिन्यस्याऽऽश्रमपदं प्राप्तः पुण्यवशात् क्वचित् ।।२९।।

भोक-प्यासले पीडित भएर त्यो त्यहाँ यता र उति भट्कन्थ्यो अनि सिंहले झैं उ पनि वनका मृग, बनेल, घोरल, चितुवाहरूलाई मार्न थाल्यो ।।२५।। सधैं मासु मात्र खाएर वनमै रहन लाग्यो । हातमा धनुवाण लिएर हमेशा पछाडि ठोक्रो भिरेर ।।२६।। जङ्गलमा डुल्दै चौपाया पशु र पक्षीहरू मार्थ्यो । चकोर, मयूर, कङ्क, तित्रा , खराया मार्दथ्यो ।।२७।। क्रूर स्वभाववाला त्यो धृष्ट-बुद्धि सधैं यी पशु पक्षी र अरू अरू पनि प्राणीहरूलाई मार्ने गर्दथ्यो । यसरी त्यो दुष्ट पूर्वजन्ममा गरेका पापले यस जन्ममा पनि पापरूपी हिलामा डुबेको थियो ।।२८।। यस्तै प्रकारले त्यो रात-दिन दुःख शोकले युक्त भएर पिरिंदै रहँदा कुनै जन्मको कुनै पुण्यको कारणले त्यो तब एक दिन कौडिन्य ऋषिको आश्रम-स्थानमा पुग्दो भयो ।।२९।।

माधवे मासि जाह्नव्यां कृतस्नानं तपोधनम् । आससाद धृष्टबुद्धिः शोकभारेण पीडितः ।।३०।।
तद्वस्त्रबिन्दुस्पर्शेन गतपाप्मा हताऽशुभः । कौण्डिन्यस्याऽग्रतः स्थित्वा प्रत्युवाच कृताञ्जलिः ।।३१।।

धृष्टबुद्धिरुवाच –।।

प्रायश्चित्तं वद ब्रह्मन् विना यत्नेन यद्भवेत् । आजन्मकृतपापस्य नाऽस्ति वित्तं ममाऽधुना ।।३२।।

ऋषिरुवाच –।।

शृणुष्वैकमना भूत्वा येन पापक्षयस्तव । वैशाखस्य सिते पक्षे मोहिनी नाम नामतः ।।३३।।

वैशाखको महीनामा जाह्नवी (गङ्गा) मा स्नान गरेर रहने, तपस्या नै धन हुने ती मुनिभाटौं शोक र चिन्ताका भारले पीडित भएको त्यो धृष्टबुद्धि पुग्यो त ।।३०।। ती ऋषिको चिसा लुगाबाट चुहेको गङ्गाजलको स्पर्शले अशुभ नाशिएको अनि पाप मेटिएको त्यो धृष्टबुद्धि ती कौडिन्य ऋषिको अगाडि उभियो र दुवै हात जोडेर भन्न थाल्यो -।।३१।। धृष्टबुद्धि भन्न थाल्यो -।। हे ब्रह्मन् विना मिहिनेतले अर्थात् धन खर्च नगरीकन हुन सक्ने कुनै प्रायश्चित्त मलाई बताइबक्सियोस् । जन्मदेखि लिएर नै पाप गर्ने पापी मेरा साथ यतिखेर धन पटक्कै छैन ।।३२।। तब ऋषिले भन्नुभयो- ।। जुन काम गर्नाले तेरो पाप नाश हुन्छ, त्यो कुरो तँलाई म भन्दछु, एकाग्र मनवाला भएर सुन् । वैशाख महीनाको शुक्लपक्षमा मोहिनी नाम भएको एकादशी पर्छ ।।३३।।

एकादशीव्रतं तस्मात् कुरु मद्वाक्य-नोदितः। मेरुतुल्यानि पापानि क्षयं नयति देहिनाम् ॥३४॥
बहुजन्मार्जितान्येषा मोहिनी समुपोषिता। इति वाक्यं मुनेः श्रुत्वा धृष्टबुद्धिर्हसन् हृदि ॥३५॥
व्रतं चकार विधिवत् कौण्डिन्यस्योपदेशतः। कृते व्रते नृपश्रेष्ठ हतपापो बभूव सः ॥३६॥
दिव्यदेहस्ततो भूत्वा गरुडोपरि संस्थितः। जगाम वैष्णवं लोकं सर्वोपद्रववर्जितम् ॥३७॥

त्यसकारण अर्थात् त्यस महीनामा त्यो एकादशी पर्ने हुनाले मेरो कुरो मानेर तँ त्यो एकादशीको व्रत गर् । त्यो व्रतले मनुष्यहरूको सुमेरु पर्वत जस्ता ठूला-ठूला पाप पनि नाश गरिदिन्छ ॥३४॥ यो जन्मको पाप मात्रै होइन, पहिले-पहिलेका धेरै जन्मदेखि सञ्चित रहेका पापहरू पनि यो मोहिनी एकादशीको व्रत गर्‍यो भने नष्ट हुन्छन् । ती मुनिको यस्तो कुरो सुनेर, अनि त्यो धृष्ट-बुद्धि भित्र मनमा अत्यन्तै रमाएर ॥३५॥ ती कौडिन्य मुनिको उपदेशले उसले त्यो व्रत ऋषिले कहे अनुसार गर्दो भयो र हे नृपश्रेष्ठ! त्यो व्रत गरेपछि त्यो धृष्टबुद्धि पाप खारिएको अर्थात् नाशिएको हुँदो भयो र ॥३६॥ तब त्यो दिव्य देहको भएर गरुडमाथि चढेर, कुनै प्रकारको उपद्रव नभएको वैष्णव लोक अर्थात् विष्णुको लोकमा जाँदो भयो ॥३७॥

वसिष्ठ उवाच —।।

इतीदृशं रामचन्द्र तमोमोहनिकृन्तनम् । नाऽतः परतरं किञ्चित्त्रैलोक्ये सचराचरे ।।३८।।
यज्ञादितीर्थदानानि कलां नाऽर्हन्ति षोडशीम् । पठनाच्छ्रवणाद्राजन् गोसहस्रफलं लभेत् ।।३९।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे वैशाखशुक्लमोहिन्येकादशीमाहात्म्यं समाप्तम् ।।१२।।

वसिष्ठले भन्नुभयो-।। तमोगुणबाट पैदा भएको मोह अर्थात् आसक्तिलाई निर्मूल पारेर नाश गर्ने यो मोहिनी एकादशीको व्रत यस्तो छ भन्ने कुरो मैले बताएँ । चर अचरले सहित भएको यो तीनै लोकमा यो-भन्दा अर्को श्रेष्ठ व्रत छैन ।।३८।। यसका सामु यज्ञ आदि कर्महरू, ठूला-ठूला तीर्थहरू, महादानहरू त यस व्रतको सोह भागको एक भाग पनि पुण्य दिन सक्तैनन् । हे राजन् ! यो कथा पढ्नाले र सुन्नाले मात्रै पनि हजार गाई दान गरेको फल मिल्दछ ।।३९।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां द्वादशोऽध्यायः ।।१२।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

✳

अथ त्रयोदशोऽध्यायः

अथ ज्येष्ठकृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

ज्येष्ठस्य कृष्णपक्षे तु किं नामैकादशी भवेत् । श्रोतुमिच्छामि माहात्म्यं तद्वदस्व जनार्दन ।।१।।

श्रीकृष्ण उवाच –।।

साधु पृष्टं त्वया राजन् लोकानां हितकाम्यया । बहुपुण्यप्रदा ह्येषा महापातकनाशिनी ।।२।।

अपरा नाम राजेन्द्र अपारफलदायिनी । लोके प्रसिद्धतां याति अपरां यस्तु सेवते ।।३।।

अब आज जेष्ठकृष्ण एकादशीको व्रत-माहात्म्य सुन्नुहोस् ।। युधिष्ठिरले भन्नुभयो-।। हे जनार्दन ! जेठ महीनाको कृष्णपक्षमा कुन नाम गरेको एकादशी हुन्छ? म त्यसको माहात्म्य सुन्न चाहन्छु, त्यसको माहात्म्य बताइबक्सियोस् ।।१।। श्रीकृष्णले भन्नुभयो-।। हे राजन्! हे युधिष्ठिर ! मनुष्यहरूको कल्याणको इच्छाले तिमीले यो असल कुरो सोध्यौ, ज्येष्ठकृष्णको यो एकादशी त बडे-बडे पापहरूलाई पनि नाश पारेर धेरै-धेरै पुण्य दिनेवाला छ ।।२।। हे राजेन्द्र ! अपरा नामको यो एकादशी त पार पाइ नसक्नुको पुण्यफल दिनेवाला छ । जो मनुष्य यो अपरा एकादशीको सेवा गर्दछ, त्यो जन संसारमा प्रसिद्धि पाउँछ अर्थात् लोकमा उसको कीर्ति फिजिन्छ ।।३।।

ब्रह्महत्याभिभूतोऽपि गोत्रहा भ्रूणहा तथा । परापवादी च तथा परस्त्रीरसिकोऽपि च ।।४।।
अपरासेवनाद्राजन् विपाप्मा भवति ध्रुवम् । कूटसाक्ष्यं मानकूटं तुलाकूटं करोति यः ।।५।।
कूटवेदं पठेद् विप्रः कूटशास्त्रं करोति च । ज्योतिषी कूटगणकः कूटायुर्वेदको भिषक् ।।६।।
कूटसाक्षिसमा ह्येते विज्ञेया नरकौकसः । अपरासेवनाद्राजन् पापमुक्ता भवन्ति ते ।।७।।

ब्रह्महत्या, गोत्रहत्या, भ्रूण (गर्भ) हत्या, तथा सधैं अर्काको निन्दा गरेर हिड्ने, सधैं अर्काकी नारीहरूसँग प्रीति गर्ने ।।४।। त्यस्तो जन पनि हे राजन् ! अपरा एकादशीको व्रत गर्ने गर्‍यो भने अवश्यै त्यो पापरहित हुन्छ। अनि जो जन झुटो साछी बक्छ, झुटो प्रमाण दिन्छ, अर्थात् नभएको कुरो भन्छ, कम जोख्छ अर्थात् त्यस्तो काम जो गर्छ त्यो र ।।५।। अनि जो ब्राह्मण अशुद्ध वेद पढ्छ अर्थात् सारसोरको विचारै नराखी वा अक्षर चपाई अपूरो भनी या ढाँचाकाँचा मात्र देखाएर अण्टसण्ट फलाकी वेद पढ्छ तथा जो ब्राह्मण वैदिक मतको खण्डन गरी नास्तिक मत प्रचार गर्ने शास्त्र लेख्तछ, त्यस्तो जन र झुटो चिना-टिप्पन लेख्ने र झुटै फल बताउने ज्योतिषी अनि आयुर्वेद नपढेको टपर्टुय्याँ अन्दाजी ओखती गर्ने वैद्य ।।६।। यी सबै झुटो साछी बक्ने जस्तै पापी हुन् । यी सबै मरेपछि नरकमै घर बनाउनेवाला हुन् भन्ने जान्नू । त्यस्ता नरक जाकिने पापी पनि हे राजन् ! अपराको व्रत गर्‍यो भने ती पनि पापबाट मुक्त हुन्छन् ।।७।।

क्षत्रियः क्षात्रधर्मं यस्त्यक्त्वा युद्धात् पलायते । स याति नरकं घोरं स्वीयधर्मबहिष्कृतः ॥८॥
अपरासेवनाद्राजन् पापं त्यक्त्वा दिवं व्रजेत् । विद्यामधीत्य यः शिष्यो गुरुनिन्दां करोति वै ॥९॥
महापातकयुक्तोऽपि निरयं याति दारुणम् । अपरासेवनात् सोऽपि सद्गतिं प्राप्नुयान्नरः ॥१०॥
अपरामहिमानं तु शृणु राजन् वदाम्यहम् । पुष्करत्रितये स्नात्वा कार्तिक्यां यत् फलं लभेत् ॥११॥
गंगायां पिण्डदानेन पितृणां तृप्तिदो यथा । सिंहस्थिते देवगुरौ गौतमीस्नानतो नरः ॥१२॥

जो क्षत्री क्षत्रिय धर्म त्यागेर युद्धबाट भाग्दछ, आफ्नू धर्म छाड्ने त्यो क्षत्री घोर नरकमा जाकिन्छ ॥८॥ जुन शिष्य विद्या पढिसकेर गुरुको निन्दा गर्दछ, हे राजन् ! त्यस्तो उग्र पापी पनि अपरा एकादशीको व्रत गर्ने गर्‍यो भने त्यस उग्र पापलाई त्यागेर स्वर्ग जान्छ ॥९॥ जो जन महापातकी पापले पापी भएर अवश्यै भयङ्कर नरकमा जाकिनेवाला छ, त्यस्तो पापी जन पनि अपराको व्रत बस्यो भने असल गतिमा प्राप्त हुन्छ ॥१०॥ हे राजन् ! अब तपाईं अपरा एकादशीको महिमा सुन्नुहोस्, म बताउँछु। तीनैवटा पुष्करमा कार्तिक महीनामा न्वाहुँदा जो पुण्यफल मिल्छ ॥११॥ जस्तो पितृहरूलाई तृप्त पार्ने गङ्गा-किनारमा गरेको पिण्डदानले जो पुण्य पाउँछ, कुनै पनि मनुष्यले सिंहमा बृहस्पति हुँदा गौतमीमा स्नान गर्नाले जो फल पाउँछ ॥१२॥

यत् फलं समवाप्नोति कुम्भे केदारदर्शनात् । बदर्याश्रमयात्रायां तत्तीर्थसेवनादपि ।।१३।।
यत् फलं समवाप्नोति कुरुक्षेत्रे रविग्रहे । गजाश्व-हेमदानानि यज्ञे कृत्स्नसुवर्णदः ।।१४।।
यत् फलं समवाप्नोति ह्यपराया व्रतान्नरः । अर्धप्रसूतां गां दत्त्वा सुवर्णं वसुधां तथा ।।१५।।
नरस्तत् फलमाप्नोति अपराव्रतसेवनात् । पापद्रुमकुठारोऽयं पापेन्धनदवानलः ।।१६।।
पापाऽन्धकारसूर्योऽयं पापसारङ्गकेशरी । बुद्बुदा इव तोयेषु पुत्तिका इव जन्तुषु ।।१७।।

अनि कुम्भराशिमा सूर्य संक्रमण हुँदा वा कुम्भ (फाल्गुन) महीनामा केदारजीको दर्शन गर्नाले जो फल मिल्दछ अनि बदरीकाश्रमको दर्शनले अथवा बदरीनाथमै रहनाले पनि र ।।१३।! सूर्यग्रहण लागेको बेलामा कुरुक्षेत्रमा स्नान गर्नाले जो फल प्राप्त हुन्छ, त्यस्तै हात्ती-घोड़ा, सुन दान गर्नाले, यज्ञमा प्रशस्त सुन दान गर्नेले ।।१४।। जो फल पाउँछ त्यो फल मनुष्यले केवल अपरा एकादशीको व्रत गर्नाले पाउँछ । आधा ब्याएकी दोमुखी गाई, त्यस्तै, प्रशस्त सुन, जग्गा ।।१५।। दान गरेर मनुष्यले जो फल पाउँछ, त्यो फल अपरा एकादशीको व्रत गर्नेले पनि पाउँछ। यो व्रत पापरूपी वृक्षलाई काट्नका लागि बञ्चरो स्वरूप हो र पापरूपी दाउराको खलियोलाई भस्म पार्न डढेलो जस्तै हो र ।।१६।। पापरूपी अन्धकार नाश पार्न यो व्रत सूर्य जस्तै हो, पापरूप मृग मार्न सिंह जस्तै हो। पानीमा फोका जस्तो र प्राणीमा पुतली जस्तै हो।।१७।।

जायन्ते मरणायैव एकादश्या व्रतं विना । अपरां समुपोष्यैव पूजयित्वा त्रिविक्रमम् ।।१८।।
सर्वपापविनिर्मुक्तो विष्णुलोकं व्रजेन्नरः । लोकानां च हितार्थाय तवाऽग्रे कथितं मया ।।१९।।
पठनाच्छ्रवणाद्राजन् सर्वपापैः प्रमुच्यते । इह लोके सुखं भुक्त्वा, मृत्वा सत्यपुरे वसेत् ।।२०।

।। इति भविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे ज्येष्ठकृष्णैकादश्यपरामाहात्म्यं समाप्तम् ।।१३।।

यस्तो यो एकादशीको व्रत नगर्ने मान्छे, केवल मर्नका लागि नै जन्मेको हो। अपरा एकादशीको व्रत गरेर र त्रिविक्रम भगवान्को पूजा गरेर मात्रै ।।१८।। सारा पापबाट छुटेर मनुष्य विष्णुलोक जान पाउँछ । जनताको कल्याणका लागि नै यो कथा मैले तिम्रा सामु भनेको हुँ ।।१९।। यो कथा केवल पढ्नाले वा सुन्नाले मात्रै पनि हे राजन् ! मनुष्य सारा पापबाट छुट्छ र यस लोकमा मनचाहा सुख भोगेर मरेपछि परलोकमा पनि सत्यपुरमा बस्न पाउँछ ।।२०।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां त्रयोदशोऽध्यायः ।।१३।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ चतुर्दशोऽध्यायः

अथ ज्येष्ठशुक्लैकादशीकथा ।। भीमसेन उवाच– ।।

पितामह महाबुद्धे शृणु मे परमं वचः । युधिष्ठिरश्च कुन्ती च तथा द्रुपदनन्दिनी ।।१।।
अर्जुनो नकुलश्चैव सहदेवस्तथैव च । एकादश्यां न भुञ्जन्ति कदाचिदपि सुव्रत ।।२।।
ते मां ब्रुवन्ति वै नित्यं मा त्वं भुंक्ष्व वृकोदर । अहं तानब्रुवं तात बुभुक्षा दुःसहा मम ।।३।।
दानं दास्यामि विधिवत् पूजयिष्यामि केशवम् । विनोपवासं लभ्येत कथमेकादशीव्रतम् ।।४।।

अब आज ज्येष्ठ शुक्लपक्षको एकादशीको कथा कहिन्छ ।। भीमसेनले भने-।। हे महाबुद्धिमान् पितामह ! व्यासजी ! मेरो यो कुरो सुनिबक्सियोस् -। दाजु युधिष्ठिर, आमा कुन्ती तथा द्रुपदकी छोरी द्रौपदी ।।१।। अनि भाइ अर्जुन, नकुल, त्यस्तै सहदेव पनि हे पूज्यपाद ! कहिल्यै पनि एकादशीमा खाँदैनन् ।।२।। तिनीहरू सधैं मलाई हे वृकोदर ! तिमी पनि एकादशीमा नखाने गर भन्दछन् । हे पितामह ! अनि तिनीहरूलाई म 'मलाई सहि नसक्नुको भोक लाग्छ' भन्दछु ।।३।। म विधिवत् जे दान भने पनि गर्नेछु, भगवान् केशवको पूजा गर्नेछु । उपवास नबसीकन एकादशीको व्रतको फळ कसरी पाउन सकिन्छ ? ।।४।।

भीमसेनवचः श्रुत्वा व्यासो वचनमब्रवीत् । व्यास उवाच ।। यदि स्वर्गोऽत्यभीष्टस्ते नरको दुष्ट एव च ।।५।।
एकादश्यां न भोक्तव्यं पक्षयोरुभयोरपि । भीमसेन उवाच ।। पितामह महाबुद्धे कथयामि तवाऽग्रतः ।।६।।
एकं भुंक्ते न शक्तोऽहमुपवासः कथं मम । वृकनामाऽपि यो वह्निः स सदा जठरे मम ।।७।।
अतीवाऽन्नं यदाऽश्नामि तदा समुपशाम्यति । एकं शक्तोऽस्म्यहं कर्तुं चोपवासं महामुने ।।८।।
येनैव प्राप्यते स्वर्गस्तत् करोमि यथातथम् । तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ।।९।।

भीमसेनको यस्तो वचन सुनेर पितामह व्यासले यस्तो वचन बोल्नुभयो-। व्यासजीले भन्नुभयो-।। यदि तिमीलाई स्वर्ग अत्यन्त प्यारो छ र नरक अप्रिय लाग्छ भने ।।५।। दुवै पक्षमा पर्ने एकादशीहरूमा नखाने गर्नू। तब भीमसेनले भने-।। हे महाबुद्धिमान् पितामह ! तपाईंको सामु म बिन्ती चढाउँछु-।।६।। दिनमा एकपल्ट भरपेट खाएर मेरो भोक मेटिन्न भने कसरी म एहोरात्रै उपवास गर्न सक्छु? किनकि वृक नाम गरेको जो अग्नि हुन्छ, त्यो सधैं मेरो जठर (भुँडी) मा वास गर्दछ ।।७।। जब म धेरै नै अन्न भुँडी चर्कने गरी खान्छु, तब मात्र मेरो जठराग्नि केही कालका लागि शान्त रहन्छ । हे पितामह! एकपल्ट मज्जासित खाएर त म उपवास गर्न सक्ने हुन्छु ।।८।। यसरी जुन व्रत गर्नाले स्वर्ग मिल्दछ, त्यो व्रतकन म जसरी-तसरी पनि गर्नेछु। त्यसकारण तपाईं कुनै त्यस्तो व्रत विचारेर बताउनोस्, जुन व्रत गर्नाले मेरो कल्याण होस् , म कल्याण हुनेगति पाऊँ ।।९।।

व्यास उवाच–।।

श्रुता मे मानवा धर्मा वैदिकाश्च श्रुतास्त्वया । कलौ युगे न शक्यन्ते ते वै कर्तुं नराधिप ।।१०।।
सुखोपायं चाऽल्पधनमल्पक्लेशं महाफलम् । पुराणानां च सर्वेषां सारभूतं वदामि ते ।।११।।
एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि । एकादश्यां न भुङ्क्ते यो न याति नरकं तु सः ।।१२।।
व्यासस्य वचनं श्रुत्वा कम्पितोऽश्वत्थपत्रवत् । भीमसेनो महाबाहुर्भीतो वाक्यमभाषत ।।१३।।

भीमसेन उवाच–।।

पितामह न शक्तोऽहमुपवासे करोमि किम् । ततो बहुफलं ब्रूहि व्रतमेकं मम प्रभो ।।१४।।

तब व्यासजीले भन्नुभयो-।। हे भीम! मैले भनेका मानव धर्महरू तिमीले सुनिसकेका छौ र वैदिक धर्महरू पनि तिमीले सुनिसकेका छौ। हे राजन् ! कलियुगमा त्यस्ता जटिल नियमबद्ध धर्महरू गर्न सकिदैनन् ।।१०।। तसर्थ, तिमीलाई म सरल उपायले, थोरै धनले सम्पन्न हुन सक्ने, कत्ति पनि कष्ट नगरीकन धेरै पुण्यफल मिल्ने, सबै पुराणहरूको सार तत्त्व भएको कुरो बताउँछु ।।११।। सुन, दुवै पक्षको एकादशीमा पटक्कै नखानू, किनकि जो मनुष्य एकादशीमा क्यै खाँदैन, त्यो जन कहिल्यै नरक जाँदैन ।।१२।। व्यासजीको त्यस्तो वचन सुनेर पीपलको पात झैं डरले थरथर काँपिका वीर भीमसेनले यस्तो कुरो भन्न लाले ।।१३।। भीमसेनले भने-।। हे पितामह! के गरूँ ! म उपवास बस्नमा असमर्थ छु । त्यसकारण हे प्रभु! धेरै पुण्यफल मिल्ने कुनै पनि यौटा व्रत बताइबक्सियोस् ।।१४।।

व्यास उवाच –।।

वृषस्थे मिथुनस्थे वा शुक्ला ह्येकादशी भवेत् । ज्येष्ठमासे प्रयत्नेन सोपोष्या जलवर्जिता ।।१५।।
स्नाने चाऽऽचमने चैव वर्जयित्वोदकं बुधः । माषमात्रसुवर्णस्य यत्र मज्जति वै मणिः ।।१६।।
एतदाचमनं प्रोक्तं पवित्रं कायशोधनम् । गोकर्णकृतहस्तेन माषमात्रं जलं पिबेत् ।।१७।।
तन्न्यूनमधिकं पीत्वा सुरापानसमं भवेत् । उपभुञ्जीत नैवाऽन्नं व्रतभंगोऽन्यथा भवेत् ।।१८।।
उदयादुदयं यावद्वर्जयित्वा तथोदकम् । अप्रयत्नादवाप्नोति द्वादशैकादशीफलम् ।।१९।।

व्यासले भन्नुभयो-।। वृष राशिमा वा मिथुन राशिमा सूर्य रहेको जेठ महीनामा जो शुक्ल एकादशी हुन्छ, त्यसलाई निर्जल रहेर व्रत गर्नुपर्छ ।।१५।। न्वाहुँदा र आचमन गर्दा बाहेक अघिपछि बुद्धिमानूले ठ्याम्मै पानी त्यागिदिनुपर्छ । आचमन गर्दा पनि एकमाषा सुन जति अर्थात् एक माषा सुन डुब्न मात्र सक्ने जल आचमन गर्नुपर्छ।।१६।। यस्तो यो आचमनलाई शरीर शुद्ध पार्ने पवित्र कहिएको छ । तसर्थ, हत्केलालाई गाईको कान जस्तो आकारको बनाएर त्यसमा माषाभर पानी राखेर जल पिउनु (अचाउनु) पर्छ ।।१७।। त्यो- भन्दा थोरै वा धेरै पियो भने त्यो आचमन सुरा (रक्सी) पान समानको हुन्छ। अन्न खाँदै खानु हुन्न, नत्र व्रत भङ्ग हुन्छ ।।१८।। एकादशीको उदयदेखि द्वादशीको उदय नभएसम्म त्यसरी पानी त्यागेर व्रत गऱ्यो भने विनाश्रम नै बाह्रै एकादशीको व्रतको फल त्यसले पाउँदछ ।।१९।।

प्रभाते विमले जाते द्वादश्यां स्नानमाचरेत् । जलं सुवर्णं दत्त्वा च द्विजातिभ्यो यथाविधि ।।२०।।
भुञ्जीत कृतकृत्यस्तु ब्राह्मणैः सहितो वशी । एवं कृते तु यत् पुण्यं भीमसेन शृणुष्व तत् ।।२१।।
संवत्सरस्य या मध्ये ह्येकादश्यो भवन्ति वै । तासां फलमवाप्नोति अत्र मे नास्ति संशयः ।।२२।।
इति मां केशवः प्राह शंखचक्रगदाधरः । सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।।२३।।
एकादश्यां निराहारान्नरः पापात् प्रमुच्यते । द्रव्यशुद्धिः कलौ नाऽस्ति संस्कारः स्मार्त एव च ।।२४।।

भोलिपल्ट बिहान छ्याङ्ङ उज्यालो भएपछि मात्र द्वादशीमा न्वाहुनुपर्छ र विधिपूर्वक ब्राह्मणलाई शीतल सुगन्धित जल तथा सुन दान गरेर ।।२०।। मात्र त्यो संयमी व्रतीले कृतकृत्य भएर ब्राह्मणहरूका साथ भोजन गर्नुपर्छ । यस्तो व्रत गरेपछि जो पुण्य प्राप्त हुन्छ, हे भीमसेन! त्यस पुण्यको फल सुन ।।२१।। एक वर्षभित्र जति एकादशी हुन्छन् , ती सबको फल निर्जलाको त्यस्तो प्रकारको व्रतले निःसन्देह प्राप्त हुन्छ, यस कुरामा मेरो संशय छैन ।।२२।। यो कुरो मलाई साक्षात् शंख-चक्र-गदा धारण गर्ने भगवान् केशवले भन्नुभएको हो। सबै धर्मलाई त्यागेर केवल मेरो शरणमा पर ।।२३।। एकादशीमा निराहार रहने मनुष्य, सबै प्रकारका पापहरूबाट मुक्त हुन्छ । कलियुगमा द्रव्यको शुद्धि चाहित्र अनि स्मार्त संस्कार पनि चाहित्र अर्थात् अरू विधिविधानको लंलट्ट पनि चाहित्र ।।२४।।

वैदिकश्च कुतश्चाऽऽस्ते प्राप्ते दुष्टे कलौ युगे । किन्तु ते बहुनोक्तेन वायुपुत्र पुनः पुनः ।।२५।।
एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि । एकादश्यां सिते पक्षे ज्येष्ठस्योदकवर्जितम् ।।२६।।
उपोष्य फलमाप्नोति तच्छृणुष्व वृकोदर । सर्वतीर्थेषु यत् पुण्यं सर्वदानेषु यत् फलम् ।।२७।।
तत् फलं समवाप्नोति इमां कृत्वा वृकोदर । संवत्सरेण याश्च स्युः शुक्लाः कृष्णा वृकोदर ।।२८।।
उपोषितास्ताः सर्वाः स्युरेकादश्यां न संशयः । धनधान्यबलायुर्दाः पुत्रारोग्यधनप्रदाः ।।२९।।

यो दुष्ट कलियुग लागेपछि वैदिक क्रियाकर्म त कहाँ छ र ? बिल्कुल लोप भइसक्यो। हे वायुपुत्र ! वार-वार त्यही कुरो दोहोऱ्याएर के हुन्छ? ।।२५।। केवल दुवै पक्षको एकादशीमा नखाने गर्नू, तर जेठ महीनाको शुक्लपक्षको एकादशीमा चाहिं पानी पनि नपिईकन व्रत गर्नुपर्छ ।।२६।। निर्जला एकादशीको व्रत बसेर जो फल पाइन्छ, हे वृकोदर! त्यो फल सुन। सारा तीर्थमा न्वाहेर जो फल पाइन्छ तथा सव प्रकारका दान गरेर जो फल पाइन्छ ।।२७।। हे वृकोदर भीम, त्यो सबै फल यो निर्जलाको व्रत गरेर पाइन्छ। हे वृकोदर! वर्षभरिमा जो शुक्ल-कृष्ण एकादशी हुन्छन् ती सबैको व्रत बराबरको पुण्य फल केवल यो निर्जलाको विधिपूर्वकको व्रतले नै प्राप्त हुन्छ ।।२८।। यदि ती वर्षभरिका सबै एकादशीको व्रत सालसालै विधिपूर्वक गऱ्यो भने त निश्चय नै त्यस्तो व्यक्तिलाई धन-धान्य-बल-आयुर्दा तथा पुत्र पुत्री सन्तान, आरोग्य रूप धन प्राप्त हुन्छ हुन्छ ।।२९।।

उपोषिता नरव्याघ्र इति सत्यं वदामि ते । यमदूता महाकायाः करालाः कृष्णपिङ्गलाः ॥३०॥
दण्डपाशधरा रौद्रा नोपसर्पन्ति तं नरम् । पीतांबरधराः सौम्याश्चक्रहस्ता मनोजवाः ॥३१॥
अन्तकाले नयन्त्येनं मानवं वैष्णवीं पुरीम् । तस्मात् सर्वप्रयत्नेन सोपोष्योदकवर्जिता ॥३२॥
जलधेनुं ततो दत्त्वा सर्वपापैः प्रमुच्यते । कृष्णात् श्रुत्वा यथा चक्रुः पाण्डवा हे वृकोदर ॥३३॥
तथा त्वमपि भूपाल सोपवासाऽर्चनं हरेः । कुरु त्वं च प्रयत्नेन सर्वपापप्रशान्तये ॥३४॥

यो कुरो तिमीलाई म एकदम साँचो-साँचो बताउँछु कि हे नरव्याघ्र! मनुष्यहरूमा बाघ जस्ता वीर वृकोदर! जसले एकादशीहरूको व्रत गर्ने गर्छ, मरेपछि त्यस जनभाठौं बडा भयङ्कर, देख्नै डरलाग्दा काला पहेंला शरीर भएका यमदूतहरू ॥३०॥ हेरि नसक्ना लाठा पाशा लिएर आउँदैनन् । किन्तु पीताम्बर धारण गरेका, देख्नै रहरलाग्दा, इच्छानुसारको वेग भएका, चक्र हातमा लिएका विष्णुका दूतहरू ॥३१॥ मर्ने वेलामा उसभाठौं आएर त्यस मनुष्यलाई वैष्णवी पुरमा अर्थात् विष्णुलोकगा लैजान्छन् । त्यसकारण, जसरी भए पनि यो निर्जला एकादशीको व्रत पानी पनि नपिईकन गर्ने गर्नुपर्छ र ॥३२॥ भोलिपल्ट जल भरिएको घडा र गाईदान गर्ने गऱ्यो भने त्यो मानिस सबै पापबाट छुट्तछ। हे वृकोदर! अघि कृष्णबाट उपदेश पाएर जसरी अरू पाण्डवहरू एकादशीको व्रत गर्छन् ॥३३॥ हे भूपाल राजन् ! त्यस्तै तिमी पनि सारा पापशान्तिका लागि करै गरी यो एकादशीको व्रतपूर्वक हरिको पूजा गर्ने गर ॥३४॥

करिष्याम्यद्य देवेश जलवर्जमुपोषणम् । भोक्ष्ये परेऽह्नि देवेश ह्यनन्त तव वासरात् ॥३५॥
इत्युच्चार्य ततो मन्त्रमुपवासपरो भवेत् । सर्वपापविनाशाय श्रद्धा-दमसमन्वितः ॥३६॥
मेरुमन्दरमानं तु स्त्रियोऽथ पुरुषस्य वा । सर्वं तद्भस्मतां याति एकादश्याः प्रभावतः ॥३७॥
सकाञ्चनः प्रदातव्यो घटो वस्त्रेण संवृतः । तोयस्य नियमं तस्यां कुरुते वै स पुण्यभाक् ॥३८॥
पलकोटिसुवर्णस्य यामे यामेऽश्नुते फलम् । स्नानं दानं जपं होमं यदस्यां कुरुते नरः ॥३९॥

'हे देवदेवेश! अब म पानी नपिई निर्जलाको व्रत बस्ने गर्छु। हे अनन्त देवेश! तपाईंको तिथि परेको वारदेखि दोस्रो दिन मात्रै खाने गर्छु॥३५॥ यस्तो भनेर, त्यसपछि संकल्पपूर्वक सारा पापको नाशको लागि श्रद्धापूर्वक इन्द्रियहरूलाई संयममा राखेर उपवास व्रत गर्न तत्पर रहनुपर्छ॥३६॥ स्त्रीको होस् वा पुरुषको सुमेरु पर्वत वा मन्दराचल पर्वत जत्रा पाप पनि यस एकादशीको व्रतको प्रभावले त्यो सबै पाप भस्म हुन्छ ॥३७॥ शुद्धजल भरिएको अनि रेशमी वस्त्रले बेरिएको सुन-सहितको घडा दान गर्नुपर्छ। त्यो एकादशीमा पानीको पूर्णघडा दान गर्ने नियम जो पालन गर्दछ, त्यो जन पुण्यको भागी हुन्छ ॥३८॥ जो मनुष्य यस निर्जला एकादशीमा प्रत्येक प्रहरमा स्नान, दान, जप, होम गर्दछ, त्यो जन करोडौं पल सुवर्ण-दानको पुण्य-फल प्राप्त गर्दछ ॥३९॥

तत् सर्वं चाऽक्षयं प्रोक्तमेतत् कृष्णस्य भाषितम् । किंवाऽपरेण धर्मेण निर्जलैकादशी नृप ।।४०।।
उपोषिता च विधिवद्वैष्णवं पदमाप्नुयात् । सुवर्णमन्नं वासांसि यदस्यां संप्रदीयते ।।४१।।
तस्यैव च कुरुश्रेष्ठ सर्वं चाप्यक्षयं भवेत् । एकादशीदिने योऽन्नं भुंक्ते पापं भुनक्ति सः ।।४२।।
इहलोके स चाण्डालो मृतः प्राप्नोति दुर्गतिम् । ये प्रदास्यन्ति दानानि द्वादशीं समुपोष्य च ।।४३।।
ज्येष्ठे मासि सिते पक्षे प्राप्स्यन्ति परमं पदम् । ब्रह्महा मद्यपः स्तेनो गुरुद्वेष्टा सदाऽनृती ।।४४।।

त्यो सारा पुण्य अक्षय अर्थात् अविनाशी हुन्छ भनिएको छ, यो कुरो श्रीकृष्णको नै भनाइ हो। हे नृप! जसले निर्जला एकादशीको व्रत गर्छ, उसलाई अर्को धर्मले के प्रयोजन, किनकि सबै धर्मको पूर्ति यसैले गर्छ।।४०।। जसले विधिपूर्वक निर्जला एकादशीको व्रत गरेको छ, त्यसले विष्णुको धाम प्राप्त गर्दछ । जसले यस एकादशीमा सुन अन्न वस्त्र दान गर्दछ ।।४१।। हे कुरुश्रेष्ठ कुरुवंशमा श्रेष्ठ ! त्यसका ती सबै दान अक्षय अर्तात् कहिल्यै ननाशिने हुन्छन् । जो जन एकादशीको दिन अन्न खान्छ, त्यो पाप खान्छ अर्थात् पापी हुन्छ।।४२।। त्यस्तो जन यस लोकमा चाण्डाल हो र, मरेपछि परलोकमा दुर्गतिमा प्राप्त हुन्छ। अनि जो जन द्वादशीविद्ध एकादशीको दिन व्रत बसेर दानहरू दिन्छन् र ।।४३।। अर्थात् जेठ महीनाको शुक्लपक्षमा पर्ने एकादशीको व्रत बस्छन् ती परम (श्रेष्ठ) पद अर्थात् मोक्षगति प्राप्त गर्दछन् । ब्रह्महत्या गर्नेवाला, रक्सी पिउनेवाला, चोरी गर्नेवाला, गुरुसित द्वेष गर्नेवाला अनि सधैं झुटो बोल्नेवाला पनि ।।४४।।

मुच्यते पातकैः सर्वैर्द्वादशी यैरुपोषिता । विशेषं शृणु कौन्तेय निर्जलैकादशीदिने ॥४५॥
तत् कर्तव्यं नरैस्त्रीभिः श्रद्धा-दमसमन्वितैः । जलशायी तु सम्पूज्यो देया धेनुश्च तन्मयी ॥४६॥
प्रत्यक्षं वा नृपश्रेष्ठ घृतधेनुरथाऽपि वा । दक्षिणाभिश्च श्रेष्ठाभिर्मिष्टान्नैश्च पृथग्विधैः ॥४७॥
तोषणीयाः प्रयत्नेन द्विजा धर्मभृतां वर । तुष्टो भवति वै क्षिप्रं तैस्तुष्टैर्मोक्षदो हरिः ॥४८॥
आत्मद्रोहः कृतस्तैस्तु यैर्नैषा समुपोषिता । पापात्मानो दुराचारा दुष्टास्ते नाऽत्र संशयः ॥४९॥

जजसले द्वादशीविद्ध यो निर्जलाको व्रत गऱ्यो भने ती सबै पापहरूबाट मुक्त हुन्छ यानि छुट्छ । हे कुन्तीका छोरा! निर्जला एकादशीको दिनमा हुने विशेषता अब सुन ॥४५॥ स्त्री वा पुरुष सबैले श्रद्धा र संयमका साथ त्यो व्रत गर्नुपर्छ। अनि उसले विष्णुको पूजा गर्नुपर्छ र जलपूर्ण घडाका साथ गाई दान गर्नुपर्दछ ॥४६॥ हे नृपश्रेष्ठ! अथवा गाईदान गरे मात्रै पनि हुन्छ अथवा घिउलाई गाई मानेर दान गरे पनि हुन्छ । अनि घृतदानका साथै दक्षिणाहरूले र नाना प्रकारका मिठाईहरूले ॥४७॥ हे धर्मधारीहरूमा श्रेष्ठ राजन् ! यत्नपूर्वक ब्राह्मणहरूलाई सन्तुष्ट पार्नुपर्छ। ती ब्राह्मणहरू सन्तुष्ट हुनाले मोक्ष दिनेवाला हरि पनि तत्काल सन्तुष्ट हुनुहुन्छ॥४८॥ जजसले यो एकादशीको व्रत गरेन, तिनीहरूले आत्मद्रोह गरे भन्ने जान । ती जनहरू पापी, दुराचारी हुन्, यसमा कुनै संशय छैन ॥४९॥

कुलानां च शतं साग्रमनाचाररतं सदा । आत्मना सह सन्नीतं वासुदेवस्य मन्दिरम् ।।५०।।
शान्तैर्दानपरैश्चैव अर्चद्भिश्च तथा हरिम् । कुर्वद्भिर्जागरं रात्रौ यैर्नरैः समुपोषिता ।।५१।।
अन्नं पानं तथा गावो वस्त्रं शय्याऽऽसनं शुभम् । कमण्डलुस्तथा छत्रं दातव्यं निर्जलादिने ।।५२।।
उपानहौ च यो दद्यात् पात्रभूते द्विजोत्तमे । स सौवर्णेन यानेन स्वर्गलोकं व्रजेद् ध्रुवम् ।।५३।।
यश्चेमां शृणुयाद्भक्त्या यश्चाऽपि परिकीर्त्तयेत् । उभौ तौ स्वर्गतौ स्यातां नाऽत्र कार्या विचारणा ।।५४।।

जसले निर्जलाको व्रत गर्छ, उसले आफ्ना कुलका सदा पाप गरिरहेका पापी एक सय एक पितृहरूलाई आफ्ना साथैमा वासुदेवको मन्दिर (भवन) मा पुऱ्याइदियो भन्ने जान ।।५०।। शान्त चित्तले दान गरेर अनि हरिको पूजा गरेर, रातभर जाग्राम गरेर जजस मनुष्यले यो निर्जलाको व्रत गर्छ र ।।५१।। खान-पान तथा गाई वस्त्र राम्रा शय्या आसन, कमण्डलु अनि छाता जसले निर्जलाको दिनमा दान गर्छ ।।५२।। तथा सत्पात्र ब्राह्मणलाई जुत्ता पनि दान गर्छ भने त्यो त्यस्तो व्रती निश्चय नै मरेपछि सुनको विमानद्वारा स्वर्गलोक जान्छ ।।५३।। जसले भक्तिपूर्वक यो कथा सुन्दछ, अथवा जो जन पढ्दछ, ती दुवै प्रकारका जन स्वर्ग जान्छन् , यसमा कुनै सन्देह यानि शङ्का छैन ।।५४।।

यत् फलं तु सिनीवाल्यां राहुग्रस्ते दिवाकरे । कृत्वा श्राद्धं लभेन्मर्त्यस्तदस्य श्रवणादपि ।।५५।।
नियमं च प्रकुर्वीत दन्तधावनपूर्वकम् । एकादश्यां निराहारो वर्जयिष्यामि वै जलम् ।।५६।।
केशवप्रीणनार्थाय अन्यदाचमनादृते । द्वादश्यां देवदेवेशः पूजनीयस्त्रिविक्रमः ।।५७।।
गन्धपुष्पैस्तथा दीपैर्वारिभिः प्रीणयेद्धरिम् । पूजयित्वा विधानेन मन्त्रमेतमुदीरयेत् ।।५८।।
देवदेव हृषीकेश संसाराऽर्णवतारक । उदकुम्भप्रदानेन नय मां परमां गतिम् ।।५९।।

जो पुण्यफल औँसीमा सूर्य राहुग्रस्त हुँदाखेरि अर्थात् सूर्यग्रहण लागेको बेलामा श्राद्ध गर्दा मनुष्यले जुन फल पाउँछ, त्यही फल यो निर्जलाको कथा सुनेर पनि पाउँछ ।।५५।। निर्जलाको बिहानै दतिउन लाएपछि संकल्प (प्रतिज्ञा) गर्नू कि आज एकादशीमा निराहार गर्छु र जलसम्म पनि त्यागिदिनेछु अर्थात् पानी तक प्यूनेछैन ।।५६।। केशव भगवान्को प्रसन्नताका लागि कथित आचमनलाई छोडेर अरू बेसी पानी नप्यूनू। अनि द्वादशीको दिन देउताका पनि देउता त्रिविक्रम भगवान्को पूजा गर्नू।।५७।। पूजा गर्दा श्रीखण्ड चन्दनले, सेता फूलहरूले तथा बत्ती र जलद्वारा पूजा गरेर हरि भगवान्लाई प्रसन्न पार्नू। यसरी विधिपूर्वक पूजा गरेर यो मन्त्र पढ्नू-।।५८।। हे देवदेव द्यौताका पनि द्यौता, हे हृषीकेश इन्द्रियहरूका संयमी, हे संसाररूपी समुद्रबाट पारि पुऱ्याउने भगवान् ! यो जलपूर्ण घडादानको प्रभावले मलाई श्रेष्ठ गतिमा पुऱ्याउनोस् अर्थात् वैकुण्ठवास गराउनोस् ।।५९।।

ततः कुम्भाः प्रदातव्या ब्राह्मणेभ्यः स्वशक्तितः । सान्ना वस्त्रयुता भीम छत्रोपानत्फलान्विताः ।।६०।।
दानान्यन्यानि देयानि जलधेनुर्विशेषतः । भोजयित्वा ततो विप्रान् स्वयं भुञ्जीत वाग्यतः ।।६१।।
एवं यः कुरुते पूर्णां द्वादशीं पापनाशिनीम् । सर्वपापविनिर्मुक्तः पदं गच्छत्यनामयम् ।।६२।।
ततः प्रभृति भीमेन कृता ह्येकादशी शुभा । पाण्डवद्वादशी नाम्ना लोके ख्याता बभूव ह ।।६३।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे ज्येष्ठशुक्लनिर्जलैकादशीमाहात्म्यं संपूर्णम् ।।१४।।

हे भीम ! त्यसपछि आफ्नू सावगास अनुसार ब्राह्मणहरूलाई अन्न वस्त्र छाता जुत्ता नाना प्रकारका फल सहित जलपूर्ण घडा दान गर्नुपर्छ।।६०।। अरू अरू पनि सकेको दान र विशेष गरेर जलधेनु दान अर्थात् जलको पूर्णघडा सहितको धेनु दान त गर्नैपर्छ। त्यसपछि भोलिपल्ट ब्रह्मणहरूलाई भोजन गराएर मात्र आफूले पनि मौन रहेर खाने गर्नुपर्छ।।६१।। यस्ता प्रकारले जसले सारा पापलाई नाश पार्ने द्वादशीविद्धा निर्जलाको व्रत गरेर द्वादशीका दिन ब्राह्मण-भोजन गराउँछ, त्यो त्यस्तो मनुष्य सारा पापबाट छुटेर अविनाशी स्थान पाउँछ ।।६२।। त्यसै दिनदेखि भीमले पनि एकादशीको कल्याणकारी व्रत गर्ने गरे र द्वादशीका दिन प्रशस्त ब्राह्मणहरूलाई भोजन गराउने गरे त त्यो द्वादशी पाण्डवी द्वादशी भन्ने नाउँले लोकमा विख्यात प्रसिद्ध हुँदो भयो ।।६३।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां चतुर्दशोऽध्यायः ।।१४।।

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ पञ्चदशोऽध्यायः

अथाऽऽषाढ़कृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच –।।

ज्येष्ठशुक्ले निर्जलाया माहात्म्यं वै श्रुतं मया । आषाढ़कृष्णपक्षे तु किं नामैकादशी भवेत् ।।१।।
कथयस्व प्रसादेन ममाऽग्रे मधुसूदन । श्रीकृष्ण उवाच ।। व्रतानामुत्तमं राजन् कथयामि तवाऽग्रतः ।।२।।
सर्वपापक्षयकरं भुक्तिमुक्तिप्रदायकम् । आषाढस्याऽसिते पक्षे योगिनी नाम नामतः ।।३।।
एकादशी नृपश्रेष्ठ महापातकनाशिनी । संसाराऽर्णवमग्नानां पाररूपा सनातनी ।।४।।

अब आज आषाढकृष्ण एकादशीको कथा कहिन्छ।। युधिष्ठिरले भन्नुभयो-।। 'ज्येष्ठ शुक्लमा पर्ने निर्जला नामको एकादशीको माहात्म्य ता मैले सुनें । अब आषाढ कृष्ण पक्षमा कुन नामको एकादशी हुन्छ? ।।१।। हे मधुसूदन मधुनामको राक्षसलाई मार्ने श्रीकृष्ण, कृपया मेरा सामु त्यसका बारेमा बताउनुहोस्' भन्दा श्रीकृष्ण भन्नुहुन्छ–हे राजन् ! व्रतहरूमध्येको त्यो उत्तम व्रत तिम्रो सामु म कहन्छु, लौ सुन ।।२।। सारा पापलाई नाश पर्ने, यस लोकमा सुखभोग र मरेपछि मुक्ति (मोक्षगति) दिने योगिनी नाम गरिएको एकादशी आषाढको कृष्णपक्षमा हुन्छ ।।३।। हे नृपश्रेष्ठ! त्यो योगिनी नामको एकादशी ठूला-ठूला महापातक पापलाई पनि नाश पार्छ र संसाररूपी दुःख-समुद्रमा डुबेकाहरूलाई पारि तार्ने सनातन एकादशी हो।।४।।

जगत्त्रये सारभूता योगनीति नराधिप । कथयामि कथां तस्याः पौराणीं पापहारिणीम् ।।५।।
अलकाऽधिपतिर्नाम्ना कुबेरः शिवपूजकः । तस्याऽऽसीत् पुष्पबटुको हेममालीति नामतः ।।६।।
तस्य पत्नी सुरूपा च विशालाक्षीति नामतः । स तस्यां स्नेहसंयुक्तः कामपाशवशं गतः ।।७।।
मानसात् पुष्पनिचयमानीय स्वगृहे स्थितः । पत्नीप्रेमसमायुक्तो न कुबेराऽऽलयं गतः ।।८।।
कुबेरो देवसदने करोति शिवपूजनम् । मध्याह्नसमये राजन् पुष्पाणि न समीक्षते ।।९।।

हे नराधिप! यो योगिनी नामको एकादशी तीनै लोकमा खुबी भएको मानिन्छ । अब म पुराणहरूमा पाप नाश गर्ने भनी प्रख्यात भएको त्यस योगिनी एकादशीको कथा कहन्छु, सुन ।।५।। कुबेर नामले प्रसिद्ध अलकाका अधिपति (राजा) अत्यन्त शिवभक्त थिए । तिनको फूल ल्याउने माली हेममाली नामको थियो ।।६।। त्यस हेममालीको विशालाक्षी भन्ने नामकी अत्यन्त राम्री पत्नी थिई । त्यो हेममाली त्यस विशालाक्षीमा अत्यन्त स्नेह राख्थ्यो र, सधैं कामले पीडित रहन्थ्यो ।।७।। कुनै दिन मानससरोवरबाट फूल बटुलेर ल्याई आफ्नै घरमा बस्यो। पत्नीको प्रेममा टाँसिएर बिर्सी फूल पुऱ्याउन कुबेरको दरबारमा गएन ।।८।। हे राजन् ! मध्याह्नको समयमा शिवमन्दिरमा कुबेर सधैं शिवको पूजा गर्दथे । यस्तैमा एक दिन पूजा गर्ने ठाउँमा फूल देखेनन् ।।९।।

हेममाली स्वभवने रमते हि तया सह । यक्षराट् प्रत्युवाचाऽथ कालातिक्रमकोपितः ॥१०॥
कस्मान्नायाति भो यक्षा हेममाली दुरात्मवान् । निश्चयः क्रियतामस्य प्रत्युवाच पुनः पुनः ॥११॥

यक्षा ऊचुः—॥

वनिताकामुको गेहे रमते स्वेच्छया नृप । तेषां वाक्यं समाकर्ण्य कुबेरः कोपपूरितः ॥१२॥
आह्वयामास तं तूर्णं बटुकं हेममालिनम् । ज्ञात्वा कालाऽत्ययं सोऽपि भयव्याकुललोचनः ॥१३॥
आजगाम नमस्कृत्य कुबेरस्याऽग्रतः स्थितः । तं दृष्ट्वा धनदः क्रुद्धः कोपसंरक्तलोचनः ॥१४॥

हेममाली भने आफ्नू घरमा आफ्नी पत्नीका साथ कामक्रीडा गरिरहेको थियो । अनि बेलामा फूल नआइपुगेकोले अत्यन्त क्रोधित भएर यक्षका राजा कुबेरले अरू यक्षलाई भने- ॥१०॥ हे यक्ष हो! त्यो दुष्ट हेममाली के कारणले अहिलेसम्म आइपुगेन? यस कुराको पत्ता लगाओ! भनेर बारम्बार भन्न लागे ॥११॥ तब यक्षहरूले भने-॥ हे राजन् ! आफ्नी स्त्रीमा आसक्त भएको त्यो त आफ्नू घरमा मजासित कामक्रीडा गरिरहेको छ । तिनीहरूको त्यस्तो कुरो सुनेर कुबेर अत्यन्त क्रोधित भए ॥१२॥ जाओ! त्यो फूल ल्याउने गरेको फूले हेममालीलाई झट्टै बोलाएर ल्याओ। बोलाए त, अबेला भएको जानेर डरले अँध्यारो मुख लाएको त्यो हेममाली पनि ॥१३॥ आइपुग्यो र कुबेरलाई ढोग्यो र उनको अगाडि अभियो । त्यसलाई देखेर क्रोधले राता-राता आँखा भएका अति क्रुद्ध कुबेरले ॥१४॥

प्रत्युवाच रुषाऽऽविष्टः कोपाद्विस्फुरिताधरः । धनद उवाच ।। रे पाप दुष्ट दुर्वृत्त कृतवान् देवहेलनम् ।।१५।।
अतो भव श्वित्रयुक्तो वियुक्तः कान्तया सदा । अस्मात् स्थानादपध्वस्तो गच्छ स्थानमथाऽधमम् ।।१६।।
इत्युक्ते वचने तेन तस्मात् स्थानात् पपात सः । महादुःखाऽभिभूतश्च कुष्ठपीडितविग्रहः ।।१७।।
न वै तोयं न भक्ष्यं च वने रौद्रे लभंत्यसौ । न सुखं दिवसे तस्य, न निद्रां लभते निशि ।।१८।।
छायायां पीडिततनुर्निदाघेऽत्यन्तपीडितः । शिवपूजाप्रभावेण स्मृतिस्तस्य न लुप्यते ।।१९।।

क्रोधले चुर्मुरिँदै, रिसले ओठ फर्फराउँदै भने- । कुबेरले भने- ।। अरे पापी! दुष्ट! दुराचारी! तैँले द्यौताको अपमान गरिस् ।।१५।। यसकारण तँ श्वित्र नामको दुबीको रोगले युक्त तथा सधैँ स्त्रीले वियुक्त भएर यस स्थानदेखि गिरेर अब अर्कै ठाउँमा जा ।।१६।। कुबेरले क्रोधले यति भन्नेबित्तिकै त्यस कैलास स्थानबाट त्यो गिऱ्यो र दुबी कोढले विरूप देह भएको छँदो अत्यन्त दुःखले रहन लाग्यो ।।१७।। त्यस भयानक वनमा बस्ताखेरि उसले न पानी प्यून पायो, न त खानेकुरो नै खान पायो। न त त्यसलाई दिनमा नै सुख थियो, न ता रात्रिमा निद्रा नै लाग्दथ्यो ।।१८।। छायामा बस्ताखेरि उसलाई शरीरमा पीडा हुन्थ्यो भने, घाममा बस्ताखेरि धूपले भतभत पोल्थ्यो। तर शिवजीको पूजामा गरेको सेवाको प्रभावले त्यसको स्मृति हराएको थिएन ।।१९।।

पातकेनाऽभिभूतोऽपि कर्म पूर्वमनुस्मरन् । भ्रममाणस्ततोऽगच्छद्धिमाद्रिं पर्वतोत्तमम् ।।२०।।
तत्राऽपश्यन्मुनिवरं मार्कण्डेयं तपोनिधिम् । तस्याऽऽयुर्विद्यते राजन् ब्रह्मणो दिनसप्तकम् ।।२१।।
आश्रमं स गतस्तस्य ऋषेर्ब्रह्मसदः समम् । ववन्दे चरणौ तस्य दूरतः पापकर्मकृत् ।।२२।।
मार्कण्डेयो मुनिवरो दृष्ट्वा तं कुष्ठिनं तदा । परोपकरणाऽर्थाय समाहूयेदमब्रवीत् ।।२३।।

मार्कण्डेय उवाच–।।

कस्मात् कुष्ठाऽभिभूतस्त्वं कुतो निन्द्यतरो ह्यसि । इत्युक्तः प्रत्युवाचाऽथ मार्कण्डेयेन धीमता ।।२४।।

पापले पीडित रहेको भए पनि पहिलेको कर्म सम्झँदै त्यस वनमा भट्कदा हुँदि तब एक दिन पर्वतहरूमा अति उत्तम हिमालयमा पुग्यो ।।२०।। तब त्यहाँ उसले मुनिहरूमध्ये श्रेष्ठ, तपस्याका खानि मार्कण्डेय मुनिलाई देख्तो भयो। हे राजन् ! ती मार्कण्डेयको आयु ब्रह्माको सात दिनसम्म अर्थात् एक सातासम्मको छ ।।२१।। ब्रह्माजीको सभा समान ती ऋषिको आश्रममा तब त्यो गयो र त्यो पाप कर्म गरेको पापीले टाढैबाट भुइँमा पस्रिएर ती ऋषिका दुवै चरणमा दण्डवत् गर्दो भयो ।।२२।। तब मुनिहरूमा श्रेष्ठ मार्कण्डेयले त्यसलाई देखेर परोपकार गर्ने भावनाले पासैमा बोलाएर भने-।।२३।। मार्कण्डेयले भन्नुभयो-।। तँ कसरी कोढी भइस् ? किन तँ अतिनिन्दित भएको छस् ? बुद्धिमान् मार्कण्डेयले यसरी सोधिएको उसले तब भन्न थाल्यो-।।२४।।

हेममाल्युवाच–।।

यक्षराजस्याऽनुचरो हेममालीति नामतः। मानसात् पुष्पनिचयमानीय प्रत्यहं मुने ।।२५।।
शिवपूजनवेलायां कुबेराय समर्पये। एकस्मिन् दिवसे काललोपश्च विहितो मया ।।२६।।
पत्नीसौख्यप्रसक्तेन कामव्याकुलचेतसा। ततः क्रुद्धेन शप्तोऽहं राजराजेन वै मुने ।।२७।।
कुष्ठाऽभिभूतः संजातो विभक्तः कान्तया सह। अधुना तव सान्निध्यं प्राप्तोऽस्मि शुभकर्मणा ।।२८।।
सतां स्वभावतश्चित्तं परोपकरणक्षमम्। इति ज्ञात्वा मुनिश्रेष्ठ शाधि मां च कृतैनसम् ।।२९।।

तब हेममाली भन्न थाल्यो-।। हे मुनि! यक्षराज कुबेरको म नोकर हुँ, मेरो नाम हेममाली हो। म दिनहुँ मानस सरोवरबाट फूल टिपेर ल्याई ।।२५।। शिवजीको पूजा गर्ने वेलामा कुबेरलाई टक्याउने गर्थें। यस्तैमा एक दिन मैले पूजाको समयमा ढिलो पनि फूल पुऱ्याउन सकिनँ ।।२६।। किनकि कामले पीडित भएको चित्तले, पत्नीका साथ सुखभोग गर्ने प्रसङ्गमा लागेर ढिलाएँ। त्यसै कारणले क्रोधित भएका कुबेरले हे मुनि! मलाई सराप्नुभयो ।।२७।। अनि म यस्तो सेतो कोढी भएँ र पत्नीसँग पनि वियोगिएँ। कहिल्यैको शुभ कर्मले गर्दा अहिले म प्रभुको समीप आइपुगेको छु ।।२८।। सज्जनहरूको चित्त स्वभावैले परोपकारमा लागेको हुन्छ। हे मुनिश्रेष्ठ! मेरो यो हुलिया जानेर पापीलाई शिक्षा बक्सियोस् ।।२९।।

मार्कण्डेय उवाच—।।

त्वया सत्यमिह प्रोक्तं नाऽसत्यं भाषितं यतः । अतो व्रतोपदेशं ते करिष्यामि शुभप्रदम् ।।३०।।
आषाढकृष्णपक्षे त्वं योगिनीव्रतमाचर । अस्य व्रतस्य पुण्येन कुष्ठात् त्वं मुच्यसे ध्रुवम् ।।३१।।
इति वाक्यं मुनेः श्रुत्वा दण्डवत् पतितो भुवि । उत्थापितश्च मुनिना बभूवाऽतीव हर्षितः ।।३२।।
मार्कण्डेयोपदेशेन कृतं तेन व्रतोत्तमम् । तद्व्रतस्य प्रभावेण देवरूपो बभूव सः ।।३३।।
संयोगं कान्तया लेभे बुभुजे सौख्यमुत्तमम् । ईदृग्विधं नृपश्रेष्ठ कथितं योगिनी-व्रतम् ।।३४।।

मार्कण्डेयले भन्नुभयो-।। तैंले यहाँ साँचो-साँचो भनिस् , किनकि एक कुरो पनि झुटो भनिनस् । यसकारण, तँलाई म कल्याणकारी व्रतको उपदेश दिन्छु, सुन् ।।३०।। आषाढकृष्णपक्षमा पर्ने योगिनी एकादशीको व्रत तँ गर् । यस व्रतको पुण्यको प्रभावले तँ अवश्यै कोढबाट छुट्नेछस् ।।३१।। मुनिको यस्तो कुरो सुनेपछि पृथ्वीमा लम्पसार परेर उसले मुनिलाई दण्डवत् गर्दो भयो । तब मुनिले उसलाई उठाउनुभयो त त्यो अत्यन्तै हर्षित भयो ।।३२।। अनि मुनि मार्कण्डेयको उपदेशले त्यो हेममालीले योगिनीको उत्तम व्रत गऱ्यो र त्यसै व्रतको प्रभावले त्यो फेरि देवरूपको हुँदो भयो।।३३।। अनि आफ्नी स्त्रीका साथ मिल्ने मौका पायो र उत्तम सुख-भोग भोग्न थाल्यो । हे नृपश्रेष्ठ उत्तम राजा ! यस्ता प्रकारको योगिनी एकादशीको व्रतबारे तपाईंलाई मैले बताएँ ।।३४।।

अष्टाशीति सहस्राणि द्विजान् भोजयते तु यः । तत् फलं समवाप्नोति योगिनीव्रतकृन्नरः ।।३५।।
महापापप्रशमनी महापुण्यफलप्रदा । शुचौ कृष्णैकादशी ते कथिता योगिनी नृप ।।३६।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे आषाढकृष्णैकादशीयोगिनीमाहात्म्यं समाप्तम् ।।१५।।

अठासी हजार ब्राह्मणहरूलाई भरपेट भोजन गराउँदा जो फल प्राप्त हुन्छ, त्यही फल योगिनी एकादशीको व्रत गर्ने मनुष्यले पनि प्राप्त गर्दछ ।।३५।। हे नृप, ठूला-ठूला पापलाई पनि नाश पार्ने, अनि ठूला-ठूला पुण्यको फल दिलाउने त्यो आषाढको कृष्णपक्षमा पर्ने योगिनी नामको एकादशीको बारेमा तिमीलाई मैले बताएँ ।।३६।।

।। इति एकादशी-माहात्म्ये नेपालीटीकायां पञ्चदशोऽध्यायः ।।१५।।

(शंख-घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ षोडशोऽध्यायः

अथ आषाढशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच –।।

आषाढस्य सिते पक्षे किं नामैकादशी भवेत् । को देवः को विधिस्तस्या एतदाख्याहि केशव ।।१।।

श्रीकृष्ण उवाच–।।

कथयामि महीपाल कथामाश्चर्यकारिणीम् । कथयामास या ब्रह्मा नारदाय महात्मने ।।२।।

नारद उवाच –।।

कथयस्व प्रसादेन विष्णोराराधनाय मे । आषाढशुक्लपक्षे तु किं नामैकादशी भवेत् ।।३।।

ब्रह्मोवाच –।।

अब आज आषाढशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने-।। हे केशव! आषाढको शुक्ल पक्षमा के नाम गरेको एकादशी हुन्छ? त्यस एकादशीको धौता को हो र के विधि हो? यो कुरो बताइबक्सियोस् ।।१।। श्रीकृष्णले भन्नुभयो-।। हे महीपाल राजन् ! जुन कथा महात्मा नारदलाई ब्रह्माले कहनुभएको थियो, त्यो आश्चर्यलाग्दो कथा म कहन्छु, सुन ।।२।। नारदले भन्नुभयो-।। हे ब्रह्मन् ! आषाढको शुक्लपक्षमा कुन नामको एकादशी हुन्छ, विष्णुका आराधनाका लागि प्रसन्नतापूर्वक त्यो कथा मलाई सुनाइबक्सियोस् ।।३।। ब्रह्माले भन्नुभयो-।।

वैष्णवोऽसि मुनिश्रेष्ठ साधु पृष्टं कलिप्रिय । नाऽतः परतरं लोके पवित्रं हरिवासरात् ॥४॥
कर्तव्यं तु प्रयत्नेन सर्वपापाऽपनुत्तये । तस्मात् तेऽहं प्रवक्ष्यामि शुक्लस्यैकादशीव्रतम् ॥५॥
एकादश्या व्रतं पुण्यं पापघ्नं सर्वकामदम् । न कृतं यैर्नरैर्लोके ते नरा निरयैषिणः ॥६॥
पद्मा नामेति विख्याता शुचौ ह्येकादशी सिता । हृषीकेशप्रीतये तु कर्तव्यं व्रतमुत्तमम् ॥७॥
कथयामि तवाऽग्रेऽहं कथां पौराणिकीं शुभाम् । यस्याः श्रवणमात्रेण महापापं प्रणश्यति ॥८॥
मान्धाता नाम राजर्षिर्विवस्वद्वंशसम्भवः । बभूव चक्रवर्ती स सत्यसन्धः प्रतापवान् ॥९॥

हे मुनिश्रेष्ठ ! हे कलिप्रिय! झगड़ा लाउनमा निपुण! मुनिश्रेष्ठ नारद ! तिमी वैष्णव अर्थात् विष्णुका प्रिय छौ, यसैले राम्रो प्रश्न गर्‍यौ। संसारमा यो एकादशीभन्दा पवित्र अर्को कुनै दिन छैन ॥४॥ सम्पूर्ण पाप नाश पार्नका लागि प्रयत्नपूर्वक आषाढशुक्ल एकादशीको व्रत गर्नुपर्छ, त्यसैकारण, तिमीलाई म बताउँछु ॥५॥ कुनै पनि एकादशीको व्रत पुण्य दिने, पाप नाश्ने, इच्छा पूर्ति गर्ने हुन्छ। यस्तो व्रत जो मनुष्यहरूले लोकमा गर्दैनन्, ती सारा मनुष्यहरू नरकगामी हुन् ॥६॥ आषाढमा शुक्लपक्षमा पर्ने एकादशी 'पद्मा' भन्ने नामले विख्यात छ। हृषीकेश भगवान्को प्रीतिका लागि यो उत्तम व्रत सबैले गर्नुपर्छ ॥७॥ अब तिम्रा सामु म पुराणहरूमा कहिएको कल्याणकारी कथा कहन्छु । जुन कथा सुन्नाले मात्रै पनि ठूल्ठूलो पाप विनाश हुन्छ ॥८॥ उहिले सूर्यवंशमा जन्मेका मान्धाता नामका राजर्षि थिए । ती सत्यप्रतिज्ञ तथा पराक्रमी चक्रवर्ती राजा भएका थिए॥९॥

धर्मतः पालयामास प्रजाः पुत्रानिवौरसान् । न तस्य राज्ये दुर्भिक्षं नाऽऽधयो व्याधयस्तथा ।।१०।।
निरातङ्काः प्रजास्तस्य धनधान्यसमन्विताः । नाऽन्यायोपार्जितं द्रव्यं कोशे तस्य महीपतेः ।।११।।
तस्यैवं कुर्वतो राज्यं बहुवर्षगणो गतः । अथ कदाचित् संप्राप्ते विपाके पापकर्मणः ।।१२।।
वर्षत्रयं तद्विषये न ववर्ष बलाहकः । तेनोद्विग्नाः प्रजास्तत्र बभूवुः क्षुधयाऽऽर्दिताः ।।१३।।
स्वाहास्वधावषट्कारवेदाध्ययन-वर्जिताः । बभूवुर्विषयास्तस्य सस्याऽभावेन पीडिताः ।।१४।।

तिनले प्रजाहरूलाई आफ्नै छोराहरूलाई जस्तै गरी धर्मपूर्वक पालना गर्दथे । तिनको राज्यमा कसैलाई पनि पिर-मर्का, रोग-व्याधि, अनिकाल भएन ।।१०।। तिनका राज्यमा सारा प्रजाहरू आतङ्करहित, धन-धान्यले भरिपूर्ण थिए । अनि राजाको भण्डारमा अन्यायले कमाएको द्रव्य छँदै थिएन ।।११।। यस्ता प्रकारले राज्य गर्दा तिनको धेरै वर्ष बित्यो। यसका बाद कुनै समयमा पूर्व पापकर्मको फल आइलाग्यो र ।।१२।। उनका देशमा तीन वर्षसम्म पटक्कै पानी परेन । त्यस खडेरीले गर्दा त्यहाँका सारा प्रजाहरू भोकले पीडित भएर खिन्न भए ।।१३।। अन्नको अभावले पीडित तिनका देशवासी प्रजाहरू स्वाहा-स्वधा-वषट्कार-वेदाध्ययनले वर्जित हुँदा भए ।।१४।।

अथ प्रजाः समागत्य राजानमिदमब्रुवन् । श्रूयतां वचनं राजन् प्रजानां हितकारकम् ॥१५॥
आपो नारा इति प्रोक्ताः पुराणेषु मनीषिभिः । अयनं ता भगवतस्तेन नारायणः स्मृतः ॥१६॥
पर्जन्यरूपी भगवान् विष्णुः सर्वगतः सदा । स एव कुरुते वृष्टिं वृष्टेरन्नं ततः प्रजाः ॥१७॥
तदभावेन नृपते क्षयं गच्छन्ति वै प्रजाः । तथा कुरु नृपश्रेष्ठ योगक्षेमो यथा भवेत् ॥१८॥

राजोवाच –॥

सत्यमुक्तं हि भवता न मिथ्याऽभिहितं वचः । अन्नं ब्रह्ममयं प्रोक्तमन्ने सर्वं प्रतिष्ठितम् ॥१९॥

त्यसपछि एक दिन सारा प्रजाहरू भेला भई राजाभाठौं आएर राजालाई यो कुरा भने-। हे राजन् ! प्रजाहरूको हित हुने कुरो सुनिबक्सियोस् ॥१५॥ पुराणहरूमा बुद्धिमान् विद्वान्हरूले पानीलाई 'नारा' भनी भनेका छन् । त्यो पानी भगवान्को 'अयन' अर्थात् स्थान हो । त्यसै कारणले भगवान्लाई 'नारायण' भनिन्छ ॥१६॥ ती मेघरूपी भगवान् विष्णु सदा सर्वत्र सर्वव्यापी हुनुहुन्छ । उहाँले नै वृष्टि गर्नुहुन्छ, वृष्टिले नै अन्न उपजन्छ, अनि त्यस अन्नबाट प्रजावर्ग बढ्दछ ॥१७॥ हे नृपते ! त्यो अन्नको अभाव भयो भने प्रजावर्ग क्षयमा प्राप्त हुन्छ, तसर्थ हे नृपश्रेष्ठ ! यस्तो काम गरिबक्सियोस्, जे गर्दा तपाईंको देशमा कुशल होस् ॥१८॥ तब राजाले भने-॥ तपाईंहरूले साँचो कुरो भन्नुभो, कुनै कुरो पनि झुटो कुरो भन्नुभएको छैन । अन्न नै ब्रह्ममय कहिएको छ र अन्नमा नै सारा लोक रहेको (टिकेको) छ ॥१९॥

अन्नाद्भवन्ति भूतानि जगदन्नेन वर्त्तते । इत्येवं श्रूयते लोके पुराणे बहु - विस्तरे ।।२०।।
नृपाणामपचारेण प्रजानां पीडनं भवेत् । नाऽहं पश्याम्यात्मकृतं दोषं बुद्ध्या विचारयन् ।।२१।।
तथापि प्रयतिष्यामि प्रजानां हितकाम्यया । इति कृत्वा मतिं राजाऽपरिमेयबलाऽन्वितः ।।२२।।
नमस्कृत्य विधातारं जगाम गहनं वनम् । चचार मुनिमुख्यानामाश्रमाँस्तपसैधिनाम् ।।२३।।
ददर्शाऽथ ब्रह्मसुतमृषिमाङ्गिरसं नृपः । तेजसा द्योतितदिशं द्वितीयमिव पद्मजम् ।।२४।।

अन्नबाट जीव हुन्छन् , जगत् अन्नले नै वर्तमान छ। लोकमा यही नै सुनिंछ र अनि यही कुरो पुराणमा पनि विस्तारपूर्वक कहिएको छ ।।२०।। राजाहरूको अपराधले नै प्रजाहरूलाई पीडा (दुःख) हुन्छ । बुद्धिले विचार गर्दा म आफूले गरेको दोष केही देख्तिनँ ।।२१।। तथापि प्रजाको इच्छाले प्रयत्न गर्छु, यस्तो विचार गरेर ती राजा आफ्नू ठूलो सैन्यका साथ ।।२२।। विधातालाई नमस्कार गरेर घना बाक्लो ठूलो जङ्गलमा जाँदा भए र मुख्य-मुख्य मुनिहरूका तपस्याले पवित्र भएका आश्रमहरूमा घुम्न लागे ।।२३।। तब राजाले कुनै आश्रममा आफ्ना तेजले दिशाहरूलाई झलमल्ल पारेर रहेका, मानों दोस्रो ब्रह्मै जस्ता, ब्रह्माका पुत्र अङ्गिरस ऋषिलाई देखे ।।२४।।

तं दृष्ट्वा हर्षितो राजा ह्यवतीर्य च वाहनात् । नमश्चक्रेऽस्य चरणौ कृताञ्जलिपुटो वशी ।।२५।।
मुनिरत्तमभिनन्द्याऽथ स्वस्तिवाचनपूर्वकम् । पप्रच्छ कुशलं राज्ये सप्तस्वङ्गेषु भूपतेः ।।२६।।
निवेदयित्वा कुशलं पप्रच्छाऽनामयं नृपः । ततश्च मुनिना राजाऽपृष्टाऽऽगमनकारणम् ।।२७।।
निवेश्य चाऽऽसने योग्ये मुनिशिष्यैरुपस्थिते । अब्रवीन्मुनिशार्दूलं स्वस्याऽऽगमनकारणम् ।

राजोवाच– ।।

भगवन् धर्मविधिना मम पालयतो महीम् । अनावृष्टिः संप्रवृत्ता नाऽहं वेद्म्यत्र कारणम् ।।२८।।

ती ऋषिलाई देखेर अत्यन्त हर्षित भएका राजा आफ्नू वाहनबाट ओर्लेर ती मुनिका चरणकमलमा दुवै हात जोडेर शिर राखेर नम्रतापूर्वक ढोगे र त्यहीं खड़ा रहे ।।२५।। अनि ती मुनिले पनि ती राजालाई स्वस्तिवाचनपूर्वक आशीर्वाद दिएर ती राजाको राज्य र राज्यका सातै अङ्गको बारेमा सोधे ।।२६।। अनि राजाले पनि आफ्नू कुशल बताएर मुनिको पनि शान्तिबारे सोधे, त्यसपछि मुनिले राजा आउनका कारण सोधे ।।२७।। अनि मुनिका शिष्यहरूले बिछ्याइदिएको योग्य आसनमा बसेर, ती मुनिश्रेष्ठलाई आफ्नू आउनाको कारण बताए ।। राजाले भने–।। हे भगवन् ! धर्मपूर्वक मैले पृथ्वीको पालन गर्दा पनि अनावृष्टि (अकाल) भयो, यस बारेमा म केही पनि जानिरहेको छैन ।।२८।।

संशयच्छेदनार्थाय ह्यागतोऽहं तवाऽन्तिकम् । योगक्षेमविधानेन प्रजानां निवृतिं कुरु ।।२९।।

ऋषिरुवाच–।।

एतत् कृतयुगं राजन् युगानामुत्तमं स्मृतम् । अत्र ब्रह्मौत्तरा लोका धर्मश्चाऽत्र चतुष्पदः ।।३०।।

अस्मिन् युगे तपोयुक्ता ब्राह्मणा नेतरे जनाः । विषये तव राजेन्द्र वृषलो यत् तपस्यति ।।३१।।

अकार्यकरणात् तस्य न वर्षति बलाहकः । कुरु तस्य वधे यत्नं येन दोषः प्रशाम्यति ।।३२।।

राजोवाच –।।

नाऽहमेनं वधिष्यामि तपस्यन्तमनागसम् । धर्मोपदेशं कथय उपसर्गविनाशनम् ।।३३।।

हे ब्रह्मन् ! यसै संशयलाई मेटाउनका लागि तपाईंका पास म आएको हुँ । योगशक्तिका उपायले प्रजाहरूलाई सुखी हुने गराइदिनोस् ।।२९।। तब ऋषिले भन्नुभयो-।। हे राजन् ! चारै युगमा उत्तम मानिएको यो सत्य युग हो। यसमा मानिसहरू विधिपूर्वक वेद पढ्दछन् या वैदिक मत मान्दछन् , यस युगमा धर्मका चारै पाउ हुन्छन् ।।३०।। यस युगमा तपस्या गर्ने ब्राह्मण मात्र हुनुपर्छ , अरू वर्ण हुनु हुँदैन । हे राजेन्द्र ! तपाईंको देशमा जो शूद्र हो, त्यो तपस्या गरिरहेको छ ।।३१।। त्यसको त्यो गर्नु नहुने कामले गर्दा पानी परिरहेको छैन । त्यसलाई मार्ने प्रयत्न गर, जसले गर्दा पानी नपर्ने दोष मेटिन्छ ।।३२।। अनि राजाले भने-।। त्यो निरपराधी त्यस तपस्या गर्ने तपस्वीलाई म मार्दिनँ । तसर्थ, यस्तो धर्मको उपदेश गर्नुहोस् , जसले उपद्रवको विनाश होस् ।।३३।।

ऋषिरुवाच–।।

यद्येवं तर्हि नृपते कुरुष्वैकादशीव्रतम् । शुचिमासे शुक्लपक्षे पद्मा नामेति विश्रुता ।।३४।।
तस्या व्रतप्रभावेण सुवृष्टिर्भविता ध्रुवम् । सर्वसिद्धिप्रदा ह्येषा सर्वोपद्रवनाशिनी ।।३५।।
अस्या व्रतं कुरु नृप सप्रजः सपरिच्छदः । इति वाक्यं मुनेः श्रुत्वा राजा स्वगृहमागतः ।।३६।।
आषाढमासे संप्राप्ते पद्माव्रतमथाऽकरोत् । प्रजाभिः सह सर्वाभिश्चातुर्वर्ण्यसमन्वितः ।।३७।।
एवं कृते व्रते राजन् प्रववर्ष बलाहकः । जलेन प्लाविता भूमिरभवत् सस्यशालिनी ।।३८।।

तब ऋषिले भन्नुभयो-।। हे नृपति! यदि तिम्रो यस्तो विचार छ भने तब तिमी आषाढ महीनाको शुक्ल पक्षमा 'पद्मा' नामले प्रसिद्ध एकादशीको व्रत गर ।।३४।। यो एकादशी सारा सिद्धि दिने र सम्पूर्ण उपद्रव शान्त गर्ने हुनाले त्यस एकादशीको व्रतको प्रभावले अवश्यै सुवृष्टि हुनेछ ।।३५।। तसर्थ, हे राजन् ! सारा प्रजासहित र सारा परिजन-सहित भएर यस एकादशीको व्रत गर । ती मुनिको यस्तो वचन सुनेपछि राजा मान्धाता आफ्नू घरमा आए ।।३६।। अनि आषाढ महीना लागेपछि पद्मा एकादशीको व्रत चारै वर्णका सबै प्रजाहरूका र आफ्ना सारा कर-कुटुम्ब परिजनका साथ भएर गरे ।।३७।। हे राजन् ! युधिष्ठिर! त्यस्ता प्रकारले ती राजा मान्धाताले व्रत गरेपछि वर्षनासम्म पानी बर्स्यो। सारा भूमि जलामय भयो र धान आदि अन्नले सम्पन्न भयो ।।३८।।

हृषीकेशप्रसादेन जनाः सौख्यं प्रपेदिरे। एतस्मात् कारणादेव कर्तव्यं व्रतमुत्तमम् ॥३९॥
भुक्तिमुक्तिप्रदं चैव लोकानां सुखदायकम्। पठनाच्छ्रवणादस्याः सर्वपापैः प्रमुच्यते ॥४०॥
इयमेकादशी राजन् शयनीत्यभिधीयते। विष्णोः प्रसादसिद्ध्यर्थमस्यां च शयनव्रतम् ॥४१॥
कर्तव्यं राजशार्दूल जनैर्मोक्षेच्छुभिः सदा। चातुर्मास्यव्रताऽऽरंभोऽप्यस्यामेव विधीयते ॥४२॥

युधिष्ठिर उवाच– ॥

कथं कृष्ण प्रकर्तव्यं श्रीविष्णोः शयनव्रतम्। तद् ब्रूहि कृपया देव चातुर्मास्यव्रतानि च ॥४३॥

तब हृषीकेश भगवान्का कृपाले सारा जनता सुखी भए। यसै कारणले नै यो उत्तम व्रत गर्नुपर्छ ॥३९॥ भुक्ति र मुक्ति दिने, सारा लोकलाई सुखी गराउने, यसको पठन र श्रवणले मात्रै पनि व्रती मनुष्य सारा पापबाट छुट्तछ ॥४०॥ हे राजन्! यो एकादशी 'देवशयनी' नामले पनि प्रख्यात छ। भगवान्को प्रसन्नताको लागि यस एकादशीमा 'शयन व्रत' गर्नैपर्छ ॥४१॥ हे श्रेष्ठ राजा! मोक्ष चाहने जनहरूले प्रत्येक साल यो शयन व्रत गर्नुपर्छ। चतुर्मासा व्रतको आरम्भ पनि यसै एकादशीमा अर्थात् आजदेखि नै गर्न शुरू गरिन्छ ॥४२॥ अनि युधिष्ठिरले भने-॥ हे कृष्ण! श्री विष्णुको त्यो 'शयन व्रत' कसरी गर्नुपर्छ? हे भगवन् कृष्ण! कृपा गरेर त्यो चतुर्मासाको व्रतको बारेमा बताउनुहोस् ॥४३॥

श्रीकृष्ण उवाच–।।

शृणु पार्थ प्रवक्ष्यामि गोविन्दशयनव्रतम् । चातुर्मास्ये च यान्युक्तान्यासँस्तानि व्रतानि च ।।४४।।
कर्कराशिगते सूर्ये शुचौ शुक्ले तु पक्षके । एकादश्यां जगन्नाथं स्वापयेन्मधुसूदनम् ।।४५।।
तुलाराशिस्थिते तस्मिन् पुनरुत्थापयेद्धरिम् । अधिमासेऽपि पतिते एष एव विधिः क्रमात् ।।४६।।
नाऽन्यदा स्वापयेद्देवं तथैवोत्थापयेद्धरिम् । आषाढस्य सिते पक्षे एकादश्यामुपोषितः ।।४७।।
चातुर्मास्यव्रतानां तु कुर्वीत परिकल्पनम् । एवं च प्रतिमां विष्णोः स्थापयित्वा युधिष्ठिर ।।४८।।

श्रीकृष्णाले भन्नुभयो-।। हे पार्थ पृथापुत्र युधिष्ठिर! अब म गोविन्दशयन अर्थात् देवशयनी एकादशीको व्रतको बारेमा बताउँछु र चतुर्मासामा जो अरू-अरू व्रतहरू कहिएका छन् ती-ती व्रतहरूको बारेमा पनि बताउँछु, ध्यानसित सुन ।।४४।। कर्क राशिमा सूर्य गएपछि आषाढ शुक्लपक्षको एकादशीमा जगन्नाथ भगवान् मधुसूदनलाई सुताओस् ।।४५।। अनि सूर्य तुलाराशिमा गएपछि फेरि हरिलाई उठाओस् । बीचमा मलमास परे पनि क्रमैले यही विधि गर्नुपर्छ अर्थात् तुला राशिको सूर्यले भोगेको एकादशी हुनुपर्छ ।।४६।। अघिपछि हरिलाई यानि भगवान्लाई नसुताओस्, त्यस्तै न त उठाओस् नै । आषाढको शुक्लपक्षमा पर्ने एकादशीमा उपवास अर्थात् व्रत बसेर मात्रै अर्थात् हरिलाई सुताएर मात्रै हे युधिष्ठिर! ।।४७।। चतुर्मासामा पर्ने अरू व्रतहरूको परिकल्पना अर्थात् व्रत बस्ने विचार गर्नुपर्छ, यस्ता प्रकारले विष्णुको स्वर्णप्रतिमा स्थापना गरेर ।।४८।।

शुद्धेनाऽतिपवित्रेणाऽन्येनाऽस्पृशवारिणा । स्नापयेत् प्रतिमां विष्णोः शंखचक्रगदाधराम् ।।
पीतांबरधरां सौम्यां पर्यङ्के वै सिते शुभे । सितवस्त्रसमाच्छन्ने सोपधाने युधिष्ठिर ।।४९।।
इतिहासपुराणज्ञो ब्राह्मणो वेदपारगः । स्नापयित्वा दधिक्षीरघृतक्षौद्रसितादिभिः ।।५०।।
समालेप्य शुभैर्गन्धैर्धूपैर्दीपैश्च भूरिशः । पूजयेत् कुसुमैः शस्तैर्मन्त्रेणाऽनेन पाण्डव ।।५१।।
शायितस्त्वं हृषीकेश पूजयित्वा श्रिया सह । प्रसादं कुरु देवेश लक्ष्म्या सह जनार्दन ।।५२।।

शुद्ध, अतिपवित्र, अरूले नछोएको जलले स्नान गराउनुपर्छ र शंख-चक्र-गदा धारण गरेको अनि पीताम्बर वस्त्र पहिराएको अत्यन्त सुन्दर विष्णुको प्रतिमालाई हे युधिष्ठिर! सेतो वस्त्रले ढाकिएको, सेतै तकिया भएको सफा सेतो पलङ्गमा शयन गराउनुपर्छ ।।४९।। अनि इतिहास पुराणका ज्ञाता, वेदमा पारङ्गत ब्राह्मणले दही-दूध-घिउ-मह-मिश्री आदि मिलाएर बनाएको पञ्चामृतले स्नान गराएर अर्थात् त्यस्तो पञ्चामृत चढाएर ।।५०।। अनि सुगन्धित चन्दन लाइदिएर धूप-दीप-नैवेद्यहरूले र राम्रा सेता बास्ना आउने फूलहरूले हे पाण्डव! तलको यो मन्त्र पढ्दै बार-बार पूजा गर्नुपर्छ ।।५१।। हे हृषीकेश! तपाईं लक्ष्मीका साथ पूजा गरिएर शयन गराइनुभएको छ । हे जनार्दन, हे देवेश! तपाईं लक्ष्मीसमेत भएर मेरा उपर कृपा गर्नुहोस् अर्थात् प्रसन्न हुनुहोस् ।।५२।।

सुप्ते त्वयि जगन्नाथ जगत् सुप्तं चराऽचरम् । एवं तां प्रतिमां विष्णोः स्थापयित्वा युधिष्ठिर ।।५३।।
तस्या एवाऽग्रतः स्थित्वा गृह्णीयान्नियमान्नरः । चतुरो वार्षिकान् मासान् देवस्योत्थापनावधि ।।५४।।
प्रातःसन्ध्यादिकं सर्वं नित्यं कर्म समाप्य च । ग्रहीष्ये नियमाञ्छुद्धान् निर्विघ्नान् कुरु मे प्रभो ।।५५।।
इति संप्रार्थ्य देवेशं प्रह्वः संशुद्धमानसः । स्त्री वा नरो वा मद्भक्तो धर्मार्थं च धृतव्रतः ।।५६।।
गृह्णीयान्नियमानेतान् दन्तधावनपूर्वकम् । व्रतप्रारम्भकालस्तु प्रोक्तः पञ्चैव विष्णुना ।।५७।।

हे जगन्नाथ! तपाईं सुते छँदामा चर अचर सहितको सारा जगत् नै सुत्तछ । 'हे युधिष्ठिर! यस्ता प्रकारले त्यो माथि कहिएको जस्तै गरी विष्णुको प्रतिमा स्थापना गरेर ।।५३।। त्यसै प्रतिमाको अगाडि रहेर प्रत्येक वर्षको चार महीना अर्थात् हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशीसम्म मनुष्यले नियमपूर्वक चतुर्मासाको व्रत गर्ने गर्नुपर्दछ ।।५४।। दिनहुँ प्रातःकालमा गरिने सन्ध्या आदि नित्यकर्म गरिसकेर 'म शुद्ध नियमहरूलाई पालना गर्दछु, हे प्रभो! मेरा ती नियमहरूलाई निर्विघ्नतार्पूक पूरा गरिदिनुहोस् '।।५५।। यस्ता प्रकारले देवेश विष्णुको प्रार्थना गरेर विनयपूर्वकको शुद्ध मनको भएर, स्त्री होस् वा पुरुष मेरो भक्त धर्मका लागि मेरो व्रत गर्ने गरोस् ।।५६।। दतिवन गरेर यी नियमहरूलाई पालन गर्ने गर्नू । व्रत आरम्भ गर्ने समय विष्णु भगवान्ले पाँच प्रकारको कहनुभएको छ ।।५७।।

उपक्रमं चतुर्मासव्रतानां च नरः शुचौ । एकादशी द्वादशी च पूर्णिमा च तथाऽष्टमी ।।५८।।
कर्कटा चैव संक्रान्तिस्तासु कुर्याद्यथाविधि । चतुर्धा गृह्य वा चीर्णं चतुर्मास्यव्रतं नरः ।।५९।।
कार्तिकि शुक्लपक्षे तु द्वादश्यां तत् समापयेत् । तेषां फलानि वक्ष्यामि कर्तॄणां ये पृथक् पृथक् ।।६०।।
आषाढे शुक्लपक्षे तु एकादश्यामुपोषितः । चुतुर्मास्यव्रतं कुर्याद्यत्किञ्चिदवनीपते ।।६१।।
नाऽऽन्यथा चाऽब्दिकं पापं विनिहन्ति प्रयत्नतः । शैशवं चैव मौढ्यं च शुक्रगुर्वोर्न वार्धकम् ।।६२।।

मनुष्यले चतुर्मासाको व्रत थाल्ने समयको क्रम आषाढमा पर्ने एकादशी वा द्वादशी त्यस्तै अष्टमी ।।५८।। अनि कर्कट (साउने) संक्रान्ति यिनै दिनमा विधिपूर्वक थाल्नुपर्दछ अथवा एकादशी, द्वादशी, पूर्णिमा, अष्टमी यी तिथिमा मनुष्यले चतुर्मासाको व्रत थाल्नुपर्छ ।।५९।। र कार्तिकको शुक्लपक्षको द्वादशीमा त्यो व्रत समाप्त गर्नुपर्दछ । ती व्रत गर्नेहरूलाई जो फल मिल्दछन् , अब तिनलाई म छुट्टाछुट्टै कहन्छु , सुन ।।६०।। आषाढको शुक्लपक्षको एकादशीको व्रत बसेर हे राजन् ! चतुर्मासाको व्रत थाल्नुपर्दछ, नत्र ।।६१।। कुनै प्रकारको प्रयत्नले पनि त्यस वर्षभरिको पाप काटिँदैन। व्रत बस्नका लागि शुक्र वा गुरुको शिशुपन वा अस्तता बाधक हुँदैन ।।६२।।

सूर्यस्याऽखण्डखण्डत्वं मासेऽस्मिन्नस्ति वा न वा । खण्डत्वे चिन्तयेदादौ चातुर्मास्यविधौ नरः ॥
खण्डाङ्गव्यापि मार्त्तण्डा यद्यखण्डा भवेत् तिथिः । अशुचिर्वा शुचिर्वाऽपि यदि स्त्री यदि वा पुमान् ॥६३॥
व्रतमेकं नरः कृत्वा मुच्यते सर्वपातकैः । असंक्रान्तं तथा मासं दैवे पित्र्ये च कर्मणि ॥६४॥
मलरूपमशौचं च वर्जयेन्मतिमान्नरः । प्रतिवर्षं तु यः कुर्याद् व्रतं वै संस्मरन् हरिम् ॥६५॥
देहान्तेऽतिप्रदीप्तेन विमानेनाऽर्कतेजसा । मोदते विष्णुलोकेऽसौ यावदाभूतसंप्लवम् ॥६६॥

व्रत आरम्भ गर्दा यस महीनामा सूर्यको अखण्डत्व वा खण्डत्व छ कि छैन भन्ने पनि चतुर्मासाको व्रत गर्ने मनुष्यले पहिले खण्डत्वको बारेमा विचार्नुपर्दछ ॥ सूर्य खण्डाङ्गव्यापी अर्थात् मलमासीय छ भने पनि यदि तिथि अखण्ड छ भने, महीना अशुद्ध वा यदि शुद्ध होस् अनि व्रती स्त्री वा पुरुष होस् ॥६३॥ मनुष्य केवल व्रत गर्नाले सारा पापबाट मुक्त हुन्छ । संक्रान्ति नभएको महीना ता अर्थात् क्षयमास ता देवकर्म र पितृकर्ममा ॥६४॥ त्यस्तै अशुद्ध मलमास पनि बुद्धिमान् मनुष्यले त्याग्नुपर्दछ। उहाँ दुई सूर्यसंक्रान्तिको बीचमा औँसी नै नपरे त्यो चान्द्रक्षयमास हुन्छ र दुई सूर्यसंक्रान्तिको बीचमा दुई औँसी परे भने वल्लोऔँसी देखि चान्द्र मलमास हुन्छ भन्ने ठानेर प्रत्येक वर्ष जो जन हरिलाई सम्झदै चतुर्मासाको नियमपूर्वक व्रत गर्दछ ॥६५॥ त्यस्तो जन मरेपछि सूर्यको तेज जस्तो अत्यन्त प्रकाशमान चहकिलो विमानद्वारा विष्णुलोकमा गएर महाप्रलय नभएसम्म आनन्दपूर्वक निवास गर्न पाउँछ ॥६६॥

देवतायतने नित्यं मार्जनं जलसेचनम् । प्रलेपनं गोमयेन रङ्गवल्ल्यादिकं तथा ।।६७।।
यः करोति नरश्रेष्ठ चातुर्मास्यमतन्द्रितः । समाप्तौ च यथाशक्त्या कृत्वा ब्रह्मणभोजनम् ।।६८।।
सप्तजन्मसु राजेन्द्र सत्यधर्मपरो भवेत् । दध्ना क्षीरेण चाऽऽज्येन क्षौद्रेण सितया तथा ।।६९।।
स्नापयेद् विधिना देवं चातुर्मास्ये जनाधिप । स याति विष्णुसारूप्यं सुखमक्षय्यमश्नुते ।।७०।।
नृपेण भूमिर्दातव्या यथाशक्त्या च काञ्चनम् । विप्राय देवमुद्दिश्य सफलं च प्रदक्षिणम् ।।७१।।

जो जन चतुर्मासाभरि देउताको मन्दिरमा सधैं धोई पखाली गर्दछ, गाईको गोबरले लिपलाप पार्छ, तथा रङ्गवल्ली (रखी) आदि हाल्ने काम ।।६७।। हे नरश्रेष्ठ ! चतुर्मासाभरि जो जन अल्छी नमानीकन गर्छ र चतुर्मासा सकिएपछि सावगास अनुसार ब्राह्मण भोजन गराउँछ ।।६८।। त्यो जन हे राजेन्द्र ! सात जन्मसम्म सत्य धर्म गर्नमा नै तत्पर (लागिपरेको) रहनेछ ।। अनि दहीले, दूधले, घिउले, महले त्यस्तै चीनीले पनि ।।६९।। हे राजन् ! चतुर्मासाभरि भगवान् विष्णुलाई विधिपूर्वक जो स्नान गराउँछ, त्यो जनले विष्णुको समान रूप पाउँछ र कहिल्यै नसकिने सुख भोग्न पाउँछ ।।७०।। चतुर्मासामा भगवान्को उद्देश्य गरेर राजाहरूले वैदिक धर्मात्मा ब्रह्मणलाई भूमि दान दिनुपर्छ र शक्ति-अनुसार सुन दान गर्नुपर्दछ, फल हातमा लिएर भगवान्को प्रदक्षिणा गर्नुपर्दछ ।।७१।।

अक्षयाँल्लभते भोगान् स्वर्गे इन्द्र इवाऽपरः । लोकं च समवाप्नोति विष्णोरत्र न संशयः ।।७२।।
देवाय हैमपद्मं तु दद्यान्नैवेद्यसंयुतम् । गन्धपुष्पाक्षताद्यैर्यो देवब्राह्मणयोरपि ।।७३।।
पूजां यः कुरुते नित्यं चातुर्मास्ये व्रती नरः । अक्षयं सुखमाप्नोति पुरन्दरपुरं व्रजेत् ।।७४।।
यस्तु वै चतुरो मासाँस्तुलस्या हरिमर्चयेत् । तुलसीं काञ्चनीं कृत्वा ब्राह्मणाय निवेदयेत् ।।७५।।
काञ्चनेन विमानेन वैष्णवीं लभते गतिम् । देवाय गुग्गुलुं यो वै दीपं चाऽर्पयते नरः ।।७६।।

यस्तो जनले मानौं स्वर्गमा अर्को इन्द्र जस्तै भएर कहिल्यै नाश नहुने सुख-भोगहरू भोग्न पाउँछ र रहनलाई विष्णुको लोक प्राप्त गर्दछ, यस कुरामा कुनै सन्देह छैन ।।७२।। चतुर्मासामा भगवान् विष्णुलाई नाना प्रकारका नैवेद्यसहित सुनको खिलेको कमलपुरुष चढाउनुपर्छ र भगवान् र ब्राह्मण दुवैलाई चन्दन अक्षता फूल आदिले जो ।।७३।। व्रती मनुष्य चतुर्मासाभरि सधैं पूजा गर्ने गर्छ, त्यो मरेपछि इन्द्रलोकमा गएर अविनाशी सुख भोग्न पाउँछ ।।७४।। जो जन यी चार महीना चतुर्मासाभरि तुलसीले हरिको पूजा गर्दछ, अनि सुवर्णको तुलसीपत्र बनाएर ब्राह्मणलाई दान गर्दछ ।।७५।। त्यो जन मरेपछि सुनको विमानद्वारा विष्णुलोक गएर उहाँ वैष्णवी गति पाउँछ । अनि जो मनुष्य भगवानूलाई गुग्गुल (कुम्कुम) को धूप दीप अर्पण गर्दछ ।।७६।।

स भोगी जायते श्रीमाँस्तथा सौभाग्यवानपि । समाप्तौ धूपिकां दद्याद्दीपिकां च विशेषतः ॥७७॥
प्रदक्षिणां तु यः कुर्यान्नमस्कारं विशेषतः । अश्वत्थस्याऽथ वा विष्णोः कार्त्तिक्यामवधिर्भवेत् ॥७८॥
पादे पादान्तरे न्यस्य करौ कृत्वा तु संयुतौ । स्तुतिं वाचि हृदि ज्ञानं चतुरंगा प्रदक्षिणा ॥७९॥
संध्यादीपप्रदो यस्तु प्रांगणे द्विजदेवयोः । समाप्तौ दीपिकां दद्याद्वस्त्रं तैलं सकाञ्चनम् ॥८०॥
वायुमालभते यस्तु तेजस्वी स भवेदिह । वैमानिको भवेद्देवो गन्धर्वाप्सरसेवितः ॥८१॥

त्यो जन श्रीमान् अर्थात् ऐश्वर्यवान् तथा सौभाग्यवान् भाग्यमानी भएर अनेक सुखभोग भोग्न पाउने हुन्छ । समाप्तिमा धूप दिनुपर्छ र विशेष प्रकारको नीराजन दीप पनि अर्पण गर्नुपर्छ ॥७७॥ पीपलको अथवा भगवान् विष्णुको कार्तिकभरि नै पुष्पाञ्जलिपूर्वक प्रदक्षिणा गर्नुपर्छ र विशेष गरेर नमस्कार (ढोग) गर्नुपर्छ ॥७८॥ पाउको अन्तमा पाउ राखेर अर्थात् यौटा पाउको टुप्पोमा अर्को पाउको फेद राखेर यानि पाइला सारेर (१), अर्थात् हात जोडेर (२), स्तुति गरेर (३) तथा हृदयमा ध्यान गरेर (४), यसरी चार प्रकारको प्रदक्षिणा हुन्छ ॥७९॥ जो जन चतुर्मासाभरि ब्राह्मणको वा मन्दिरको आँगनमा साँझमा साँझको दीयो बाल्ने गर्छ, र समाप्तिमा वस्त्र, तेल र सुनसहित दीयो दान गर्छ र ॥८०॥ जो जन भगवान्लाई पंखा हम्कन्छ, त्यो जन यस लोकमा तेजस्वी हुन्छ र परलोकमा विमानमा बस्ने तथा गन्धर्व र अप्सराहरूले सेविएको द्यौता नै भैजान्छ ॥८१॥

विष्णुपादोदकं यस्तु पिबेत् कृच्छ्रात् स मुच्यते । विष्णोर्लोकमवाप्नोति न चाऽस्मिञ्जायते नरः ।।८२।।
शतमष्टोत्तरं यस्तु गायत्रीजपमाचरेत् । त्रिकालं वैष्णवे हर्म्ये न स पापेन लिप्यते ।।८३।।
अक्षसूत्रं पुस्तकं च धत्ते पद्मं कमण्डलुम् । चतुर्वक्त्रा तु गायत्री श्रोत्रियाणां मुखे स्थिता ।।८४।।
सर्वलोकमयी देवी गायत्री या त्रयीमयी । नित्या शास्त्रसमाख्याता लोकान् या तु प्रबोधयेत् ।।८५।।
व्यासस्तुष्यति तस्याऽऽशु विष्णुलोकं स गच्छति । अत्र चोद्यापनं शास्त्रपुस्तकं दानमेव च ।।८६।।

अनि जो जन चतुर्मासाभरि विष्णुको चरणोदक पिउँछ, त्यो जन कष्टबाट छुट्दछ र मरेपछि विष्णुलोक प्राप्त गर्दछ र फेरि त्यो जन यस संसारमा जन्मदैन ।।८२।। जो जन चतुर्मासाभरि विष्णुको मन्दिरमा बसेर तीनै काल अर्थात् प्रातः-मध्याह्न-साँझमा एक सय आठ-आठपल्ट गायत्रीको मन्त्र जप्ने गर्छ, त्यो जन कुनै पापले पनि छोइन्न ।।८३।। चतुर्मासाभरि जो जन जपमाला, पुस्तक, पद्म (कमल) र कमण्डलु धारण गरेर चार मुखवाली गायत्रीकन जप गर्ने वैदिक ब्राह्मणको मुखमा सधैं ती गायत्रीले वास गर्छिन् ।।८४।। किनकि जुन गायत्री देवीलाई सर्वलोकमयी, त्रयीमयी र नित्य छिन् भनेर सबै शास्त्रमा वर्णन गरिएकी ती गायत्री सारा लोकलाई बुद्धि प्रदान गर्दछिन् ।।८५।। जो जन चतुर्मासाभरि गायत्रीको मन्त्र जप्छ, त्यसका उपर तुरुन्तै व्यास प्रसन्न हुनुहुन्छ र अन्त्यमा त्यो जन सरासर विष्णुलोक जान्छ। चतुर्मासान्तमा यसको उद्यापन गर्दा तलको श्लोक पढ्दै शास्त्रीय पुस्तकहरूको दान पनि गर्नुपर्दछ ।।८६।।

सर्वविद्यासमं शान्तिकरणं ललिताऽक्षरम् । पुस्तकं सम्प्रयच्छामि प्रीता भवतु भारती ॥८७॥
पुराणं शृणुयान्नित्यं धर्मशास्त्रमथापि वा । पुण्यवान् धनवान् भोगी सत्यशौचपरायणः ॥८८॥
ज्ञानवाँल्लोकविख्यातो बहुशिष्यः सुधार्मिकः । काञ्चनेन युतं वस्त्रं पुस्तकं च निवेदयेत् ॥८९॥
नाममन्त्रव्रतपरः शंभोर्वा केशवस्य च । समाप्तौ प्रतिमां दद्यात् तस्य देवस्य काञ्चनीम् ॥९०॥
पञ्चवक्त्रो वृषारूढः प्रतिवक्त्रं त्रिलोचनः । कपालशूलखट्वाङ्गी चन्द्रमौलिः सदाशिवः ॥९१॥

समस्त विद्यासमान, मनमा शान्ति राख्ने, सुन्दर र सुनिरहूँ जस्ता अक्षरहरू भएको पुस्तक म दान गर्दछु, यस दानको प्रभावले भारती मेरा उपर प्रसन्न होऊन् ॥८७॥ चतुर्मासाभरि सधैं पुराण वा धर्मशास्त्र सुन्ने गर्नुपर्दछ । यस कामले पुण्यवान् भएको मनुष्य धनी, सुखभोगी तथा सधैं साँचो बोलेर शुद्ध पवित्र रहने हुन्छ ॥८८॥ अनि धेरै कुरो जान्ने, लोकमा प्रसिद्ध, धेरै शिष्यसमूहले युक्त भएको अत्यन्त धर्मात्मा हुन्छ । चतुर्मासाको अन्तमा शास्त्र पुराण सुनाउनेलाई पीताम्बरको बासामा बेरेर सुन सहित पारेर पुस्तकको दान पनि गर्नुपर्छ ॥८९॥ या चतुर्मासाभरि शिवको या विष्णुको कीर्तन अथवा व्रत गर्ने गर्नुपर्छ र समाप्तिमा ती ती देवताको स्वर्णप्रतिमा दान गर्नुपर्दछ ॥९०॥ शिवको प्रतिमा बनाउँदा पाँचोटा टाउका (मुख) भएको, साँढेमाथि चढेको, प्रत्येक टाउकामा तीन-तीन आँखा भएको, खोपड़ी (भिक्षापात्र), त्रिशूल, खट्वाङ्ग नामको बञ्चरो लिएको, जटामा आधा चन्द्रमा रहेको बनाउनुपर्छ र ब्राह्मणलाई दान दिनुपर्छ र प्रार्थना गर्दा- ॥९१॥

त्वया सुराणाममृतं विहाय
हलाहलं संहृतमेव यस्मात् ।
तथाऽसुराणां त्रिपुरं च दग्ध-
मेकेषुणा लोकहितार्थमीश ।।९२।।
त्वद्रूपदाता बहुपुण्यवाँश्च
दोषैर्विमुक्तश्च गुणालयोऽहम् ।
तथा कुरु त्वं शरणं प्रपद्ये
मम प्रभो देववर प्रसीद ।।९३।।

'हे ईश ! हे शिवजी! जसरी तपाईंले देवताहरूका लागि अमृत छोडेर, आफूले हलाहल विष लिइबक्स्यो अर्थात् पिइबक्स्यो । अनि त्यसै गरी लोकको कल्याणका लागि एकै वाणले दानवहरूका त्रिपुरलाई डढाइबक्स्यो ।।९२।। हे देवताहरूका पनि देवता ! तपाईंको रूप दान गरेर म धेरै पुण्यवान् भएको छु, सारा पापरूपी दोषबाट मुक्त भएको छु र गुणको खानि बनेको छु । त्यसकारण, तपाईं मलाई शरण दिनुहोस् , हे प्रभु ! मेरा उपर प्रसन्न हुनुहोस्' ।।९३।।

कृतनित्यक्रियो भूत्वा सूर्यायाऽर्घ्यं निवेदयेत् । सूर्यमण्डलमध्यस्थं देवं ध्यात्वा जनार्दनम् ॥१४॥
समाप्तौ काञ्चनं दद्याद्रक्तवस्त्रं च गां तथा । आरोग्यं पूर्णमायुश्च कीर्तिर्लक्ष्मीर्बलं भवेत् ॥१५॥
तिलहोमं तु यः कुर्याच्चातुर्मास्ये दिने दिने । भक्त्या व्याहृतिभिर्मन्त्रैर्गायत्र्या वा व्रताऽन्वितः ॥१६॥
अष्टोत्तरशतं चाऽथ अष्टविंशतिरेव वा । तिलपात्रं समाप्तौ तु दद्याद्विप्राय धीमते ॥१७॥
वाङ्मनःकायजनितैः पापैर्मुच्येत संचितैः । न रोगैरभिभूयेत लभेत् संततिमुत्तमाम् ॥१८॥

पूजार्दि नित्य क्रिया सकेर जनार्दन भगवान्लाई सूर्यमण्डलको बीचमा रहेको सम्झी सूर्यलाई अर्घ्य निवेदन गर्नू अर्थात् अर्घ्य दिनू ॥१४॥ चतुर्मासाको अन्तमा व्रत समाप्त भएपछि ब्राह्मणलाई सुन-रातोवस्त्र, गाई दान दिनू । यसो गर्नाले गर्नेको आरोग्य, पूर्ण आयु, कीर्ति, धन, बल बढ्छ ॥१५॥ जो जन चतुर्मासाभरि नियममा रहेर व्याहृतिसहितको या व्याहृति-रहितको गायत्रीको मन्त्रले दिन-दिनै भक्तिपूर्वक तिल होम गर्दछ र ॥१६॥ व्रत सकिएपछि एक सय आठ ओटा अथवा अट्ठाइसैवटा भए पनि तिल भरिएका पात्र विद्वान् ब्राह्मणलाई दान देओस् ता ॥१७॥ त्यसो गर्ने व्यक्ति आफ्नू वाणी-मन-शरीरले गरिएका समस्त सञ्चित पापहरूबाट छुट्तछ । उसलाई रोगहरूले पिरोल्दैन र उत्तम सन्तान लाभ गर्दछ यानि प्राप्त गर्छ । दान गरेपछि हात जोडेर प्रार्थना गर्नू ॥१८॥

देवदेव जगन्नाथ वाञ्छितार्थफलप्रद । तिलपात्रं प्रदास्यामि तेन पापं व्यपोहतु ॥९९॥
अन्नहोमं तु यः कुर्याच्चातुर्मास्यमतन्द्रितः । समाप्तौ घृतकुम्भं तु वस्त्रकाञ्चनसंयुतम् ॥१००॥
आरोग्यं कान्तिमतुलां पुत्रसौभाग्यसम्पदः । शत्रुक्षयं च लभते ब्रह्मणः प्रतिमो भवेत् ॥१०१॥
अश्वत्थसेवां यः कुर्यात् सर्वपापैः प्रमुच्यते । विष्णुभक्तो भवेत् पश्चादन्ते वस्त्रं प्रदापयेत् ॥१०२॥
सकाञ्चनं ब्राह्मणाय न वै रोगान् स विन्दते । तुलसीं धारयेद्यस्तु विष्णुप्रीतिकरीं शुभाम् ॥१०३॥

हे देवदेव! चाहेको वस्तु फल दिनेवाला हे जगन्नाथ ! म तिलपूर्ण पात्र दान गर्दछु, त्यस पुण्यले मेरो पाप नष्ट होओस् ॥९९॥ जो जन चतुर्मासाभरि आलस्य-रहित भएर अन्नको होम हाल्छ, उसले समाप्तिमा वस्त्र र सुनसहितको घृतकुम्भ (घिउभरिएको घडा) दान गर्नुपर्दछ ॥१००॥ यस पुण्यले सधैं निरोग रहन्छ, चेहडा अत्यन्त चहकिलो हुन्छ र सन्तान-सौभाग्य र सम्पत्ति-सम्पन्न हुन्छ, उसका कोही शत्रु भए स्वतः नाशिन्छन् र त्यो व्रती तब ब्रह्माको समान पूज्य हुन्छ ॥१०१॥ जो जन चतुर्मासाभरि पीपलको सेवा गर्दछ, त्यो सारा पापबाट मुक्त हुन्छ र त्यसपछि त्यो विष्णुको परम भक्त बन्छ अनि व्रतको समाप्तिमा ॥१०२॥ ब्राह्मणलाई सुनको प्रतिमा-सहित वस्त्र दान गर्नुपर्छ । जो जन यस प्रकारको नियम गर्छ, त्यसले जीवनमा रोग कस्तो हुन्छ, जान्दैन । जो जन विष्णुलाई अत्यन्त पिय लाग्ने कल्याणकारी तुलसीको पात वा माला चतुर्मासाभरि धारण गरिराख्छ ॥१०३॥

विष्णुलोकमवाप्नोति सर्वपापैः प्रमुच्यते । ब्राह्मणान् भोजयेत् पश्चाद्विष्णुमुद्दिश्य पाण्डव ॥१०४॥
यस्तु सुप्ते हृषीकेशे दूर्वाममृतसम्भवाम् । सदा प्रातर्वहेन्मूर्ध्नि शुद्धात्मा च ऋतुद्वये ॥१०५॥
मन्त्रेणाऽनेन राजेन्द्र लक्ष्मीनाथस्य तुष्टये । त्वं दूर्वेऽमृतजन्माऽसि वन्दिताऽसि सुरासुरैः ॥१०६॥
सौभाग्यं सन्ततिं दत्त्वा सद्यः कार्यकरी भव । व्रतान्ते च कुरुश्रेष्ठ दूर्वां स्वर्णविनिर्मिताम् ॥१०७॥
साग्रां सर्वदलोपेतां सवस्त्रां द्विजपुङ्गवे । दद्याद्दक्षिणया सार्द्धं मन्त्रेणाऽनेन सुव्रत ॥१०८॥

त्यो जन सारा पापहरूबाट छुट्छ र, मरेपछि पनि विष्णुको लोकमा वास पाउँछ। हे युधिष्ठिर ! चतुर्मासाका अन्तमा विष्णुलाई खुशी राख्नको लागि ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ ॥१०४॥ हे राजेन्द्र! दुई ऋतु अर्थात् हृषीकेश हरि सुत्नुभएको चार महीना चतुर्मासामा अमृतबाट उत्पन्न भएको दूर्वाकन लक्ष्मीका नाथको प्रसन्नताका लागि 'हे दूर्वे ! तिमी अमृतबाट उत्पन्न भएकी हौ, सुर असुर अर्थात् धौता दानव सबैले पूजिएकी छौ, मलाई सौभाग्य र सन्तान दिएर तुरुन्तै आफ्नू सफल काम गर्नेवाला होऊ' भन्ने यस मन्त्रले जो शुद्ध आत्मा भएको जन सधैं बिहान-बिहान आफ्नू शिरमा धारण गर्दछ र हे कुरुश्रेष्ठ युधिष्ठिर! व्रत समाप्त भएपछि सुनैसुनले बनाएको टुप्पो फेद सबै पात-सहितको सिङ्गो दूबोकन ॥१०५-१०७॥ हे संयमी युधिष्ठिर! दक्षिणासहितको नयाँ वस्त्र-सहित सम्पन्न पारेर श्रेष्ठ ब्राह्मणलाई ॥१०८॥

यथा शाखाप्रशाखाभिर्विस्तृताऽसि महीतले । तथा ममाऽपि सन्तानं देहि त्वमजरामरम् ॥१०९॥
एवं व्रतं यः कुरुते चातुर्मास्यमतन्द्रितः । न च दुःखभयं तस्य न च रोगभयं भवेत् ॥११०॥
नाऽशुभं प्राप्नुयाज्जातु पापेभ्यः प्रविमुच्यते । भुक्त्वा तु सकलान् भोगान् स्वर्गलोके महीयते ॥१११॥
गीतं तु देवदेवस्य केशवस्य शिवस्य वा । करोति नित्यमाप्नोति नरो जागरणे फलम् ॥११२॥
व्रतान्ते च व्रती दद्याद् घण्टां देवाय सुस्वराम् । गुरोरवज्ञया यच्चाऽनध्यायेऽध्ययनं कृतम् ॥११३॥

"जसरी तिमी आफ्ना शाखा-प्रशाखा (हाँगा-बिगा) ले पृथ्वीतलमा चारैतिर फैलिएकी छौ, त्यसै गरी मलाई पनि सधैं अजर-अमर रहेर फैलिरहने सन्तान दरसन्तान तिमी देऊ" भन्दै दान दिनुपर्छ ॥१०९॥ जो जन अल्छी नगरीकन चतुर्मासामा यस्तो व्रत गर्ने गर्छ, उसलाई न त कहिल्यै दुःख हुने डर रहन्छ, न त कहिल्यै रोग लाग्ने नै डर रहन्छ ॥११०॥ कहिल्यै त्यस्तो जनलाई अशुभ हुँदैन र त्यो जन उसका सारा पापबाट मुक्त हुन्छ । त्यस्तै यस लोकमा सारा सुख-भोग भोगेर अन्तमा स्वर्गलोकमा आनन्द लिन्छ ॥१११॥ जो जन चतुर्मासाभरि देवताका देवता केशव भगवान् हरिको अथवा शिव भगवान्को सधैं कीर्तन गरिरहन्छ, त्यस्तो जनले चतुर्मासाभरि जागरण गरेको फल पाउँछ ॥११२॥ उस व्रतीले व्रत सकिएपछि राम्रो बज्ने घण्ट भगवान्लाई चढाउनुपर्छ र प्रार्थना गर्दा, हे प्रभो ! मैले गुरुको आज्ञा नमानेर अनध्यायमा जो अध्ययन गरेको छु ॥११३॥

सरस्वति जगन्नाथे जगज्जाड्यापहारिणि । साक्षाद् ब्रह्मकलत्रं च विष्णुरुद्रादिभिःस्तुते ॥११४॥
तन्ममाऽध्ययनोत्पन्नं जाड्यं हर वरानने । घण्टानादेन तुष्टा त्वं ब्रह्माणी लोकपावनी ॥११५॥
विप्रपादविनिर्मुक्तं तोयं यः प्रत्यहं पिबेत् । चातुर्मास्ये नरो भक्त्या मद्रूपं ब्राह्मणं स्मरन् ॥११६॥
मनोवाक्कायजनितैर्मुक्तो भवति किल्बिषैः । व्याधिभिर्नाभिभूयेत श्रीरायुस्तस्य वर्द्धते ॥११७॥
समाप्तौ गोयुगं दद्याद्गामेकां वा पयस्विनीम् । तत्राऽप्यशक्तौ राजेन्द्र दद्याद्वासोयुगं व्रती ॥११८॥

हे सरस्वति! हे जगत्की स्वामिनी! हे जगत्को जडता हटाउनेवाली! विष्णु रुद्र आदिले पनि सधैं स्तुति गरिने तिमी साक्षात् ब्रह्माजीकी स्त्री हौ ॥११४॥ त्यसकरण, 'हे वरानने ! अनध्यायमा अध्ययन गरेको पापले उत्पन्न भएको मेरो मूर्खतालाई नाश गरिदिनोस्, वाणी भएर सारा लोकलाई नै पवित्र पार्ने तपाई यस घण्टाको ध्वनिले प्रसन्न हुनुहोस्' भन्नुपर्छ ॥११५॥ जो मनुष्य चतुर्मासाभरि भक्तिपूर्वक ब्राह्मणलाई मेरै रूपको संझदै बाहुनको पादप्रक्षालन गरेका चरणोदक दिनहुँ पिउँछ ॥११६॥ त्यो जन आफ्नो मन वचन शरीरले गरेका पापहरूदेखि मुक्त हुन्छ। त्यस्तो जन कहिल्यै पनि रोग-व्याधिले दुःख पाउँदैन र उसको धन र आयु पनि बढ्दछ ॥११७॥ व्रत सकिएपछि वैदिक ब्राह्मणलाई एक जोडा गाई दान दिनुपर्छ अथवा एउटै दुहुनी गाई दान गरे पनि हुन्छ । हे राजेन्द्र! त्यो पनि नसके त्यस्ता व्रतीले एक जोडा नयाँ वस्त्र नै दान गरे पनि हुन्छ ॥११८॥

ब्राह्मणं वन्दते यस्तु सर्वदेवमयं स्मृतम् । कृतकृत्यो भवेत् सद्यः सर्वपापैः प्रमुच्यते ।।११९।।
अक्षय्यं सुखमाप्नोति पितृभक्तिपरो नरः । समाप्तौ भोजयेद्विप्रानायुर्वित्तं च विन्दति ।।१२०।।
सन्ध्यां प्रातर्नरः कृत्वा समाप्तौ घृतकुम्भदः । वस्त्रयुग्मं तिलान् घण्टां ब्राह्मणाय निवेदयेत् ।।१२१।।
सारस्वतं याति तत्त्वं विद्यावाँस्तु भवेदिति । संस्पृशेत् कपिलां यो वै नित्यं स च भवेद्धनी ।।१२२।।
तामेवाऽलंकृतां दद्यात् सर्वां भूमिमथापि वा । सार्वभौमो भवेद्राजा दीर्घायुश्च प्रतापवान् ।।१२३।।

जो जन चतुर्मासाभरि दिनहुँ "सारा द्यौताहरू समान मानिएको" ब्राह्मणलाई ढोग्ने गर्छ, त्यो जन सधैं कृतकृत्य (सबै कुराले टन्न) हुन्छ र तुरुन्तै सारा पापबाट छुट्दछ र ।।११९।। अक्षय (नसकिने) सुख पाउँछ तथा त्यस्तो जन अत्यन्तै पितृभक्त पनि हुन्छ । व्रत सकिएपछि ब्राह्मणहरूलाई भोजन गराओस् त उसको आयु र धन दुवै बढ्छ ।।१२०।। जो पुरुष चतुर्मासाभरि साँझ बिहान सन्ध्या (गायत्री- जप) गर्दछ र व्रतसमाप्तिमा घिउ भरिएको घडा दान गर्दछ र जोडा वस्त्र, प्रशस्त तिल, घण्ट ब्राह्मणलाई चढाउँछ ।।१२१।। त्यस्तो जन सरस्वतीको तत्त्व जान्दछ र अत्यन्त ठूलो विद्वान् पनि हुन्छ भन्ने कहिएको छ ।। जो जन चतुर्मासाभरि कैली गाईलाई छोएर सधैं ढोग्छ, त्यो जन असाध्यै धनी हुन्छ ।।१२२।। यदि त्यही गाईलाई सिंगारपटार पारेर व्रतको समाप्तिमा दान देओस् अथवा भूमि दान देओस् ता त्यस्तो जन प्रतापी तथा दीर्घायु भएर पछि सार्वभौम (ठूलो) राजा समेत हुनेछ ।।१२३।।

दानशीलः सदारम्भः सर्वसंकटवर्जितः । रूपवान् भाग्यसम्पन्नो लभते सुखमक्षयम् ।।१२४।।
स वसेदिन्द्रवत् स्वर्गे वत्सरान् रोमसंमितान् । नमस्करोति यः सूर्यं गणेशं वाऽपि नित्यशः ।।१२५।।
आयुरारोग्यमैश्वर्यं लभते कान्तिमुत्तमाम् । विघ्नराजप्रसादेन प्राप्नुयादीप्सितं फलम् ।।१२६।।
सर्वत्र विजयं चैव नाऽत्र कार्या विचारणा । रविः कार्यः सुवर्णस्य सिन्दूराऽरुणसन्निभः ।।१२७।।
निवेदयेद् ब्राह्मणाय सर्वकामार्थसिद्धये । उरसा शिरसा दृष्ट्या मनसा वचसा तथा ।।१२८।।

जो जन चतुर्मासाभरि क्यै न क्यै दान गरिरहन्छ भने, त्यस्तो जन सारा संकटबाट मुक्त हुन्छ । राम्रो हुन्छ, भाग्यमानी हुन्छ र अविनाशी सुख पाउँछ र ।।१२४।। त्यो जन पछि, अहिले आफ्नू शरीरमा जति रौं छन् , त्यति वर्षसम्म स्वर्गमा इन्द्र जस्तै भएर वस्न पाउँछ ।। अनि जो जन चतुर्मासाभरि सूर्यलाई अथवा गणेशलाई भक्तिपूर्वक सधैं नमस्कार गर्दछ ।।१२५।। उसको आयु, आरोग्य र ऐश्वर्य अनि शरीरमा उत्तम कान्ति (चहकिलोपन) लाभ हुन्छ र विघ्नराज गणेशका कृपाले उसले चिताएको फल (काम) पनि सिद्ध हुन्छ ।।१२६।। जुन काममा पनि अवश्य विजय लाभ हुन्छ, यसमा कुनै संशय छैन। अथवा सिन्दूरको रङ्ग जस्तो रङ्ग भएको रातो मूर्तिको सुनको सूर्य बनाएर ।।१२७।। समस्त कामना सिद्धिका लागि ब्राह्मणलाई दान देओस् । अथवा सूर्यलाई छाती, शिर, आँखा, मन, वचन तथा ।।१२८।।

पद्भ्यां कराभ्यां जानुभ्यां प्रणामोऽष्टाङ्ग उच्यते । अष्टाङ्गसहितं भूमौ नमस्कारेण योऽर्चयेत् ।।१२९।।
स यां गतिमवाप्नोति न तां क्रतुशतैरपि । यस्तु रौप्यं शिवप्रीत्यै दद्याद्वर्षात्रिऋतुत्रये ।।१३०।।
ताम्रं वा प्रत्यहं दद्यात् स्वशक्त्या शिवतुष्टये । सुरूपाँल्लभते पुत्रान् रुद्रभक्तिपरायणान् ।।१३१।।
समाप्तौ मधुपूर्णं तु पात्रं राजतमुत्तमम् । प्रदद्यात् ताम्रदानेन ताम्रपात्रं गुडाऽन्वितम् ।।१३२।।
ताम्रं पुष्टिकरं सर्वदेवप्रियकरं शुभम् । सर्वरक्षाकरं नित्यमतः शान्तिं प्रयच्छ मे ।।१३३।।

पाउ, हात, घुँडा यी सबैलाई लम्पसार पारेर गरिने दण्डवत्‌लाई अष्टाङ्ग दण्डवत् भन्दछन् । यस्तो भूमिमा लम्पसार भएर गरिने अष्टाङ्ग-सहितको नमस्कारले दिनहुँ बिहान-बिहान एक सय आठपल्ट जो सूर्यलाई पुज्दछ ।।१२९।। यस्तो पूजा गर्ने व्यक्तिले जुन गति पाउँछ, त्यस्तो गति ता एक सय यज्ञ गर्नेले पनि पाउन सक्तैन ।। अथवा जो जन तीनोटा वर्षा ऋतुका चतुर्मासामा शिवलाई प्रसन्न पार्न चाँदीको ।।१३०।। अथवा तामाको दान शिवलाई खुशी गराउन रोजै दान दिने गर्छ, उसले शिवभक्तिमा परायण रहने राम्रा राम्रा छोराहरू पाउँछ ।।१३१।। व्रतसमाप्तिमा चाँदी दान गर्नेले चाँदीको उत्तम भाँडोमा एक माना मह भरेर रजतपात्र र तामा दान गर्नेले दुई माना सक्खर भरिएको ताम्रपात्र दान गर्नुपर्दछ र ।।१३२।। दानको प्रार्थनामा 'तामो अत्यन्त पुष्टिकर, सबै देवताहरूलाई प्रिय लाग्ने, अत्यन्त कल्याणकारी अनि सधैं सबैको रक्षा गर्ने कहिएको छ, यसकारण, मलाई पनि शान्ति प्रदान गर्नुहोस्' भन्नू ।।१३३।।

यस्तु सुप्ते हृषीकेशे स्वर्णदानं स्वशक्तितः । वस्त्रयुग्मं तिलैः सार्द्धं दत्त्वा दोषैः प्रमुच्यते ।।१३४।।
इह भुक्त्वा महाभोगानन्ते शिवपुरं व्रजेत् । सुवर्णं रजतं ताम्रं नित्यदानं च धान्यकम् ।।१३५।।
नित्यश्राद्धं देवपूजा सर्वमेतत् सदक्षिणम् । वस्त्रदानं तु यः कुर्याच्चातुर्मास्ये द्विजातये ।।१३६।।
अभ्यर्च्य गन्धपुष्पाद्यैः स विष्णुः प्रीयतामिति । शय्यां दद्यात् समाप्तौ तु वासः काञ्चनपट्टिकाम् ।।१३७।।
अक्षय्यं सुखमाप्नोति धनं च धनदोपमम् । यो गोपीचन्दनं दद्यान्नित्यं वर्षासु मानवः ।।१३८।।

अथवा जो जन हृषीकेश सुतेको समय चतुर्मासामा आफ्नू सावगास अनुसार जोडा वस्त्र र एक माना तिलका साथ रोजै सुन दान गर्ने गर्छ, त्यो जन सबै प्रकारका पापहरूबाट छुट्तछ ।।१३४।। यस्तो जनले यस लोकमा ठूला-ठूला सुखभोग भोगेर अन्तमा ती शिवलोकमा बस्न जान्छन् ।। अथवा जो जन चतुर्मासाभरि सुन वा चाँदी वा तामा वा अन्न नित्य दान गर्छ, ।।१३५।। जो नित्य श्राद्ध गर्छ, जो नित्यै कुनै न कुनै देवताको पूजा सबै दक्षिणासहित गर्छ उसले अन्तमा अनन्त सुख पाउँछ ।। अथवा चतुर्मासाभरि जो जन चन्दन अक्षता फूल आदिले पूजा गरेर 'ॐ विष्णुः प्रीयतम्= ती विष्णु प्रसन्न रहून्' भनेर ब्राह्मणलाई वस्त्र दान गर्छ र व्रतको समाप्तिमा वस्त्र, सुनको पातो-सहित शय्या दान गर्छ ।।१३६-१३७।। त्यस्तो जन अविनाशी सुख पाउँछ र उसले कुबेरको समान धन पाउँछ ।। अथवा जो मनुष्य वर्षका चतुर्मासामा सधैं जस्तै गोपीचन्दन दान गर्दछ ।।१३८।।

श्रीपतिस्तस्य सन्तुष्टो भुक्तिं मुक्तिं ददाति च । यद्वै देवाङ्गसंलग्नं कुंकुमादिविलेपनम् ।।१३९।।
जलक्रीडासु गोपीनां द्वारवत्या मृदान्वितम् । गोपीचन्दनमित्युक्तं मुनीन्द्रैः किल्बिषाऽपहम् ।।१४०।।
तस्माद्देयं प्रयत्नेन विष्णुर्दिशति वाञ्छितम् । समाप्तावपि तद्दद्यात् तुलापरिमितं शुभम् ।।१४१।।
तदर्धं वा तदर्धं वा सवस्त्रं च सदक्षिणम् । यस्तु सुप्ते हृषीकेशे प्रत्यहं तु व्रताऽन्वितः ।।१४२।।
दद्याद्दक्षिणया सार्द्धं शर्करामपि वा गुडम् । अमृतस्य कला प्रोक्ता इक्षुसारज-शर्करा ।।१४३।।

त्यसका ऊपर श्रीपति भगवान् सन्तुष्ट भएर भुक्ति पनि मुक्ति पनि दिनुहुन्छ । देवताहरूको अंगमा लागेको जो कुङ्कुमादि विलेपन हो, त्यो र ।।१३९।। गोपिनीहरूको जलक्रीडामा पखालिएर गिरेको चन्दन मिलेको द्वारावतीको माटो नै गोपीचन्दन हो, जसलाई ठूला-ठूला मुनिहरूले सम्पूर्ण पाप नाश गर्दछ भनी भन्नु-भएको छ ।।१४०।। यसकारण, हर तरहले गोपीचन्दन दान गर्नैपर्छ । जो दान गर्दछ उसलाई भगवान् विष्णुले चाहेको फल दिनुहुन्छ ।। व्रतको समाप्तिमा एक तोला त्यो कल्याणकारी गोपीचन्दन ।।१४१।। अथवा त्यसको आधा वा आधाको पनि आधा गोपीचन्दन वस्त्र र दक्षिणा सहित दान गर्नुपर्छ ।। अथवा जो जन हृषीकेश भगवान् सुत्नुभएको चतुर्मासामा दिनहुँ नियमपूर्वक रहेर ।।१४२।। दक्षिणाका साथ चीनी अथवा सक्खरै भए पनि दान गर्ने गर्नुपर्छ । ऊखुको रसबाट बनेको चीनीलाई अमृतको कला (अंश) नै भनिन्छ ।।१४३।।

तस्या दानेन सन्तुष्टो भानुर्दिशति वाञ्छितम् । एवं व्रतं तु सम्पूर्णे कुर्यादुद्यापनं बुधः ॥१४४॥
कारयेत् ताम्रपात्राणि प्रत्येकं तु पलाष्टकम् । वित्तशाठ्यमकुर्वाणो यद्वा पलचतुष्टयम् ॥१४५॥
अष्टौ चत्वार्यथैकैकं प्रत्येकं च सशर्करम् । दक्षिणाफलवस्त्रेण प्रत्येकं वेष्टितानि च ॥१४६॥
सहधान्यानि विप्रेभ्यः श्रद्धया प्रतिपादयेत् । ताम्रपात्रं सवस्त्रं च शर्कराहेमसंयुतम् ॥१४७॥
सूर्यप्रीतिकरं यस्माद्रोगघ्नं पापनाशनम् । पुष्टिदं कीर्त्तिदं नृणां नित्यं सन्तानकारकम् ॥१४८॥

त्यस्तो त्यो चीनीको दानले सन्तुष्ट हुनुभएको सूर्य भगवान् उस दातालाई वाञ्छित फल दिनुहुन्छ । यस्ता प्रकारले गुड दान गर्ने व्रत सकिएपछि बुद्धिमान् व्रतीले व्रतको उद्यापन गर्नुपर्छ ॥१४४॥ उद्यापनका लागि तामाका पात्र (भाँडा) बनवाउनुपर्छ, धनको लोभ नगरी प्रत्येक पात्र आठ-आठ पला (बिसौली) को हुनुपर्छ, नसके चार-चार पलाको भए पनि हुन्छ ॥१४५॥ त्यस्ता सके आठोटा, नसके चारोटा, त्यो पनि नसके यौटै भए पनि बनाउनैपर्छ । प्रत्येक पात्रमा चीनी दक्षिणा फल भरेर प्रत्येक पात्रलाई वस्त्रले बेर्नुपर्छ र ॥१४६॥ पाथी-पाथी धानका साथ श्रद्धापूर्वक ब्राह्मणलाई दान दिनुपर्छ र दानको अन्त्यमा प्रार्थना गर्दा "यसरी वस्त्र चीनी सुन धान सहित दान गरिएको ताम्रपात्रको दानले ॥१४७॥ सूर्यनारायणलाई प्रसन्न पार्छ, रोग नाश हुन्छ, समस्त पाप नाश हुन्छ, शरीरमा पुष्टि दिन्छ, जगत्मा कीर्ति बढाउँछ र त्यस्ता दाता मनुष्यहरूलाई सदा सन्तान पुत्र पौत्रादि दिन्छ ॥१४८॥

सर्वकामप्रदं स्वर्ग्यमायुर्वर्द्धनमुत्तमम् । तस्मादस्य प्रदानेन कीर्तिरस्तु सदा मम ।।१४९।।
एवं व्रतं तु यः कुर्यात् तस्य पुण्यफलं शृणु । गन्धर्वविद्यासंपन्नः सर्वयोषित्प्रियो भवेत् ।।१५०।।
राजाऽपि लभते राज्यं पुत्रार्थी लभते सुतान् । अर्थार्थी प्राप्नुयादर्थं निष्कामो मोक्षमाप्नुयात् ।।१५१।।
यस्तु वै चतुरो मासाञ्छाकमूलफलादिकम् । नित्यं ददाति विप्रेभ्यः शक्त्या यत् सम्भवैर्द्विजः ।।१५२।।
व्रताऽन्ते वस्त्रयुग्मं च शक्त्या दद्यात् सदक्षिणम् । सुखीभूत्वा चिरं कालं राजयोगी भवेन्नरः ।।१५३।।

सबै प्रकारको इच्छा पुऱ्याउँछ, स्वर्ग दिलाउँछ, उत्तम आयु बढाउँछ, त्यसकारण, हे भगवन् ! मलाई पनि यसको दानले सधैं कीर्ति प्राप्त होस्' भन्नुपर्छ ।।१४९।। यस्ता प्रकारले जो जन व्रत गर्दछ अब त्यस व्रतको पुण्यफल सुन । त्यस्तो जन गन्धर्वविद्या (गानविद्या) मा निपुण हुन्छ र सारा स्त्रीहरूको प्रिय हुन्छ ।।१५०।। राजा भए उसले राज्य पाउँछ, पुत्रको इच्छुक भए छोराहरू प्राप्त गर्छ, धनको इच्छा गर्ने भए धन पाउँछ र कामना-रहितको भए मोक्ष पाउँछ ।।१५१।। अथवा जो ब्राह्मण चतुर्मासाभरि साग-पात, कन्द-मूल, फल-फूल आदि शक्ति अनुसार जो सम्भव हुन्छ, सधैं ब्राह्मणहरूलाई दान दिन्छ र ।।१५२।। व्रतको अन्तमा सावगास अनुसार दक्षिणा-सहित एक जोडा वस्त्र दान गर्छ त त्यस्तो ब्राह्मण जन यस लोकमा धेरै समयसम्म सुखी रहेर अन्तमा राजयोगी हुन्छ ।।१५३।।

सर्वदेवप्रियं यस्माच्छाकं तृप्तिकरं नृणाम् । देवर्षिप्रीतिदं कन्दमूलपत्रसपुष्पकम् ॥१५४॥
ददामि तेन देवाद्याः सदा कुर्वन्तु मंगलम् । यस्तु सुप्ते हृषीकेशे प्रत्यहं तु ऋतुद्वये ॥१५५॥
दद्यात् कटुत्रयं मर्त्यो गृहपर्याप्तमादरात् । ब्राह्मणाय सुशीलाय दिनेशप्रीतयेऽनघ ॥१५६॥
दक्षिणासहितं चाऽन्ते मन्त्रेणाऽनेन सुव्रत । कटुत्रयमिदं यस्माद्रोगघ्नं सर्वदेहिनाम् ॥१५७॥
तस्मादस्य प्रदानेन प्रीतो भवतु भास्करः । एवं कृत्वा व्रतं सम्यक् कुर्यादुद्यापनं बुधः ॥१५८॥

दान गरिसकेपछि प्रार्थनामा 'जुन साग सबै देवताहरूलाई प्रिय लाग्ने, सबै मनुष्यहरूलाई तृप्ति पार्ने, सबै देवर्षिहरूलाई प्रसन्न राख्ने कन्द-मूल, पत्र-पुष्प ॥१५४॥ म दान गरिरहेको छु, त्यस दानले सारा देवताहरू सधैं मेरो मङ्गल गरून्' भन्नू ॥ अथवा हृषीकेश सुतेको समय दुई ऋतु अर्थात् चतुर्मासाभरि जो मनुष्य प्रतिदिन ॥१५५॥ हे अनघ ! निष्पाप युधिष्ठिर ! सूर्यको प्रसन्नताका लागि दान लिनेको घरमा प्रशस्त पुग्ने गरी अत्यन्त आदरपूर्वक सुशील ब्राह्मणलाई कटुत्रय अर्थात् 'सुठो-मरीच-पीपला' दक्षिणा-सहित दान गर्छ र ॥१५६॥ हे संयमी युधिष्ठिर, दानको अन्तमा प्रर्थना गर्दा 'जस्ता प्रकारले कटुत्रयले सबै प्राणीको रोग नाश पार्दछ ॥१५७॥ त्यस्तै प्रकारले यस दानले भास्कर (सूर्य) भगवान् प्रसन्न हुनुहोस्' यो मन्त्र भन्नू । यस्ता प्रकारले राम्रो गरी व्रत गरिसकेपछि बुद्धिमान् जनले उद्यापन गर्नुपर्छ ॥१५८॥

कृत्वा स्वर्णमयीं शुण्ठीं मरिचं मागधीमपि । सवस्त्रां दक्षिणायुक्तां दद्याद्विप्राय धीमते ।।१५९।।
एवं व्रतं यः कुरुते स जीवेच्छरदां शतम् । प्राप्नुयादीप्सितानर्थानन्ते स्वर्गं व्रजेदिति ।।१६०।।
मुक्ताफलानि यो दद्यान्नित्यं विप्राय सन्मतिः । अन्नवान्कीर्तिमाञ्छ्रीमाञ्जायते वसुधाधिप ।।१६१।।
चातुर्मास्ये प्रत्यहं तु क्षीरकुम्भं प्रदापयेत् । वेष्टयित्वा सुवस्त्रेण फलैर्दक्षिणया सह ।।१६२।।
सुवासिनीं श्रियं मत्वा गन्धपुष्पैरथाऽर्चयेत् । ताम्बूलं फलमेकं वा दद्याच्छ्रीपतये नमः ।।१६३।।

उद्यापन गर्दा सुनको सिङ्गो सुठो-मरीच र पिपला बनवाउनुपर्छ, अनि ती तीनैलाई वस्त्र र दक्षिणासहित गरेर विद्वान् ब्राह्मणलाई दान दिनुपर्छ ।।१५९।। जो जन यस प्रकारको व्रत गर्छ, त्यो जन सय वर्षसम्म बाँच्तछ, आफूले चिताएको फल (वस्तु) पाउँछ र मरेपछि पनि सरासर स्वर्ग जान्छ ।।१६०।। अथवा जो बुद्धिमान् जन चतुर्मासाभरि ब्राह्मणलाई दिनहुँ मोती दान गर्दछ, हे राजन् युधिष्ठिर ! त्यो जन धनधान्यले भरिपूर्ण र कीर्तिशाली हुन्छ ।।१६१।। अथवा जो जन चतुर्मासाभरि दिनहुँ क्षीरकुम्भ अर्थात् दूधले भरिएको घडाकन नयाँ राम्रो वस्त्रले बेरेर अनि त्यसमा फल दक्षिणा राखेर दान गर्छ ।।१६२। अनि कुनै ब्राह्मणी सधवा नारीकन लक्ष्मी मानेर चन्दन अक्षता फूलले पूजा गर्छ र पान या कुनै यौटा फल चढाएर 'ॐ श्रीपतये नमः= विष्णुलाई नमस्कार छ' भनेर अर्पण गर्छ र ।।१६३।।

समाप्तौ योषितं विप्रं सूक्ष्मवस्त्रविभूषणैः । मिथुनं पूजयित्वा तु जातिपुष्पैः सुशोभनैः ॥१६४॥
पुमाँस्तु स्त्रियमाप्नोति नारी भर्तारमाप्नुयात् । पुमाँस्तु श्रियमाप्नोति सकलामिव माधवः ॥१६५॥
ताम्बूलदानं यः कुर्याद्विवर्जयेद्वा जितेन्द्रियः । रक्तवस्त्रद्वयं दद्यात् करकं च सदक्षिणम् ॥१६६॥
महालावण्यमाप्नोति सर्वरोगविवर्जितः । मेधावी सुभगः प्राज्ञो रक्तकण्ठश्च जायते ॥१६७॥
गन्धर्वत्वमवाप्नोति स्वर्गलोकं च गच्छति । ताम्बूलं श्रीकरं भद्रं ब्रह्मविष्णुशिवाऽऽत्मकम् ॥१६८॥

व्रतको समाप्तिमा स्त्री-सहितका ब्राह्मणकन अर्थात् ब्राह्मण-दम्पतीलाई सुन्दर राम्रा चमेलीका फूलहरूले पूजा गर्दछ ता ॥१६४॥ पुरुषले गरे असल स्त्री पाउँछ, स्त्रीले गरे सुन्दर गुणी भर्ता (पति) पाउँछे अर्थात् पुरुषले चाहिं विष्णुले झैं सकलगुणले भरिभराउ लक्ष्मीलाई र स्त्रीले गुणका खानि विष्णुलाई पति पाए झैं दुवैले परस्परमा पति-पत्नी पाउँछन् ॥१६५॥ अथवा जो जन चतुर्मासाभरि तयारी पान दान गर्दछ या पान नपाए जो जितेन्द्रिय पुरुष कमण्डलु र दक्षिणासहित जोडा राता वस्त्र दान गर्दछ ॥१६६॥ त्यो जन अत्यन्त सुन्दरतामा प्राप्त हुन्छ र सारा रोगबाट छुट्कारा पाउँछ, तथा बुद्धिमान् सुन्दर विद्वान् मधुर कण्ठवाला अर्थात् मीठो बोल्ने हुन्छ यानि बन्दछ ॥१६७॥ लोकमा उ गन्धर्व जस्तो कहलाउँछ र मरेपछि पनि सरासर स्वर्ग जान्छ । किनकि ताम्बूल अर्थात् पानले शोभा बढाउँछ, कल्याण (भलो) गर्छ, यो ब्रह्मा- विष्णु र शिव रूप हो ॥१६८॥

अस्य प्रदानाद् ब्रह्माद्याः श्रियं ददतु पुष्कलाम् । पूगे ब्रह्मा हरिः पत्रे चूर्णे साक्षान्महेश्वरः ॥१६९॥
एतेषां संप्रदानेन सन्तु मे भाग्यसम्पदः । पूरितं पूगचूर्णेन नागवल्लीदलान्वितम् ॥१७०॥
सचूर्णं खादिरं चैव पत्रीफलसमन्वितम् । एला-लवंग-संमिश्रं गन्धर्वाप्सरसां प्रियम् ॥१७१॥
कनकाढ्यं निरातङ्कं त्वं प्रसादात् कुरुष्व माम् । चातुर्मास्यव्रतोपेतः सुवासिन्यै द्विजाय च ॥१७२॥
नारी वा पुरुषो वाऽपि हरिद्रां सम्प्रयच्छति । लक्ष्मीमुद्दिश्य गौरीं वा तत्पात्रे दक्षिणाऽन्वितम् ॥१७३॥

यस पानको दानले ब्रह्मा-विष्णु-महेश अत्यन्तै प्रसन्न हुन्छन् र दातालाई अथाह सम्पत्ति दिन्छन् , किनकि पानमा लगाएको सुपारीमा साक्षात् ब्रह्मा, पानको पातमा स्वयं विष्णु र चूनामा प्रत्यक्ष महेश्वरको निवास हुन्छ ॥१६९॥ पान दान गरेर प्रार्थना गर्दा 'हे प्रभो ! यी सबैको दानले मेरो भाग्य' सम्पत्ति अधिक होस् , सुपारीको टुक्रा वा धूलोले भरिएको ॥१७०॥ खयरको लेदो दलिएको, चूना पोतिएको, जाइपत्री मिलाइएको तथा जाइफलको धूलो, इलाइची र ल्वाङ हालिएको, पानको पात त सबै गन्धर्व र अप्सराहरूलाई अत्यन्तै मन पर्छ ॥१७१॥ त्यसकारण प्रसन्नतापूर्वक त्यस्तो पानको दानले तपाई मलाई सुनको धनी र पिर-पिराउ नभएको गरिदिनुहोस् ' भन्नू॥ अथवा चतुर्मासाभरि व्रत नियममा रहेको जो जनले सधैं नारीले सधवा ब्राह्मण्दैलाई, पुरुषले विद्वान् ब्राह्मणलाई ॥१७२॥ सिङ्गो बेसारको गाँठो लक्ष्मीको वा गौरीको उद्देश्य गररे त्यसलाई दक्षिणासहित कुनै पात्रमा राखेर ॥१७३॥

प्रदद्याद्भक्तिसंयुक्तं देवी मे प्रीयतामिति । भर्त्रा सह सुखं भुंक्ते नारी नार्या तथा पुमान् ।।१७४।।
सौभाग्यमक्षयं धान्यं धनपुत्रसमुन्नतिम् । सम्प्राप्य रूपलावण्ये देवीलोके महीयते ।।१७५।।
उमामहेशमुद्दिश्य चातुर्मास्ये दिने दिने । सम्पूज्य विप्रमिथुनं तस्मै विप्राय शक्तितः ।।१७६।।
दद्यात् सदक्षिणं हैममुमेशः प्रीयतामिति । उमेशप्रतिमां हैमीं दद्यादुद्यापने बुधः ।।१७७।।
पञ्चोपचारैः सम्पूज्य धेनुं सवृषभां नरः । भोजयेदपि मिष्टान्नं तस्य पुण्यफलं शृणु ।।१७८।।

'देवी मे प्रीयताम् = देवी मेरा उपर प्रसन्न हुनुहोस्' यस्तो भन्दै श्रद्धाभक्तिका साथ दान गर्दछ, त्यो दान गर्ने नारी भए पतिका साथ अनि पुरुष भए नारी (पत्नी) का साथ रहेर मनमाना सुख गर्न पाउँछन् ।।१७४।। र यस लोकमा सौभाग्य तथा अविनाशी धन धान्य अनि सन्तानको समुन्नति एवं रूप सुन्दरता पाउँछन् र मरेपछि देवीको लोकमा निवास पाउँछन् ।।१७५।। अथवा चतुर्मासाभरि दिनदिनै शिव पार्वतीको उद्देश्य गरेर विप्रदम्पतीलाई पूजा गरेर ती दम्पती ब्राह्मणलाई शक्तिअनुसार ।।१७६।। 'उमेशः प्रीयताम् = उमेश प्रसन्न हुनुहोस्' यस्तो भन्दै सुनको दक्षिणासहित दान गर्ने गर्नू र समाप्तिमा गरिने उद्यापनमा बुद्धिमान् जनले सुनको उमा-सहित शिवको प्रतिमालाई ।।१७७।। पञ्चोपचारले पूजा गरेर बाछोसहितको गाईदान गर्नुपर्दछ र त्यस दाता नरले ब्राह्मणलाई मिठाई भोजन गराउनुपर्छ, हे युधिष्ठिर, अब त्यसको पुण्यफल सुन ।।१७८।।

सौभाग्यं पूर्णमायुष्यं सन्ततिश्चाऽनपायिनी । सम्पत्तिश्चाऽक्षया कीर्तिर्जायते व्रतवैभवात् ॥१७९॥
इह भुक्त्वाऽखिलान् कामानन्ते शिवपुरं व्रजेत् । तत्र स्थित्वा चिरं कालमुपभुज्य सुखं महत् ॥१८०॥
पुण्यशेषादिहागत्य जायते धरणीपतिः । फलदानं तु यः कुर्याच्चातुर्मास्यमतन्द्रितः ॥१८१॥
समाप्तौ किल धौतानि तानि दद्याद् द्विजातये । सर्वान्मनोरथान्प्राप्य सन्ततिंश्चाऽनपायिनीम् ॥१८२॥
फलदानस्य माहात्म्यान्मोदते नन्दने वने । पुष्पदान-व्रतेनाऽपि स्वर्णपुष्पादि दापयेत् ॥१८३॥

यस व्रतका प्रभावले सौभाग्य, पूरा आयु, परम्परा नटुट्ने सन्तान, कहिल्यै नाश नहुने सम्पत्ति, जगत्मा फिजिएको कीर्ति प्राप्त हुन्छ ॥१७९॥ यस लोकमा सम्पूर्ण इच्छाहरूलाई पूरा गरेर, मरेपछि शिवपुर जान्छ । त्यहाँ धेरै वर्षसम्म रहेर ठूलो सुख-भोग गरेर ॥१८०॥ पुण्यको भोग सकिएपछि फेरि पृथ्वीतलमा जन्मिएर ठूलो राजा हुन्छ ॥ अथवा चतुर्मासाभरि अल्छी नगरीकन जो जन क्यै न क्यै फल ब्राह्मणलाई दान दिने गर्छ र ॥१८१॥ व्रत समाप्तिमा चाँदीका फल बनवाएर द्विजातिलाई दान दिन्छ, त्यो जन इच्छाऽनुसारको सारा भोग प्राप्त गरेर लर्को नछिनिने सन्तानतन्तु पनि प्राप्त गर्दछ ॥१८२॥ यसरी विधिपूर्वक गरेको फलदानको प्रभावले पछि त्यो जन इन्द्रको नन्दन नामको बगैचामा आनन्द लिन पाउँछ ॥ अथवा त्यस्तै प्रकारले फूल दान गर्नेले पनि समाप्तिमा सुनको फूल बनवाएर दान दिनुपर्छ ॥१८३॥

स सौभाग्यं परं प्राप्य गन्धर्वपदमाप्नुयात् । वासुदेवे प्रसुप्ते तु चातुर्मास्यमतन्द्रितः ।।१८४।।
नित्यं वामनमुद्दिश्य दध्यन्नं स्वादु षड्रसम् । भोजयेदथवा दद्यादेकादश्यां न भोजयेत् ।।१८५।।
दानमेवं प्रकुर्वीत ग्रहणाऽऽदौ तथैव च । अशक्तो नित्यदाने तु कुर्यात् पञ्चसु पर्वसु ।।१८६।।
भूताष्टम्याममायां च पूर्णिमायां तथापि च । प्रत्यर्कवारमथवा प्रतिभार्गववासरम् ।।१८७।।
पक्षद्वयेऽपि द्वादश्यामवश्यं दानमेव च । एवं कृत्वा समाप्तौ तु यथाशक्ति महीं ददेत् ।।१८८।।

त्यसरी पुष्पव्रत गरेर स्वर्णपुष्प दान गर्ने व्यक्ति यस लोकमा सारा सुख भोग भोगेर समाजमा गन्धर्वको पद पाउँछ ।। अथवा भगवान् सुत्नुभएको चतुर्मासाभरि कत्ति पनि आलस्य नगरीकन ।।१८४।। वामन भगवानूको उद्देश्य गरेर सधैं छ:वै रसले युक्त भएका स्वादिष्ट तर्कारी अचार चटनी आदिका साथ दहीभात विद्वान् ब्राह्मणलाई ख्वाउने गरोस् या दहीसहितको सिधा दान गर्ने गरोस्, तर एकादशीमा चाहिं भोजन नगराओस् र ।।१८५।। सिधा नै देओस्, ग्रहणादिमा सिधा नै दान गरोस्, चतुर्मासाभरि रोजै ख्वाउन नसके केवल पाँचोटा पर्वमा मात्रै ख्वाउने वा सिधा दिने गरोस् ।।१८६।। के-केमा भने, भूताष्टमी- औंसी-पूर्णिमा त्यस्तै प्रत्येक आइतवार र प्रत्येक शुक्रवारमा मात्र ख्वाउने वा सिधा गर्ने गरोस् ।।१८७।। किन्तु दुवै पक्षको द्वादशीमा चाहिं अवश्यै सिधा दान गर्ने गरोस् र यति गरी व्रत समाप्त भएपछि शक्ति-अनुसार ब्राह्मणलाई भूमि दान गरोस् ।।१८८।।

अशक्तौ भूमिदाने तु धेनुं दद्यादलंकृताम् । तत्राप्यशक्तौ वासश्च सरुक्मं पादुके तथा ।।१८९।।
छत्रोपानद्वस्त्रयुतं दानं सर्वं प्रशस्यते । द्विजानां भोजनं चैव क्षत्रियस्य यथासुखम् ।।१९०।।
भूम्यादि राजशार्दूल वैश्यस्य वसुधां विना । ब्राह्मणस्याऽपि शक्तस्य शूद्रस्याऽपि तथा मतम्
यथाशक्ति तथा दानं नरः कुर्यात् सभक्तितः । कुबेरेण पुरा चीर्णं शंकरस्योपदेशतः ।।१९१।।
जह्नुना गौतमेनाऽपि शक्रेणाऽपि कृतं पुरा । अक्षय्यमन्नमाप्नोति पुत्रपौत्रादिसंपदम् ।।१९२।।
दृढाङ्गं पूर्णमायुष्यं लभते वैरिनाशनम् । स स्थिरां विष्णुभक्तिं च प्रयाति हरिमन्दिरम् ।।१९३।।

भूमिदान गर्न अशक्त भए, सिङ्गारिकी गाई दान गरोस् । त्यो पनि नसके एक जोर खराउ र सुनसहितको वस्त्र दान गरोस् ।।१८९।। छाता जुत्ता -वस्त्रको एकसाथ दान अरूभन्दा उत्तम मानिन्छ । हे राजन् ! दानको अन्तमा ब्राह्मणहरूले भोजन गराउने, क्षत्रीहरूले भूमि या तत्तुल्य वस्तु दान दिने गर्नुपर्छ ।।१९०।। वैश्यले भूमि छाडेर आफ्नू इच्छाऽनुसारको दान गर्नुपर्छ । शक्ति भए ब्राह्मणले र शूद्र जनले पनि आफ्नू शक्ति-अनुसार भक्तिपूर्वक दान गरे हुन्छ भन्ने कहिएको छ । उहिले सर्वप्रथम शङ्करको उपदेशले यो व्रत कुबेरले गरेका थिए ।।१९१।। त्यसपछि जह्नु राजाले, गौतम ऋषिले र इन्द्रले पनि उहिले गरेका थिए । जसले व्रत गर्छ, उसले अक्षय पुण्य र छोरा-नाति-पनातिरूप संपत्ति पाउँछ ।।१९२।। उसको शरीर बलियो र पूरा आयुको हुने शक्ति पाउँछ, उसका सबै शत्रु नाशिन्छन् । त्यो स्थिर विष्णुभक्ति पाउँछ र हरिको मन्दिरमा जान थाल्छ ।।१९३।।

आरोग्यं सौख्यमतुलं रूपं सम्पत्तिमेव च । न वन्ध्या जायते चेदमनन्तफलदायकम् ।।१९४।।
नित्यं पयस्विनीं दद्यात् सालंकारां शुभावहाम् । दत्त्वा तु दक्षिणां शक्त्या स सर्वज्ञानवान् भवेत् ।।१९५।।
न परप्रेष्यतां याति ब्रह्मलोकं च गच्छति । अक्षय्यं सुखमाप्नोति पितृभिः सहितो नरः ।।१९६।।
वार्षिकाँश्चतुरो मासान् प्राजापत्यं चरेन्नरः । समाप्तौ गोयुगं दद्यात् भोजयित्वाऽथ ब्राह्मणान् ।।१९७।।
सर्वपापविशुद्धात्मा याति ब्रह्म सनातनम् । एकान्तरोपवासे तु दीपानष्टौ प्रदापयेत् ।।१९८।।

अथवा जो जन जीवनमा आरोग्य, कसैका साथ तुलना गर्न नसकिने सुख, अति राम्रो रूप, प्रशस्त सम्पत्ति, बाँझी नरहने स्त्रीको इच्छा राख्छ भने ।।१९४।। दिनहुँ सिङ्गारिएकी कल्याणकारिणी दुधालु गाई दान गर्ने गरोस् । दान दिएपछि शक्ति अनुसार ब्राह्मणलाई दक्षिणा दिने गरोस् त त्यो जन ठूलो ज्ञानी हुन्छ ।।१९५।। अर्काको हँकुवा कहिल्यै हुँदैन, मरेपछि ब्रह्मलोकमा जान्छ र उस मनुष्यले उहाँ आफ्ना पितृहरूका साथै अविनाशी सुख भोग्न पाउँछ ।।१९६।। त्यसकारण, वर्षका चार महीना चतुर्मासामा मनुष्यले यो यस्तो 'प्राजापत्य ' नामको व्रत अवश्य गर्ने गर्नुपर्छ र व्रतको समाप्तिमा जोडा 'गाई दान गर्नुपर्छ र ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ ।।१९७।। यस्तो यो व्रत गर्ने जन सबै पापबाट शुद्ध भएर सनातन ब्रह्मलोकमा जान्छ । यदि यो व्रत एक दिन बिराएर गर्ने गर्‍यो भने उसले यस्ता प्रकारका आठोटा दीया (बत्ती) दान दिनुपर्छ ।।१९८।।

वस्त्रकाञ्चनयुक्तांश्च शय्यया सह भामिनि । अनडुद्-द्वयसंयुक्तं लाङ्गलं कर्षणक्षमम् ॥१९९॥
सर्वोपस्करसुंयुक्तं ददामि प्रीयतां हरिः । शाकमूलफलैर्वाऽपि चातुर्मास्यं नयेन्नरः ॥२००॥
समाप्तौ गोप्रदानेन स गच्छेद् विष्णुमन्दिरम् । पयोव्रती तथाऽऽप्नोति ब्रह्मलोकं सनातनम् ॥२०१॥
व्रताऽन्ते च तथा दद्याद् गामेकां च पयस्विनीम् । रम्भाफलपलाशेषु यो भुंक्ते च ऋतुद्वये ॥२०२॥
वस्त्रयुग्मं च कांस्यं च शक्त्या दद्यात् सुखी भवेत् । कांस्ये ब्रह्मा शिवो लक्ष्मीः कांस्यमेव विभावसुः ॥२०३॥

बलेका ती बत्तीहरू, जोत्न सक्ने दुई गोरु र हलो अनि वस्त्र र सुनले सहित भएको शय्याका साथ ॥१९९॥ 'हे लक्ष्मी' सबै सामग्रीले युक्त भएको यी आठ दीया म दान गर्दछु, यसले हरि भगवान् प्रसन्न रहनुहोस्' भन्दै ब्राह्मणलाई समर्पण गर्नुपर्छ ॥ अथवा साग,कन्दमूल, फलफूल मात्रै खाने गरेर पनि मनुष्यले चतुर्मासाको व्रत बस्न सक्छ ॥२००॥ यसरी व्रत बस्नेले व्रतको समाप्तिमा गाई मात्र दान गरे पनि उ हरिको लोकमा जान पाउँछ ॥ अथवा त्यस्तै जो जन चतुर्मासाभरि दूध मात्र पिएर पयोव्रत गर्दछ उ पनि अविनाशी ब्रह्मलोकको वास पाउँछ ॥२०१॥ तर उसले व्रतको समाप्तिमा यौटी दुहुनी गाई दान गर्नुपर्छ ॥ अथवा जो जन दुई ऋतु अर्थात् चतुर्मासाका चार महीनाभरि केराको पातमा या पलाशको पातमा मात्र खाने गर्छ ॥२०२॥ र व्रतको समाप्तिमा शक्ति अनुसार एक जोडा वस्त्रका साथ काँसको भाँडो दान गर्छ, त्यो जन पनि सुखी रहन्छ, दानको प्रार्थना गर्दा 'काँसामा ब्रह्मा शिव लक्ष्मीको वास रहन्छ र काँसो नै अग्नि हो ॥२०३॥

कांस्यं विष्णुमयं यस्मादतः शान्तिं प्रयच्छ मे । नित्यं पलाशभोजी च तैलाभ्यङ्गविवर्जितः ॥२०४॥
स निहन्त्यतिपापानि तूलराशिमिवाऽनलः । ब्रह्मघ्नश्च सुरापश्च बालघातकरश्च यः ॥२०५॥
असत्यवादिनो ये च स्त्रीघाती व्रतघातकः । अगम्याऽगामिनश्चैव विधवागामिनस्तथा ॥२०६॥
चाण्डाली गामिनश्चैव विप्रस्त्रीगामिनस्तथा । ते सर्वे पापनिर्मुक्ता व्रतेनाऽनेन केशवात् ॥२०७॥
समाप्तौ कांस्यपात्रं तु चतुःषष्टिपलैर्युतम् । सवत्सां गां च वै दद्यात् सालंकारां पयस्विनीम् ॥२०८॥

किनकि काँसो नै विष्णुमय हो यसकारण मलाई शान्ति दिनुहोस् ' भन्नुपर्छ ॥ अनि जसले चार महीनाभरि तेल त्यागेर सधैं पलाशको पातमा खाने गरेको छ ॥२०४॥ उसले आफ्ना अतिपापहरूलाई, रूवोको थुप्रोलाई आगाले झैं, नाश गरिदिन्छ । ब्राह्मणहत्यारा, रक्सी धोकुवा, बालखमारुवा, ॥२०५॥ जो सधैं झुटो बोल्नेछन् , जो स्त्रीघाती छन्, जो व्रतघाती छन्, जो गमन गर्नु नहुने स्त्रीमा गमन गर्दछन् , जो विधुवालाई गमन गर्दछन् ॥२०६॥ जो उच्च जात भएर चाण्डालीलाई गमन गर्दछन्,त्यस्तै जो सानो जात भएर बाहुनीसित गमन गर्दछन् , त्यस्ता उग्रपापीहरू पनि यस व्रतका प्रभावले हरिबाट पापमुक्त गरिन्छन् ॥२०७॥ यस व्रतको समाप्तिमा चौसट्ठी पलाको काँसको भाँडो र सिङ्गारिकी दुधालु बाच्छो या बाच्छी सहितकी गाई दान गर्नुपर्छ, ॥२०८॥

अलंकृताय विदुषे सुवस्त्राय सुवेषिणे । भूमौ विलिप्य यो भुंक्ते देवं नारायणं स्मरन् ॥२०९॥
दद्याद्भूमिं यथाशक्तिं कृष्यां बहुजलान्तिके । आरोग्यपुत्रसंपन्नो राजा भवति धार्मिकः ॥२१०॥
शत्रोर्भयं न लभते विष्णुलोकं स गच्छति । अयाचिते त्वनड्वाहं सहिरण्यं सचन्दनम् ॥२११॥
षड्रसं भोजनं दद्यात् स याति परमां गतिम् । यस्तु सुप्ते हृषीकेशे नक्तं च कुरुते व्रतम् ॥२१२॥
ब्राह्मणान् भोजयेत् पश्चाच्छिवलोके महीयते । एकभक्तं नरः कृत्वा मिताशी च दृढव्रतः ॥२१३॥

त्यो दान दाताका तर्फबाट राम्रा-राम्रा लुगाले अनि चन्दन अक्षता फूल मालाले चटक्क पारेर सिङारिएको विद्वान् ब्राह्मणलाई नै दिनुपर्छ ॥ अथवा जो जन चतुर्मासाभरि गाईको गोबरले लिपेको शुद्ध भूईंमा बसेर भगवान् नारायणलाई संझदै खाना खाने गर्छ र ॥२०९॥ व्रतको समाप्तिमा सावगास अनुसार धेरै जलको समीप रहेको पानी लाग्ने उब्जाउ जग्गा दान गर्छ, त्यस्तो जन पछि निरोगी (योग्य) छोरोवाला भएर धर्मात्मा राजा नै हुन्छ ॥२१०॥ त्यसलाई कुनै शत्रुको भय रहन्न र मरेपछि उ विष्णुको लोकमा जान्छ । यस व्रतको समाप्तिमा सन्तोषी ब्राह्मणलाई चन्दन अक्षता फूलमालाले सिङारिएको गोरु सुनसहित जो दान गर्छ र ॥२११॥ छःवै रसले परिपूर्ण भएको भोजन गराउँछ त्यो जन मरेपछि परमधाममा प्राप्त हुन्छ ॥ अथवा जो जन ऋषीकेश सुत्नुभएको चतुर्मासामा राति एक छाक मात्र खाने व्रत गर्दछ र ॥२१२॥ व्रत समाप्तिमा ब्राह्मणहरूलाई भोजन गराउँछ उ मरेपछि शिवलोकमा गै रमाइरहन्छ । मनुष्यले यो एकछाके व्रत दृढप्रतिज्ञ भै ठिक्क खाएर गर्ने गर्नुपर्छ ॥२१३॥

योऽर्चयेच्चतुरो मासान् वासुदेवं स नाकभाक् । समाप्तौ भोजयेद्विप्राँच्छक्त्या दद्याच्च दक्षिणाम् ॥२१४॥
यस्तु सुप्ते हृषीकेशे क्षितिशायी भवेन्नरः । शय्यां सोपस्करां दद्याच्छिवलोके महीयते ॥२१५॥
पादाभ्यङ्गं नरो यस्तु वर्जयेच्च ऋतुद्वये । पादप्रक्षालनं कुर्याद् ब्राह्मणानां च भोजनम् ॥२१६॥
दक्षिणां च यथाशक्त्या स गच्छेद्विष्णुमन्दिरम् । आषाढाच्चतुरो मासान् वर्जयेन्नखकृन्तनम् ॥२१७॥
आरोग्यपुत्रसम्पन्नो राजा भवति धार्मिकः । पायसं लवणं चैव मधु सर्पिः फलानि च ॥२१८॥

अथवा जो जन चतुर्मासाभरि वासुदेव भगवान्को पूजा गरिरहन्छ र समाप्तिमा यथाशक्ति दक्षिणा दिएर ब्राह्मणहरूलाई भोजन गराउँछ, त्यो जन पनि स्वर्गको भागी हुन्छ ॥२१४॥ अथवा जो जन हृषीकेश सुतेको चतुर्मासाभरि भुईंमा सुत्ने गर्छ र अन्तमा साजबाज सहित शय्यादान गर्छ, त्यस्तो जन पनि मरेपछि शिवलोकमा आनन्दले रहन्छ ॥२१५॥ अथवा विष्णु सुतेका दुई ऋतु चतुर्मासाभरि जो जन पैतालामा तेल घ[illegible], उसले व्रत समाप्तिमा ब्राह्मणहरूको पाउ पखालेको चरणोदक पान गर्नुपर्छ र तिनीहरूलाई भोजन गराउनुपर्छ ॥२१६॥ तिनला[illegible] शक्ति-अनुसार दक्षिणा पनि दिनुपर्छ । यस्तो व्रत गर्ने पनि अन्तमा विष्णुलोकमा प्राप्त हुन्छ ॥ अथवा जो जन असारदेखि लिएर चार महीनासम्म प्रतिवर्ष नङ दाही जुँघा काट्दैन ॥२१७॥ त्यस्तो जन अर्को जन्ममा निरोगी, लायक छोरोवाला धर्मात्मा राजा हुन्छ ॥ अथवा जो जन खीर-नून-मह-घिउ-फल ॥२१८॥

चातुर्मास्ये वर्जयति गौरीशंकरतुष्टये । कार्त्तिक्यां च पुनस्तानि ब्राह्मणाय निवेदयेत् ।।२१९।।
स रुद्रलोकमाप्नोति रुद्रव्रतनिषेवणात् । यवान्नं भक्षयेद्यस्तु अथवा शालयः शुभाः ।।२२०।।
पुत्रपौत्रादिभिः सार्द्धं शिवलोके महीयते । तैलाभ्यङ्गपरित्यागी विष्णुभक्तः सदा व्रती ।।२२१।।
वर्षासु विष्णुमभ्यर्च्य वैष्णवीं लभते गतिम् । समाप्तौ कांस्यपात्रं च सुवर्णेन समन्वितम् ।।२२२।।
तैलेन पूरितं कृत्वा ब्राह्मणाय निवेदयेत् । वार्षिकाँश्चतुरो मासाञ्छाकादि परिवर्जयेत् ।।२२३।।

यी वस्तु शिव-पार्वतीको प्रसन्नताका लागि चतुर्मासाभरि त्यागिदिन्छ र फेरि तिनै त्यागेका वस्तुहरू कात्तिकमा ब्राह्मणलाई दान दिन्छ भने ।।२१९।। यो रुद्रव्रत गरेको प्रभावले उ मरेपछि रुद्रलोकमा बस्न पाउँछ ।। अथवा जो जन चतुर्मासाभरि जौको पीठो मात्र वा राम्रा रामभोग चामलको मात्र खाना खाने गर्दछ भने ।।२२०।। उसले र उसका छोरा नातिले समेत शिवलोकमा आनन्द लिन पाउँछन् ।।२२१।। अथवा जो विष्णुभक्त व्रती चतुर्मासाभरि तेल नघस्ने व्रत लिन्छ र वर्षाभरि नै विष्णुको पूजा गरिरहन्छ, त्यस्तो जन मरेपछि विष्णुलोकमा जान्छ ।। यस व्रतको समाप्तिमा सुनले सहित भएको काँसाको भाँडोलाई ।।२२२।। तेलले टम्म भरेर ब्राह्मणलाई दान दिनुपर्छ ।। अथवा जो जन वर्षका चार महीना चतुर्मासाभरि शाकादि हरियापरिया वस्तु त्याग गर्दछ ।।२२३।।

विष्णुलोकमवाप्नोति पितृतृप्तिः प्रजायते । व्रताऽन्ते हरिमुद्दिश्य पात्रं राजतमेव हि ।।२२४।।
वस्त्रेण वेष्टयेद् गन्धपत्रपुष्पैः समर्चयेत् । मूलपत्रकरीराग्रफलकाण्डाधिरूढकम् ।।२२५।।
त्वक्पुष्पं कवचं चेति शाकमष्टविधं स्मृतम् । समभ्यर्च्य यथाशक्त्या ब्राह्मणान् वेदपारगान् ।।२२६।।
दद्याद् दक्षिणया सार्धं व्रतसम्पूर्णहेतवे । शिवसायुज्यमाप्नोति प्रसादाच्छूलपाणिनः ।।२२७।।
अपूपवर्जनं कृत्वा भोजनं व्रतमाचरेत् । कार्तिके स्वर्णगोधूमान् वस्त्रं दत्त्वाऽश्वमेधकृत् ।।२२८।।

त्यस्तो जन मरेपछि विष्णुको वैकुण्ठधाममा वास पाउँछ र उसका पितृहरूलाई पनि तृप्ति हुन्छ । त्यस्ताले व्रतको समाप्तिमा हरिको उद्देश्य गरेर यौटा चाँदीको भाँडोलाई ।।२२४।। नयाँ लुगाले लपेटेर चन्दन अक्षता फूलले पूजा गर्नुपर्छ । कुनै पनि यौटै वा अनेक खाद्य लहराको कन्द या पात, लहराका तनामा फलेको फल, ससाना हाँगा मुण्टो ।।२२५।। बोक्रो, फूल, छिल्का यी आठ प्रकारका वस्तुलाई साग भनिन्छ । यिनमध्ये कुनैलाई पनि शक्तिअनुसार राम्रोसँग पूजा गरेर वेदमा पारङ्गत भएका ब्राह्मणलाई ।।२२६।। व्रतको परिपूर्णताको लागि दक्षिणाका साथ दान गर्नुपर्छ । यस्तो गर्ने व्रतीलाई शिवजीको कृपाले शिवसायुज्य पुण्य हुन्छ ।।२२७।। अथवा चतुर्मासाभरि पूवा-मालपूवा- हलुवाबाहेकको अरू हविष्यान्न मात्र खाएर कार्तिक महीनामा सुन-गहुँ-वस्त्र दान गर्नेलाई अश्वमेध यज्ञ गरेको फल मिल्छ ।।२२८।।

गोधूमाः सर्वजन्तूनां बलपुष्टिविवर्धनाः । मुख्याश्च हव्यकव्येषु तस्मान्मे ददतु श्रियम् ।।२२९।।
आषाढादि चतुर्मासान् वृन्ताकं वर्जयेन्नरः । कारवल्लीफलं वाप्यलावुं पडवलं तथा ।।२३०।।
यद्वा तद्वा फलं वाऽपि यच्च प्रियतमं भवेत् । चातुर्मास्ये ततो वृत्ते रौप्याण्येतानि कारयेत् ।।२३१।।
मध्ये विद्रुमयुक्तानि ह्यर्चयित्वा तु शक्तितः । दद्याद् दक्षिणया सार्द्धं ब्राह्मणायाऽतिभक्तितः ।।२३२।।
अभीष्टं देवमुद्दिश्य देवो मे प्रीयतामिति । स दीर्घमायुरारोग्यं पुत्रपौत्रान् सुरूपकान् ।।२३३।।

दान सकेर प्रार्थना गर्दा 'गहुँ सबै प्राणीहरूको बल ताकत बढाउले अन्न हो। हव्य- कव्यमा यो मुख्य वस्तु हो, त्यसकारण मलाई लक्ष्मी दिनुहोस्' भन्नुपर्छ ।।२२९।। हे युधिष्ठिर, अब तिमीलाई म आषाढ आदि गरिएका चतुर्मासाभरि खान नहुने कुरा कहन्छु। चतुर्मासामा भण्टा त्याग्नुपर्छ । अनि करेला लौका तथा परवल पनि त्याग्नुपर्छ ।।२३०।। अनि जुनसुकै फल पनि जो आफूलाई प्रिय छ, चतुर्मासामा त्यागिदिनुपर्छ र चतुर्मासा बितेपछि जुन प्रिय फल त्यागेको छ त्यो फल चाँदीको बनवाउनू र ।।२३१।। त्यसको बीचमा मुगा पनि जड्नू, अनि त्यस फललाई शक्ति-अनुसार पूजा गरेर दक्षिणाका साथ अत्यन्त भक्तिपूर्वक ब्राह्मणलाई दान दिनू र ।।२३२।। हात जोडेर प्रार्थना गर्दा आफ्नू अभीष्ट द्यौतालाई सम्झेर 'हे प्रभो, ममाथि प्रसन्न हुनुहोस्' भन्नू । यस्तो व्यक्ति धेरै बाँच्ने, निरोगी, राम्रा-राम्रा छोरा-नातिहरू प्राप्त गर्दछ र ।।२३३।।

अक्षय्यां सन्ततिं कीर्तिं लब्ध्वा स्वर्गे महीयते । फलत्यागी भवेद्यस्तु विष्णुलोके स पूज्यते ।।२३४।।
समाप्तौ कलधौतानि तानि दद्याद् द्विजातये । श्रावणे वर्जयेच्छाकं दधि भाद्रपदे तथा ।।२३५।।
दुग्धमाश्वयुजे मासि कार्तिकि द्विदलं त्यजेत् । चत्वार्येतानि नित्यानि चतुराश्रमवर्तिनाम् ।।२३६।।
प्रथमे मासि कर्तव्यं नित्यं शाकव्रतं नरैः । द्वितीये मासि कर्तव्यं दधिव्रतमनुत्तमम् ।।२३७।।
पयोव्रतं तृतीये तु चतुर्थं द्विदलं तथा । कूष्माण्डं राजमाषाँश्च मूलकं गृञ्जनं तथा ।।२३८।।

वंश नटुट्ने सन्तान, स्थिर कीर्ति प्राप्त गरेर मरेपछि स्वर्गमा आनन्द लिन्छ ।। जो जन फलत्यागी छ त्यो पछि विष्णुको लोकमा पूजिन्छ ।।२३४।। उसले पनि व्रतसमाप्तिमा चाँदीका ती फल बनवाएर ब्राह्मणलाई दान दिनुपर्छ ।। हे युधिष्ठिर ! कसैले पनि साउनभरि साग तथा भदौभरि दही ।।२३५।। अनि असौजभरि दूध तथा कात्तिक महीनामा दाल त्याग्नुपर्छ । यी चार कुरा चारै आश्रममा रहनेहरूले प्रतिवर्ष त्याग्नुपर्छ ।।२३६।। पहिलो महीना अर्थात् साउनमा सबै मनुष्यले सधैं शाकव्रत, दोस्रो महीना अर्थात् भदौमा महीनाभरि अतिउत्तम दहीव्रत गर्नैपर्छ ।।२३७।। तेस्रो महीना अर्थात् असौजभरि दूधको व्रत र चौथो महीना अर्थात् कात्तिकभरि दाल नखाने व्रत गर्नुपर्छ । अर्थात् चतुर्मासामा निषेध गरिएका महीनामा निषेध गरिएका वस्तु खानु हुँदैन। अनि चतुर्मासाभरि नै कुभिण्डो, राजमास, मूला, तथा गाजर अनि ।।२३८।।

करमर्दं चेक्षुदण्डं चातुर्मास्ये त्यजेन्नरः । मसूरं बहुबीजं च वृन्ताकं चैव वर्जयेत् ॥२३९॥
नित्यान्येतानि राजेन्द्र व्रतान्याहुर्मनीषिणः । विशेषाद् बदरीं धात्रीमलाबुं चिञ्चिणीं त्यजेत् ॥२४०॥
जीर्णं धात्रीफलं ग्राह्यं जीर्णा ग्राह्या च चिञ्चिणी । वार्षिकाँश्चतुरो मासान् प्रसुप्ते च जनार्दने ॥२४१॥
मञ्चखट्वादिशयनं वर्जयेद्भक्तिमान्नरः । अनृतौ वर्जयेद्भार्यामृतौ गच्छन्न दुष्यति ॥२४२॥
मधुवेलीं च शिग्रुं च चातुर्मास्ये त्यजेन्नरः । वृन्ताकं च कलिंगं च बिल्वोदुम्बर-भिस्सटाः ॥२४३॥

चतुर्मासाभरि कुनै पनि मनुष्यले कदम, उखुको लाँक्रो खानु हुन्न, त्याग्नुपर्छ । अनि मसूरो, धेरै बियाँ हुने फल, भण्टा पनि त्याग्नुपर्छ, खानु हुन्न ॥२३९॥ हे राजेन्द्र ! विचारवान् विद्वान्हरूले यी व्रतहरूलाई नित्यै अर्थात् सधैं नै चतुर्मासाभरि खान निषेध गरेका छन् । विशेष गरेर चतुर्मासामा बयर, अमला, लौका र तित्री त खानै हुन्न ॥२४०॥ तर, भगवान् जनार्दन सुत्नुभएको वर्षका चार महीना चतुर्मासामा पनि पुरानू अमला र धेरै पुरानू तित्रीचाहिं खानु हुन्छ ॥२४१॥ चतुर्मासाको नियम पालन गर्ने बुद्धिमान् व्यक्तिले मचानमा या खाटमा सुत्ने काम त्याग्नुपर्छ । ऋतुकाल नभएकी पत्नीमा गमन नगर्नू, ऋतुकालमा गमन गर्नाले दोष लाग्दैन ॥२४२॥ चतुर्मासामा मनुष्यले मधुवेली र सहिजन त्यागुपर्छ, त्यस्तै भण्टा, कलिन्दा, बेल, डुम्री, भिस्सटा नामको साग त्याग्नुपर्छ ॥२४३॥

उदरे यस्य जीर्यन्ते तस्य दूरतरो हरिः । उपवासस्तथा नक्तमेकभक्तमयाचितम् ।।२४४।।
अशक्तस्तु यथा कुर्यात् सायं प्रातरखंडितम् । स्नानपूजादिसंयुक्तः स नरो हरिलोकभाक् ।।२४५।।
गीतवाद्यकरो विष्णोर्गान्धिर्वं लोकमाप्नुयात् । मधुभुक् च भवेद्राजा पुरुषो गुडवर्जनात् ।।२४६।।
लभेच्च संततिं दीर्घां पुत्रपौत्रादिवर्धिनीम् । तैलस्य वर्जनाद्राजन् सुन्दराङ्गः प्रजायते ।।२४७।।
कौसुम्भतैलं सन्त्यागाच्छत्रुनाशमवाप्नुयात् । मधूकतैलत्यागाच्च सुसौभाग्यफलं लभेत् ।।२४८।।

यी साग र फल जसको भुँडीमा पच्छन् , त्यसदेखि हरि अति टाढिनुहुन्छ । उपवास तथा रात्रिव्रत (रातिमात्र खाने), एकभक्त (एकछाक मात्र खाने) तथा अयाचित (थपेको वा मागेको नखाने) आदि व्रत गर्नमा ।।२४४।। जसरी-तसरी पनि विहान-बेलुका खण्डित नगरीकन स्नान-सन्ध्या आदि गरी हरिको पूजा गर्ने त्यस्तो मनुष्य पनि हरिको लोक प्राप्त गर्छ ।।२४५।। जो चतुर्मासामा विष्णुका प्रतिमाको सम्मुख रहेर गाना-बजाना गर्छ त्यो जन मरेपछि गन्धर्वलोक प्राप्त गर्दछ । जो जन चतुर्मासाभरि गुड त्याग गर्ने व्रत गर्दछ, त्यो पुरुष अर्को जन्ममा मिठाई नै मिठाई खान पाउने राजा हुन्छ ।।२४६।। धेरै लामू समयसम्म छोरा-नातिको ताँती बढिरहने सन्तान प्राप्त गर्छ । हे राजन् ! अनि चतुर्मासाभरि तेल त्याग्नाले राम्रो अङ्गप्रत्यङ्गको हुन्छ ।।२४७।। विशेष गरेर कुसुमको तेल त्याग्नाले त्याग्नेका शत्रुनाश हुन्छन् । अनि महुवाको तेल त्याग्नाले भाग्यको राम्रो फल पाउँछ ।।२४८।।

कटु तिक्तं च मधुरं कषायलवणाम्लरसान् । वर्जयेत् स च वैरूप्यं दौर्गन्ध्यं नाऽप्नुयात् सदा ।।२४९।।
पुष्पादिभोगत्यागेन स्वर्गे विद्याधरो भवेत् । योगाऽभ्यासी भवेद्यस्तु स ब्रह्मपदवीमियात् ।।२५०।।
ताम्बूलवर्जनाद्रोगी सद्यो मुक्ताऽऽमयो भवेत् । पादाभ्यंगपरित्यागाच्छिरोभ्यङ्गस्य पार्थिव ।।२५१।।
दीप्तिमान् दीपकरणो यक्षो द्रव्यपतिर्भवेत् । दधिदुग्धपरित्यागी गोलोकं लभते नरः ।।२५२।।
इह लोकमवाप्नोति स्थालीपाकविवर्जनात् । एकान्तरोपवासेन ब्रह्मलोके महीयते ।।२५३।।

चतुर्मासाभरि पिरो, तीतो, मधुर (गुलियो) , टर्रो, नुनिलो, अमिलो यी छः रस त्याग्नाले जीवनभर नै शरीर दुर्गन्ध र विरूप हुँदैन ।।२४९।। खाद्य फल-फूलको भोग त्याग्नाले स्वर्गमा विद्याधर हुन पाइँछ र जो योगाऽभ्यास गर्छ, उ ब्रह्मको पद (ज्ञानीपद) प्राप्त गर्छ ।।२५०।। ताम्बूल (पान,सुपारी) त्याग्नाले जो रोगी छ त्यो तुरुन्तै निरोगी हुन्छ, हे राजन् ! पैतालामा, शिरमा तेल नलाउनाले ।।२५१।। चहकिलो धपक्क बल्ला जस्तो शरीरको धनी गन्धर्व हुन्छ । जसले चतुर्मासाभरि दही दूध नखाने व्रत लिन्छ त्यस्तो जन मरेपछि गोलोक (वैकुण्ठ) जान्छ ।।२५२।। भाँडामा पकाएको नखाने व्रत गर्नेले यस लोकमा सुख पाउँछ । एक दिन बिराएर उपवास व्रत गर्ने जन ब्रह्मलोकमा आनन्दसँग रहन पाउँछ ।।२५३।।

चतुरो वार्षिकान् मासान् नखरोमाणि धारयेत् । कल्पस्थायी भवेद्राजन् स नरो नाऽत्र संशयः ॥२५४॥
नमो नारायणायेति जपित्वाऽनन्तकं फलम् । विष्णुपादाम्बुजस्पर्शात् कृतकृत्यो भवेन्नरः ॥२५५॥
लक्षप्रदक्षिणा यस्तु करोति हरिमन्दिरे । हंसयुक्तविमानेन स याति वैष्णवीं पुरीम् ॥२५६॥
त्रिरात्रभोजनत्यागान्मोदते दिवि देववत् । परान्नवर्जनाद्राजन् देवो वै मानुषो भवेत् ॥२५७॥
प्राजापत्यं चरेद् यो वै चातुर्मास्यव्रतान्नरः । मुच्यते पातकैः सर्वैस्त्रिविधैर्नाऽत्र संशयः ॥२५८॥

वर्षका चार महीना चतुर्मासामा जो नङ रौं पाल्दछ अर्थात् काट्‍दैन, हे राजन् ! त्यो जन एक कल्पवर्षसम्म स्वर्गमा रहन पाउँछ, यसमा कुनै संशय छैन ॥२५४॥ जो जन चतुर्मासाभरि 'ॐ नमो नारायणाय' मात्र जप्ने गर्छ त्यो जन अन्त नभएको अर्थात् नसकिने पुण्यफल पाउँछ। विष्णुको चरणकमलमा छोइराख्ने व्यक्ति कृतार्थ अर्थात् सधैं सन्तुष्ट रहन्छ ॥२५५॥ जो जन चतुर्मासामा विष्णुको मन्दिरमा एक लाख दायाँ प्रदक्षिणा गर्छ, त्यो जन मरेपछि हाँसका आकारको विमानमा चढेर सोझै विष्णुको पुरमा जान्छ ॥२५६॥ चतुर्मासामा लगालग तीन अहोरात्र उपवास गऱ्यो भने, पछि द्यौता जस्तै भएर स्वर्गमा आनन्द लिन पाउँछ । हे राजन् ! चतुर्मासाभरि अर्काको अन्न नखाने मानिस त देवतै भैजान्छ ॥२५७॥ जो जन माथि एक सय सन्ताउन्नब्बेवाँ श्लोकमा कहिएको जस्तो प्राजापत्य व्रत चतुर्मासामा गर्दछ, त्यो जन कायिक, वाचिक र मानसिक तीनै प्रकारका सारा पापहरूबाट मुक्त हुन्छ, यसमा कुनै संशय छैन ॥२५८॥

तप्तकृच्छ्रातिकृच्छ्राभ्यां यः क्षिपेच्छयनं हरेः । स याति परमं स्थानं पुनरावृत्तिवर्जितम् ।।२५९।।
चान्द्रायणेन यो राजन् क्षिपेन्मासचतुष्टयम् । दिव्यदेहो भवेत् सोऽथ शिवलोकं च गच्छति ।।२६०।।
चातुर्मास्ये नरो यो वै त्यजेदन्नादिभक्षणम् । स गच्छेद्धरिसायुज्यं न भूयस्तु प्रजायते ।।२६१।।
भिक्षाभोजी नरो यो हि स भवेद्वेदपारगः । पयोव्रतेन यो राजन् क्षिपेन्मासचतुष्टयम् ।।२६२।।
तस्य वंशसमुच्छेदः कदाचिन्नोपपद्यते । पञ्चगव्याशनः पार्थ चान्द्रायणफलं लभेत् ।।२६३।।

जो जन हरिको शयनसमय चतुर्मासालाई तप्तकृच्छ्र र अतिकृच्छ्र (कठिन र अतिकठिन) व्रत गरेर बिताउँछ, त्यो जन फेरि बारम्बार आउनु जानु नपर्ने परमपदमा प्राप्त हुन्छ ।।२५९।। हे राजन्, जो जन चतुर्मासाका चार महीना चान्द्रायण व्रत गरेर बिताउँछ, तब त त्यो जन दिव्य देहको भएर मरेपछि शिवलोकको वास गर्न जान्छ ।।२६०।। जो जन चतुर्मासाभरि अन्न खान छोडिदिन्छ अर्थात् अन्न खाँदैन, त्यो जन मरेपछि हरिको सायुज्यता प्राप्त गर्छ, हरिको पासैमा गै रहिरहन्छ, फेरि उसले यो मृत्युलोकमा जन्म लिनुपर्दैन ।।२६१।। जो जन चतुर्मासाभरि भिक्षा मागेर मात्र खान्छ त्यो अर्को जन्ममा वेदमा पारङ्गत विद्वान् हुन्छ । अनि हे राजन् ! जो जन केवल दूध पिएर मात्रै रही अर्थात् पयोव्रत गरी चतुर्मासा बिताउँछ ।।२६२।। त्यसको वंशको परम्परा कहिल्यै पनि नटुट्ने हुन्छ ।। हे राजन् ! चतुर्मासाभरि पञ्चगव्य मात्रै पिएर जो जन बिताउँछ, त्यो जन पनि चान्द्रायण व्रतको जस्तै फल पाउँछ ।।२६३।।

दिनत्रयं जलत्यागान्न रोगैरभिभूयते । एवमादिव्रतैः पार्थ तुष्टिमायाति केशवः ।।२६४।।

दुग्धाब्धिवीचिशयने भगवाननन्तो
यस्मिन् दिने स्वपिति चाऽथ विबुध्यते च ।
तस्मिन्ननन्यमनसामुपवासभाजां
पुंसां ददाति च गतिं गरुडासनोऽसौ ।।२६५।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे विष्णोः शयन्येकादशीचातुर्मास्यमाहात्म्यं सम्पूर्णम् ।।१६।।

चतुर्मासामा जो जन तीन अहोरात्र पानी नपिउने व्रत गर्छ, त्यो जन कहिल्यै रोगी हुँदैन । हे राजन् ! यी यस्ता व्रतहरूमध्ये जो यौटा पनि व्रत गर्ने गर्छ, त्यसका उपर केशव भगवान् सधैं प्रसन्न रहनुहुन्छ ।।२६४।। विशेष गरी अनन्त भगवान् जुन दिन क्षीर सागरको बीचमा सुत्नुहुन्छ र जुन दिन बिउँझनुहुन्छ, त्यस त्यस दिनमा जो जन अनन्य मनको भएर उपवास गर्छ, त्यस्ता पुरुष (जन) लाई ती गरुडमा बसेर उड्ने भगवान्ले परम गति अर्थात् फेरि मृत्युलोकमा फर्कनु नपर्ने गति दिनुहुन्छ ।।२६५।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां षोडशोऽध्यायः ।। १६।।

(शंख -घण्ट-ध्वनिः)

हरिकीर्तन

*

अथ सप्तदशोऽध्यायः

अथ श्रावणकृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

आषाढशुक्लपक्षे तु यद्देवशयनव्रतम् । तन्मया श्रुतपूर्वं हि पुराणे बहुविस्तरम् ।।१।।
श्रावणे कृष्णपक्षे तु किं नामैकादशी भवेत् । एतत् कथय गोविन्द वासुदेव नमोऽस्तु ते ।।२।।

श्रीकृष्ण उवाच– ।।

शृणु राजन् प्रवक्ष्यामि व्रतं पापप्रणाशनम् । नारदाय पुरा राजन् पृच्छते च पितामहः ।।३।।
परं यदुक्तवान् भूप तदहं ते वदामि च । नारद उवाच ।। भगवञ्श्रोतुमिच्छामि त्वत्तोऽहं कमलासन ।।४।।

अब आज श्रावणशुक्ल एकादशीको कथा सुनाइन्छ ।। युधिष्ठिरले भन्नुभयो -।। आषाढको शुक्लपक्षमा जो देवशयनी एकादशीको व्रत हुन्छ त्यसको बारेमा त मैले पुराणहरूमा विस्तारपूर्वक पहिल्यै सुनिसकेको छु ।।१।। अब श्रावणको कृष्णपक्षमा के नाउँ गरेको एकादशी हुन्छ ? हे गोविन्द ! हे वासुदेव ! यसको बारेमा भन्नुहोस्, तपाईलाई नमस्कार छ ।।२।। तब श्रीकृष्णले भन्नुभयो -'हे राजन्! पापलाई पूराका पूरा नाश गर्ने त्यो व्रत म बताउँछु, सुन । हे राजन् ! जुन कथा उहिले सोध्ने भएका नारदलाई पितामह ब्रह्माले बताउनुभएको थियो ।।३।। ब्रह्माले त्यतिखेर नारदलाई जस्तो बताउनुभएको थियो, हे पृथ्वीपालक! त्यो तिमीलाई म जस्ताको तस्तै बताउँछु, सुन । नारदले भने -।। हे कमलासन! हे भगवान् ! तपाईंसित म अहिले क्यै सोध्न चाहन्छु ।।४।।

श्रावणस्याऽसिते पक्षे किं नामैकादशी भवेत् । को देवः को विधिस्तस्याः किं पुण्यं कथय प्रभो ।।५।।

ब्रह्मोवाच–।।

शृणु नारद ते वच्मि लोकानां हितकाम्यया । श्रावणैकादशी कृष्णा कामिकेति च नामतः ।।६।।

तस्याः श्रवणमात्रेण वाजपेयफलं लभेत् । तस्यां तु पूजयेद् देवं शंखचक्रगदाधरम् ।।७।।

श्रीधराख्यं हरिं विष्णुं माधवं मधुसूदनम् । यजते ध्यायते यो वै तस्य पुण्यफलं शृणु ।।८।।

न गङ्गायां न काश्यां वै नैमिषे न च पुष्करे । तत् फलं समवाप्नोति यत् फलं विष्णुपूजनात् ।।९।।

हे प्रभो! श्रावणको कृष्णपक्षमा कुन नाम गरेको एकादशी हुन्छ? त्यसको देवता कुन हो? त्यसको विधि के हो? त्यसको कुन पुण्य हो? ।।५।। तब ब्रह्माजीले भन्नुभयो -।। संसारका जनताको कल्याण होस् भन्ने इच्छाले हे नारद! त्यो सब कुरो तिमीलाई म बताउँछु, सुन! श्रावणकृष्णको एकादशीको नाम 'कामिका' भन्ने हो ।।६।। त्यस एकादशीको कथा मात्र सुने पनि वाजपेय यज्ञको फल प्राप्त हुन्छ। त्यस एकादशीमा शंख-चक्र-गदाधारी भगवान्को पूजा गर्नुपर्छ ।।७।। त्यस एकादशीमा श्रीधर नामले प्रसिद्ध हरि विष्णु माधव मधुसूदन भगवान्को जो जन भक्तिपूर्वक पूजा गर्दछ, ध्यान गर्दछ, त्यस पुण्यको फल कस्तो हुन्छ, सुन ।।८।। त्यस दिन विष्णु भगवान्को पूजा गर्नाले जो पुण्यफल प्राप्त हुन्छ, त्यस्तो त्यो फल ता काशीमा वा काहीं गंगामा या नैमिषारण्यमा, न त पुष्करमा नै न्याहुनाले प्राप्त हुन सक्छ ।।९।।

केदारे च कुरुक्षेत्रे राहुग्रस्ते दिवाकरे । न तत् फलमवाप्नोति यत् फलं कृष्णपूजनात् ।।१०।।
ससागरवनोपेतां यो ददाति वसुन्धराम् । गोदावर्यां गुरौ सिंहे व्यतीपाते च गण्डके ।।११।।
न तत् फलमवाप्नोति यत् फलं कृष्णपूजनात् । कामिकाव्रतकारी च ह्युभौ समफलौ स्मृतौ ।।१२।।
प्रसूयमानां यो धेनुं दद्यात् सोपस्करां नरः । तत् फलं समवाप्नोति कामिकाव्रतकारकः ।।१३।।
श्रावणे श्रीधरं देवं पूजयेद् यो नरोत्तमः । तेनैव पूजिता देवा गन्धर्वोरगपन्नगाः ।।१४।।

तथा सूर्यग्रहण लागेको वेलामा केदारमा वा कुरुक्षेत्रमा न्वाहुनाले त्यो फल प्राप्त हुन सक्तैन, जुन पुण्यफल श्रावणकृष्णको एकादशीमा कृष्णको पूजा गर्नालि प्राप्त हुन्छ ।।१०।। सागर र वन-समेतको भूमि जो दान गर्दछ तथा सिंह राशिमा गुरु हुँदा जो जन गोदावरीमा न्वाहुँछ अथवा व्यतीपात योगमा जो गण्डकीमा न्वाहुँछ ।।११।। त्यस्तोले पनि त्यति ठूलो पुण्यफल पाउन सक्तैन, जुन पुण्यफल श्रावणकृष्णको एकादशीमा कृष्णको पूजा गर्नले प्राप्त गर्छ । ती-ती पर्व र योगमा त्यस-त्यस ठाउँमा न्वाहुनेले र कामिका एकादशीको व्रत गर्ने यी दुवैले उत्तिकै फल पाउँछन् भनिएको छ ।।१२।। ब्याउन लागेकी दुइमुखी गाईलाई त्यस दानको सामग्रीसहित जो जन दान गर्छ, त्यसले र कामिका एकादशीको व्रत गर्नेले उही उत्तिकै पुण्यफल प्राप्त गर्छ ।।१३।। जो उत्तम जन श्रावणमा श्रीधर भगवान्लाई पूजा गर्दछ, त्यसै पूजाले सारा देवता, गन्धर्व, नाग, साँप सबै पूजिन्छन् ।।१४।।

तस्मात् सर्वप्रयत्नेन कामिकादिवसे हरिः । पूजनीयो यथाशक्ति मनुष्यैः पापभीरुभिः ।।१५।।
संसारार्णवमग्ना ये पापपङ्कसमाकुलाः । तेषामुद्धरणार्थाय कामिकाव्रतमुत्तमम् ।।१६।।
नाऽतः परतरा काचित् पवित्रा पापहारिणी । एवं नारद जानीहि स्वयमाह पुरा हरिः ।।१७।।
अध्यात्मविद्यानिरतैर्यत् फलं प्राप्यते नरैः । ततो बहुतरं विद्धि कामिकाव्रतसेवनात् ।।१८।।
रात्रौ जागरणं कुर्यात् कामिकाव्रतकृन्नरः । न पश्यति यमं रौद्रं नैव पश्यति दुर्गतिम् ।।१९।।

त्यसकारण हरसंभव प्रयत्न गरेर पनि कामिका एकादशीको दिन पापदेखि डराउने मनुष्यहरूले शक्ति-अनुसार हरि भगवान्‌को पूजा गर्नुपर्छ ।।१५।। जो जन संसाररूपी समुद्रमा डुबेका छन् र पापरूपी हिलाको भासमा भासिएर आकुल छन् , त्यस्ता तिनीहरूको उद्धारका लागि कामिकाको व्रत उति उत्तम छ ।।१६।। योभन्दा अर्को अति पवित्र र सारा पापलाई सखाप पारिदिने व्रत-पूजा छैन भन्ने कुरो हे नारद! तिमी जानिल्यौ, यो कुरो उहिले भगवान् हरिले स्वयं भन्नुभएको हो ।।१७।। अध्यात्मविद्या जान्न लागिपरेका मनुष्यहरूले जो पुण्यफल पाउँछन् , त्योभन्दा पनि धेरै नै पुण्यफल कामिका एकादशीको व्रत गर्नाले मिल्छ भन्ने कुरो तिमी जान।।१८।। कामिकाको व्रत गर्ने मनुष्यले त्यो रातभरि जागरण गर्‍यो भने, त्यसले डरलाग्दो यमराजलाई देख्नुपर्दैन र नरकको दुःख पनि बेहोर्नुपर्दैन ।।१९।।

न पश्यति कुयोनिं च कामिकाव्रतसेवनात् । कामिकाया व्रतेनैव कैवल्यं योगिनो गताः ॥
ऋषयो मुनयश्चैव कुर्वन्ति कामिकाव्रतम् । सर्वैः सर्वप्रयत्नेन कर्तव्या नियताऽऽत्मभिः ॥२०॥
तुलसीप्रभवैः पत्रैर्यो नरः पूजयेद्धरिम् । न वै स लिप्यते पापैः पद्मपत्रमिवाम्भसा ॥२१॥
सुवर्णभारमेकं तु रजतं च चतुर्गुणम् । दत्त्वा यत् फलमाप्नोति तत् फलं तुलसीदले ॥२२॥
रत्नमौक्तिकवैडूर्यप्रवालादिभिरर्चितः । न तुष्यति तथा विष्णुस्तुलसीपूजनाद् यथा ॥२३॥

कामिकाको व्रत बस्नाले अधम (नीच) योनिमा जन्मनुपर्दैन। कामिकाको व्रत गर्नाले नै कैयन् योगीहरूले कैवल्य धाम प्राप्त गरे।। यसैकारणले ऋषिहरू मुनिहरू पनि कामिकाको व्रत गर्दछन् । तसर्थ, सबै संयमी पुरुषहरूले प्रयत्नपूर्वक कामिकाको व्रत गर्नैपर्छ ॥२०॥ यस एकादशीमा तुलसीका पातहरूले जो मनुष्य हरिको पूजा गर्दछ, त्यो मनुष्यलाई पानीले कमलको पातलाई नभिजाएझैं, कुनै पापले पनि छुन सक्तैन ॥२१॥ एक भार (भरी) सुवर्ण या चार भरी चाँदी दान गर्नाले जो फल प्राप्त हुन्छ, त्यो फल त्यस दिन तुलसीपत्रले हरिको पूजा गर्दा प्राप्त हुन्छ ॥२२॥ त्यस दिन तुलसीपत्रले पूर्जा गर्दा भगवान् विष्णु जस्तो प्रसन्न हुनुहुन्छ, त्यस्तो प्रसन्न त रत्न-मोती वैडूर्य मणि अनि मूगा आदिले पूजा गर्दा पनि प्रसन्न हुनुहुन्न ॥२३॥

तुलसीमञ्जरीभिस्तु पूजितो येन केशवः । आजन्मकृतपापस्य तेन सम्मार्जिता लिपिः ॥२४॥

या दृष्टा निखिलाऽघसंघशमनी स्पृष्टा वपुः-पावनी
रोगाणामभिवन्दिता निरशनी सिक्ताऽन्तकत्रासिनी ।
प्रत्यासन्नविधायिनी भगवतः कृष्णस्य सारोपिता
न्यस्ता तच्चरणे विमुक्तिफलदा तस्यै तुलस्यै नमः ॥२५॥

त्यस दिन जुन जनले तुलसीका मञ्जरीहरूले केशव भगवान्‌को पूजा गर्दछ, त्यसले जन्मेदेखि गरेका पापका घुरान सबै बढार्दछ ॥२४॥ जसको दर्शनले समस्त पापसमूह शान्त हुन्छन् , जसलाई छुनाले शरीर पवित्र हुन्छ, जसलाई ढोग्नाले सारा रोगहरू नाशिन्छन्, जसको जल मस्तकमा सेचन गर्‍यो भने यमराज पनि डराउँछन् । जसको पत्र शिरमा चढायो भने भगवान् कृष्णाको अत्यन्त नजीकै बस्न पाइने गराउँछिन् , भगवान्‌का चरणकमलमा चढायो भने मुक्ति दिलाउँछिन् , त्यस्ती तुलसीलाई नमस्कार छ ॥२५॥

दीपं ददाति यो मर्त्यो दिवारात्रौ हरेर्दिने । तस्य पुण्यस्य संख्यातुं चित्रगुप्तोऽपि वेत्ति न ॥२६॥
कृष्णाऽग्रे दीपिको यस्तु ज्वलेदेकादशीदिने । पितरस्तस्य तृप्यन्ति अमृतेन दिवि स्थिताः ॥२७॥
घृतेन दीपं प्रज्वाल्य तिलतैलेन वा पुनः । प्रयाति सूर्यलोकेऽसौ दीपकोटिशतैर्वृतः ॥२८॥
अयं तवाऽग्रे कथितः कामिकामहिमा मया । अतो नरैः प्रकर्तव्या सर्वपातकहारिणी ॥२९॥

जुन मनुष्य हरिको दिन त्यो कामिका एकादशीमा दिन-रातभरि तिलको तेलमा बत्ती बालिराख्छ, त्यस पुण्यको लेखा लाउन त स्वयं चित्रगुप्त पनि जान्नुहुन्न अर्थात् सक्नुहुन्न ॥२६॥ जो जन कामिका एकादशीको दिनमा भगवान् कृष्णका सामु दीपदान गर्दछ, अर्थात् झललल बत्तीहरू बाल्दछ, स्वर्गमा रहेका त्यसका सारा पितृहरू अमृत प्यून पाएर तृप्त हुन्छन् ॥२७॥ कामिका एकादशीको दिन अहोरात्र घिउमा अथवा तिलका तेलमा जो बत्ती बालिराख्छ, त्यो जन मरेपछि सयकडौं करोडौं त्यस्ता बत्तीले युक्त भएर सूर्यलोकमा जान्छ ॥२८॥ मैले कामिका एकादशीको यस्तो यो महिमा तिम्रो सामु कहें अर्थात् सुनाएँ। यसकारण, सारा पातक पापहरूलाई हर्ने यो कामिका एकादशीको व्रत सबै मनुष्यले गर्ने गर्नुपर्छ ॥२९॥

ब्रह्महत्याऽपहरणी भ्रूणहत्या – विनाशिनी । त्रिदिवस्थानदात्री च महापुण्यफलप्रदा ।।३०।।
श्रुतं माहात्म्यमेतस्या नरैः श्रद्धासमन्वितैः। विष्णुलोकमवाप्नोति सर्वपापैः प्रमुच्यते ।।३१।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे श्रावणकृष्णैकादशी-कामिकामाहात्म्यं समाप्तम् ।।१७।।

ब्रह्महत्याको पाप हर्नेवाला, भ्रूणहत्या (गर्भहत्या) को पाप पनि विनाश गर्नेवाला, ठूलो पुण्यको फल दिने यो कामिका एकादशीको व्रतले मरेपछि स्वर्गमा स्थान दिएर उहीं बसाउँछ ।।३०।। जो जो जनले यस कामिका एकादशीको माहात्म्य अर्थात् महिमा श्रद्धाभक्तिले युक्त भएर सुन्दछ, अन्तमा सारा पापहरूबाट छुट्छ र विष्णुको लोक वैकुण्ठमा वास पाउँछ ।।३१।।

।। इति एकादशीमाहात्म्ये नेपाली टीकायां सप्तदशोऽध्यायः ।।१७।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ अष्टादशोऽध्याय:

अथ श्रावणशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

श्रावणस्य सिते पक्षे किं नामैकादशी भवेत् । कथयस्व प्रसादेन ममाऽग्रे मधुसूदन ।।१।।

श्रीकृष्ण उवाच– ।।

शृणुष्वाऽवहितो राजन् कथां पापहारां पराम् । यस्याः श्रवणमात्रेण वाजपेयफलं लभेत् ।।२।।

द्वापरस्य युगस्याऽऽदौ पुरा माहिष्मतीपुरे । राजा महीजिदाख्यातो राज्यं पालयति स्वयम् ।।३।।

पुत्रहीनस्य तस्यैव न तद्राज्यं सुखप्रदम् । अपुत्रस्य सुखं नाऽस्ति इह लोके परत्र च ।।४।।

अब आज श्रावणशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भन्नुभयो -।। हे मधुसूदन, हे श्रीकृष्ण ! श्रावणको शुक्लपक्षमा के नाम गरेको एकादशी हुन्छ? कृपा गरेर त्यो कुरो मेरा सामु कहिबक्सियोस् ।।१।। तब श्रीकृष्णले भन्नुभयो -।। हे राजन्! समस्त पापलाई नाश गर्ने यो श्रेष्ठ कथा म भन्दछु, सावधान भएर सुन । जुन एकादशीको कथा सुन्नाले मात्रै पनि वाजपेय यज्ञ गरेको फल लाभ हुन्छ ।।२।। पहिले द्वापर युगको आरम्भमा माहिष्मती नामको नगरमा महीजित् नाम गरेका राजा स्वयं राज्यको पालन गर्थे ।।३।। तर पुत्रहीन ती राजाको त्यो राज्यपालन सुखकारी भएन, किनकि यस लोकमा र परलोकमा पनि अपुत्रीलाई सुख छैन ।।४।।

यततोऽस्य सुतप्राप्तौ कालो बहुतरो गतः । न प्राप्तश्च सुतो राज्ञा सर्वसौख्यप्रदो नृणाम् ।।५।।
दृष्ट्वाऽऽत्मानं प्रवयसं राजा चिन्तापरोऽभवत् । सदोगतः प्रजामध्ये इदं वचनमब्रवीत् ।।६।।
इह जन्मनि भो लोका न मया पातकं कृतम् । अन्यायोपार्जितं वित्तं क्षिप्तं कोशे मया न हि ।।७।।
ब्रह्मस्वं देवद्रविणं न गृहीतं मया क्वचित् । न्यासापहारो न कृतः परस्य बहुपापदः ।।८।।
सुतवत्-पालिता लोका धर्मेण विजिता मही । दुष्टेषु पातितो दण्डो बन्धुपुत्रोपमेष्वपि ।।

पुत्र प्राप्तिका लागि अनेक उपाय गर्ने यी राजाको धेरै समय बित्यो। तर मनुष्यहरूलाई सम्पूर्ण सुख दिनेवाला छोरो ती राजाले पाउन सकेनन् ।।५।। तब आफूलाई उमेर ढल्केको देखेर अर्थात् जानेर राजा अत्यन्तै चिन्ता गर्न लागे र एक दिन पुरजन (प्रजा) हरूको सभामा बसेर यस्तो कुरो भने ।।६।। हे प्रजाहो ! यस जन्ममा ता मैले कुनै पाप गरेको छैन। अन्यायले कमाएको सम्पत्ति मैले आफ्नू खजानामा जम्मा गरेको छैन अर्थात् ढुकाएको छैन ।।७।। ब्रह्मस्व र देउताको धन देवस्व पनि मैले केही पनि ग्रहण गरेको छैन । अत्यन्तै पाप लाग्ने अर्काको धरोहर (धितो) पनि मैले सम्झ्याएको छैन ।।८।। प्रजाहरूलाई मैले छोरा जस्तै गरेर पालेको छु, धर्मपूर्वक नै पृथिवी जितेको छु। दुष्ट छन् भने बन्धु-बान्धव भतीजाहरूमा पनि पक्षपात नगरीकन दण्ड दिएको छु ।।

कर्हिचित् करभारेण शोषिता न प्रजा मया । शिष्टाः सुपूजिता लोका द्वेष्याश्चाऽपि महाजनाः ।।९।।
इत्येवं व्रजतो मार्गे धर्मयुक्ते द्विजोत्तमाः ! कस्मान्मम गृहे पुत्रो न जातस्तद्विचार्यताम् ।।१०।।
इति वाक्यं द्विजाः श्रुत्वा सप्रजाः सपुरोहिताः । मन्त्रयित्वा नृपहितं जग्मुस्ते गहनं वनम् ।।११।।
इतस्ततश्च पश्यन्तश्चाऽऽश्रमानृषिसेवितान् । नृपतेर्हितमिच्छन्तो ददृशुर्मुनिसत्तमम् ।।१२।।
तप्यमानं तपो घोरं चिदानन्दं निरामयम् । निराहारं जितात्मानं जितक्रोधं सनातनम् ।।१३।।

करको बोझ बोकाएर कहिल्यै पनि प्रजाहरूलाई मैले शोषण गरेको छैन। अनि द्वेष गर्न योग्य पनि ठूला शिष्ट जनहरूलाई मैले सम्मान गरेको छु ।।९।। हे श्रेष्ठ ब्राह्मण हो, यस्ता प्रकारले धर्मपूर्वकको बाटामा चल्दा पनि किन मेरो घरमा पुत्र पैदा भएन ? त्यो कुरो तपाईंहरू विचार गरेर बताउनुहोस् ।।१०।। राजाको यस्तो कुरो सुनेपछि परस्परमा सरसल्लाह गरेर केही प्रजा र राजपुरोहितका साथ ती ब्राह्मणहरू राजाको हितको लागि अटाम्मेको जङ्गलमा जाँदा भए ।।११।। उहाँ पुगेर राजाको हित चाहने ती ब्राह्मणहरूले ऋषिहरू रहिएका आश्रमहरूलाई यताउति हेर्दै हिड्दा एकाएक कुनै अतिश्रेष्ठ मुनिलाई देखे ।।१२।। घोर तपस्या गर्ने, चिदानन्दस्वरूप, रोगव्याधिले रहित, स्वस्थ, केही नखाने, आत्मालाई जितेका अर्थात् आत्मज्ञानी, क्रोधलाई जितेका अर्थात् शान्त, अतिपुराना ।।१३।।

लोमशं धर्मतत्त्वज्ञं सर्वशास्त्रविशारदम् । दीर्घायुषं महात्मानमनेकब्रह्मसम्मितम् ॥१४॥
कल्पे गते यस्य एकमेकं लोम विशीर्यते । अतो लोमश नामानं त्रिकालज्ञं महामुनिम् ॥१५॥
तं दृष्ट्वा हर्षिताः सर्वे ह्याजग्मुस्तस्य सन्निधिम् । यथान्यायं यथार्हं ते नमश्चक्रुर्यथोदितम् ॥१६॥
विनयाऽवनताः सर्वे ऊचुश्चैव परस्परम् । अस्मद्भाग्यवशादेव प्राप्ताः स्मो मुनिसत्तमम् ॥१७॥
ताँस्तथा प्रणतान् दृष्ट्वा ह्युवाच मुनिसत्तमः । लोमश उवाच ॥ किमर्थमिह संप्राप्ताः कथयध्वं सकारणम् ॥१८॥

धर्मको तत्त्वलाई भलीभाँति जान्ने अनि सकल शास्त्रमा प्रवीण, अत्यन्तै लामू आयु भएका, कति ओटा ब्रह्मा भोगिसकेका, विशाल आत्मा भएका, लोमश नाम गरेका ॥१४॥ प्रत्येक कल्पमा एक कल्प समय बितेपछि जसको यौटा-यौटा रौं झर्दछ, यसैले जसको नाम नै लोमश हुन गएको छ, त्यस्ता ती तीनै काल भूत- भविष्यत् -वर्तमानका कुरो जान्ने अत्यन्त ठूला मुनिलाई देखे ॥१५॥ त्यस्ता ती मुनिलाई देखेपछि साराका सारा रमाए, अनि उनको नगीचैमा आए, अनि उचित प्रकारले, सम्मानपूर्वक, गर्नुपर्ने जस्तै गरी उनलाई ढोगे ॥१६॥ अनि विनयले नम्र भएका ती सबैले परस्परमा 'हाम्रा भाग्यले गर्दा नै यस्ता श्रेष्ठ सज्जन मुनिभाठौं हामी आइपुग्यौं' भन्दा भए ॥१७॥ तब अत्यन्त नम्र भएर ढोग्रे त्यस्ता तिनीहरूलाई देखेर मुनिहरूमा श्रेष्ठ लोमशले भन्नुभयो । लोमशले भन्नुभयो-॥ तिमीहरू यहाँ के कारणले आएका हौ? कारण-सहित भन ॥१८॥

मद्दर्शनाऽऽह्लादगिरः स्तुवन्त इव मां किमु । असंशयं करिष्यामि भवतां यद्धितं भवेत् ।।१९।।
परोपकृतये जन्म मादृशानां न संशयः । जना ऊचुः ।। श्रूयतामभिधास्यामो वयमागमकारणम् ।।२०।।
संशयच्छेदनाऽर्थाय तव सन्निधिमागताः । पद्मयोनेः परतरस्त्वत्तः श्रेष्ठो न विद्यते ।।२१।।
अतः कार्यवशात् प्राप्ताः समीपं भवतो वयम् । महीजिन्नाम राजाऽसौ पुत्रहीनोऽस्ति सांप्रतम् ।।२२।।
वयं तस्य प्रजा ब्रह्मन् पुत्रवत् तेन पालिताः । तं पुत्ररहितं दृष्ट्वा तस्य दुखेन दुखिनः ।।२३।।

मेरो दर्शनले गद्गद वाणी भएर मानों मलाई करतो-करतो स्तुति गर्ने तपाईंहरूको जे गर्दा हित हुन्छ, त्यो कुरो म अवश्य गर्नेछु ।।१९।। किनकि म जस्ता मान्छेको जन्म परोपकारका लागि नै भएको हुन्छ, यसमा कुनै संशय छैन। तब गएका जनहरूले भने -।। यहाँ आउनाको कारण हामी बताउँछौं, सुनिबक्सियोस् । ।।२०।। संशय मेटाउनका लागि नै तपाईंभाठौं हामी आएका हौं। किनकि ब्रह्माको बाद तपाईंभन्दा अर्को श्रेष्ठ व्यक्ति कोही छैन ।।२१।। यसै कारणले कुनै काम परेर नै हामीहरू तपाईं भएको ठाउँमा आएका हौं । हे प्रभो! यतिखेर महीजित् नाम गरेका राजा छन् । यी राजा यतिखेर पुत्रहीन छन् ।।२२।। हे ब्रह्मन्! हामी तिनैका प्रजा हौं, उनले हामीलाई छोरा जस्तै गरी रक्षा गरेका छन् । किन्तु उनलाई पुत्रहीन देखेर त्यस दुःखले दुःखित हामीहरू ।।२३।।

तपः कर्तुमिहाऽऽयाता मतिं कृत्वा तु नैष्ठिकीम् । तस्य भाग्यवशाद्दृष्टस्त्वमस्माभिर्द्विजोत्तम ॥२४॥
महतां दर्शनेनैव कार्यसिद्धिर्भवेन्नृणाम् । उपदेशं वद मुने राज्ञः पुत्रो यथा भवेत् ॥२५॥
इति तेषां वचः श्रुत्वा मुहूर्तं ध्यानमास्थितः । प्रत्युवाच मुनिर्ज्ञात्वा तस्य जन्म पुरातनम् ॥२६॥

लोमश उवाच—॥

पूर्वजन्मनि वैश्योऽयं धनहीनो नृशंसकृत् । वाणिज्यकर्मनिरतो ग्रामाद् ग्रामान्तरं भृशम् ॥२७॥
ज्येष्ठमासे सिते पक्षे द्वादशीदिवसे तथा । मध्याह्ने द्युमणौ प्राप्ते ग्रामसीम्नि जलाशयम् ॥२८॥

राजालाई पुत्र पैदा होस् भन्ने यस्तो नैष्ठिकी बुद्धि गरेर तपस्या गर्नका लागि हामी यहाँ आएका हौं, हे ब्राह्मण ! ब्राह्मणहरूमा अति उत्तम ऋषि ! तिनै राजाका भाग्यले नै हामीहरूले हजुरलाई देख्न पायौं ॥२४॥ ठूला जनको दर्शनले मात्रै पनि मनुष्यहरूको कार्यसिद्धि हुन्छ । त्यसकारण, हे मान्य मुनि ! ती राजाको जसरी यानि जे गर्दा छोरो पैदा हुन्छ, त्यो कुरो आज्ञा हओस् ॥२५॥ तिनीहरूको यस्तो कुरो सुनेर, एकछिन अर्थात् दुई घडी ध्यानमग्न रहेर, त्यस राजाको पूर्वजन्मको वृत्तान्त जानेर ती मुनिले भन्नुभयो॥२६॥ लोमश ऋषिले भन्नुभयो -॥ पूर्वजन्ममा यो राजा क्रूर कर्म गर्नेवाला गरीब वैश्य थियो, हमेशै गाउँ-गाउँ घुमेर व्यापारको काम गर्थ्यो ॥२७॥ कुनै समयमा जेठ महीनाको शुक्लपक्षमा द्वादशी तिथिको दिन जब सूर्यनारायण दिनको बीचमा पुगेका थिए अर्थात् मध्याह्नमा, कुनै गाउँको सीमामा जलाशप डोबरो ॥२८॥

कूपिकां सजलां दृष्ट्वा जलपाने मनो दधौ । सद्यः सूता सवत्सा च धेनुस्तत्र समागता ।।२९।।
तृषातुरा निदाघार्ता तस्यामम्बु पपौ तु सा । पिबन्तीं वारयित्वा तामसौ तोयं स्वयं पपौ ।।३०।।
कर्मणस्तस्य पापेन स पुत्ररहितो नृपः । पूर्वजन्मकृतात् पुण्यात् प्राप्तं राज्यमकंटकम् ।।३१।।

जनाः ऊचुः– ।।

पुण्यात् पापं क्षयं याति पुराणे श्रूयते मुने । पुण्योपदेशं कथय येन पापक्षयो भवेत् ।।३२।।
यथा भवत्प्रसादेन पुत्रोऽस्य भविता तथा । लोमश उवाच ।। श्रावणे शुक्लपक्षे तु पुत्रदा नाम विश्रुता ।।३३।।

वा पानी जमेको पनेरो देखेर तब त्यो वैश्यले पानी पिउने मन गर्‍यो, त्यसै वेलामा भर्खरै ब्याएकी लैनू गाई बाच्छीसहित त्यहाँ टुप्लुक्क आई ।।२९।। टण्टलापुर घामले घबडाएकी, प्यासले आकुल- व्याकुल भएकी त्यस गाईले जब त्यस पनेरामा पानी पिउन थाली त पानी पिइरहेकी त्यस गाईलाई त्यस वैश्यले धपाएर स्वयंले पानी पियो ।।३०।। त्यसै कर्मको पापले यो राजा अहिले निपुत्री भएको हो। त्यसभन्दा पहिले -पहिलेका जन्ममा गरेका पुण्यका प्रभावले यतिखेर शत्रुरहित राज्य पाएर राजा भएको छ ।।३१।। तब ती गएका जनले भने -।। हे मुनि ! पुण्य गर्नाले पाप नाश हुन्छ भन्ने कुरो पुराणमा सुनिन्छ । त्यसकारण, त्यस्तो पुण्यको उपदेश दिइबक्सियोस्, जुन पुण्यले त्यो पापको नाश होस् र ।।३२।। जे गर्दा हजुरका कृपाले ती राजाको छोरो हुन्छ, त्यो पुण्योपदेश सुन्न पाऔं । तब लोमशले भन्नुभयो -।। श्रावणको शुक्लपक्षमा 'पुत्रदा' नामले प्रसिद्ध ।।३३।।

एकादशी तिथिश्चाऽस्ति कुरुध्वं तद्व्रतं जनाः । यथाविधि यथान्यायं यथोक्तं जागरान्वितम् ॥३४॥
तस्याः पुण्यं सुविमलं ददन्तु नृपतेर्जनाः । एवं कृते सुनियतं राज्ञः पुत्रो भविष्यति ॥३५॥
श्रुत्वैतल्लोमशवचस्तं प्रणम्य द्विजोत्तमम् । प्रजग्मुः स्वगृहान् सर्वे हर्षोत्फुल्लविलोचनाः ॥३६॥
श्रावणं तु समासाद्य स्मृत्वा लोमशभाषितम् । राज्ञा सह व्रतं चक्रुः सर्वे श्रद्धा-समन्विताः ॥३७॥
द्वादशीदिवसे पुण्यं ददुर्नृपतये जनाः । दत्ते पुण्ये यथा राज्ञी गर्भमाधत शोभनम् ॥३८॥

एकादशी तिथि हुन्छ, हे जनहो! तिमीहरू त्यस एकादशीको विधिपूर्वक, उचित तरहले, कहे-अनुसार रात्रि जागरण-सहित व्रत गर र ॥३४॥ हे जनहो! त्यस एकादशीको व्रतको सङ्लो पुण्यफल सबैले ती राजालाई देओ ! यदि तिमीहरूले यस्तो काम गर्‍यौ भने पक्कापक्की निश्चय नै ती राजालई छोरो हुनेछ ॥३५॥ तब ती लोमश ऋषिको यस्तो वचन सुनेर अनि सबैले ब्राह्मणहरूमा अग्रणी ती मुनिलाई ढोगेर ती आएका सबै हर्षले फुर्किंदै आफ्ना घर गए ॥३६॥ अनि श्रावण महीना लागेपछि लोमशले भनेको कुरो सम्झेर राजाका साथैमा सबैले श्रद्धाभक्तिपूर्वक पुत्रदा एकादशीको व्रत गरे ॥३७॥ अनि भोलिपल्ट द्वादशीको दिनमा सबै जनाले त्यो पुण्य राजालाई अर्पण गरे। जब सबैले त्यसरी पुण्य दिएथे, तब रानीले पनि सुन्दर शुभ गर्भ धारण गरिन् अर्थात् भारी जीउकी भइन् ॥३८॥

प्राप्ते प्रसवकाले सा सुषुवे पुत्रमूर्जितम् । एवमेषा नृपश्रेष्ठ पुत्रदा नाम विश्रुता ।।३९।।
निश्चयं पुत्रदा एषा यत्र नाऽस्ति विचारणा । कर्तव्या सुखमिच्छद्भिरिह लोके परत्र च ।।४०।।
श्रुत्वा माहात्म्यमेतस्याः सर्वपापैः प्रमुच्यते । इह पुत्रसुखं प्राप्य परत्र स्वर्गतिर्भवेत् ।।४१।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे श्रावणशुक्लैकादशीपुत्रदामाहात्म्यं समाप्तम् ।।१८।।

तब प्रसव समय आएपछि ती रानीले तेजस्वी छोरो पाइन् । हे नृपश्रेष्ठ ! यसैले अर्थात् पुत्र दिने हुनाले यो एकादशी 'पुत्रदा' नामले विख्यात छ ।।३९।। यो एकादशीको व्रतको पुण्यले निश्चे छोरो दिन्छ-दिन्छ, 'यसमा हुन्छ या हुन्न' भन्ने विचार गर्नुपर्दैन । तसर्थ, यस लोकमा र परलोकमा पनि सुख चाहनेहरूले यो एकादशीको व्रत अवश्यै गर्नुपर्छ ।।४०।। यस पुत्रदा एकादशीको माहात्म्य मात्रै सुन्यो भने पनि सुन्ने व्यक्ति सबै पापबाट छुट्दछ र यस लोकमा पुत्रसुख पाएर, परत्रमा पनि उसलाई स्वर्ग प्राप्त हुन्छ ।।४१।।

।। इति एकादशीमाहात्म्ये नेपाली टीकायां अष्टादशोऽध्यायः ।।१८।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ ऊनविंशोऽध्याय:

अथ भाद्रपदकृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच–।।

भाद्रस्य कृष्णपक्षे तु किं नामैकादशी भवेत् । एतदिच्छाम्यहं श्रोतुं कथयस्व जनार्दन ।।१।।

श्रीकृष्ण उवाच–।।

शृणुष्वैकमना राजन् कथयिष्यामि विस्तरात् । अजा नाम्नीति विख्याता सर्वपापप्रणाशिनी ।।२।।
पूजयित्वा हृषीकेशं व्रतं तस्याः करोति यः । पापानि तस्य नश्यन्ति व्रतस्य श्रवणादपि ।।३।।
नाऽतः परतरा राजँल्लोकद्वयहितावहा । सत्यमुक्तं मया ह्येतन्नाऽसत्यं भाषितं मम ।।४।।

अब आज भाद्रकृष्ण एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने -।। हे जनार्दन ! हे श्रीकृष्ण भदौको कृष्णपक्षमा कुन नाउँ गरेको एकादशी हुन्छ ? अब म यो सुन्न चाहन्छु, कहिबक्सियोस् ।।१।। तब श्रीकृष्णले भन्नुभयो -।। हे राजन् ! यो कुरो म विस्तारका साथ कहन्छु, तिमी एकमन भएर सुन ! भदौको कृष्ण पक्षमा 'अजा' नामले प्रसिद्ध एकादशी पर्छ, जुन एकादशीले त्यसको व्रत बस्नेको सारा पाप स्वाहा पारिदिन्छे ।।२।। जुन जनले हृषीकेश भगवानूलाई पूजा गरेर त्यस एकादशीको व्रत गर्दछ र त्यस व्रतको कथा पनि सुन्दछ भने त्यस व्रतीका सारा पापहरू नाश हुन्छन् ।।३।। हे राजन् ! दुवै लोकमा, यहाँ पनि उहाँ पनि कल्याण गर्नेवाला यो- भन्दा अर्को श्रेष्ठ एकादशी छैन। मैले यो कुरो एकदम साँचो भनेको हुँ, मैले यो असत्य भनेको हैन अर्थात् मजाक गरेको हैन ।।४।।

हरिश्चन्द्र इति ख्यातो बभूव नृपतिः पुरा । चक्रवर्ती सत्यसन्धः समस्ताया भुवः पतिः ।।५।।
कस्याऽपि कर्मणो योगाद्राज्यभ्रष्टो बभूव सः । विक्रीय वनितां पुत्रं स चकाराऽऽत्मविक्रयम् ।।६।।
पुल्कसस्य च दासत्वं गतो राजा स पुण्यकृत् । सत्यमालम्ब्य राजेन्द्र मृतचैलाऽपहारकः ।।७।।
सोऽभवन्नृपतिश्रेष्ठो न सत्याच्चलितस्तथा । एवं गतस्य नृपतेर्बहवो वत्सरा गताः ।।८।।
ततश्चिन्तापरो राजा बभूवाऽत्यन्तदुःखितः । किं करोमि क्व गच्छामि निष्कृतिर्मे कथं भवेत् ।।९।।

पहिले यस पृथ्वीतलमा चक्रवर्ती अर्थात् साते द्वीपका शासक, सत्य प्रतिज्ञावाला, समस्त पृथ्वीका मालिक हरिश्चन्द्र भन्ने नामले विख्यात भएका राजा थिए ।।५।। कुनै जन्मका कुनै संचित पापका कारणले ती एकाएक राज्यबाट भ्रष्ट भए र उनले आफ्नी धर्मपत्नीलाई अनि छोरोलाई पनि बेचेर पछि आफ्नै पनि बिक्री गरे ।।६।। अनि ती पुण्यात्मा राजा कर्मका खेलले चाण्डालका दास भएर रहे । हे राजेन्द्र ! त्यतिखेर तिनी आफ्नू सत्यव्रतलाई नछाडीकन, मरेका मुर्दाहरूको लुगा-फाटा बटुलबाटुल पारेर करका रूपमा लिने गर्थे ।।७।। त्यस्ता श्रेष्ठ राजा बरु त्यस्तो चाण्डालको नोकर भएर रहे, तर आफ्नू सत्यव्रतबाट विचलित भएनन् । यस्तै गतिले ती नृपतिका धेरै वर्षहरू बिते ।।८।। त्यसपछि चिन्तामा डुबेका ती राजा अत्यन्त दुःखित हुँदा भए र अब म के गरूँ ? कहाँ जाऊँ, कसरी मेरो उद्धार होला ? ।।९।।

इति चिन्तयतस्तस्य मग्नस्य वृजिनार्णवे । आजगाम मुनिः कश्चिज्ज्ञात्वा राजानमातुरम् ।।१०।।
परोपकारणार्थाय निर्मितो ब्रह्मणा द्विजः । स तं दृष्ट्वा द्विजवरं ननाम नृपसत्तमः ।।११।।
कृत्ताञ्जलिपुटो भूत्वा गौतमस्याऽग्रतः स्थितः । कथयामास वृत्तान्तमात्मनो दुःखसंयुतम् ।।१२।।
श्रुत्वा नृपतिवाक्यानि गौतमो विस्मयाऽन्वितः । उपदेशं नृपतये व्रतस्याऽस्य मुनिर्ददौ ।।१३।।
मासि भाद्रपदे राजन् कृष्णपक्षे तु शोभना । एकादशी समायाता अजा नाम्न्यतिपुण्यदा ।।१४।।

भन्ने यस प्रकारले, पापरूपी समुद्रमा डुबेका राजाले चिन्ता गरिरहेको वेलामा, राजालाई आतुर (अत्यन्त दुःखित) भएको जानेर कुनै मुनि त्यहाँ टुप्लुक्क आइपुगे ।।१०।। परोपकार गर्नाका लागि नै ब्रह्माले ब्राह्मणलाई रचेका हुन् भन्ने ठानेर ती श्रेष्ठ राजाले ती पूजनीय ब्राह्मणलाई देख्नेबित्तिकै दण्डवत् प्रणाम गरे र ।।११।। ती गौतम ऋषिको अगाडि उभिएर, दुवै हात जोडेर दुःख भरिएको आफ्नू वृत्तान्त कहँदा भए ।।१२।। ती राजाका त्यस्ता दुःखका कुरा हवाल सुनेर आश्चर्यचकित भएका गौतम मुनिले ती राजालाई यस व्रतको बारेमा यस्तो उपदेश दिए ।।१३।। हे राजन् ! भदौ महीनाको कृष्णपक्षमा अत्यन्त सुन्दर, कल्याणकारी तथा अत्यन्त पुण्य दिने 'अजा' नामको एकादशी आइरहेको छ ।।१४।।

तस्याः कुरु व्रतं राजन् पापनाशो भविष्यति । तव भाग्यवशादेषा सप्तमेऽह्नि समागता ।।१५।।
उपवासपरो भूत्वा रात्रौ जागरणं कुरु । एवं तस्या व्रते चीर्णे सर्वपापक्षयो भवेत् ।।१६।।
तव पुण्यप्रभावेण चाऽऽगतोऽहं नृपोत्तम । इत्येवं कथयित्वा तु मुनिरन्तरधीयत ।।१७।।
मुनिवाक्यं नृपः श्रुत्वा चकार व्रतमुत्तमम् । कृते तस्मिन् व्रते राज्ञःपापस्याऽन्तोऽभवत् क्षणात् ।।१८।।
श्रूयतां राजशार्दूल प्रभावोऽस्य व्रतस्य च । यद्दुःखं बहुभिर्वर्षैर्भोक्तव्यं तत् क्षयो भवेत् ।।१९।।

हे राजन् ! त्यस अजा एकादशीको व्रत गर त तिम्रो पापको नाश हुनेछ । तिम्रो भाग्यले यो एकादशी आजको सातै दिनमा आइरहेको छ ।।१५।। अहोरात्रै उपवास रहेर रातभरि जाग्राम गर्नू। यस्ता प्रकारले त्यसको व्रत गर्‍यौ भने सारा पाप नाश हुनेछ ।।१६।। हे नृपोत्तम ! तिम्रो पुण्यको प्रभावले नै म यहाँ आपुगेको छु । यति कुरो भनेर मुनि त्यहीं अल्पिए ।।१७।। अनि राजाले मुनिको त्यस्तो कुरो सुनेर त्यो उत्तम व्रत गरे । त्यो व्रत गरेपछि राजाको थाती पापको तुरुन्तै अन्त भयो ।।१८।। हे नृपश्रेष्ठ युधिष्ठिर ! यस व्रतको प्रभाव अझै सुन, जो दुः ख धेरै वर्ष भोग्नुपर्ने छ, त्यो दुःख पनि यसले नाश हुन्छ ।।१९।।

निस्तीर्णदुःखो राजाऽऽसीद् व्रतस्याऽस्य प्रभावतः । पत्न्या सह समायोगं पुत्रजीवनमाप सः ॥२०॥
देवदुन्दुभयो नेदुः पुष्पवर्षमभूद्दिवः । एकादश्याः प्रभावेण प्राप्तं राज्यमकण्टकम् ॥२१॥
स्वर्गं लेभे हरिश्चन्द्रः सपुरः सपरिच्छदः । ईदृग्विधं व्रतं राजन् ये कुर्वन्ति द्विजोत्तमाः ॥२२॥
सर्वपापविनिर्मुक्तास्त्रिदिवं यान्ति ते ध्रुवम् । पठनाच्छ्रवणाद्राजन्नश्वमेधफलं लभेत् ॥२३॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे भाद्रपदकृष्णे अजानामैकादशीमाहात्म्यं समाप्तम् ॥१९॥

अजा एकादशीको व्रत गरेपछि यस व्रतको प्रभावले राजा सत्यहरिश्चन्द्र दुःखबाट पार भए । अनि पत्नीका साथ फेरि भेट भयो, छोरोलाई पनि उनले फेरि बचाए ॥२०॥ त्यस बखतमा देवताका दमाहा बजे, आकाशबाट फूल वर्षिए। अजा एकादशीको व्रतको प्रभावले फेरि अकण्टक अर्थात् शत्रु नभएको राज्य पाए ॥२१॥ तब राजा हरिश्चन्द्र आफ्ना पुरवासी र परिवारका साथ स्वर्ग गए। हे राजन् ! यो यस प्रकारको व्रत जो ब्राह्मणहरू गर्दछन् ॥२२॥ सबै पापबाट छुटेर ती अवश्य नै मरेपछि स्वर्ग जान्छन्। हे राजन्, यो अजा एकादशीको माहात्म्य पढ्नाले वा सुन्नाले मात्रै पनि अश्वमेध यज्ञको फल प्राप्त हुन्छ ॥२३॥

॥ इति एकादशीमाहात्म्ये नेपाली टीकायामूनविंशोऽध्यायः॥१९॥

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ विंशोऽध्यायः

अथ भाद्रपदशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच—।।

नभस्यस्य सिते पक्षे किं नामैकादशी भवेत् ? को देवः को विधिस्तस्याः किं पुण्यं च वदस्व नः ।।१।।

श्रीकृष्ण उवाच —।।

कथयामि महापुण्यां स्वर्गमोक्षप्रदायिनीम् । वामनैकादशीं राजन् सर्वपापहरां पराम् ।।२।।

इमामेव जयन्त्याख्यां प्राहुरेकादशीं नृप । तस्याः श्रवणमात्रेण सर्वपापक्षयो भवेत् ।।३।।

वाजपेयफलं प्रोक्तं नाऽतः परतरं नृणाम् । पापिनां पापशमनं जयन्तीव्रतमुत्तमम् ।।४।।

अब आज भाद्रशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने -।। हे श्रीकृष्ण ! भाद्र महीनाको शुक्लपक्षमा कुन नाम गरेको एकादशी हुन्छ ? त्यस एकादशीको देवता को हो ? त्यसका व्रतको विधि के हो? त्यस व्रतले के पुण्य मिल्छ ? अब यो कुरो हामीहरूलाई बताइबक्सियोस् ।।१।। तब श्रीकृष्णले भन्नुभयो-।। हे राजन् ! महान् पुण्य दिने, स्वर्ग र मोक्ष समेत दिलाउने, सारा पापहरूलाई एकदमसितले नाश गरिदिने 'वामन' नाम गरेको एकादशीको बारेमा अब म कहन्छु ।।२।। हे राजन् ! यसै एकादशीलाई नै 'जयन्ती' एकादशी पनि भन्दछन् ! त्यसका कथाको श्रवण मात्रले पनि सारा पाप नाश हुन्छ ।।३।। पापी मनुष्यहरूको पाप शान्त पार्नका लागि यो उत्तम जयन्तीको व्रतभन्दा अर्को श्रेष्ठ व्रत छैन ।।४।।

नाऽतः परतरा राजन् न वै मोक्षप्रदायिनी । एतस्मात् कारणाद्राजन् कर्तव्या गतिमिच्छता ॥५॥
वैष्णवैर्मम भक्तैस्तु मनुजैर्मत्परायणैः । मभस्ये वामनो यैस्तु पूजितस्तैर्जगत्त्रयम् ॥६॥
पूजितं नाऽत्र सन्देहस्ते यान्ति हरिसन्निधिम् । वामनः पूजितो येन कमलैः कमलेक्षणः ॥७॥
नभस्यस्य सिते पक्षे जयन्त्येकादशीदिनम् । तेनाऽर्चितं जगत् सर्वं त्रयो देवा सनातनाः ॥८॥
एतस्मात् कारणाद्राजन् कर्तव्यो हरिवासरः । अस्मिन् कृते न कर्त्तव्यं किञ्चिदस्ति जगत्त्रये ॥९॥

हे राजन् ! मोक्ष प्रदान गर्नाका लागि योभन्दा अर्को एकादशी छैन । हे राजन् ! यसै कारणले आफ्नू असल गति चाहने जनले यसको व्रत गर्नैपर्छ ॥५॥ मैमा चित्त लाइरहने मेरा परम भक्त वैष्णव मनुष्यहरूले जसले भाद्रशुक्लमा 'वामन' एकादशीको व्रत गर्छन्, तिनले तीनै लोक पूजा गरेको फल पाउँछन् अर्थात् तिनले तीनै लोक पूजिन्छन् ॥६॥ पूजिन्छन् मात्र होइन, त्यरता भक्तहरू मरेपछि हरिकै समीपमा बस्न पाउँछन् पनि, यस कुरामा कुनै सन्देह छैन । कमलपुष्पका पत्र जस्ता आँखा भएका वामन भगवान्कन जसले कमलका फूलहरूले पूजा गर्दछ र ॥७॥ भदौको शुक्लपक्षमा पर्ने जयन्ती नामको एकादशीको व्रत पूजन गर्छ, त्यसले सारा जगत्कै पूजा गरे जस्तै हुन्छ र तीनोटै सनातन देवता ब्रह्मा-विष्णु-महेशको पूजा गरिलिन्छ ॥८॥ हे राजन् ! यसै कारणले यो वामन एकादशीको व्रत पूजा गर्नैपर्छ। यो व्रत विधिपूर्वक गरेपछि तीनै लोकमा अर्को कुनै पुण्य कर्म गर्न बाँकी रहन्न ॥९॥

अस्यां प्रसुप्तो भगवानेत्यङ्गपरिवर्त्तनम् । तस्मादेनां जनाः सर्वे वदन्ति परिवर्तिनीम् ।।१०।।

युधिष्ठिर उवाच– ।।

संशयोऽस्ति महान् मह्यं श्रूयतां तं जनार्दन । कथं सुप्तोऽसि देवेश कथं यास्यङ्गवर्तनम् ।।११।।
किमर्थं देवदेवेश बलिर्बद्धस्त्वयाऽसुरः । सन्तुष्टाः पृथिवीदेवाः किमकुर्वञ्जनार्दन ।।१२।।
को विधिः किं व्रतं चैव चातुर्मास्यमुपासताम् । त्वयि सुप्ते जगन्नाथ किं कुर्वन्ति जनाः प्रभो ।।१३।।
एतद्विस्तरतो ब्रूहि संशयं हर मे प्रभो । श्रीकृष्ण उवाच ।। श्रूयतां राजशार्दूल कथां पापहरां पराम् ।।१४।।

सुतेका भगवान्‌ले यसै एकादशीका दिन आफ्नू अङ्ग परिवर्तन गर्नुहुन्छ अर्थात् कोल्टो फर्कनुहुन्छ । त्यसै कारणले, सबै मनुष्यहरू यस एकादशीलाई 'परिवर्तिनी एकादशी' पनि भन्दछन् ।।१०।। अनि युधिष्ठिरले भने -।। हे जनार्दन ! तपाईका चरित्रहरूमध्ये कतिमा मलाई वड़ो संशय छ, त्यो सुनिवक्सियोस् । हे देवेश ! तपाईं कसरी सुत्नुहुन्छ ? कसरी कोल्टे फर्कनुहुन्छ ? ।।११।। हे देवदेवेश श्रीकृष्ण ! तपाईंले केका लागि त्यो दानव बलिलाई बाँध्नुभयो ? हे जनार्दन ! सन्तुष्ट भएका ब्राह्मणहरूले के गरे ? ।।१२।। चतुर्मासाभरि नियमपूर्वक रहनेहरूका लागि कुन विधि हो? चतुर्मासा-भरिमा कुन-कुन व्रत गरिन्छ ? हे जगन्नाथ ! हे प्रभु ! तपाईं सुतेको समयमा मनुष्यहरू के के गर्छन् ? ।।१३।। हे प्रभु ! यी सब कुरो विस्तारपूर्वक बताउनोस् र मेरो मनको संशय हरिदिबक्सियोस् ।। तब श्रीकृष्णले भन्नुभयो -।। हे राजश्रेष्ठ ! यस-बारे सारा पाप हर्ने अत्यन्त श्रेष्ठ कथा सुन ।।१४।।

बलिर्वै दानवः पूर्वमासीत् त्रेतायुगे नृप । अपूजयच्च मां नित्यं मद्भक्तो मत्परायणः ।।१५।।
जपैस्तु विविधैः सूक्तैर्यजते मां स नित्यशः । द्विजानां पूजको नित्यं यज्ञकर्मकृताऽऽशयः ।।१६।।
परंत्विन्द्रकृतद्वेषी देवलोकमजीजयत् । मद्दत्तमिन्द्रलोकं वै जितं तेन महात्मना ।।१७।।
विलोक्य च ततः सर्वे देवाः संहत्य मन्त्रयन् । सर्वैर्मिलित्वा गन्तव्यं देवं विज्ञापितुं प्रभुम् ।।१८।।
ततश्च देवऋषिभिः साकमिन्द्रो गतः प्रभुम् । शिरसा ह्यवनिं गत्वा स्तुत इन्द्रेण सूक्तिभिः ।।१९।।

हे राजन् ! अघि त्रेता युगमा बलि नाम गरेको कुनै दानव थियो! मैमा तनमन दिने, मेरो अत्यन्त भक्त त्यो दानव सधैं मेरो पूजा गर्ने गर्थ्यो ।।१५।। नाना प्रकारका जपहरूले र सूक्तहरूले त्यो दानव सधैं मलाई पूजा गर्दथ्यो । अनि सधैं नै ब्राह्मणहरूको पूजा गर्दथ्यो र यज्ञ यागादि कर्म पनि गर्ने गर्दथ्यो ।।१६।। परन्तु इन्द्रको द्वेषी त्यो दानवले देवलोक स्वर्गकन जितिलियो ! मैले दिएको इन्द्रलोक-लाई त्यस महात्मा (धर्मात्मा) दानवले जितेको ।।१७।। देखेर तब सबै देवताहरू भेला भएर ''अब सबै मिलेर प्रभु भगवान् विष्णुलाई यो कुरो निवेदन गर्न जाऔं '' भन्ने सल्लाह गरे ।।१८।। त्यसपछि देवता र ऋषिहरूलाई साथमा लिएर स्वर्गका राजा इन्द्र प्रभुभाठौं गए र भैंमा टाउकाले टेकेर दण्डवत् गरी राम्रा-राम्रा सूक्तिहरूद्वारा इन्द्रले प्रभुको स्तुति गरे ।।१९।।

गुरुणा निर्जरैः सार्द्धं बहुधा पूजितो ह्यहम् । ततो वामनरूपेण ह्यवतीर्णश्च पञ्चमे ।।२०।।
अत्युग्ररूपेण तदा सर्वब्रह्माण्डरूपिणा । बालकेन जितः सो वै सत्यमालम्ब्य तस्थिवान् ।।२१।।

युधिष्ठिर उवाच–।।

त्वया वामनरूपेण सोऽसुरश्च जितः कथम् । एतत् कथय देवेश मह्यं भक्ताय विस्तरात् ।।२२।।

श्रीकृष्ण उवाच –।।

मया बालेन स बलिः प्रार्थितो बटुरूपिणा । पदत्रयमितां भूमिं देहि मे भुवनत्रयम् ।।२३।।

त्यसरी देवताहरूका साथ गुरु बृहस्पतिद्वारा धेरै-धेरै पूजिएको भएँ र त्यसपछि मैले वामन (बाउन्ने) रूपले पाँचवाँ अवतार लिदो भएँ र ।।२०।। सारा ब्रह्माण्डलाई नै ढाक्ने अति राम्रो रूप भएको बालक बनेको मैले सत्यको अवलम्बन गरेर रहेको अर्थात् सत्मार्गमा चल्ने त्यो बलिलाई सजिलैसित जितें ।।२१।। तब युधष्ठिरले भन्नुभयो -।। हे देवेश श्रीकृष्ण ! वामन (बाउन्ने) रूपधारी तपाईंद्वारा त्यो दानव कसरी जितियो ? म भक्तलाई यो सबै कुरो विस्तारपूर्वक बताइबक्सियोस् ।।२२।। तब श्रीकृष्णले आज्ञा भयो- ।। ब्रह्मचारी बटुको रूप धारण गरेको मैले 'तीन पाउ परिमाणको भूमि दिनुहोस्' भनेर त्यो बलिसित प्रार्थना गरें, तीन पाउको आशय थियो तीनै भुवन ।।२३।।

दत्तं भवति ते राजन्नाऽत्र कार्या विचारणा । इत्युक्तश्च मया राजा दत्तवाँस्त्रिपदां भुवम् ।।२४।।
संकल्पमात्राद् ववृधे देहस्त्रैविक्रमः परम् । भूर्लोके तु कृतौ पादौ भुवर्लोके तु जानुनी ।।२५।।
स्वर्लोके तु कटिं न्यस्य महर्लोके तथोदरम् । जनलोके तु हृदयं तपोलोके च कण्ठकम् ।।२६।।
सत्यलोके मुखं स्थाप्य उत्तमाङ्गं तथोर्ध्वतः । चन्द्रसूर्यग्रहाश्चैव भगणो योगसंयुतः ।।२७।।
सेन्द्राश्चैव तथा देवा नागाः शेषादयः परे । स्तुवन्तो वेदसंभूतैः सूक्तैश्च विविधैस्तु माम् ।।२८।।

हे राजन् ! यस बारेमा कुनै शोचविचार नगरीकन कसैको उलामालामा नलागीकन तपाईले यति दिनैपर्छ भनी मैले प्रार्थना गरिएको त्यो राजा बलिले मलाई तीन पाउ भूमि भिक्षा दिए ।।२४।। तब चिताउनेबित्तिकै नै बाउन्ने त्रिविक्रमको मेरो देह अत्यन्तै बढ्यो । अनि मैले भूर्लोकमा दुवै पाउ, भुवर्लोकमा दुवै घुँडा ।।२५।। स्वर्ग लोकमा कम्मर राखें तथा महर्लोकमा पेट राखें । अनि जनलोकमा हृदय (छाती) राखें र तपोलोकमा कण्ठ (घाँटी) राखें ।।२६।। तब सत्यलोकमा मुख राखें तथा त्यसैमाथि टाउको राखें । तब चन्द्र सूर्य आदि ग्रहहरू र योगहरूले सहित सारा नक्षत्रगण ।।२७।। तथा इन्द्रसहित सारा देवताहरू तथा शेष आदि नागहरू र अरूहरू पनि साराका साराले वेदबाट निकालिएका नाना प्रकारका सूक्तहरूले मेरो स्तुति गर्दा भए ।।२८।।

करे गृहीत्वा तु बलिमब्रुवं वचनं तदा । एकेन पूरिता पृथ्वी द्वितीयेन त्रिविष्टपम् ।।२९।।
तृतीयस्य तु पादस्य स्थानं देहि ममाऽनघ । एवमुक्ते मया सोऽपि मस्तकं दत्तवान् बलिः ।।३०।।
ततो वै मस्तके ह्येकं पदं दत्तं मया तदा । क्षिप्तो रसातले राजन् दानवो मम पूजकः ।।३१।।
विनयाऽवनतं दृष्ट्वा प्रसन्नोऽस्मि जनार्दनः । बले वसामि सततं सन्निधौ तव मानद ।।३२।।
इत्यवोचं महाभागं बलिं वैरोचनं तदा । नभस्यशुक्लपक्षे तु परिवर्तिनिवासरे ।।३३।।

अनि मैले बलिको हात समातेर यस्तो वचन भनें 'एक पाउले सारा पृथ्वी ढाकियो, दोस्रो पाउले पूरा स्वर्गलोक भरियो ।।२९।। अब हे अनघ पापरहित निष्पाप बलि ! तेस्रो पाउका लागि मलाई ठाउँ देऊ' भनी मैले यस्तो भनेपछि त्यस बलिले आफ्नो मस्तक (टाउको) दियो अर्थात् तेस्रो पाउका लागि आफ्नो टाउको थाप्यो ।।३०।। त्यसपछि मैले मेरो एक पाउ उसको टाउकामा राखें त हे राजन् युधिष्ठिर ! तब त्यो मेरो भक्त मेरो पूजक बलि दानवलाई रसातल पाताल लोकमा पठाइदिएँ ।।३१।। त्यतिखेर त्यहाँ त्यसलाई श्रद्धापूर्वकको विनयले अत्यन्त नम्र भएको देखेर ''म जनार्दन तिमीदेखि अत्यन्त प्रसन्न छु, हे मानी बलि ! म सधैं हरहमेशै तिम्रो पासैमा बस्छु अर्थात् रहन्छु ।'' ।।३२।। यति त्यस विरोचनको छोरो भाग्यमानी बलिलाई भनें र दिवा दिएँ ।।३३।।

ममैका तत्र मूर्त्तिश्च बलिमाश्रित्य तिष्ठति । द्वितीया शेषपृष्ठे वै क्षीराब्धौ सागरोत्तमे ।।३४।।
सुप्यते च हृषीकेशो यावच्चाऽऽयाति कार्त्तिकी । तावद्भवति तत् पुण्यं सर्वपुण्योत्तमोत्तमम् ।।३५।।
एतस्मात् कारणाद्राजन् कर्तव्या च प्रयत्नतः । एकादशी महापुण्या पवित्रा पापहारिणी ।।३६।।
अस्यां प्रसुप्तो भगवानेत्यङ्गपरिवर्त्तनम् । एतस्यां पूजयेद्देवं त्रैलोक्यस्य पितामहम् ।।३७।।
दधिदानं प्रकर्तव्यं रौप्यतण्डुलसंयुतम् । रात्रौ जागरणं कृत्वा मुक्तो भवति मानवः ।।३८।।

तसर्थ, परिवर्तिनी एकादशीको व्रत गर्दा यौटा, पैलेटी मारेर बसेका बलिको काखमा, गोडा र अर्को उत्तम समुद्र क्षीर सागरमा गुडुल्किएर रहेका शेष नागको पिठ्यूँमा शिरान गरेर सुतेको मेरो मूर्ति बनाउनू ।।३४।। आषाढशुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म हृषीकेश भगवान् सुत्नुहुन्छ । त्यसभित्र जो पुण्य कार्य हुन्छ त्यो पुण्य सबै पुण्यभन्दा पनि अति उत्तम पुण्यदायी हुन्छ ।।३५।। हे राजन् युधिष्ठिर, यसैकारणले समस्त पाप नाश गर्ने अनि अति ठूलो पुण्य दिने र अत्यन्त पवित्र यो एकादशीको व्रत परिश्रमपूर्वक पनि गर्नुपर्छ ।।३६।। यस परिवर्तिनी एकादशीमा चतुर्मासाभरिका लागि सुत्नु भएका भगवान् आफ्नो अङ्ग परिवर्तन गर्नुहुन्छ अर्थात् कोल्टे फर्कनुहुन्छ । यस एकादशीमा तीनै लोकका पितामह ब्रह्मालाई हरि सुतेको मूर्तिका सामु पूजा गर्नुपर्छ ।।३७।। त्यस पूजामा सकेसम्म दहीको र सुन-सहित चाँदीको दान गर्नुपर्छ र रातभरि जाग्राम बस्नुपर्छ, यस्तो गर्ने मनुष्य अवश्य मुक्त हुन्छ ।।३८।।

एवं यः कुरुते राजन्नेकादश्यां व्रतं शुभम् । सर्वपापहरं चैव भुक्तिमुक्तिप्रदायकम् ।।३९।।
स देवलोकं संप्राप्य भ्राजते चन्द्रमा यथा । तावत् स भ्राजते तत्र यावच्चन्द्र-दिवाकरौ ।।४०।।
शृणुयाच्चैव यो मर्त्यः कथां पापहरां पराम् । अश्वमेधसहस्रस्य फलं प्राप्नोति मानवः ।।४१।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे भाद्रपदशुक्लपरिवर्तिनीनामैकादशीमाहात्म्यं समाप्तम् ।।२०।।

हे राजन् ! यस्ता प्रकारले जो जन यस परिवर्तिनी एकादशीको कल्याणकारी, सबै प्रकारको पाप नाश्ने र भुक्ति-मुक्ति दुवै दिने व्रत गर्छ ।।३९।। त्यो जन मरेपछि स्वर्गमा गएर चन्द्रमा जस्तै प्रकाशमान हुन्छ र जबसम्म चन्द्रमा सूर्य रहन्छन् तबसम्म त्यो त्यहाँ प्रकाशमान भइरहन्छ ।।४०।। जुन मनुष्यले पनि यो पाप हर्ने अनि अति श्रेष्ठ यो कथा सुन्दछ, त्यो मनुष्यले हजार अश्वमेध गरेको पुण्यफल पाउँछ ।।४१।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां विंशोऽध्यायः ।।२०।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ एकविंशोऽध्यायः

अथाऽऽश्विनकृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

कथयस्व प्रसादेन ममाऽग्रे मधुसूदन । आश्विने कृष्णपक्षे तु किं नामैकादशी भवेत् ।।१।।

श्रीकृष्ण उवाच– ।।

आश्विनस्याऽसिते पक्षे इन्दिरा नाम नामतः । तस्या व्रतप्रभावेण महापापं प्रणश्यति ।।२।।

अधोयोनिगतानां च पितॄणां गतिदायिनीम् । श्रुणुष्वाऽवहितो राजन् कथां पापहरां पराम् ।।३।।

यस्याः श्रवणमात्रेण वाजपेयफलं लभेत् । पुरा कृतयुगे राजा बभूव रिपुसूदनः ।।४।।

अब आज आश्विनकृष्णको एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भन्नुभयो -।। हे मुधुसूदन श्रीकृष्ण ! आश्विनको कृष्णपक्षमा के नाम गरेको एकादशी हुन्छ ? कृपा गरेर मेरा सामु त्यो कहिबक्सियोस् ।।१।। तब श्रीकृष्णाले भन्नुभयो -।। आश्विनको कृष्णपक्षमाइन्दिरा नाम गरेको एकादशी हुन्छ । त्यस एकादशीका व्रतका प्रभावले ठूला-ठूला पाप पनि नाश हुन्छन् ।।२।। हे राजन् ! नरकमा गएका पितृहरूलाई असल गति दिनेवाली, अति उत्कट पापलाई पनि हर्नेवाली यो कथा सावधान भएर सुन्नुहोस् ।।३।। जुन इन्दिरा नामको एकादशीको कथा सुन्नाले मात्रै पनि वाजपेय यज्ञ गरेको फल प्राप्त हुन्छ । उहिले सत्ययुगमा भारत देशमा रिपुसूदन नाम गरेका राजा भएका थिए ।।४।।

इन्द्रसेन इति ख्यातः पुरीं माहिष्मतीं प्रति । स राज्यं पालयामास धर्मेण यशसाऽन्वितः ॥५॥
पुत्रपौत्रसमायुक्तो धनधान्य - समन्वितः । माहिष्मत्यधिपो राजा विष्णुभक्तिपरायणः ॥६॥
जपन् गोविन्दनामानि मुक्तिदानि नराधिपः । कालं नयति विधिवदध्यात्मस्य विचिन्तकः ॥७॥
एकस्मिन् दिवसे राज्ञि सुखाऽऽसीने सदोगते । अवतीर्याऽऽगमद्धीमानम्बरान्नारदो मुनिः ॥८॥
तमागतमभिप्रेक्ष्य प्रत्युत्थाय कृताञ्जलिः । पूजयित्वार्घ्यविधिना चाऽऽसने संन्यवेशयत् ॥९॥

ती राजा इन्द्रसेन भन्ने नामले प्रसिद्ध थिए । तिनको राजधानीको नाउँ माहिष्मती थियो । यशले युक्त भएको अर्थात् यशस्वी त्यो राजा धर्मपूर्वक राज्य गर्दथ्यो ॥५॥ माहिष्मतीको मालिक त्यो इन्द्रसेन राजा छोरा-नाति-पनाति-खनातिले युक्त भएको थियो। धनधान्यले टन्न थियो। विष्णुभक्तिमा तल्लीन रहन्थ्यो ॥६॥ त्यो राजा मुक्ति (मोक्ष) गराउने गोविन्दका नामहरू हमेशा जपिरहन्थ्यो । अनि विधिपूर्वक अध्यात्मविद्याको चिन्तनमा नै समय बिताउँथ्यो ॥७॥ एक दिन राजा सभाका बीचमा आनन्दसित बसेको बेलामा अत्यन्त बुद्धिमान् नारद मुनि आकाशबाट उत्रिएर त्यहाँ आउनुभयो ॥८॥ तिनलाई आएको देखेर आफू आफ्नू आसनबाट उठेर, दुवै हात जोडेर अर्घ्य आदिले विधिपूर्वक पूजा गरेर समुचित आसनमा मुनिलाई बसाउँदा भए ॥९॥

सुखोपविष्टः स मुनिः प्रत्युवाच नृपोत्तमम् । कुशलं तव राजेन्द्र सप्तस्वङ्गेषु वर्तते ।।१०।।
धर्मे मतिर्वर्तते ते विष्णुभक्तिरतिस्तथा । इति वाक्यं तु देवर्षेः श्रुत्वा राजा तमब्रवीत् ।।११।।

राजोवाच-।।

त्वत्प्रसादान्मुनिश्रेष्ठ सर्वत्र कुशलं मम । अद्य क्रतुक्रियाः सर्वाः सफलास्तव दर्शनात् ।।१२।।
प्रसादं कुरु विप्रर्षे ब्रूह्यागमनकारणम् । इति राज्ञो वचः श्रुत्वा देवर्षिर्वाक्यमब्रवीत् ।।१३।।

नारद उवाच-।।

श्रूयतां राजशार्दूल मद्वचो विस्मयप्रदम् । ब्रह्मलोकादहं प्राप्तो यमलोकं नृपोत्तम ।।१४।।

अनि आसनमा आरामपूर्वक बसेका ती मुनिले राजालाई भन्नुभयो-हे राजेन्द्र ! तपाईंको राज्यको सातै अङ्गमा कुशल त छ ? ।।१०।। धर्ममा तपाईंको बुद्धि छ, तथा विष्णुभक्तिमा प्रेम छ । देवर्षिको यस्तो वचन सुनेर तब राजाले मुनिलाई भने ।।११।। राजाले भने -।। हे मुनिश्रेष्ठ ! तपाईंका कृपाले मेरो सर्वत्र कुशलै- कुशल छ । आज मेरा समस्त यज्ञयागादिका क्रिया हजुरका दर्शनले सफल भए ।।१२।। हे विप्रर्षे ! कृपा गर्नुहोस् र आफ्नू आगमनको कारण आज्ञा गर्नुहोस् । राजाको यस्तो वचन सुनेर देवर्षिले आउनाको कुरो भन्नुभयो ।।१३।। नारदले भन्नुभयो -।। हे श्रेष्ठ राजा ! आश्चर्यलाग्दो मेरो कुरो सुन्नुहोस् । हे उत्तम राजा! म एकपल्ट ब्रह्मलोकबाट यमलोकमा पुगेको थिएँ ।।१४।।

शमनेनाऽऽर्चितो भक्त्या उपविष्टो वरासने । धर्मशीलः सत्यवाँस्तु भास्करं समुपासते ॥१५॥
बहुपुण्यप्रकर्ता च व्रतवैकल्प – दोषतः । सभायां श्राद्धदेवस्य मया दृष्टः पिता तव ॥१६॥
कथितस्तेन सन्देशस्तं निबोध जनेश्वर । इन्द्रसेन इति ख्यातो राजा माहिष्मती - प्रभुः ॥१७॥
तस्याऽग्रे कथय ब्रह्मन् स्थितं मां यमसन्निधौ । केनाऽपि चाऽन्तरायेण पूर्वजन्मोद्भवेन वै ॥१८॥
स्वर्गं प्रेषय मां पुत्र इन्दिराव्रतदानतः । इत्युक्तोऽहं समायातः समीपं तव पार्थिव ॥१९॥
पितुः स्वर्गतये राजन्निन्दिराव्रतमाचर । तेन व्रतप्रभावेण स्वर्गं यास्यति ते पिता ॥२०॥

यमराजले बड़ो भक्तिले मेरो पूजा गरे र श्रेष्ठ आसनमा बसाए । उहाँ धर्मात्मा सत्यवक्ता यमराज जहाँ सूर्यको उपासना गर्दछन् ॥१५॥ धेरै धेरै पुण्य गर्ने ती तिम्रा पितालाई व्रतको विधि बिग्रिएको दोषले यमराजको सभामा मैले देखें ॥१६॥ ती तिम्रा पिताले जो सन्देश कहेका छन् हे जनेश्वर राजन् ! त्यो सुन्नुहोस् । माहिष्मतीको मालिक इन्द्रसेन भन्ने नामले विख्यात राजा छन् ॥१७॥ हे ब्रह्मन् ! त्यसका सामु गएर 'पूर्वजन्ममा गरेका कुनै व्रतको दोषले उत्पन्न भएको पापले मलाई यमराजको नजीक नरकमा रहनुपरेको छ' भन्ने सन्देश कहिदिबक्सियोस् कि ॥१८॥ 'हे पुत्र ! इन्दिरा एकादशीको व्रतको पुण्य दिएर मलाई स्वर्गमा पठाइदेऊ' भनेका छन् । उनले मलाई यस्तो भनेकाले हे राजन् ! तिम्रो समीपमा अर्थात् तिमीभाठौं म आएको हुँ ॥१९॥ हे राजन् ! पिताको स्वर्गप्राप्तिका लागि इन्दिराको व्रत गर, त्यसै व्रतका प्रभावले तिम्रा पिता स्वर्ग जानेछन् ॥२०॥

राजोवाच -।।

कथयस्व प्रसादेन भगवन्निन्दिराव्रतम् । विधिना केन कर्तव्यं कस्मिन् पक्षे तिथौ तथा ।।२१।।

नारद उवाच-।।

शृणु राजन् हितं वच्मि व्रतस्याऽस्य विधिं शुभम् । आश्विनस्याऽसिते पक्षे दशमीदिवसे शुभे ।।२२।।
प्रातः स्नानं प्रकुर्वीत श्रद्धायुक्तेन चेतसा । ततो मध्याह्नसमये स्नानं कृत्वा बहिर्जले ।।२३।।
पितृणां प्रीतये श्राद्धं कुर्याच्छ्रद्धासमन्वितः । एकभुक्तं ततः कृत्वा रात्रौ भूमौ शयीत च ।।२४।।
प्रभाते विमले जाते प्राप्ते चैकादशीदिने । मुखप्रक्षालनं कुर्याद् दन्तधावनपूर्वकम् ।।२५।।

तब इन्द्रसेन राजाले भने -।। हे भगवन् नारद ! कुन विधिले, कुन पक्षमा तथा तिथिमा इन्दिराको व्रत गर्नुपर्छ, कृपा गरेर त्यो कुरो कहिबक्सियोस् ।।२१।। तब नारदले भन्नुभयो -।। हे राजन् ! कल्याणकारी यस इन्दिराको व्रतको शुभ विधि तिमीलाई म बताउँछु, सुन ! आश्विनको कृष्णपक्षमा शुभ दशमीका दिन ।।२२।। श्रद्धा भक्तिपूर्वकको शुद्ध चित्तले विहानै स्नान गर्नू र नित्यक्रिया सकेर तब फेरि मध्याह्नको समयमा बाहिरको नदी वा तलाउको जलमा न्वाहेर ।।२३।। श्रद्धापूर्वक पितृहरूको प्रसन्नताका लागि श्राद्ध गर्नू । तब त्यो दिन एकै छाक हविष्यान्न भोजन गर्नू र राति भूईँमा नै सुत्नू ।।२४।। अनि भोलिपल्ट विहान झ्याइङ्ड उज्यालो भएपछि एकादशीको दिनमा दतिवन गरेर कुल्ला गरी मुख धोई न्वाहीध्वाई शुद्ध वस्त्र पहिरी ।।२५।।

उपवासस्य नियमं गृह्णीयाद्भक्तिभावतः । अद्य स्थित्वा निराहारः सर्वभोगविवर्जितः ।।२६।।
श्वो भोक्ष्ये पुण्डरीकाक्ष शरणं मे भवाऽच्युत । इत्येवं नियमं कृत्वा मध्याह्नसमये तथा ।।२७।।
शालग्रामशिलाऽग्रे तु श्राद्धं कृत्वा यथाविधि । भोजयित्वा द्विजाञ्छुद्धान् दक्षिणाभिः सुपूजितान् ।।२८।।
पितृशेषं समाघ्राय गवे दद्याद्विचक्षणः । पूजयित्वा हृषीकेशं धूपगन्धादिभिस्तथा ।।२९।।
रात्रौ जागरणं कुर्यात् केशवस्य समीपतः । ततः प्रभातसमये सम्प्राप्ते द्वादशीदिने ।।३०।।

भक्तिभाव-सित उपवास व्रतको नियम (संकल्प) गर्नू- 'आज म सारा भोगहरूलाई त्यागेर निराहार व्रत गर्छु र ।।२६।। भोलि मात्रै खानेछु । हे पुण्डरीकाक्ष अच्युत भगवान् ! तपाईं मलाई शरणमा लिनुहोस् ।' यस्ता प्रकारको नियममा रहने संकल्प गरेर अनि मध्याह्नको समयमा ।।२७।। शालिग्राम शिलाको सामने विधिपूर्वक पितृको श्राद्ध गरेर शुद्ध ब्राह्मणहरूलाई दक्षिणा आदिले पूजा गरेर फल-फूल भोजन गराई अथवा सिधा अर्पण गरी ।।२८।। पिण्ड आदिलाई सुँघेर गाईलाई त्यो पिण्ड खान दिनू र विद्वान् वा चलाख व्यक्तिले तब चन्दन धूप दीप आदिले हृषीकेश भगवान्लाई पूजा गरेर ।।२९।। अनि केशव भगवान्को समीपमै रहेर रातभरि जाग्रम गर्नू । त्यसपछि भोलिपल्ट बिहानै द्वादशीको दिन लागेपछि ।।३०।।

अर्चयित्वा हरिं भक्त्या भोजयित्वा द्विजानथ । बन्धुदौहित्रपुत्राद्यैः स्वयं भुञ्जीत वाग्यतः ।।३१।।
अनेन विधिना राजन् कुरु व्रतमतन्द्रितः । विष्णुलोकं प्रयास्यन्ति पितरस्तव भूपते ।।३२।।
इत्युक्त्वा नृपतिं राजन् मुनिरन्तरधीयत । यथोक्तविधिना राजा चकार व्रतमुत्तमम् ।।३३।।
अन्तःपुरेण सहितः पुत्रभृत्यसमन्वितः । कृते व्रते तु कौन्तेय पुष्पवृष्टिरभूद्दिवः ।।३४।।
तत्पिता गरुडारूढो जगाम विष्णुमन्दिरम् । इन्द्रसेनोऽपि राजर्षिः कृत्वा राज्यमकण्टकम् ।।३५।।

नित्यक्रिया सकी भक्तिपूर्वक हरिको पूजा गरेर अनि ब्राह्मणहरूलाई भोजन गराएर त्यसपछि बन्धुबान्धव छोरा नाति नातिनाका साथ आफूले नबोलीकन खाना खानू ।।३१।। हे राजन् ! यस प्रकारका विधिले कत्ति पनि अल्छी नगरीकन झिजो नमानीकन इन्दिरा एकादशीको व्रत गर्‍यौ भने हे भूपति राजन् ! तिम्रा पितृहरू विष्णुलोकका लागि प्रस्थान गर्नेछन् ।।३२।। हे राजन् युधिष्ठिर ! नृपति इन्द्रसेनलाई यति भनेर नारद मुनि अन्तरधान हुनुभयो अर्थात् सबैले हेर्दाहेर्दै त्यहीं अल्पनुभयो । त्यसपछि राजाले पनि मुनिले भनेजस्तै गरी विधिपूर्वक त्यो उत्तम व्रत गरे ।।३३।। हे कुन्तीपुत्र युधिष्ठिर ! अन्तःपुरमा रहने परिजन र नोकर-चाकर, छोरा-छोरी समेत भएर त्यो व्रत गरिसकेपछि आकाशबाट फूलको वर्षा भयो ।।३४।। त्यस्ता प्रकारले ती राजाका पिता गरुडमा चढेर विष्णुको भवनमा गए । यता इन्द्रसेन राजर्षिले पनि शत्रुरहितको राज्य भोग भोगेर ।।३५।।

राज्यं निवेश्य तनयं जगाम त्रिदिवं स्वयम् । इन्दिराव्रतमाहात्म्यं तवाऽग्रे कथितं मया ॥३६॥
पठनाच्छ्रवणाच्चाऽस्य सर्वपापैः प्रमुच्यते । भुक्त्वेह निखिलान् भोगान् विष्णुलोके वसेच्चिरम् ॥३७॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे आश्विनकृष्णैकादशीन्दिरामाहात्म्यं समाप्तम् ॥२१॥

अन्तमा छोरालाई राज्य सुम्पेर आफू पनि स्वर्ग गए ॥ हे राजन् ! यस्ता प्रकारले इन्दिरा एकादशीको व्रतको माहात्म्य तिम्रा सामु मैले बेलिविस्तार लाएर बताएँ ॥३६॥ यस कथालाई पढ्नाले सुन्नाले मात्रै पनि पढ्ने सुन्ने जन सारा पापबाट छुट्तछ र यस लोकमा सारा सुखभोग भोगेर अन्तमा विष्णुलोकमा चिरकालसम्म बस्नेछ ॥३७॥

॥ इति एकादशी नेपालीटीकायामेकविंशोऽध्यायः ॥२१॥

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

अथ द्वाविंशोऽध्यायः

अथ आश्विनशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच – ।।

कथयस्व प्रसादेन भगवन् मधुसूदन । इषस्य शुक्लपक्षे तु किं नामैकादशी भवेत् ।।१।।

श्रीकृष्ण उवाच – ।।

शृणु राजेन्द्र वक्ष्यामि माहात्म्यं पापनाशनम् । शुक्लपक्षे चाऽश्वयुजे भवेदेकादशी तु या ।।२।।

पापाङ्कुशेति विख्याता सर्वपापहरा परा । पद्मनाभाऽभिधानं तु पूजयेत् तत्र मानवः ।।३।।

अब आज आश्विनशुक्ल एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भन्नुभयो -।। हे मधुसूदन भगवान् श्रीकृष्ण ! आश्विनको शुक्लपक्षमा कुन नाम गरेको एकादशी हुन्छ ? कृपा गरेर अब त्यो बताइबक्सियोस् ।।१।। तब श्रीकृष्णले भन्नुभयो-।। हे राजेन्द्र ! आश्विनको शुक्लपक्षमा जुन एकादशी हुन्छ, सम्पूर्ण पाप सखाप पार्ने त्यस एकादशीको माहात्म्य अब तिमीलाई म बताउँछु, सावधान भएर सुन ।।२।। सारा पापलाई हरण गर्ने, अत्यन्त श्रेष्ठ यो एकादशी 'पापाङ्कुशा' भन्ने नामले विख्यात छ । त्यस एकादशीमा मनुष्यले 'पद्मनाभ' नाम गरिएका भगवान्को पूजा गर्नुपर्छ ।।३।।

सर्वाऽभीष्टफलप्राप्त्यै स्वर्गमोक्षप्रदं नृणाम् । तपस्तप्त्वा नररस्तीव्रं चिरं सुनियतेंद्रियः ॥४॥
यत् फलं समवाप्नोति तं नत्वा गरुडध्वजम् । कृत्वाऽपि बहुशः पापं नरो मोहसमन्वितः ॥५॥
न याति नरकं घोरं नत्वा पापहरं हरिम् । पृथिव्यां यानि तीर्थानि पुण्यान्यायतनानि च ॥६॥
तानि सर्वाण्यवाप्नोति विष्णोर्नामाऽनुकीर्तनात् । देवं शार्ङ्गधरं विष्णुं ये प्रपन्ना जनार्दनम् ॥७॥
न तेषां यमलोकश्च नृणां वै जायते क्वचित् । उपोष्यैकादशीमेकां प्रसंगेनाऽपि मानवाः ॥८॥
न यान्ति यातनां याम्यां पापं कृत्वाऽतिदारुणम् । वैष्णवः पुरुषो भूत्वा शिवनिन्दां करोति यः ॥९॥

यो पापाङ्कुशाको व्रत र त्यसमा गरिएको पद्मनाभको पूजाले मनुष्यका सम्पूर्ण वाञ्छित फल (चिताएको कुरो) प्राप्त हुन्छन् । मनुष्यले धेरै समयसम्म सारा इन्द्रियहरूलाई वशमा राखेर अर्थात् जितेन्द्रिय भएर कठोर तपस्या गरी जो फल पाउँछ ॥४॥ त्यो फल ती गरुडध्वज विष्णुलाई बारम्बार नमस्कार गर्नाले नै पाउँछ । कुनै पनि मनुष्य अज्ञानतावश अर्थात् अन्जानमा नै धेरै पाप गरेर पनि ॥५॥ पाप हर्ने हरिलाई बारम्बार नमस्कार गरिस्यो भने त्यो जन घोर डरलाग्दो नरकमा जाँदैन । पृथिवीमा जति तीर्थ छन् अनि जति पुण्य दिने मन्दिरहरू छन् ॥६॥ तिनबाट प्राप्त हुने ती सबै पुण्यफल त केवल विष्णु भगवान्का नामको कीर्तन गर्नाले नै प्राप्त हुन्छ । शार्ङ्ग धनुषधारी जनार्दन भगवान्को जो शरणमा पर्दछन् ॥७॥ त्यस्ता ती मनुष्यहरूले कहिल्यै पनि कुनै पनि नरकमा जानुपर्दैन ॥ जो मनुष्य परमेट्नका लागि या संयोगले कुनै पनि एउटै मात्र पनि एकादशीको व्रत गर्दछन् भने ॥८॥ त्यस्ता मनुष्यहरू अति भयङ्कर पाप गरेर पनि नारकीय यातनामा जाकिँदैनन् । जो पुरुष वैष्णव भएर शिवजीको निन्दा गर्दछ ॥९॥

योनिन्देद् वैष्णवं लोकं स याति नरकं ध्रुवम् । अश्वमेधसहस्राणि राजसूयशतानि च ।।१०।।
एकादश्युपवासस्य कलां नार्हन्ति षोडशीम् । एकादशीसमं पुण्यं किञ्चिल्लोके न विद्यते ।।११।।
नेदृशं पावनं किञ्चित्त्रिषु लोकेषु विद्यते । यादृशं पद्मनाभस्य दिनं पातक-नाशनम् ।।१२।।
यावन्नोपोष्यते जन्तुः पद्मनाभदिनं शुभम् । तावत् पापानि देहेऽस्मिंस्तिष्ठन्ति मनुजाधिप ।।१३।।
नैकादशीसमं किञ्चित् त्रिषु लोकेषु विद्यते । व्याजेनाऽपि कृता राजन् न दर्शयति भास्करिम् ।।१४।।

अथवा जो जन वैष्णवको निन्दा गर्दछ, त्यो जन अवश्य नै नरकमा जान्छ ।। हजारौं अश्वमेध यज्ञ र सयकडौं राजसूय यज्ञहरू पनि ।।१०।। एकादशीको उपवास व्रतको सोह भागको एक भाग पनि पुण्यफल दिन सक्तैनन् । एकादशी जस्तो पुण्य दिने व्रत त संसारमा कुनै पनि छैन ।।११।। तीनै लोकमा यस्तो पवित्र दिन कुनै छैन, जस्तो समस्त पाप नाश गर्ने पद्मनाभको दिन हुन्छ।।१२।। हे मनुजाधिप युधिष्ठिर ! जबसम्म मनुष्यले पद्मनाभको शुभ दिनको उपवास व्रत गर्दैन, तबसम्म मात्रै त्यसका शरीरमा पापहरू रहन्छन् ।।१३।। तीनै लोकमा एकादशीको बराबर कुनै व्रत तिथि छैन ! हे राजन् ! कुनै पनि बहानाले जसले एकादशीको व्रत गर्छ, त्यसले यमराजलाई देख्तैदेख्तैन ।।१४।।

स्वर्गमोक्षप्रदा ह्येषा शरीराऽऽरोग्यदायिनी । सुकलत्रप्रदा ह्येषा धनधान्यप्रदायिनी ।।१५।।
न गंगा न गया राजन् न काशी न च पुष्करम् । न चाऽपि कौरवं क्षेत्रं पुण्यं भूप हरेर्दिनात् ।।१६।।
रात्रौ जागरणं कृत्वा समुपोष्य हरेर्दिनम् । अनायासेन भूपाल प्राप्यते वैष्णवं पदम् ।।१७।।
दश वै मातृपक्षे च दश राजेन्द्र पैतृके । प्रियाया दश पक्षे तु पुरुषानुद्धरेन्नरः ।।१८।।
चतुर्भुजा दिव्यरूपा नागारिकृतकेतनाः । स्रग्विणः पीतवस्त्राश्च प्रयान्ति हरिमन्दिरम् ।।१९।।

उपवास बसिएको यो एकादशीले शरीरलाई आरोग्य राख्दछ, मरेपछि स्वर्ग पुऱ्याउँछ र मोक्ष समेत दिलाउँछ । अनि यो एकादशीले राम्री स्त्री सन्तान दिलाउँछ र व्रतीलाई धनधान्यले टन्न पारिदिन्छ ।।१५।। हे राजन् ! न गङ्गा, न गया, न काशी, न त पुष्कर, न कुरुक्षेत्र नै हे भूप युधिष्ठिर, एकादशीको दिनभन्दा अधिक पुण्य दिने हुन्छन् अर्थात् एकादशीको व्रतले भन्दा अधिक पुन्य दिन सक्तैनन् ।।१६।। एकादशीको व्रत गरेर रातभर जागरण गऱ्यो भने हे भूपाल युधिष्ठिर ! विना प्रयासले नै वैष्णव पद प्राप्त हुन्छ ।।१७।। यो एकादशीको विधिपूर्वक व्रत गर्ने जनले आमा पक्षका दश पिंढी, हे राजेन्द्र युधिष्ठिर ! बाबुपक्षका दश पिढी अनि आफ्नी पत्नीका पक्षका दश पिढी विगत स्त्री पुरुषहरूलाई उद्धार गरिदिन्छ अर्थात् स्वर्ग पुऱ्याइदिन्छ ।।१८।। त्यसका ती पितृहरू चार हात भएका, अत्यन्त सुन्दर रूप धारेका, सेता सुगन्धित फूलका माला लगाएका, पहेँला वस्त्र पहिरेका छँदा गरुडमा चढेर हरिको मन्दिर वैकुण्ठमा जान्छन् ।।१९।।

बालत्वे यौवनत्वे च वृद्धत्वेऽपि नृपोत्तम । उपोष्यैकादशीं नूनं नैति पापोऽपि दुर्गतिम् ।।२०।।
पापांकुशामुपोष्यैव आश्विने चाऽसितेतरे । सर्वपापविनिर्मुक्तो हरिलोकं स गच्छति ।।२१।।
दत्त्वा हेमतिलान् भूमिं गामन्नमुदकं तथा । उपानद्वस्त्रच्छत्रादि न पश्यति यमं नरः ।।२२।।
अवन्ध्यं दिवसं कुर्याद् दरिद्रोऽपि नृपोत्तम । समाचरन् यथाशक्ति स्नानदानादिकाः क्रियाः ।।२३।।
तडागाऽऽरामसौधानां सत्राणां पुण्यकर्मणाम् । कर्तारो नैव पश्यन्ति धीरास्तां यमयातनाम् ।।२४।।

हे नृपोत्तम युधिष्ठिर ! बालकपनमा, जवानीमा, बुढापामा एकादशीको व्रत गऱ्यो भने पापी जन पनि पक्कै दुर्गति (नर्क) मा जाँदैन ।।२०।। आश्विनको शुक्लपक्षमा पर्ने पापाङ्कुशा एकादशीको व्रत गर्ने जन उसका सबै पापबाट मुक्त भएर मरेपछि उ सोझै हरिको त्यो लोकमा जान्छ ।।२१।। जो जन सुन तिल जग्गा गाई तथा अन्न जल, जुत्ता वस्त्र छाता आदि दान गर्ने वस्तु दान गर्दछ उसले यमराजलाई देख्दैन ।।२२।। हे नृपोत्तम युधिष्ठिर ! दरिद्र व्यक्तिले पनि सावगास अनुसार स्नान- दान-पूजा आदि क्रिया गर्दै रहेर कुनै दिन पनि बाँझो नगरोस् ।।२३।। त्यस्तै पोखरी, बगैंचा, ठूला-ठूला धर्मशाला तथा पाटी पौवा आदि पुण्य कर्म गर्ने धैर्यवान् जनहरू त्यस यमयातनालाई देख्दैनन् ।।२४।।

दीर्घायुषो धनाढ्याश्च कुलीना रोगवर्जिताः । दृश्यन्ते मानवा लोके पुण्यकर्तार ईदृशाः ।।२५।।
किमत्र बहुनोक्तेन यान्त्यधर्मेण दुर्गतिम् । आरोहन्ति दिवं धर्मेनाऽत्र कार्या विचारणा ।।२६।।
इति ते कथितं राजन् यत् पृष्टोऽहं त्वयाऽनघ । तस्मात् सर्वैः प्रकर्तव्यमेतत् पापाङ्कुशाव्रतम्।।२७।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे आश्विनशुक्लैकादशीपापाशांकुशामाहात्म्यं समाप्तम् ।।२२।।

तथा तिनीहरू धेरै दिन बाँच्ने लामू आयुका हुन्छन् , धनले औलादौला हुन्छन् , कुलीन कहलाउँछन् , सदा निरोग रहन्छन् । हे राजन् ! पुण्यकर्म गर्ने मनुष्यहरू संसारमा यस्ता प्रकारका देखिन्छन् ।।२५।। यस बारेमा धेरै भन्नाले के हुन्छ ? निचोडमा भन्ने हो भने मानिस अधर्मले नरकमा खँदारिन्छन् र धर्मले स्वर्गमा चढ्दछन् । यस कुरामा कुनै सोच्ने विचार्ने काम छैन ।।२६।। हे अनघ निष्पाप राजन् ! तिमीले मलाई जो जो सोध्यौ त्यो सबै कुरो तिमीलाई यस्ता प्रकारले सुनाइसकें। त्यसकारण सबै जनले यो पापाङ्कुशा एकादशीको व्रत गर्नैपर्छ ।।२७।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां द्वाविंशोऽध्याय : ।।२२।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

अथ त्रयोविंशोऽध्यायः

अथ कार्तिककृष्णैकादशी कथा ।। युधिष्ठिर उवाच –।।

कथयस्व प्रसादेन मम स्नेहाज्जनार्दन । कार्तिकस्याऽसिते पक्षे किं नामैकादशी भवेत् ।।१।।

श्रीकृष्ण उवाच –।।

श्रूयतां राजशार्दूल कथयामि तवाऽग्रतः । कार्तिकि कृष्णपक्षे तु रमा नाम्नी सुशोभना ।।२।।
एकादशी समाख्याता महापापहरा परा । अस्याः प्रसंगतो राजन् माहात्म्यं प्रवदामि ते ।।३।।
मुचुकुन्द इति ख्यातो बभूव नृपतिः पुरा । देवेन्द्रेण समं यस्य मित्रत्वमभवन्नृप ।।४।।

अब आज कार्तिककृष्ण एकादशीको कथा कहिन्छ ।। युधिष्ठिरले भने-।। हे जनार्दन श्रीकृष्ण ! कार्तिकको कृष्णपक्षमा के नाम गरेको एकादशी हुन्छ ? कृपापूर्वक ममाथि दया राखेर कहिबक्सियोस् ।।१।। श्रीकृष्णले भन्नुभयो -।। हे राजसिंह ! तिम्रो सामु त्यो कुरो म कहन्छु, सावधान भएर सुन। कार्तिकको कृष्णपक्षमा ता अत्यन्त सुन्दर कल्याणकारी 'रमा' नाम गरिएको ।।२।। एकादशी हुन्छ भनिएको छ, जुन एकादशी ठूला पापलाई पनि हर्ने अनि अत्यन्त श्रेष्ठ छ । हे राजन् ! प्रसंगवश यस एकादशीको माहात्म्य तिमीलाई म बताउँछु ।।३।। पहिलेको समयमा मुचुकुन्द भन्ने नामले प्रसिद्ध कुनै राजा भएका थिए । हे नृप ! देवेन्द्रका साथ जसको मित्रता भएको थियो ।।४।।

यमेन वरुणेनैव कुबेरेण समं तथा। विभीषणेन चैतस्य सखित्वमभवत् सह ।।५।।
विष्णुभक्तः सत्यसन्धो बभूव नृपतिः सदा। तस्यैवं शासतो राजन् राज्यं निहतकण्टकम् ।।६।।
बभूव दुहिता गेहे चन्द्रभागा सरिद्वरा। शोभनाय च सा दत्ता चन्द्रसेन-सुताय वै ।।७।।
स कदाचित् समायातः श्वशुरस्य गृहे नृप। एकादशीव्रतमिदं समायातं सुपुण्यदम् ।।८।।
समागते व्रतदिने चन्द्रभागा त्वचिन्तयत्। किं भविष्यति देवेश मम भर्ताऽतिदुर्बलः ।।९।।

त्यस्तै, यमराजका साथ, वरुणका साथ, कुबेरका साथ अनि विभीषणका साथ पनि यिनको मित्रत्व भएको थियो ।।५।। त्यो राजा सधैं विष्णुको भक्त र सत्य प्रतिज्ञावाला थियो। हे राजन् ! यस्ता प्रकारले एकदम शत्रुहीन राज्यको शासन गर्ने त्यस राजाको ।।६।। घरमा, नदीहरूमा श्रेष्ठ चन्द्रभागा जस्तै चन्द्रभागा नाम गरेकी छोरी पैदा हुँदी भई । पछि त्यो छोरी चन्द्रसेनको छोरो शोभनलाई दिइई अर्थात् उसको शोभनका साथ विवाह भयो ।।७।। हे राजन् युधिष्ठिर ! त्यो शोभन कुनै समयमा ससुराको घरमा ससुराली आयो । त्यसै वेलामा अत्यन्त पुण्य दिने यो एकादशीको दिन पनि आयो ।।८।। व्रतको दिन आएपछि चन्द्रभागा चिन्ता गर्न लागी कि हे भगवान् ! अब के हुने हो ! मेरो पति अत्यन्त दुर्बल छ ।।९।।

क्षुधां न सहते सोऽपि पिता चैवोग्रशासनः । पटहस्ताड्यते यस्य संप्राप्ते दशमीदिने ॥१०॥
न भोक्तव्यं न भोक्तव्यं न भोक्तव्यं हरेर्दिने । श्रुत्वा पटहनिर्घोषं शोभनस्त्वब्रवीत् प्रियाम् ॥११॥
किं कर्तव्यं मया कान्ते देहि शिक्षां सुशोभने । कृतेन येन मे सम्यग्जीवितं न विनश्यति ॥१२॥

चन्द्रभागोवाच– ॥

मत्पितुर्वेश्मनि विभो भोक्तव्यं नैव केनचित् । गजैरश्वैस्तथा चाऽन्यैरन्यैः पशुभिरेव च ॥१३॥
तृणमन्नं तथा वारि न भोक्तव्यं हरेर्दिने । मानवैश्च कुतः कान्त भुज्यते हरिवासरे ॥१४॥

त्यो एकछिन पनि भोक सहन सक्तैन । मेरा पिताजी भने उग्र शासन गर्ने हुनुहुन्छ । दशमीको दिन आयो कि उनको ढोल टटाइन्छ अर्थात् पिटिन्छ ॥१०॥ भोलि एकादशी हो, एकादशीमा कसैले क्यै नखानू नखानू नखानू भन्ने ढोल पिटेको उच्च आवाज सुनेर शोभनले आफ्नी प्रियालाई भन्यो -॥११॥ हे सुन्दरी ! अब मैले के गर्ने ? हे सुशोभने यस बारेमा मलाई शिक्षा देऊ, जुन कुरो राम्रोसित गर्नाले मेरो जीवन ननाशियोस् ॥१२॥ तब चन्द्रभागाले भनी-॥ हे प्रभु ! मेरो पिताको घरमा एकादशीको दिनमा कसैले पनि खानु हुँदैन । हात्ती घोडा तथा अरू अरू पशुहरूले पनि ॥१३॥ एकादशीको दिनमा तृण (घास) अन्न पानी खान पाइन्न भने, हे स्वामी ! एकादशीको दिनमा मनुष्यहरूले कसरी खान पाउँछन् र ॥१४॥

अथ षड्विंशोऽध्यायः

अथाऽधिककृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।
मलिम्लुचस्य मासस्य कृष्णा का कथ्यते विभो । किं नाम को विधिस्तस्याः कथयस्व जगत्पते ।।१।।
श्रीकृष्ण उवाच – ।।
परमेति समाख्याता पवित्रा पापहारिका । भुक्तिमुक्तिप्रदा नृणां भोगदा च युधिष्ठिर ।।२।।
पूर्वोक्तविधिना कार्या शुक्लायाः सदृशेन वै । पूजयेत् परया भक्त्या नाम्रा देवं नरोत्तमम् ।।३।।
अत्र ते कथयिष्यामि कथामेतां मनोरमाम् । काम्पिल्यनगरे जातां मुनीनामग्रतः श्रुताम् ।।४।।

अब आज मलमासको कृष्णपक्षमा पर्ने एकादशीको कथा कहिन्छ।। युधिष्ठिरले भने-।। हे विभो! हे जगत्पते जगतैका स्वामी श्री कृष्ण! मलमासको कृष्णपक्षको एकादशीलाई के भनिन्छ? त्यसको के नाम हो? र त्यसको व्रतविधि के हो? अब त्यो कुरो बताइबक्सियोस् ।।१।। श्रीकृष्णले भन्नुभयो-।। हे युधिष्ठिर! मलमासको कृष्णपक्षको एकादशी जो अत्यन्त पवित्र छ र समस्त पाप नाश गर्न समर्थ छ त्यो एकादशी 'परमा' भन्ने नामले प्रसिद्ध छ र त्यसको व्रत उपवास गर्ने मनुष्यहरूलाई भुक्ति-मुक्ति दिन्छ तथा उसले चाहेको भोग पूरा गर्छ ।।२।। यसको उपवास व्रत पनि पहिले कहिएको शुक्लपक्षको एकादशीको जस्तै गरी गर्नुपर्दछ । यस एकादशीमा अत्यन्त भक्तिका साथ 'नरोत्तम' नामका भगवान्लाई पूजा गर्नुपर्दछ ।।३।। यस विषयमा काम्पिल्य नगरमा घटेको र मैले मुनिहरूका मुखबाट सुनेको यो अति राम्रो कथा तिमीलाई म बताउँछु, सुन ।।४।।

रवेरुदयवेलायां शोभनः पञ्चतां गतः । दाहयामास राजा तं राजयोग्यैश्च दारुभिः ॥२०॥
चन्द्रभागा नाऽऽत्मदेहं ददाह पितृवारिता । कृत्वौर्ध्वदैहिकं तस्य तस्थौ जनकवेश्मनि ॥२१॥
शोभनेन नृपश्रेष्ठ रमाव्रत – प्रभावतः । प्राप्तं देवपुरं रम्यं मन्दराचलसानुनि ॥२२॥
अनुत्तममनाधृष्यमसंख्येयगुणाऽन्वितम् । हेमस्तम्भमयैः सौधै रत्नवैडूर्यमण्डितैः ॥२३॥
स्फाटिकैर्विविधाऽऽकारैर्विचित्रैरुपशोभितम् । सिंहासनसमारूढः सुश्वेतच्छत्रचामरः ॥२४॥

तब भोलिपल्ट सूर्य उदाउने वेलामा त्यो शोभन मऱ्यो । अनि राजाले पनि राजयोग्य चन्दन आदिका दाउराले उसको दाहसंस्कार गराइदिए ॥२०॥ बाबुले रोकिदिएको हुनाले चन्द्रभागा सती गइन। त्यस शोभनको और्ध्वदैहिक क्रिया अर्थात् काजक्रिया गरिसकेर बाबुकै घरमा रही ॥२१॥ हे नृपश्रेष्ठ युधिष्ठिर ! उता शोभनले भने रमा एकादशीको व्रतको प्रभावले मन्दराचलको शिखरमा रहेको अत्यन्त सुन्दर देवपुरमा बस्न पायो ॥२२॥ त्यो देवपुर अत्यन्तै उत्तम ठाउँ थियो, त्यहाँ कुनै शत्रुको केही जोड चल्दैनथियो, असंख्य, गनेर नसकिने गुणले युक्त थियो । रत्न र वैडूर्यमणिहरू जडेका सुनका खम्भा भएका महलहरूले सुशोभित थियो ॥२३॥ नाना प्रकारका आकार भएका विचित्र स्फटिक मणिहरूले शोभित थियो । त्यसै महलमा त्यो शोभन त्यहाँको राजसिंहासनमा आसीन (बसेको) थियो । उसका उपर सेतो छाता ओढाइएको थियो, सेता चमर डोलिइ (हम्कि) रहेका थिए ॥२४॥

किरीट-कुण्डलयुतो हारकेयूरभूषितः । स्तूयमानश्च गन्धर्वैरप्सरोगणसेवितः ॥२५॥
शोभनः शोभते तत्र देवराडपरो यथा । सोमशर्मेति विख्यातो मुचुकुन्दपुरे वसन् ॥
तीर्थयात्राप्रसंगेन भ्रमन् विप्रो ददर्श तम् । रमाव्रतप्रभावेण यः कोऽपि स्वर्गतिं लभेत् ॥२६॥
नृपजामातरं ज्ञात्वा तत्समीपं जगाम सः । आसनादुत्थितः शीघ्रं नमश्चक्रे द्विजोत्तमम् ॥२७॥
चकार कुशलं प्रश्नं श्वसुरस्य नृपस्य च । कान्तायाश्चन्द्रभागायास्तथैव नगरस्य च ॥२८॥

शिरमा मुकुट, कानमा कुण्डल पहिरेको थियो । रत्नका माला र केयूर नामको लट्कनले सिंगारिएको थियो । गन्धर्वहरूले स्तुति गरिइरहेको र अप्सरासमूहले सेवा गरिएको ॥२५॥ त्यो शोभन त्यहाँ मानों दोस्रो इन्द्रै जस्तो देखिने गरी शोभायमान थियो॥ यस्तैमा कुनै समय मुचुकुन्दकै पुरमा बस्ने सोमशर्मा नाम गरेको कोही ब्राह्मण तीर्थयात्राको प्रसंगले घुम्दै उहाँ पुग्यो र त्यस शोभनलाई त्यहाँ देख्यो । रमा एकादशीको व्रतको प्रभावले जो केही पनि यस प्रकारको स्वर्गीय गति पाउन सक्छ ॥२६॥ अनि सोमशर्माले राजाको ज्वाइँ भन्ने जानेर उ त्यसका समीपमा गयो । तब हतपत सिंहासनबाट उठेर ती ब्राह्मण श्रेष्ठलाई शोभनले नमस्कार गर्‍यो ॥२७॥ अनि उनीसित राजा ससुराको कुशल प्रश्न गर्‍यो र आफ्नी कान्ता चन्द्रभागाको र नगरको पनि क्षेम- कुशल सोध्यो ॥२८॥

सोमशर्मोवाच–।।

कुशलं वर्तते राजञ्छ्वशुरस्य गृहे तव । चन्द्रभागा कुशलिनी सर्वतः कुशलं पुरे ।।२९।।
स्ववृत्तं कथ्यतां राजन्नाश्चर्यं परमं मम । पुरं विचित्रं रुचिरं न दृष्टं केनचित् क्वचित् ।।३०।।
एतदाचक्ष्व नृपते कुतः प्राप्तमिदं त्वया । शोभन उवाच ।। कार्तिकस्याऽसिते पक्षे नाम्ना चैकादशी रमा ।।३१।।
तामुपोष्य मया प्राप्तं द्विजेन्द्र पुरमध्रुवम् । ध्रुवं भवति येनैव तत् कुरुष्व द्विजोत्तम ।।३२।।

द्विजेन्द्र उवाच–।।

कथमध्रुवमेतद्धि कथं हि भवति ध्रुवम् । तत् त्वं कथय राजेन्द्र तत् करिष्यामि नाऽन्यथा ।।३३।।

तब सोमशर्माले भने -हे राजन् ! तपाईंका ससुराको घरमा कुशल छ, चन्द्रभागा पनि कुशल छिन् , नगरमा पनि चारैतिर कुशलै-कुशल छ ।।२९।। हे राजन् ! अब आफ्नू वृत्तान्त बताउनुहोस् ! म बडो आश्चर्यचकित छु । यस्तो सुन्दर विचित्रको पुर ता कसैले पनि कहीं पनि देखेको छैन होला ।।३०।। हे राजन् ! तपाईंले यो कसरी पाउनुभयो ? यो सबै वृत्तान्त बताउनुहोस् । तब शोभनले भने -।। कार्तिक महीनाको कृष्णपक्षमा रमा नामको एकादशी पर्छ ।।३१।। हे द्विजेन्द्र, त्यसै एकादशीको व्रत गरेकोले मैले यो अद्भुत अल्पकालीन पुर पाएको हुँ । हे द्विजोत्तम ! अब जे गर्दा यो ध्रुव अर्थात् अनिवाशी हुन्छ त्यो काम तपाईं गरिदिनुहोस् ।।३२।। अनि द्विजेन्द्रले भने -।। हे राजन् ! यो कसरी अध्रुव छ र कसरी यो ध्रुव हुन सक्छ ? तपाईं त्यो सब कुरो भन्नुहोस् त म फरक नपर्ने गरी त्यो कुरो गर्नेछु ।।३३।।

शोभन उवाच–।।

मयैतद्विहितं विप्र श्रद्धाहीनं व्रतोत्तमम् । तेनाऽहमध्रुवम् मन्ये ध्रुवं भवति तच्छृणु ।।३४।।
मुचुकुन्दस्य दुहिता चन्द्रभागा सुशोभना । तस्यै कथय वृत्तान्तं ध्रुवमेतद्भविष्यति ।।३५।।
तच्छ्रुत्वाऽथ द्विजवरस्तस्यै सर्वं न्यवेदयत् । श्रुत्वाऽथ सा द्विजवचो विस्मयोत्फुल्ललोचना ।।३६।।
प्रत्यक्षमथवा स्वप्रत्ययैतत् कथ्यते द्विज । सोमशर्मोवाच ।। प्रत्यक्षं पुत्रि ते कान्तो मया दृष्टो महावने ।।३७।।

तब शोभनले भने-।। हे द्विजोत्तम ! यो अत्यन्त उत्तम व्रत मैले अश्रद्धाले गरेको हुँ । त्यसैले यसलाई म अध्रुव मान्दछु , यो जसरी ध्रुव हुन्छ, त्यो कुरो सुन्नुहोस् ! ।।३४।। अत्यन्त राम्री र शील स्वभावकी चन्द्रभागा नाम गरेकी राजा मुचुकुन्दकी छोरी छिन् । तिनलाई यो वृत्तान्त बताइदिनुभो भने यो चकाचौंध पुर ध्रुव भइजानेछ ।।३५।। अनि शोभनको त्यस्तो कुरो सुनेर आएपछि ती ब्राह्मण श्रेष्ठले ती चन्द्रभागालाई त्यो सबै वृत्तान्त बताइदिए । तब ब्राह्मणको त्यस्तो त्यो वचन सुनेर त्यो चन्द्रभागा आश्चर्यले चकित हुँदी भई र भनी ।।३६।। हे ब्राह्मण श्रेष्ठ ! तपाईंले यो प्रत्यक्षको अथवा सपनाको कुरो कहिरहनुभएको छ ? तब सोमशर्माले भने -।। हे छोरी ! त्यो ठूलो वनमा बनेको त्यो झकिझकाउ नगरमा त्यस्ता प्रकारका तिम्रा पतिलाई मैले प्रत्यक्ष देखेको हुँ ।।३७।।

देवतुल्यमनाधृष्यं दृष्टं तस्य पुरं मया । अध्रुवं तेन तत् प्रोक्तं ध्रुवं भवति तत् कुरु ॥३८॥

चन्द्रभागोवाच –॥

तत्र मां नय विप्रर्षे पतिदर्शनलालसाम् । आत्मनो व्रतपुण्येन करिष्यामि पुरं ध्रुवम् ॥३९॥
आवयोर्द्विज संयोगो यथाभवति तत् कुरु । प्राप्यते हि महत् पुण्यं कृत्वा योगं वियुक्तयोः ॥४०॥
इति श्रुत्वा सह तया सोमशर्मा जगाम ह । आश्रमं वामदेवस्य मन्दराचलसन्निधौ ॥४१॥
वामदेवोऽशृणोत् सर्वं वृत्तान्तं कथितं तयोः । अभ्यषिञ्चच्चन्द्रभागां वेदमन्त्रैरथोज्ज्वलाम् ॥४२॥

कसैले जित्न नसकिने स्वर्गसमानको त्यो तिनको पुर मैले प्रत्यक्ष देखेको हुँ । तर उनले त्यसलाई अध्रुव बताएका छन्, जे गर्दा त्यो ध्रुव हुन्छ, त्यो तिमी गर ॥३८॥ तब चन्द्रभागाले भनी -॥ हे ब्रह्मर्षि ! पतिको दर्शन गर्न लालसा (इच्छा) भएकी मलाई त्यहाँ लानुहोस् त आफ्ना व्रतका पुण्यले त्यस पुरलाई म ध्रुव बनाउनेछु ॥३९॥ हे ब्रह्मण श्रेष्ठ ! हामी दुई दम्पतीको संयोग (भेट) जसरी हुन सक्छ, त्यो कार्य गर्नुहोस् । छुट्टिएका बियोगी दम्पतीलाई योग (मेल वा भेट) गरायो भने अवश्य नै ठूलो पुण्य प्राप्त हुन्छ ॥४०॥ त्यसको यस्तो प्रार्थना सुनेर सोमशर्मा त्यसलाई साथ लिएर मन्दराचलको नजीकै रहेको वामदेव ऋषिको आश्रममा जाँदा भए ॥४१॥ अनि वामदेवले सोमशर्माद्वारा ती दुवैको सारा वृत्तान्त सुने र अनि वेदका मन्त्रहरूले मन्त्रेको जलले त्यस सुन्दरी चन्द्रभागालाई अभिषेक गरे ॥४२॥

ऋषिमन्त्रप्रभावेण विष्णुवासरसेवनात् । दिव्यदेहो बभूवाऽसौ दिव्यां गतिमवाप ह ।।४३।।
पत्युः समीपमगमत् प्रहर्षोत्फुल्ललोचना । सहर्षः शोभनोऽतीव दृष्ट्वा कान्तां समागताम् ।।४४।।
समाहूय स्वके वामे पार्श्वे तां संन्यवेशयत् । सा चोवाच प्रियं हर्षाच्चन्द्रभागा शुभं वचः ।।४५।।
शृणु कान्त हितं वाक्यं तत् पुण्यं विद्यते मयि । अष्टवर्षाधिका जाता यदाऽहं पितृवेश्मनि ।।४६।।
मया ततः प्रभृति च कृतमेकादशीव्रतम् । यथोक्तविधिसंयुक्तं श्रद्धायुक्तेन चेतसा ।।४७।।
तेन पुण्यप्रभावेण भविष्यति पुरं ध्रुवम् । सर्वकामसमृद्धं च यावदाभूतसंप्लवम् ।।४८।।

एकादशीको व्रतको सेवाले प्राप्त भएको ती ऋषिका मन्त्रका प्रभावले त्यो चन्द्रभागा एकाएक दिव्य देहकी भई र दिव्य गति पनि पाई र ।।४३।। हर्षले खिलेकी त्यो विशाललोचना आफ्ना पति भाटौं गई । आफ्नी प्रियालाई आएकी देखेर अत्यन्तै हर्षित भएको शोभनले ।।४४।। उनलाई नजीकै बोलाएर आफ्ना बायाँ भागमा बसायो। तब अत्यन्त हर्षले गद्गद भएकी त्यो चन्द्रभागाले आफ्ना पतिलाई कल्याणकारी वचन बोली ।।४५।। हे प्रिय ! मेरो हित कुरो सुन्नुहोस् , त्यो पुण्य मसँग विद्यमान छ, जुन पुण्य जब म आफ्ना बाबाको घरमा आठ वर्ष नाघेकी भएँ ।।४६।। त्यसै वेलादेखि मैले श्रद्धाभक्तिका साथ प्रसन्न चित्तले कहे-मुताबिकको विधिविधानपूर्वक एकादशीको व्रत गर्ने गरेकी छु ।।४७।। त्यसै पुण्यका प्रभावले यो पुर ध्रुव हुनेछ र कल्पको अन्तमा सारा चराचर डुब्ने वेलासम्म सबै प्रकारको इच्छा पूर्ति गर्ने समृद्धिशाली रहन्छ ।।४८।।

एवं सा नृपशार्दूल रमते पतिना सह । दिव्यभोगा दिव्यरूपा दिव्याभरणभूषिता ।।४९।।
शोभनोऽपि तया सार्द्धं रमते दिव्यविग्रहः । रमाव्रतप्रभावेण मन्दराचलसानुनि ।।५०।।
चिन्तामणिसमा ह्येषा कामधेनुसमाऽथवा । रमाऽभिधाना नृपते तवाऽग्रे कथिता मया ।।५१।।
ईदृशं च व्रतं राजन् ये कुर्वन्ति नरोत्तमाः । ब्रह्महत्यादिपापानि नाशं यान्ति न संशयः ।।५२।।
एकादशीव्रतानां च पक्षयोरुभयोरपि । यथा शुक्ला तथा कृष्णा तिथिभेदं न कारयेत् ।।५३।।

हे सिंहजस्ता नृप ! यस्ता प्रकारले त्यो चन्द्रभागा उहाँ दिव्यभोगकी, दिव्यरूपकी, दिव्य गहनागुरियाले झरझुट्ट सजिएकी भएर आफ्ना पतिका साथमा रमण गरिरहेकी छे ।।४९।। रमा एकादशीका व्रतको प्रभावले दिव्य शरीर भएको शोभन पनि आजसम्म त्यस मन्दराचलको शिखरमा चन्द्रभागाका साथ मजा मारिरहेको छ ।।५०।। यो रमा नामको एकादशी चिन्तामणि जस्तै जे चितायो त्यही दिनेवाला हो अथवा कामधेनु जस्तै जति दुहे पनि दूध आइरहनेवाला हो । हे राजन् ! हे नृपति युधिष्ठिर! रमा नामको एकादशीको बारेमा तिम्रा सामु मैले सबै कुरो बेलिबिस्तार लाएँ ।।५१।। हे राजन् ! यस प्रकारको यस्तो यो व्रत जो भाग्यमानी मानिसहरू गर्दछन्, त्यसका पहिले-पहिलेका ब्रह्हत्यादि जस्ता ठूला-ठूला पाप पनि नाश हुन्छन् , यसमा कुनै संशय छैन ।।५२।। दुवै पक्षका एकादशीको व्रतका बारेमा शुक्ल र कृष्णको भनी तिथि-भेद गर्नु हुँदैन, जस्तो शुक्लपक्षको हो, त्यस्तै कृष्णपक्षको पनि हो ।।५३।।

सेवितैकादशी नृणां भुक्तिमुक्तिप्रदायिनी । धेनुः कृष्णा यथा श्वेता उभयोः सदृशं पयः ॥५४॥
तथैव तुल्यफलदं स्मृतमेकादशीव्रतम् । एकादशीव्रतानां च माहात्म्यं शृणुयान्नरः ॥५५॥
सर्वपापविनिर्मुक्तो विष्णुलोके महीयते । पुनरागमनं तस्य मृत्युलोके न जायते ॥५६॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे कार्तिककृष्णैकादशीरमामाहात्म्यं समाप्तम् ॥२३॥

व्रत गरिएको एकादशीले मनुष्यहरूलाई भुक्ति-मुक्ति दुवै फल दिन्छ ॥ जस्तै गाई कालो होस् कि सेतो होस् दुवैको दूध उस्तै हुन्छ ॥५४॥ त्यसै गरी सबै एकादशीको व्रत आफाफ्नू फलदान शक्तिमा समान पुण्यफल दिनेवाला हुन्छ भन्ने कहिएको छ । सबै एकादशीको व्रतको माहात्म्य व्रती मनुष्यले सुन्ने गर्नुपर्दछ ॥५५॥ सबै एकादशीको व्रत गर्ने र कथा सुन्ने गर्‍यो भने त्यस्तो जन सबै प्रकारका पापबाट छुटेर मरेपछि विष्णुलोकमा आनन्दसित बस्न पाउँछ । मृत्युलोकमा फेरि उसको आउने काम पर्दैन ॥५६॥

॥ इति एकादशीमाहात्म्ये नेपालीटीकायां त्रयोविंशोऽध्यायः ॥२३॥

(शंख-घण्ट-ध्वनिः)

हरि–कीर्तन

*

अथ चतुर्विंशोऽध्याय:

अथ कार्त्तिकशुक्लैकादशीकथा । ब्रह्मोवाच –।।

प्रबोधिन्याश्च माहात्म्यं पापघ्नं पुण्यबर्धनम् । मुक्तिप्रदं सुबुद्धीनां शृणुष्व मुनिसत्तम ।।१।।
तावद्गर्जति विप्रेन्द्र गङ्गा भागीरथी क्षितौ । यावन्नाऽऽयाति पापघ्नी कार्तिके हरिबोधनी ।।२।।
तावद्गर्जन्ति तीर्थानि ह्यासमुद्रं सरांसि च । यावत् प्रबोधिनी विष्णोस्तिथिर्नाऽऽयाति कार्त्तिकी ।।३।।
अश्वमेधसहस्राणि राजसूयशतानि च । एकेनैवोपवासेन प्रबोधिन्यां लभेन्नर: ।।४।।

अब आज कार्तिकशुक्ल एकादशीको कथा सुनाइन्छ ।। ब्रह्माजीले भन्नुभयो - हे मुनिहरूमा श्रेष्ठ नारद ! प्रबोधिनी एकादशीको व्रतको माहात्म्य सारा पापलाई हर्ने र भएभरका पुण्य बढाउने तथा असल बुद्धि भएकाहरूलाई मुक्तिसमेत दिलाउने हुन्छ, त्यसबारे अब तिमी सुन ।।१।। हे विप्रेन्द्र नारद ! पृथिवीमा गङ्गा भागिरथी तबसम्म गर्जन्छ जबसम्म सारा पाप हर्ने हरिबोधिनी एकादशी कात्तिकमा आउँदैन ।।२।। हे नारद ! समुद्रसम्मका सारा तीर्थहरू र पुण्यदायी तलाउहरू तबसम्म गर्जन्छनू, जबसम्म कार्तिकमा विष्णु जागा हुने उनको तिथि हरिबोधिनी एकादशी आउँदैन ।।३।। हजारौं अश्वमेध यज्ञ गरेको फल र सयकडौं राजसूय यज्ञ गरेको पुण्य-फल मनुष्यले प्रबोधिनी एकादशीमा गरेको एउटै उपवासले नै प्राप्त गर्दछ ।।४।।

नारद उवाच–।।

एकभुक्तेन किं पुण्यं किं पुण्यं नक्तभोजने । उपवासेन किं पुण्यं तन्मे ब्रूहि पितामह ।।५।।

ब्रह्मोवाच –।।

एकभुक्तेन जन्मोत्थं नक्तेन द्विजनुर्भवम् । सप्तजन्मभवं पापमुपवासेन नश्यति ।।६।।
यद्दुर्लभं यदप्राप्यं त्रैलोक्ये न तु गोचरम् । यदप्यप्रार्थितं पुत्र ददाति हरिबोधिनी ।।७।।
मेरुमन्दरमात्राणि पापान्युग्राणि यानि तु । एकेनैवोपवासेन दहते पापहारिणी ।।८।।
पूर्वजन्मसहस्रैस्तु यद् दुष्कर्म उपार्जितम् । जागरेण प्रबोधिन्यां दहते तूलराशिवत् ।।९।।

नारदले भने-"दिनमा एकछाक मात्र खानाले के पुण्य हुन्छ ? राति मात्र खानाले के पुण्य हुन्छ ? अथवा खादै नखाई उपवास गर्नाले के पुण्य हुन्छ ? हे पितामह! त्यो कुरो मलाई बताइबक्सियोस् ।।५।। ब्रह्माले भन्नुभयो -"एकछाक मात्र खानाले एक जन्मको, राति मात्र खानाले दुई जन्मको, पूरा अहोरात्र उपवास गर्नाले सात जन्मदेखि जम्मा भएको पाप नाश हुन्छ ।।६।। हे पुत्र नारद ! जुन वस्तु दुर्लभ छ, जुन पाईंदै नपाइने छ र जो तीनै लोकमा देखिंदै देखिंदैन र आफूले चिताउँदै नचिताएका वस्तु पनि हरिबोधिनी एकादशीले दिन्छ ।।७।। मेरु र मन्दराचल जस्ता धुप्राका धुप्रा जो पापहरू छन् , सारा पाप हर्ने यो हरिबोधिनी एकादशीको एउटै उपवासले नै खाक हुन्छन् ।।८।। हजारौं पूर्वजन्मदेखि कमाएर थुपारिएका जो दुष्कर्म छन् , ती सबै प्रबोधिनीमा गरिएको रात्रि जाग्रामले नै रुवाको राशिलाई आगोले झैं ड्ढाएर भस्मीभूत पारिदिन्छ ।।९।।

उपवासं प्रवोधिन्यां यः करोति स्वभावतः । विधिवन्मुनिशार्दूल यथोक्तं लभते फलम् ॥१०॥
यथोक्तं सुकृतं यस्तु विधिवत् कुरुते नरः । स्वल्पं मुनिवरश्रेष्ठ मेरुतुल्यं भवेत् फलम् ॥११॥
विधिहीनं तु यः कुर्यात् सुकृतं मेरुमात्रकम् । अणुमात्रं न चाऽऽप्नोति फलं धर्मस्य नारद ॥१२॥
सन्ध्याहीने व्रतभ्रष्टे नास्तिके वेदनिन्दके । नैतेषां तिष्ठते देहे धर्मशास्त्रविदूषके ॥१३॥
परदाररते मूर्खे कृतघ्ने वञ्चके तथा । धर्मो न तिष्ठते देहे एतेषामपि देहिनाम् ॥१४॥

हे मुनिश्रेष्ठ ! जो जन आफ्नै इच्छाले वा श्रद्धाले विधिपूर्वक प्रबोधिनीमा उपवास रहने काम गर्छ, उसले पूराका पूरा कहे मुताबिकको पुण्यफल पाउँछ ॥१०॥ जो मनुष्य कहेमुताबिक विधिपूर्वक असल पुण्यकर्म गर्छ, हे मुनिहरूमा श्रेष्ठ नारद ! त्यो पुण्य थोरै भए पनि मेरु पर्वत जत्रो ठूलो फल दिने हुन्छ ॥११॥ हे नारद ! जो जन विधिहीन भएको मनमाना पुण्यकर्म गरेर भलै मेरु पर्वत जत्रो ढेर लाओस् , त्यसले एकरत्ती पनि त्यस धर्मको फल पाउँदैन ॥१२॥ सन्ध्या नगर्ने , व्रतबन्धका नियम भङ्ग गर्ने, ईश्वर नमान्ने नास्तिक, वेदको निन्दा गर्ने, धर्मशास्त्रको खण्डन गर्ने यस्ता पापीका शरीरमा धर्म रहँदैन ॥१३॥ त्यस्तै अर्काकी स्त्रीमा भोग गर्नेवाला, पटमूर्ख, कृतघ्नी (उपकार गरेको नजान्ने), महाठग जन जो छन् , यस्ता प्राणीका शरीरमा पनि धर्म रहन सक्तैन अर्थात् टिक्तैन ॥१४॥

ब्राह्मणो वाऽपि शूद्रो वा सेवते परयोषितम् । ब्राह्मणीं च विशेषेण चाण्डालसदृशावुभौ ।।१५।।
सभर्तृकां वा विधवां ब्राह्मणीं ब्राह्मणो यदि । सेवते मुनिशार्दूल सान्वयो याति संक्षयम् ।।१६।।
परदाराभिगमनं कुरुते यो द्विजाऽधमः । सन्ततिर्न भवेत् तस्य फलं जन्मार्जितं नहि ।।१७।।
गुरुणा सह विप्रैश्च योऽहंकारेण वर्तते । सुकृतं नश्यते शीघ्रं धनं नाऽऽप्नोति सन्ततिम् ।।१८।।
आचारभ्रष्टदेहानां वृषलीगामिनां तथा । दुर्जनं सेवमानानां धर्मस्तेषां पराङ्मुखः ।।१९।।

ब्राह्मण होस् वा शूद्र होस् अर्काकी स्त्रीलाई गमन गर्दछ भने विशेष गरेर प्ररस्त्री ब्राह्मणीलाई गमन गर्ने यी दुवै चाण्डालतुल्य हुन् ।।१५।। परस्त्री सधवा होस् वा विधवा ब्राह्मणीलाई यदि ब्राह्मणे पनि गमन गर्दछ भने हे मुनिशार्दूल नारद ! त्यो वंशैसहित नाश हुन्छ अर्थात् त्यसको अप्ताली पर्छ ।।१६।। जो अधम ब्राह्मण अर्काकी स्त्रीलाई गमन गर्छ, त्यसको सन्तान हुँदैन र जन्मभरि कमाएको पुण्य पनि रहदैन ।।१७।। गुरुका साथमा या ब्राह्मणका साथमा जो जन घमण्ड गरेर रहन्छ ,त्यसको पुण्य कर्म तुरुन्तै नाश हुन्छ र त्यस्तो जन जीवनमा धन वा सन्तति प्राप्त गर्ने सक्तैन ।।१८।। सदाचार नगर्ने मानिसहरूको, वेश्यागमन गर्ने परकम्मा रहने तथा दुर्जनको संगत वा सेवा गर्ने त्यस्ता मनुष्यहरूको मुख देख्नेबित्तिकै धर्मले पण्टो बटार्छ ।।१९।।

पतितैः सह सङ्गं च तद्गृहे गमनं तथा । ये कुर्वन्ति नृपश्रेष्ठ ते गच्छन्ति यमाऽऽलये ॥२०॥
धर्मो नष्टो नृणां येषां स्वागताऽऽसनभोजनैः । तेषां वै नश्यते वत्स कीर्तिरायुः - प्रजा-सुखम् ॥२१॥
साधूनामपमानं तु ये कुर्वन्ति नराधमाः । त्रिवर्गफलहीनास्ते दह्यन्ते नरकाग्निना ॥२२॥
कृत्वाऽवमानं साधूनां ये हृष्यन्ति नराधमाः । वारयन्ति न ये मूढास्ते पश्यन्ति कुलक्षयम् ॥२३॥
आचारभ्रष्टदेहस्य पिशुनस्य शठस्य च । ददतो जुह्वतो वाऽपि गतिस्तस्य न विद्यते ॥२४॥

हे श्रेष्ठ राजा ! जो जन पतित नीचहरूका साथ संगत गर्छ तथा उसको घरमा गइरहने गर्छन् त्यस्ता जन अवश्यै नर्कमा जान्छन् ॥२०॥ हे बाबू नारद ! स्वागत-आसन- भोजनले जुन मनुष्यहरूको धर्म नष्ट भएको छ , तिनीहरूको कीर्ति आयु सन्तान र सुख सबै नष्ट हुन्छ ॥२१॥ जो अधम मनुष्यहरू साधुहरूको अपमान गर्दछन् ती त्रिवर्ग (धर्म-अर्थ-काम) का फलले हीन (रहित) भएका छँदा नरकरूपी आगोले डढाइन्छन् ॥२२॥ जो अधम मनुष्यहरू साधुहरूको अपमान गरेर रमाउँछन् , र जो मूर्खहरू त्यस्ता अपमान गर्नेहरूलाई रोक्तैनन् त्यस्ता ती मनुष्यहरूले नै आफ्नू कुल नाश भएको देख्तछन् ॥२३॥ भ्रष्ट आचार-विचार हुने जनको,चुगुलखोरको, महामूर्ख शठको शरीरले जतिसुकै दान हवन गरे पनि उसको असल गति हुन सक्तैन ॥२४॥

तस्मान्नत्याचरेत् किञ्चिदशुभं लोकगर्हितम् । सदाचारवता भाव्यं यथा धर्मो न नश्यति ।।२५।।
ये ध्यायन्ति मनोवृत्त्या करिष्यामः प्रबोधिनीम् । तेषां विलीयते पापं पूर्वजन्मशतोद्भवम् ।।२६।।
समतीतं भविष्यं च वर्तमानं कुलाऽयुतम् । विष्णुलोकं नयत्याशु प्रबोधिन्यां तु जागरे ।।२७।।
वसन्ति पितरो हृष्टा विष्णुलोकेऽत्यलंकृताः । विमुक्ता नारकैर्दुखैः पूर्वकर्मसमुद्भवैः ।।२८।।
कृत्वा तु पातकं घोरं ब्रह्महत्यादिकं नरः । कृत्वा तु जागरं विष्णोर्धौतपापो भवेन्मुने ।।२९।।

त्यसकारण मनुष्यले आफ्नू कल्याण नहुने तथा लोकद्वारा निन्दा गरिने कुनै पनि काम गर्ने नगर्नू । सबैले सधैं सदाचारी भएर रहनू, जे गर्दा धर्म नाश हुँदैन ।।२५।। जो मनुष्यहरू तन-मनले 'म प्रबोधिनीको व्रत गर्नेछु' भन्ने ध्यान गरिरहन्छ अर्थात् चिताइरहन्छ, त्यस्ता जनको सय जन्म पहिलेदेखिको पाप पनि बिलाएर जान्छ ।।२६।। जो जन प्रबोधिनीको रातभरि जाग्राम गर्दछ, त्यसले आफ्ना त्यस पुण्यले बितेका, आउने र भइरहेका अर्थात् पछाडिका अगाडिका र वर्तमान ददश हजार आफ्ना वंशजलाई तुरुन्तै विष्णुलोकमा पुऱ्याउँछ ।।२७।। अनि पूर्वका कर्मले उत्पन्न भएका नारकीय दुःखहरूद्वारा छुटेका उसका पितृहरू खुशी हुँदै सजधजका साथ विष्णुको लोकमा निवास गर्दछन् ।।२८।। जुन जनले ब्रह्महत्या आदि घोर पाप गरेर पनि यदि उसले प्रबोधिनीको रातभरजाग्राम गऱ्यो भने उसका सबै पापहरू धोइएर हे मुनि ! त्यो जन निष्पाप हुन्छ ।।२९।।

दुष्प्राप्यं यत् फलं रम्यैरश्वमेधादिभिर्मखैः । प्राप्यते तत् सुखेनैव प्रबोधिन्यां तु जागरे ॥३०॥
आप्लुत्य सर्वतीर्थेषु दत्त्वा गाः काञ्चनं महीम् । न तत् फलमवाप्नोति यत् कृत्वा जागरं हरेः ॥३१॥
जातः स एव सुकृती कुलं तेनैव पावितम् । कार्त्तिके मुनिशार्दूल कृता येन प्रबोधिनी ॥३२॥
यथा ध्रुवं नृणां मृत्युर्धननाशस्तथा ध्रुवम् । इति ज्ञात्वा मुनिश्रेष्ठ कर्तव्यं वैष्णवं दिनम् ॥३३॥
यानि कानि च तीर्थानि त्रैलोक्ये सम्भवन्ति च । तानि तस्य गृहे सम्यग् यः करोति प्रबोधिनीम् ॥३४॥

जुन पुण्यफल विधिपूर्वक गरिएका अश्वमेधादि यज्ञहरूले पनि पाउन कठिन छ, त्यो पुण्यफल प्रबोधिनीमा व्रतपूर्वक रातभर जाग्राम गर्‍यो भने सजिलैसित प्राप्त हुन्छ ॥३०॥ समस्त तीर्थहरूमा डुबुल्की मारेर अर्थात् न्वाहेर तथा गाई सुन जग्गा दान गरेर पनि त्यति ठूलो पुण्यफल पाईंदैन जति ठूलो पुण्यफल हरिबोधिनीको रातभर हरिको कीर्तन गर्दै जाग्राम गरेर पाइन्छ ॥३१॥ हे मुनिशार्दूल मुनिश्रेष्ठ नारद ! त्यही नै पुण्यात्मा जन्मिएको हो, त्यसले नै आफ्नू कुललाई पवित्र पार्दछ, जसले कात्तिक महीनामा हरिबोधिनीको विधिपूर्वक व्रत-पूजा जागरण गरेको छ॥३२॥ जस्तो मनुष्यहरूको मृत्यु निश्चित छ, त्यस्तै एक दिन धन नाश हुनु पनि निश्चित छ । हे मुनिश्रेष्ठ ! यस्तो कुरो जानेर अवश्य नै विष्णुको दिन हरिबोधिनीको व्रत-पूजा-जागरण गर्नैपर्छ ॥३३॥ तीनै लोकमा जो कोही यानि भएभरका तीर्थहरू जति छन् , ती सबै तीर्थहरू त्यसका घरमा सदा रहन्छन्, जो जन राम्रो सित विधिपूर्वक प्रबोधिनीको व्रत गर्दछन् ॥३४॥

सर्वकृत्यं परित्यज्य तुष्ट्यर्थं चक्रपाणिनः । उपोष्यैकादशी रम्या कार्तिकि हरिबोधिनी ॥३५॥
स ज्ञानी स च योगी च स तपस्वी जितेन्द्रियः । भोगो मोक्षश्च तस्याऽस्ति ह्युपास्ते हरिबोधिनीम् ॥३६॥
विष्णुप्रियतरा ह्येषा धर्मसारस्य दायिनी । सकृदेनामुपोष्यैव मुक्तिभाक् च भवेन्नरः ॥३७॥
प्रबोधिनीमुपोषित्वा न गर्भे विशते नरः । सर्वधर्मान् परित्यज्य तस्मात् कुर्वीत नारद ॥३८॥
कर्मणा मनसा वाचा पापं यत् समुपार्जितम् । तत् क्षालयति गोविन्दः प्रबोधिन्यां तु जागरे ॥३९॥

सारा कर्मलाई त्यागेर पनि चक्रपाणि हरि भगवान्को प्रसन्नताका लागि अर्थात् हरिलाई प्रसन्न पार्न अत्यन्त सुन्दर यानि अति उत्तम हरिबोधिनी एकादशीको व्रत कात्तिकमा गर्नुपर्छ ॥३५॥ त्यही जन ज्ञानी हो, त्यही जन योगी हो, त्यही जन तपस्वी हो, त्यही जन जितेन्द्रिय हो, मृत्युलोकको सुखभोग र मरेपछिको मोक्ष पनि त्यसैको रहन्छ, जसले हरिबोधिनीको व्रत गर्दछ ॥३६॥ धर्मको सार अर्थात् धर्मको तत्त्वलाई दिनेवाली यो हरिबोधिनी एकादशी विष्णु भगवान्को अत्यन्त प्रिय छ । जीवनमा एकैपल्ट पनि यसको व्रत गऱ्यो भने त्यो मनुष्य मुक्तिको भागी हुन्छ ॥३७॥ हे नारद ! प्रबोधिनीको व्रत गरेपछि त्यो व्रत गर्नेले फेरि गर्भमा प्रवेश गर्दैन । त्यसकारण अरू सबै धर्मलाई छाडेर पनि त्यस दिन हरिबोधिनीको व्रत मनुष्यले गर्ने गर्नुपर्छ ॥३८॥ कर्मले मनले वचनले जुन पाप आजसम्म थुपारिएको छ, प्रबोधिनीमा जाग्राम गरे हुँदि गोविन्द भगवान्ले त्यसलाई बगाइदिनुहुन्छ ॥३९॥

स्नानं दानं जपो होमः समुद्दिश्य जनार्दनम् । नरैर्यत् क्रियते वत्स प्रबोधिन्यां तदक्षयम् ॥४०॥
येऽर्चयन्ति नरास्तस्यां भक्त्या देवं च माधवम् । समुपोष्य प्रमुच्यन्ते पापैस्ते शतजन्मभिः ॥४१॥
महाव्रतमिदं पुत्र महापापौघनाशनम् । प्रबोधवासरं विष्णोर्विधिवत् समुपोषयेत् ॥४२॥
व्रतेनाऽनेन देवेश परितोष्य जनार्दनम् । विराजयन् दिशः सर्वाः प्रयाति भवनं हरेः ॥४३॥
कर्तव्यैषा प्रयत्नेन नरैः कान्तिमभीप्सुभिः । एकादशीम् ऋषिश्रेष्ठ कार्तिकि तु प्रबोधिनीम् ॥४४॥

हे बाबू नारद ! हरिबोधिनी एकादशीमा जनार्दन भगवान्‌को उद्देश्य गरेर अर्थात् उहाँको नाममा मनुष्यहरूले जो स्नान दान जप होम आदि गरिन्छ, त्यो सब अक्षय (ननाशिने) हुन्छ ॥४०॥ जो मनुष्यहरू हरिबोधिनीको व्रत बसेर त्यस दिन भक्तिपूर्वक माधव भागवान्‌को पूजा गर्दछन्, ती जनहरू सय जन्मदेखि थुप्रिँदै आएका पापबाट छुट्तछन् ॥४१॥ हे पुत्र नारद ! यो अत्यन्त ठूलो व्रतले ठूला-ठूला पापका समूहहरूलाई पनि नाश गरिदिन्छ । तसर्थ विष्णुको जागा हुने दिन हरिबोधिनी एकादशीको दिन विधिपूर्वक सबैले उपवास व्रत गर्नुपर्छ ॥४२॥ यस व्रतद्वारा भगवान् जनार्दनलाई सन्तुष्ट पारेर त्यो व्रती मनुष्य सारा दिशाहरूलाई झललल पार्दै हरि भगवान्‌को धाममा खटाखट जान्छ ॥४३॥ हे ऋषिश्रेष्ठ हे नारद ! कार्तिकमा पर्ने प्रबोधिनी एकादशीलाई कान्ति व कीर्ति चाहने मनुष्यहरूले परिश्रमपूर्वक पनि यसलाई गर्नैपर्छ ॥४४॥

बाल्ये यच्चाऽर्जितं वत्स यौवने वार्धकि तथा । शतजन्मकृतं पापं स्वल्पं वा यदि वा बहु ।।४५।।
शुष्कमार्द्रं मुनिश्रेष्ठ स्वगुह्यमपि नारद । तत् क्षालयति गोविन्दमस्यामभ्यर्च्य भक्तितः ।।४६।।
धनधान्यवहा पुण्या सर्वपापहरा परा । तामुपोष्य हरेर्भक्त्या दुर्लभं न भवेत् क्वचित् ।।४७।।
चन्द्रसूर्योपरागे च यत् फलं परिकीर्तितम् । तत्सहस्रगुणं प्रोक्तं प्रबोधिन्यां तु जागरात् ।।४८।।
स्नानं दानं जपो होमः स्वाध्यायोऽभ्यर्चनं हरेः । तत् सर्वं कोटितुल्यं तु प्रबोधिन्यां तु यत् कृतम् ।।४९।।

हे बाबू नारद ! बालखकालमा, यौवन अवस्थामा तथा बूढो भएपछि पनि जुन पाप सयकडौं जन्मदेखि गरेर थुपारिएका छन् त्यो पाप थोरै होस् अथवा धेरै होस् ।।४५।। हे मुनिहरूमा श्रेष्ठ नारद ! सुकेको (पुरानू) होस् वा गिलो (ताजा) होस् , अथवा एकदम गुप्त पाप होस्, त्यो सबै पापकन हरिबोधिनी एकादशीका दिन भक्तिपूर्वक गोविन्दको पूजा गर्‍यो भने त्यो पूजनले सफा पारेर पखालिलिन्छ ।।४६।। यस एकादशीको व्रत बसेर हरिको पूजा गर्नेलाई हरिबोधिनी एकादशीले धनधान्य थुपारिदिन्छ, पुण्य बढाइदिन्छ , ठूला-ठूला पाप हटाइदिन्छ । यदि कसैले भक्तिपूर्वक त्यसको उपासना गर्‍यो भने त्यसलाई कुनै कुराको दुर्लभ हुँदैन ।।४७।। चन्द्र-सूर्यको ग्रहणमा गरिएका दान ध्यान जपको जो फल बताइएको छ , प्रबोधिनीमा रात्रि जाग्राम गर्नेले त्यसको हजारगुना बेसी फल पाउँछ भनिएको छ ।।४८।। प्रबोधिनीमा जो स्नान-दान-जप-होम-स्वाध्याय र हरिको पूजा गरिन्छ, त्यो सब अघि-पछिको भन्दा कडोर गुना बराबरको पुण्य फल दिने हुन्छ ।।४९।।

जन्मप्रभृति यत् पुण्यं नरेणाऽभ्यर्जितं भवेत् । वृथा भवति तत् सर्वमकृत्वा कार्तिकव्रतम् ॥५०॥
अकृत्वा नियमं विष्णोः कार्तिकं यः क्षिपेन्नरः । जन्माऽऽर्जितस्य पुण्यस्य फलं नाऽऽप्नोति नारद ॥५१॥
तस्मात् त्वया प्रयत्नेन देवदेवो जनार्दनः । उपासनीयो विप्रेन्द्र सर्वकामफलप्रदः ॥५२॥
पराऽऽन्नं वर्जयेद्यस्तु कार्तिके विष्णुतत्परः । पराऽऽन्नवर्जनाद्वत्स चान्द्रायणफलं लभेत् ॥५३॥
न तथा तुष्यते यज्ञैर्न दानैर्वा गजादिभिः । यथा शास्त्रकथाऽऽलापैः कार्तिके मधुसूदनः ॥५४॥

जन्मेदेखि मनुष्यले जो पुण्य सञ्चय गरेको छ, त्यो सब पुण्य यदि उसले हरिबोधिनीको व्रत गरेन भने बेकारको हुन्छ ॥५०॥ जो मनुष्य विष्णुको व्रत पूजाआजा नगरीकन कार्तिक महीना बिताउँछ, उसले जन्मदेखि आर्जन गरेका पुण्यको फल हे नारद, पाउँदैन ॥५१॥ हे विप्रेन्द श्रेष्ठ ब्राह्मण नारद ! त्यसकारण, तिमीले परिश्रमपूर्वक पनि सबै कामना यानि चाहेको कुरो पूरा गरिदिने धौताहरूका पनि धौता जनार्दन भगवान्‌को उपासना (व्रत) गर्ने गर ॥५२॥ विष्णु-भक्तिमा तत्पर रहने जो कुनै व्यक्तिले पनि कार्तिकभरि अर्काको अन्न त्याग्नुपर्छ अर्थात् खानु हुन्न । हे बाबू नारद ! कार्तिकमा अर्काको अन्न नखानाले चान्द्रायण प्रायश्चित्त गरेको फल प्राप्त हुन्छ ॥५३॥ कार्तिकमा सत् शास्त्रका कथा भन्नाले सुन्नाले मधुसूदन भगवान् जस्तो प्रसन्न हुनुहुन्छ, त्यस्तो प्रसन्न अरू यज्ञ वा दान वा हात्ती घोडाका दानले हुनुहुन्न ॥५४॥

ये कुर्वन्ति कथां विष्णोर्ये शृण्वन्ति समाहिताः । श्लोकं वा श्लोकपादं वा कातिकि गोशतं फलम् ।।५५।।
सर्वधर्मान् परित्यज्य ममाऽग्रे कार्तिकि नरैः । शास्त्राऽवधारणं कार्यं श्रोतव्यं च सदा मुने ।।५६।।
श्रेयसा लोभबुद्ध्या वा यः करोति हरेः कथाम् । कार्तिकि मुनिशार्दूल कुलानां तारयेच्छतम् ।।५७।।
नित्यं शास्त्रविनोदेन कार्तिकं यः क्षिपेन्नरः । निर्दहित् सर्वपापानि यज्ञाऽयुतफलं लभेत् ।।५८।।
नियमेन नरो यस्तु शृणुते वैष्णवीं कथाम् । कार्तिकि तु विशेषेण गोसहस्रफलं लभेत् ।।५९।।

जो मनुष्यहरू कार्तिकमा एकै श्लोक वा आधाश्लोक वा एकै पाउ पनि विष्णुको कथा लाउँदछन् अथवा सावधान भएर सुन्दछन् त्यो कथन श्रवणले सय गोदान गरेको पुण्यफल मिल्दछ ।।५५।। कार्तिक महीनामा सबै मनुष्यहरूले अरू धर्मकर्म छोडेर मेरा मूर्तिको सामु रही हे मुनि ! सधैं सत् शास्त्रको अवलोकन वा सुन्ने काम गर्नुपर्छ ।।५६।। हे मुनिश्रेष्ठ ! कल्याणार्थ वा लोभ-बुद्धिले अर्थात् द्रव्यलाभका लागि भए पनि जो मनुष्य कात्तिकमा हरिको कथा कहन्छ वा सुन्दछ, उसले आफ्ना एक सय कुल (वंश) लाई उद्धार गर्दछ ।।५७।। जो मनुष्य दिनहुँ सत् शास्त्र पुराणादि सुनेर कार्तिक महीना बिताउँछ, उसले आफ्ना सारा पापलाई डढाउँछ र दश हजार यज्ञ गरेको फल पाउँछ ।।५८।। जो मनुष्य नियमपूर्वक चतुर्मासाभरि नै विष्णु भगवान्को कथा सुन्ने गर्छ, विशेष गरेर कार्तिकमा अवश्य सुन्ने गर्छ भने उसले एक हजार गाई दान गरेको फल पाउँछ ।।५९।।

प्रबोधवासरे विष्णोः कुरुते यो हरेः कथाम् । सप्तद्वीपवतीदाने तत् फलं लभते मुने ।।६०।।
श्रुत्वा विष्णुकथां दिव्यां येऽर्चयन्ति कथाविदम् । स्वशक्त्या मुनिशार्दूल तेषां लोकाः सनातनाः ।।६१।।
ब्रह्मणो वचनं श्रुत्वा नारदः पुनरब्रवीत् । नारद उवाच ।। विधानं ब्रूहि मे स्वामिन्नेकादश्याः सुरोत्तम ।।६२।।
चीर्णेन येन भगवन् यादृशं फलमाप्नुयात् । नारदस्य वचः श्रुत्वा ब्रह्मा वचनमब्रवीत् ।।६३।।

ब्रह्मोवाच —।।

ब्राह्मे मुहूर्ते चोत्थाय ह्येकादश्यां द्विजोत्तम । स्नानं चैव प्रकर्त्तव्यं दन्तधावनपूर्वकम् ।।६४।।

हे मुनि नारद ! हरिको जाग्ने दिन हरिबोधिनीका दिन जो मनुष्य हरिको कथा भन्न लाउँदछ, सातै द्वीपवाली भूमिको दान गर्दा जो फल पाइन्छ, त्यो फल उसले पाउँछ ।।६०।। हे मुनिशार्दूल नारद ! भगवान् विष्णुको दिव्य कथा सुनेर जो जन कथा-वाचक पाण्डितलाई आफ्नू सावगास-अनुसार पूजा गर्दछन्, तिनलाई पछि सनातन लोकमा वास मिल्छ ।।६१।। पिता ब्रह्माको यस्ता वचन सुनेर नारद मुनिले फेरि भने । नारदले भने -।। हे देवतामा श्रेष्ठ पिताजी, सृष्टिमात्रका मालिक ! अब मलाई एकादशीको व्रत गर्ने विधान, हे भगवान् ! जुन विधानपूर्वक व्रत गर्दा जुन प्रकारको फल प्राप्त हुन्छ, त्यो कुरो बताइबक्सियोस् । नारदको यस्तो वचन सुनेर तब ब्रह्माले वचन बोल्नुभयो ।।६२-६३।। ब्रह्माले भन्नुभयो -।। हे द्विजोत्तम नारद ! एकादशीको दिन बिहानै ब्राह्म मुहूर्तमा अर्थात् दुई घडी रात्रि रहँदै उठेर सुचिपूर्वक दतिवन लगाईबरीकन ।।६४।।

नद्यां तड़ागे कूपे वा वाप्यां गेहे तथैव च । केशवञ्चैव संपूज्य कथायाः श्रवणं तथा ।।६५।।
नियमाऽर्थे महाभाग इमं मन्त्रमुदीरयेत् । एकादश्यां निराहारः स्थित्वाऽहनि परे ह्यहम् ।।६६।।
भोक्ष्यामि पुण्डरीकाक्ष शरणं मे भवाऽच्युत । अमुं मन्त्रं समुच्चार्य देवदेवस्य चक्रिणः ।।६७।।
भक्तिभावेन तुष्टात्मा ह्युपवासं समर्पयेत् । रात्रौ जागरणं कार्यं देवदेवस्य सन्निधौ ।।६८।।
गीतं नृत्यं च वाद्यं च तथा कृष्णकथां मुने । यः करोति स पुण्यात्मा त्रैलोक्योपरि संस्थितः ।।६९।।
बहुपुष्पैर्बहुफलैः कर्पूराऽगरुकुङ्कुमैः । हरेः पूजा विधातव्या कार्तिक्यां बोधवासरे ।।७०।।

नदी पोखरीमा कूआमा वा वापीमा नभए, घरैमा पनि पहिले न्वाहुनुपर्छ, अनि भगवान् केशवको पूजा गरेर त्यसपछि हरिका चरित्रहरूको कथा सुन्नुपर्छ ।।६५।। हे महाभाग, भाग्यमानी नारद ! त्यसपछि, नियमका लागि हात जोडेर यो मन्त्र उच्चारण गर्नू -'हे हरि ! एकादशीका दिन निराहार रहेर, आउने अर्को दिनमा मात्र म ।।६६।। खानेछु, हे पुण्डरीकाक्ष ! हे अच्युत ! मेरो शरण (रक्षक) हुनुहोस् ' भनी देवताहरूका पनि देवता ती चक्र धारण गर्ने विष्णु भगवान्को ध्यान गर्दै यो मन्त्र भनेर ।।६७।। त्यसपछि श्रद्धाभक्तिपूर्वक प्रसन्न चित्तको भएर उपवास अर्पण गर्दै विष्णु भगवान्का नगीचमै रहेर हरिकीर्तन गर्दै रातभर जागरण गर्नू ।।६८।। हे मुनि ! त्यो दिन-रातभरि हरि- विष्णुका गाना-बजाना, नाच-कीर्तन अथवा हरिका कथाहरूको श्रवण आदि जो जन गर्दछ, त्यो त्यस्तो पुण्यात्मा पुरुष परन्तुमा तीनै लोकभन्दा माथि रहन्छ ।।६९।। कार्तिकको हरिबोधिनीमा धेरै-धेरै फूल, धेरै फल, कपूर -अगरु-कुम्कुमहरूले हरिको पूजा गर्नुपर्दछ ।।७०।।

वित्तशाठ्यं न कर्त्तव्यं संप्राप्ते हरिवासरे । यस्मात् पुण्यमसंख्यातं प्राप्यते मुमिसत्तम ।।७१।।
फलैर्नानाविधैर्दिव्यैः प्रबोधिन्यां तु जागरे । शङ्खे तोयं समादाय ह्यर्घ्यो देयो जनार्दने ।।७२।।
यत् फलं सर्वतीर्थेषु सर्वदानेषु यत् फलम् । तत् फलं कोटिगुणितं दत्त्वाऽर्घ्यं बोधवासरे ।।७३।।
अगस्त्यकुसुमैर्दिव्यैः पूजयेद् यो जनार्दनम् । देवेन्द्रोऽपि मुनिश्रेष्ठ करोति करसंपुटम् ।।७४।।
न तत् करोति विप्रेन्द्र तपसा तोषितो हरिः । यत् करोति हृषीकेशो मुनिपुष्पैरलंकृतः ।।७५।।

हे मुनिश्रेष्ठ नारद ! हरिको वार प्रबोधिनी एकादशीको दिनमा वित्तशाठ्य (किफायत) नगरीकन पूजाआजा गर्नू । किनकि यस दिन गरेको पुण्यको फल असंख्यात (गनि नसक्नुको) हुन्छ ।।७१।। प्रबोधिनीमा जाग्राम गर्दाखेरि रातभरि नै जसो नाना प्रकारका राम्रा राम्रा फलहरूले हरिको पूजा गर्नू र बिहान शंखमा जल चन्दन फूल दूध दही चीनी घिउ, मह हालेर पूजा गरी जनार्दन भगवान्लाई अर्घ्य दिनू ।।७२।। जो पुण्यफल समस्त तीर्थहरूमा न्वाहेर, सब प्रकारका दान गरेर पाइन्छ , त्यसको करोड गुणा पुण्यफल प्रबोधिनीमा अर्घ्य दिदा पाइन्छ ।।७३।। त्यस दिन राम्रा-राम्रा अगस्तिका फूलहरूले जो जन जनार्दनको पूजा गर्दछ, हे मुनिश्रेष्ठ ! त्यस्तो पुण्यात्मालाई साक्षात् इन्द्रले हात जोड्दछन् ।।७४।। हे विप्रेन्द्र नारद ! तपस्याले तुष्ट (प्रसन्न) पारिएका हरिले त्यो कुरो गर्नुहुन्न, जो कुरो अगस्ति फूलहरूले सिंगारिएका हृषीकेश भगवान्ले गर्नुहुन्छ ।।७५।।

बिल्वपत्रैश्च ये कृष्णं कार्तिकि कलिवर्धन । पूजयन्ति महाभक्त्या मुक्तिस्तेषां मयोदिता ।।७६।।
तुलसीदलपुष्पैश्च पूजयन्ति जनार्दनम् । कार्तिकि सकलं वत्स पापं जन्माऽयुतं दहेत् ।।७७।।
दृष्टा स्पृष्टाऽथवा ध्याता कीर्तिता नमिता स्तुता । रोपिता सेचिता नित्यं पूजिता तुलसी शुभा ।।७८।।
नवधा तुलसीभक्तिं ये कुर्वन्ति दिनेदिने । युगकोटिसहस्राणि ते वसन्ति हरेर्गृहि ।।७९।।
रोपिता तुलसी यावत् कुरुते मूलविस्तरम् । तावद्युगसहस्राणि तनोति सुकृतं मुने ।।८०।।

हे कलि (झगड़ा) वर्धन छुल्याहा नारद ! जो जन कार्तिकमा श्रीकृष्णलाई बेलका पत्रहरूले पनि ठूलो भक्तिपूर्वक पूजा गर्दछन् , ती सबैलाई मैले बताएको मुक्ति मिल्दछ ।।७६।। हे वत्स,नारद ! जो जन कात्तिकमा तुलसीका पत्र पुष्पले जनार्दन भगवानूकन पूजा गर्दछन् , तिनले दश हजार वर्षदेखि गरिआएका आफ्ना सारा पापकन खाक गरिदिन्छन् ।।७७।। दर्शन गरिएकी, छोइएकी अथवा ध्यान गरिएकी, कीर्तन गरिएकी, स्तुति गरिएकी, रोपिएकी, सेचिएकी र सधैं पूजा गरिएकी तुलसी कल्याणकारी हुन्छिन् ।।७८।। यी उक्त नौ प्रकारले जो जन प्रतिदिन तुलसीको भक्ति गर्दछन्, त्यस्ता जन हजारौं करोड युगसम्म हरिको घर वैकुण्ठमा वास गर्दछन् ।।७९।। हे मुनि नारद ! रोपिएकी तुलसीले जति जरा फैलाउँछे, त्यति हजार युगसम्म सुकृत (पुण्य) फैलाउँछे अर्थात् बढ़ाउँछे ।।८०।।

यावच्छाखाप्रशाखाभिर्बीजपुष्पदलैर्मुने । रोपिता तुलसी पुंभिर्वर्धते वसुधातले ॥८१॥
कुले तेषां तु ये जाता ये भविष्यन्ति ये गताः । आकल्पयुगसाहस्रं तेषां वासो हरेर्गृहे ॥८२॥
कदम्बकुसुमैर्देवं येऽर्चयन्ति जनार्दनम् । तेषां यमालयो नैव प्रसादाच्चक्रपाणिनः ॥८३॥
दृष्ट्वा कदम्बकुसुमं प्रीतो भवति केशवः । किं पुनः पूजतो विप्र सर्वकामप्रदो हरिः ॥८४॥
यः पुनः पाटलापुष्पैर्वसन्ते गरुडध्वजम् । अर्चयेत् परया भक्त्या मुक्तिभागी भवेद्धि सः ॥८५॥

हे मुनि हे नारद ! जुन पुरुषहरूद्वारा रोपिएको तुलसी जबसम्म आफ्ना हाँगा-बिंगा, शाखा-प्रशाखाहरूले र उसका बीयाँ, पुष्प र पत्रले पृथ्वीतलमा बढिरहन्छन् ॥८१॥ ती पुरुषका कुलमा जो जो जन्मिएका छन् , जो जो पछि जन्मनेछन् र जो जो बितिसके ती सब जनको दुई हजार कल्प वर्षसम्म हरिको घरमा अर्थात् वैकुण्ठमा वास हुन्छ ॥८२॥ जो मनुष्यहरू कदमका फूलहरूले जनार्दन भगवान्को पूजा गर्दछन् , चक्रपाणि भगवान् विष्णुका कृपाले तिनीहरूले यमालय अर्थात् नरक जानुपर्दैन ॥८३॥ कदमको फूल देख्नेबित्तिकै नै भगवान् केशव प्रसन्न हुनुहुन्छ भने हे ब्राह्मण नारद ! सबै कामना (इच्छा) पूरा गरिदिने हरि कदमले पूजा नै गरिएपछि त प्रसन्न भएर फुरुक्क पर्नुमा के आश्चर्य छ र ? ॥८४॥ अनि फेरि बसन्त ऋतुमा पाटलाका फूलहरूले गरुडध्वज भगवान् विष्णुलाई अत्यन्त भक्तिपूर्वक जो जन पूजा गर्दछ, त्यो जन अवश्य मुक्त हुन्छ ॥८५॥

बकुलाऽशोककुसुमैर्येऽर्चयन्ति जगत्पतिम् । विशोकास्ते भविष्यन्ति यावच्चन्द्रदिवाकरौ ।।८६।।
येऽर्चयन्ति जगन्नाथं करवीरैः सिताऽसितैः । चतुर्युगानि विप्रेन्द्र प्रीतो भवति केशवः ।।८७।।
मञ्जरीं सहकारस्य केशवोपरि ये नराः । यच्छन्ति ते महाभागा गोकोटिफलभागिनः ।।८८।।
दुर्वाङ्कुरान् हरेर्यस्तु पूजाकाले प्रयच्छति । पूजाफलं शतगुणं सम्यगाप्नोति मानवः ।।८९।।
शमीपत्रैस्तु ये देवं पूजयन्ति सुखप्रदम् । यममार्गो महाघोरो निस्तीर्णस्तैस्तु नारद ।।९०।।

जो जो जन मौलसरी-अशोक-कुसुमका फूलहरूले जगत्पति विष्णुको पूजा गर्दछन्, ती ती जन जबसम्म चन्द्रमा सूर्य रहन्छन्, तब सम्म शोक-सुर्ता-रहित हुन्छन् ।।८६।। हे विप्रेन्द्र नारद ! जो जो जन सेता वा राता वा पहेला करवीर वा कनेरका फूलहरूले जगन्नाथ भगवान्को पूजा गर्दछन् , तिनका उपर भगवान् केशव चार युगसम्म प्रसन्न रहनुहुन्छ ।।८७।। जो मनुष्यहरू केशव भगवान्का उपर आँपका मञ्जरीहरू चढाउँछन् , ती भाग्यमानी जनहरू एक करोड गाईदान गरेको पुण्यको फल पाउँछन् ।।८८।। जो जन हरिको पूजा गर्दाखेरि दूबाका मुण्टा चढाउँछ, उस मनुष्यले त्यस पूजाको सयगुणा बेसी फल मजासित पाउँछ ।।८९।। हे नारद ! आफ्ना भक्तलाई सधैं सुख दिने भगवान् विष्णुलाई जो जनहरू शमीका पातहरूले पूजा गर्दछन् , तिनीहरूले महाघोर डरलाग्दो यममार्ग तरे अर्थात् पार गरे भन्ने जान ।।९०।।

वर्षाकाले तु देवेशं कुसुमैश्चम्पकोद्भवैः । येऽर्चयन्ति न ते मर्त्याः संसारेषु पुनर्भवे ॥९१॥
कुम्भीपुष्पं तु विप्रर्षे ये यच्छन्ति जनार्दनम् । सुवर्णपलमात्रं ते लभन्ते वै फलं मुने ॥९२॥
सुवर्णकेतकीपुष्पं यो ददाति जनार्दने । कोटिजन्माऽऽर्जितं पापं दहते गरुडध्वजः ॥९३॥
कुंकुमारुणवर्णां च गन्धाऽऽढ्यां शतपत्रिकाम् । यो ददाति जगन्नाथे श्वेतद्वीपालये वसेत् ॥९४॥
एवं सम्पूज्य रात्रौ च केशवं भुक्तिमुक्तिदम् । प्रातरुत्थाय च ब्रह्मन् गत्वा तु सजलां नदीम् ॥९५॥

जो जो मनुष्यहरू वर्षा ऋतुमा चम्पकका बोटमा फुलेका चाँपका फूलहरूले भगवान् विष्णुलाई पुज्दछन् , ती-ती मनुष्यहरू संसारमा फेरि जन्म लिनुपर्ने हुँदैनन् ॥९१॥ हे विप्रर्षि नारद ! कुम्भी अर्थात् पाटलाको फूल जो जो जन जनार्दन भगवान्लाई अर्पन्छन् , हे मुनि हे नारद ! ती-ती जनले एक पल सुन चढाएको फल अवश्य पाउँछन् ॥९२॥ जो जन पहेंलो केतकीको फूल भगवान् जनार्दनलाई अर्पण गर्दछ, त्यसले एक करोड जन्मदेखि कमाई गरेर थुपारेको त्यसको पापकन गरुडध्वज भगवान्ले खाक पारेर डढाइदिनुहुन्छ ॥९३॥ कुम्कुमको जस्तो रातो पहेंलो मिश्रित वर्ण (रङ्ग) भएको तथा गमगम बास्ना आउने सयपत्री (गेंदा) को फूलकन भगवान्मा चढाएर जो जन पूजा गर्दछ, त्यो जन श्वेतद्वीपमा बस्नेछ ॥९४॥ यस्ता प्रकारले भुक्ति-मुक्ति दिने केशव भगवान्लाई रातभर पूजा गरेर हे ब्राह्मण नारद ! भोलिपल्ट विहानै उठेर प्रशस्त पानी खलखल बग्ने नदी (खोलो) मा गएर ॥९५॥

तत्र स्नात्वा जपित्वा च कृत्वा पूर्वाह्णिकीः क्रियाः । गृहे गत्वा च सम्पूज्यः केशवो विधिवन्नरैः ।।१६।।
व्रतस्य पूरणार्थाय ब्राह्मणान् भोजयेत् सुधीः । क्षमापयेच्च शिरसा भक्तियुक्तेन चेतसा ।।१७।।
गुरुपूजा ततः कार्या भोजनाच्छादनादिभिः । दक्षिणा चापि दातव्या तुष्ट्यर्थं चक्रपाणिनः ।।१८।।
भूयसी चैव दातव्या ब्राह्मणेभ्यः प्रयत्नतः । नियमश्चैव सन्त्याज्यो ब्राह्मणाऽग्रे प्रयत्नतः ।।१९।।

त्यहाँ खलमल न्याहेर सन्ध्या जप गरेर, त्यहीं गरिने पूजा-पाठ आदि प्रातः कालीन क्रिया सारा गरिसकेर अनि घर गएर व्रती मनुष्यहरूले विधिपूर्वक भगवान् केशवको पूजा गर्नुपर्छ ।।१६।। अनि व्रतको परिपूर्णताका लागि बुद्धिमान् विद्वान् ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ र भक्तियुक्त चित्तले शिर झुकाएर ती ब्राह्मणको पाउमा परी क्षमा याचना गर्नुपर्छ ।।१७।। त्यसपछि उपर्ना आदि वस्त्रका साथ गुरुको पूजा गर्नुपर्छ र गुरुलाई श्रद्धापूर्वक यथेच्छ भोजन गराउनुपर्छ र चक्रपाणि भगवान्को प्रसन्नताका लागि गुरुलाई दक्षिणा (भेटी) पनि दिनुपर्छ ।।१८।। अनि प्रयत्नपूर्वक झर्को नमानीकन श्रद्धासाथ ब्राह्मणहरूलाई भूयसी दक्षिणा पनि दिनुपर्छ । अनि तिनै ब्राह्मणहरूका सामुमै भरसक व्यावहारिक ठगठाग गर्ने पहिलेका नियमहरूलाई प्रतिज्ञा गरेर त्यागिदिनुपर्छ ।।१९।।

कथयित्वा द्विजेभ्यस्तद्दद्याच्छक्त्या च दक्षिणाम् । नक्तभोजी नरो राजन् ब्राह्मणान् भोजयेच्छुभान् ।।१००।।
अयाचिते बलीवर्दं सहिरण्यं प्रदापयेत् । अमांसाशी नरो यस्तु प्रददेद् गां सदक्षिणाम् ।।१०१।।
धात्रीस्नायी नरो दद्याद् दधिमाक्षिकमेव च । फलानां नियमे राजन् फलदानं समाचरेत् ।।१०२।।
तैलस्थाने घृतं देयं घृतस्थाने पयः स्मृतम् । धान्यानां नियमे राजन् दीयन्ते शालितण्डुलाः ।।१०३।।

ब्राह्मणहरूका सामु त्यस्तो प्रतिज्ञा-वचन भनेर तिनीहरूलाई शक्ति-अनुसार भेटीघाटी फल फूल जो जुर्छ दिएर तिनलाई बिदा दिनुपर्छ ।। त्यस्तै हे राजन् ! राति एक छाक मात्रै खाने नियममा रहेको व्रती मनुष्यले पनि बेस ब्राह्मणहरूलाई यथेच्छ भोजन गराउनुपर्छ ।।१००।। अनि थपेको वा माँगिर नखाने व्रतरूपी नियममा रहेको जनले व्रतको समाप्तिमा सुन सहितको हट्टाकट्टा गोरु दान गर्नुपर्दछ र चतुर्मासाभरि मासु नखाने व्रत जुन जनले गरेको छ, उसले व्रत समाप्तिमा दक्षिणा-सहित गाई दान गर्नुपर्छ ।।१०१।। चतुर्मासाभ रि जुन मनुष्यले अमलाले न्वाहुने व्रत (नियम) गरेको छ, उसले व्रत समाप्तिमा दही र मह दान गर्नु पर्छ। अनि जसले चतुर्मासाभरि फल मात्र खाएर बस्छु भन्ने नियम लिएको छ, हे राजन् ! व्रतको समाप्तिमा उसले फलहरूकै दान गर्नुपर्छ ।।१०२।। हे राजन् ! तेल दान गर्नू भनेको ठाउँमा घिउ दान गरे पनि हुन्छ । अनि घिउ दानको बदलामा गाईको दूध दान गरे पनि हुन्छ भनिएको छ । हे राजन्! जहाँ धान्य दान गर्नू भनिएको छ, त्यसको बदलामा मसिना चामल दान गर्नुपर्छ ।।१०३।।

दद्याद् भूशयने शय्यां सतूलां सपरिच्छदाम् । पत्रभोजी नरो राजन् भोजनं घृतसंयुतम् ॥१०४॥
मौने घण्टां तिलाश्चैव सहिरण्यं प्रदापयेत् । दम्पत्योर्भोजनं देयं निःस्नेहं सर्पिषा युतम् ॥१०५॥
धारणेन स्वकेशानामादर्शं दापयेद् बुधः । उपानहौ प्रदातव्ये उपानत्परिवर्जनात् ॥१०६॥
लवणस्य च संत्यागे शर्करां च प्रदापयेत् । नित्यं दीपः प्रदेयस्तु विष्णोर्वा विबुधालये ॥१०७॥

जसले चतुर्मासाभरि खाटमा नसुत्ने, भूइँमै सुत्ने व्रत (नियम) लिएको छ, उसले व्रतको समाप्तिमा डसना तन्ना तकिया झूलसहितको खटिया दान गर्नुपर्छ । हे राजन् ! चतुर्मासाभरि पातमा खाने नियम गरेको मनुष्यले व्रत समाप्तिमा प्रशस्त घिउका साथ भोजन दान गर्नुपर्छ ॥१०४॥ जसले चतुर्मासाभरि नबोल्ने नियम लिएको छ, उसले व्रत समाप्तिमा प्रशस्त तिल र स्वर्णप्रतिमा सहित घण्ट दान गर्नुपर्छ । जसले चतुर्मासाभरि घिउ-तेल नखाने नियम लिएको छ, उसले व्रत समाप्तिमा ब्राह्मणका दम्पतीलाई प्रशस्त घिउका साथ भोजन दिनुपर्छ ॥१०५॥ चतुर्मासाभरि नङ-केश नकाट्ने नियम लिएको बुद्धिमान् व्रतीले व्रतको समाप्तिमा दक्षिणासहित ऐना दान गर्नुपर्छ । अनि जसले चतुर्मासाभरि जुत्ता लाउँदिनँ भन्ने व्रत (नियम) लिएको छ, उसले व्रतको समाप्तिमा एक जोडा जुत्ता दान गर्नुपर्छ ॥१०६॥ जसले चतुर्मासाभरि नून नखाने नियम लिएको छ, उसले व्रतको समाप्तिमा प्रशस्त चीनी दान गर्नुपर्छ । अनि जसले चतुर्मासाभरि दिनहुँ विष्णुको मन्दिरमा या कुनै देवताको मन्दिरमा अविच्छिन्न बत्ती बालिराख्ने नियम लिएको छ, त्यस व्रतीले व्रतसमाप्तिमा ॥१०७॥

सदीपं सघृतं ताम्रं काञ्चनं वा दशायुतम् । प्रदद्याद् विष्णुभक्ताय संपूर्णव्रतहेतवे ॥१०८॥
एकान्तरोपवासे तु कुम्भानष्टौ प्रदापयेत् । सवस्त्रान् काञ्चनोपेतान् सर्वान् सालंकृताञ्छुभान् ॥१०९॥
सर्वेषामप्यलाभे तु यथोक्तकरणं विना । द्विजवाक्यं स्मृतं राजन् संपूर्णव्रतसिद्धिदम् ॥११०॥

घिउले भरिएको सलेदो सहितको तामाका वा सुनको बत्ती बलिरहेको दीयो त्यो व्रतको परिपूर्णताका लागि विष्णुको परम भक्त ब्राह्मणलाई संकल्पपूर्वक दान गर्नुपर्छ ॥१०८॥ जो मनुष्य चतुर्मासाभरि एकान्तमा रहेर हरिको भजन गरिरहन्छु भन्ने व्रत (नियम) लिएर बस्छ, उसले व्रतान्तमा व्रतको पूर्णताका लागि सबै सिंगारिएका र राम्रा-राम्रा तथा वस्त्र र सुनको प्रतिमा-सहितका अनि सुवासित बास्ना आउने जल भरिएका आठोटा कुम्भ (घडा) दान गर्नुपर्दछ ॥१०९॥ हे राजन् ! ती कहिएका वस्तुहरूको प्राप्ति नभएमा कहे-अनुसारको गर्नुपर्ने कुरा नगरीकन नै ब्राह्मणहरूलाई पूजा गरेर भोजन गराई तिनीहरूबाट "तिम्रो सम्पूर्ण व्रत परिपूर्ण होस् " भन्ने आशीर्वाद लिनुपर्छ किनकि त्यस्तो अभावको स्थितिमा ब्राह्मणको वचन नै सिद्धिदायक हुन्छ भनिएको छ ॥११०॥

नत्वा विसर्जयेद् विप्राँस्ततो भुञ्जीत च स्वयम् । यत् त्यक्तं चतुरो मासान् समाप्तिं तस्य चाऽऽचरेत् ।।१११।।
एवं य आचरेत् प्राज्ञः सोऽनन्तफलमाप्नुयात् । अवसाने तु राजेन्द्र वासुदेवपुरं व्रजेत् ।।११२।।
यश्चाऽविघ्नं समाप्यैवं चातुर्मास्यव्रतं नृप । स भवेत् कृतकृत्यस्तु न पुनर्मानुषो भवेत् ।।११३।।
एतत् कृत्वा महीपाल परिपूर्णं व्रतं भवेत् । व्रतवैकल्यमासाद्य ह्यन्धः कुष्ठी प्रजायते ।।११४।।

अनि ब्राह्मणहरूलाई ढोगेर विदा दिनू, त्यसपछि आफूले भोजन गर्नुपर्छ । "यस्ता प्रकारले चतुर्मासाभरि जो जो वस्तु त्यागेको छ त्यसको समाप्ति गर्ने काम गर्नू ।।१११।। हे राजेन्द्र ! जो बुद्धिमान् मनुष्य यस प्रकारको आचरण गर्दछ, त्यो मनुष्य ती दानहरूको अनन्त अर्थात् कहिल्यै नसकिने पुण्यफल पाउँछ। आखिरमा मृत्युपछि त्यो जन सोझै विष्णुको पुर वैकुण्ठमा जान्छ ।।११२।। हे नृप ! राजन् ! जो जन यस्ता प्रकारले अविघ्नतापूर्वक अर्थात् बीच-बीचमा नछोडीकन चतुर्मासाको व्रत समाप्त गर्दछ, त्यो जन कृतकृत्य (कृतार्थ) हुन्छ र फेरि मृत्युलोकमा मान्छे वा प्राणी भएर जन्मदैन, सधैं विष्णुलोकमै रहिरहन्छ ।।११३।। हे महीपाल राजन् ! यी सब कुरा विधिपूर्वक अर्थात् बताए-बमोजिम गर्‍यो भने व्रत यानि चतुर्मासाको नियम परिपूर्ण हुन्छ । तर यदि ती व्रत गलत तरीकाले अर्थात् बेविधिले मनमानासित गर्‍यो भने त्यो त्यस्तो व्रती अर्को जन्ममा मृत्युलोकमा अन्धो वा कोढ़ी भएर जन्मनेछ ।।११४।।

एतत् ते सर्वमाख्यातं यत् पृष्टोऽहमिह त्वया । पठनाच्छ्रवणाद्वाऽपि लभेद्गोदानजं फलम् ॥११५॥

॥ इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णार्जुनसंवादे कार्तिकशुक्लैकादशीप्रबोधिनीमाहात्म्यं समाप्तम् ॥२४॥

हे राजन् ! युधिष्ठिर ! यहाँ तिमीले मलाई जो जो कुरो सोध्यौ त्यो सारा कुरो मैले तिमीलाई बेलिविस्तारपूर्वक बताइदिएँ । यो मैले तिमीलाई सुनाएको चौबीसै एकादशीको माहात्म्य जो जन कात्तिकभरि पाठ गर्छ, अथवा कथावाचक पवित्र संयमी ब्राह्मणद्वारा सुन्दछ, उसले हजार गाईदान गरेको पुण्यफल पाउँछ ॥११५॥

॥ इति एकादशीमाहात्म्येएकदेवकृत- नेपाली टीकायां चतुर्विंशोऽध्यायः ॥२४॥

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

*

आग्रह :– कात्तिकभरि एकादशीको कथा भन्न लाउने भक्तले कथा सकिएको हरिबोधिनी एकादशीको दिन नयाँ वस्त्र छाता जुत्ता आदिले कथावाचकलाई पूजा गरेर महिनाभरिको पारिश्रमिक समयानुसार दक्षिणा दिनू । अनि अरू भक्त श्रोताहरूले पनि शक्ति-अनुसार सिधा दक्षिणा दिनू। कथा थाल्दा हरिबोधिनीको दिन सकिने गरी कार्तिक कृष्णको चौथीदेखि वा षष्ठीदेखि थाल्नू ॥

अथ पञ्चविंशोऽध्यायः

अथाऽधिकमासशुक्लैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।
मलिम्लुचस्य मासस्य का वा एकादशी भवेत् । किं नाम को विधिस्तस्याः कथयस्व जनार्दन ।।१ ।।
श्रीकृष्ण उवाच –।।
मम मासस्य या पुण्या प्रोक्ता नाम्ना च पद्मिनी । सोपोषिता प्रयत्नेन पद्मनाभपुरं नयेत् ।।२ ।।
मम मासे महापुण्या कीर्तिकी कल्मषापहा । तस्याः फलं कथयितुं न शक्तश्चतुराननः ।।३ ।।
नारदाय पुरा प्रोक्तं विधिना व्रतमुत्तमम् । पद्मिन्याः पापराशिघ्नं भुक्तिमुक्तिफलप्रदम् ।।४ ।।

अब आज चाहिं मलमासको शुक्लपक्षको एकादशीको कथा कहिन्छ ।। हे जनार्दन श्रीकृष्ण ! मलमासको शुक्लपक्षमा कुन एकादशी हुन्छ ? त्यसको के नाम हो ? र व्रतविधि के हो? अब त्यो सब कहिबक्सियोस् ।।१ ।। तब श्रीकृष्णले भन्नुभयो -।। मलमास मेरो महीना हो। त्यसको शुक्लपक्षको एकादशीको नाम पद्मिनी हो, जो अत्यन्त पुण्य दिने एकादशी भनिन्छ । जसले त्यो पद्मिनी एकादशीको व्रत यत्नपूर्वक विधिविधान-सहित गर्दछ , त्यस पुण्यले त्यसलाई भगवान्को धाममा पुऱ्याउँछ ।।२ ।। मेरो महीनामा पर्ने पहिलो एकादशी जो छ सो सारा पापलाई नाशेर ठूलो पुण्य दिने कहिएको छ , त्यस पुण्यफलको बखान गर्न त एक मुखका मान्छेको के कुरा, चार मुख हुने ब्रह्माजी पनि सक्तैनन् ।।३ ।। थुप्राका थुप्रा पाप नाश गर्ने अनि व्रतीलाई भुक्ति र मुक्तिको समेत फल दिने यो पद्मिनी एकादशीको अत्यन्त उत्तम व्रतकन सबभन्दा पहिले ब्रह्माजीले नारदलाई बताउनुभएको थियो ।।४ ।।

श्रुत्वा वाक्यं मुरारेस्तु प्रोवाचाऽतिमुदान्वितः । युधिष्ठिरो जगन्नाथं विधिं पप्रच्छ धर्मवित् ।।५।।
श्रुत्वा राज्ञस्तु वचनं प्रत्युफुल्लाऽम्बुजेक्षणः । शृणु राजन् प्रवक्ष्यामि मुनीनामप्यगोचरम् ।।६।।
दशमीदिवसे प्राप्ते व्रताऽऽरम्भो विधीयते । कांस्यं मांसं मसूराँश्च चणकान् कोद्रवाँस्तथा ।।७।।
शाकं मधु परान्नं च दशम्यां दश वर्जयेत् । हविष्याऽन्नं च भुञ्जीत अक्षारलवणं तथा ।।८।।
एकाहारी हविष्याशी मितभाषी तथैव च । भूमिशायी ब्रह्मचारी भवेच्च दशमीदिने ।।९।।

श्रीकृष्ण मुरारिको त्यस्तो वचन सुनेर अत्यन्त हर्षले गद्गद भएका धर्म ज्ञाता युधिष्ठिरले जगन्नाथ श्रीकृष्णसित बोले र त्यसको विधिबारे सोधे ।।५।। राजा युधिष्ठिरको त्यस्तो कुरो सुनेर प्रीतिले प्रसन्न भएका भगवान्ले हे राजन् युधिष्ठिर! मुनिहरूले पनि पार पाइ नसक्नुको व्रतको बारेमा तिमीलाई म बताउँछु, सावधान भएर सुन ।।६।। अघिल्लो दिन दशमीको दिन लागेपछि नै भोलि गर्नुपर्ने एकादशीको व्रतको नियम गर्न आरम्भ गर्नुपर्छ । काँसाको भाँडामा खानु तथा मासु,मसूरो, चना, कोदो, ।।७।। साग, मह, अर्काको अन्न तथा आमिष र मैथुन यी दश चीज दश मीकै दिनमा त्याग्नुपर्छ । अनि त्यस दिन समुद्री नून नहालेको केराउको दाल वा शुद्ध तर्कारीका साथ हविष्यान्न अर्थात् भात आदि खानुपर्छ ।।८।। एकैछाक खाने, हविष्यान्न खाने तथा थोरै बोल्ने, भूइँमा सुत्ने, ब्र ह्मचर्य मा रहने कामदशमीकै दिन गरेको हुनुपर्छ ।।९।।

एकादशीदिने प्राप्ते प्रातरुत्थाय सादरम् । विधाय च मलोत्सर्गं न कुर्याद् दन्तधावनम् ॥१०॥
कृत्वा द्वादश गण्डूषाञ्छुचिर्भूत्वा समाहितः । सूर्योदये शुभे तीर्थे स्नानार्थं प्रव्रजेत् सुधीः ॥११॥
गोमयं मृत्तिकां गृह्य तिलान् दर्भाञ्छुचिस्तथा । चूर्णैरामलकीभूतैर्विधिना स्नानमाचरेत् ॥१२॥
उद्धृताऽसि वराहेण कृष्णेन शतबाहुना । मृत्तिके ब्रह्मदत्ताऽसि कश्यपेनाऽभिमन्त्रिता ॥१३॥
त्वं मे कुरु पवित्राऽङ्गं लग्ना नेत्रे शिरोरुहे । हरिपूजनयोग्यं मां मृत्तिके कुरु ते नमः ॥१४॥

भोलिपल्ट एकादशी आएपछि विहानै प्रसन्नतापूर्वक उठ्नू अनि मलत्याग आदि कार्य गर्नू, तर त्यस दिन दतिवन नगर्नू अर्थात् कुनै चीजले दाँत नमाझ्नू ॥१०॥ केवल औंलाले मात्र दाँत दलेर बाह्रपल्ट कुल्ला गरी शुद्ध भएर बुद्धिमान जन सावधानीपूर्वक सूर्योदयको वेलामा असल स्वच्छ तीर्थमा न्वाहुनका लागि जाओस् ॥११॥ उहाँ जाँदा गोबर माटो तिल कुश तथा सुकेका अमला ढड्याएर पिसेको चूर्णले अर्थात् लेदोले प्रसन्न चित्तको भएर यस्तो विधिपूर्वक स्नान गर्नू ॥१२॥ न्वाहुँदा पहिले माटो हातमा लिएर-'हे मृत्तिके! सय बाहु (हात) हुने वराहरूपी कृष्णद्वारा तिमी उठाइएकी हौ, परशुरामद्वारा ब्राह्मणहरूलाई दिइएकी हौ र कश्यपद्वारा अभिमन्त्रित गरिएकी हौ ॥१३॥ मैले आँखामा र कपाल (केश) मा दलिएकी या लगाइएकी तिमी मेरा अङ्गलाई पवित्र पार र मलाई हरि भगवान्‌को पूजा गर्न योग्य बनाऊ, हे मृत्तिके तिमीलाई नमस्कार छ' भनी त्यो माटो जीउभरि दल्नू ॥१४॥

सर्वौषधिसमुत्पन्नं गवोदरमधिष्ठितम् । पवित्रकरणं भूमेर्मां पावयतु गोमयम् ॥१५॥
ब्रह्मष्ठीवनसंभूता धात्री भुवनपावनी । संस्पृष्टा पावयाङ्गं मे निर्मलं कुरु ते नमः ॥१६॥
देवदेव जगन्नाथ शंखचक्रगदाधर । देहि विष्णो ममाऽनुज्ञां तव तीर्थावगाहने ॥१७॥
वारुणांश्च जपेन्मन्त्रान् स्नानं कुर्याद्विधानतः । गंगादितीर्थं संस्मृत्य यत्र-कुत्र जलाशये ॥१८॥

अनि गोबर हातमा लिएर 'सबै प्रकारका घाँस-पातरूप वनौषधिद्वारा उत्पन्न भएको तथा गाईको भुँडीभित्र रहेको, एवं सारा भूमिलाई पवित्र पार्ने यस्तो यो गोबर मलाई पनि पवित्र पारोस् ' ॥१५॥ तब अमलाको लेदो लिएर-'ब्रह्माजीको थूकबाट उत्पन्न भएकी अनि तीनै भुवनलाई पवित्र पार्ने हे धात्री (अमला), तिमीलाई म देहमा दल्दछु, मेरा अङ्ग प्रत्यङ्गलाई निर्मल र पवित्र पार, हे धात्री अमले, तिमीलाई नमस्कार छ '॥१६॥ ' हे देवदेव, हे जगन्नाथ, हे शंखचक्र गदाधारी विष्णु भगवान् ! तपाईंको तीर्थमा न्वाहुनका लागि मलाई आज्ञा दिनुहोस् ' ॥१७॥ भनी अनि तिल-कुश-जल समाती स्नान संकल्प पढ्नू र वरुणको आवाहन गर्ने मन्त्रहरू जप्नू र अनि विधिविधानका साथ स्नान गर्नुपर्छ । जुनसुकै पनि जलाशयमा न्वाहुँदा पहिले 'गंगे च यमुने०' गङ्गादि तीर्थहरूलाई सम्झेर ॥१८॥

पश्चात् संमार्जयेद्गात्रं विधिना नृपसत्तम । मुखे पृष्ठे च हृदये बाह्वोः शिरसि चाप्यधः ॥१९॥
परिधाय सुखं वासः शुक्लं शुचि ह्यखण्डितम् । ततः कुर्याद्धरेः पूजां महापापं विनश्यति ॥२०॥
सन्ध्यामुपास्य विधिना तर्पयेच्च पितॄन् सुरान् । हरेर्मन्दिरमागत्य पूजयेत् कमलापतिम् ॥२१॥
स्वर्णमात्रं कृतं देवं राधिकासहितं हरिम् । पार्वत्या सहितं देवं पूजयेद्विधिपूर्वकम् ॥२२॥

हे नृपोत्तम ! त्यसपछि शरीरभर विधिपूर्वक तीर्थजल मार्जन (छर्कने काम) गर्नुपर्छ। छर्कदा मुखमा, पिठ्यूँमा, छातीमा, दुवै पाखुरामा, टाउकामा र तलतिरका सबै अङ्गमा छर्की अनि न्वाईध्वाई जीउ पुछपाछ पारी ॥१९॥ तब अनि आनन्द आउने सेतो शुद्ध नफाटेको वस्त्र पहिर्नुपर्छ । त्यसपछि शुद्ध आसनमा बसेर हरिको पूजा गरे ठूलो-ठूलो पाप पनि सिनित्तै नाशिन्छ ॥२०॥ बसेपछि पहिले सन्ध्या (जप) पर्नू र अनि विधिपूर्वक पितृहरू र पितृदेवहरूलाई तपर्ण दिनुपर्छ । हरिको पूजा गर्दा हरिको मन्दिरमा आएर कमलापति विष्णुको पूजा गर्नुपर्छ ॥२१॥ पूजा गर्दा सुनद्वारा बनाइएको राधासहित हरि भगवानूको अथवा पार्वतीका साथ बनेको शिव-प्रतिमाको भगवानूलाई विधिपूर्वक पूजा गर्नुपर्छ ॥२२॥

कुम्भोपरि न्यसेद् देवं ताम्रपात्रेऽथ मृण्मये । दिव्यवस्त्रसमायुक्ते दिव्य-गन्धानुवासिते ।।२३।।
तस्योपरि न्यसेत् पात्रं ताम्रं रौप्यं हिरण्मयम् । तस्मिन् संस्थापयेद् देवं विधिना पूजयेत् ततः ।।२४।।
संस्थाप्य सलिलैः श्रेष्ठैर्गन्धधूपादिवासितैः । चन्दनाऽगरुकर्पूरैः पूजयेद् देवमीश्वरम् ।।२५।।
नानाकुसुमकस्तूरीकुंकुमेन सिताऽम्बुजैः । तत्कालजातैः कुसुमैः पूजयेत् परमेश्वरम् ।।२६।।

चन्दन अक्षता फूलले सिंगारिएको, शुद्ध जल भरिएको, राम्रो नयाँ शुद्ध वस्त्रले बेहिएको, तामाले अथवा माटाले बनाइएको, दीप-गणेशसहित कलश-स्थापन विधिले पूजिएको कलशको माथि भगवान्को प्रतिमा राख्नुपर्छ ।।२३।। त्यस कलशको माथि तामाको वा चाँदीको वा सुनको वा नसके पातको चार्कुने वा माटाकै पात्रमा चामल भरी त्यसमाथि चन्दन अक्षता फूल फल सुपारी वा जटावाला नरिवल राखी त्यसैमा भगवान्को प्रतिमा राखेर त्यसपछि विधिपूर्वक भगवान्को पूजा गर्नुपर्छ ।।२४।। अनि त्यसरी थापिएका ईश्वर भगवान्लाई शुद्ध जल, श्रेष्ठ चन्दन, बास्ना आउने धूपहरूले र चन्दन अगरु कपूरले पूजा गर्नुपर्छ ।।२५।। पूजामा नाना प्रकारका फूल-कस्तूरी-कुम्कुम-सेता कमल र त्यस समयमा फुलेका अनेक प्रकारका फूलहरू चढाएर ती परमेश्वरको पूजा गर्नुपर्छ ।।२६।।

नैवेद्यैर्विविधैः शक्त्या तथा नीराजनादिभिः । धूपैः दीपैः सकर्पूरैः पूजयेत् केशवं शिवम् ।।२७।।
नृत्यं गीतं तदग्रे तु कुर्याद्भक्तिपुरःसरम् । नाऽऽलपेत् पतितान् पापाँस्तस्मिन्नहनि न स्पृशेत् ।।२८।।
नाऽनृतं हि वदेद् वाक्यं सत्यपूतं वचो वदेत् । रजस्वलां न स्पृशेच्च न निन्देद् ब्राह्मणं गुरुम् ।।२९।।
पुराणं पुरतो विष्णोः शृणुयात् सह वैष्णवैः । निर्जला सा प्रकर्तव्या या च शुक्ले मलिम्लुचे ।।३०।।
जलपानेन वा कुर्याद् दुग्धाऽऽहारेण नाऽन्यथा । रात्रौ जागरणं कुर्याद् गीतवादित्रसंयुतम् ।।३१।।

त्यसपछि शक्ति अनुसार अनेक प्रकारका नैवेद्यहरू चढाउनुपर्छ अनि धूप-दीप-कपूरहरूले आरती गरी अन्त्यमा नीराजन आरती-हरूद्वारा शक्तिसहितका केशव या शिवको पूजा गर्नुपर्छ ।।२७।। र भगवान्‌का सामु श्रद्धाभक्तिपूर्वक नाच गान आदि कीर्तन गर्नुपर्छ । त्यस दिनमा आफाफ्नू धर्म छाडेका पतित तथा पापीहरूका साथ बोल्नु हुँदैन र तिनलाई छुनु पनि हुँदैन ।।२८।। झूटो कुरो पटक्कै बोल्नु हुँदैन, हमेशै साँचो बोल्नुपर्छ । रजस्वला स्त्रीलाई छुनु हुँदैन, ब्राह्मणलाई तथा गुरु मान्य जनलाई निन्दा गर्नु हुँदैन ।।२९।। ती प्रतिमारूप विष्णुको अगाडि रहेर वैष्णवहरूका साथ पुराण सुन्नुपर्छ । मलमासको शुक्लपक्षमा पर्ने जो एकादशी हुन्छ, त्यो निर्जला हो र त्यसमा अहोरात्र पानीसम्म पनि नपिई व्रत गर्नुपर्छ ।।३०।। अथवा जल या दूध मात्र पिए पनि हुन्छ, अर्थोक खानु हुन्न । गाना-बजानाका साथ भरारात जाग्राम रहनुपर्छ ।।३१।।

प्रथमे प्रहरे पूजा नारिकेलाऽर्घ्यमुत्तमम् । द्वितीये श्रीफलैश्चैव तृतीये बीजपूरकैः ॥३२॥
चतुर्थे पूजयेत् पूगैर्नारिंगैश्च विशेषतः । प्रथमे प्रहरे पुण्यमग्निष्टोमस्य जायते ॥३३॥
द्वितीये वाजपेयस्य तृतीये हयमेधजम् । चतुर्थे राजसूयस्य जाग्रतो जायते फलम् ॥३४॥
नाऽतः परतरं पुण्यं नाऽतः परतरा मखाः । नाऽतः परतरा विद्या नाऽतः परतरं तपः ॥३५॥
पृथिव्यां यानि तीर्थानि क्षेत्राण्यायतनानि च । तानि स्नातानि दृष्टानि येनाऽकारि हरेर्व्रतम् ॥३६॥

प्रथम प्रहरमा पूजा गर्दा नरिवल राखेर अर्घ्य दिनु उत्तम हुन्छ, दोस्रो प्रहरमा बेल राखेर, तेस्रो प्रहरमा बिमिरो राखेर, ॥३२॥ चौथो प्रहरमा सुपारी राखेर अझ सके नारङ्गी राखी अर्घ्य दिएर पूजा गर्नुपर्छ । प्रथम प्रहरमा गरेको जाग्राम, अग्निष्टोम यज्ञ गरेको पुण्य मिल्छ ॥३३॥ दोस्रो प्रहरमा गरेको जाग्रामले वाजपेयको र तेस्रो प्रहरमा गरेको जाग्रामले हयमेध यज्ञको, चतुर्थ प्रहरमा गरेको जग्रामले राजसूय यज्ञको फल मिल्छ ॥३४॥ योभन्दा ठूलो कुनै पुण्य छैन, योभन्दा ठूलो कुनै यज्ञ छैन। योभन्दा ठूलो कुनै विद्या छैन, योभन्दा ठूलो कुनै तपस्या छैन ॥३५॥ जसले अधिकमासको शुक्लपक्षको एकादशीको व्रत विधिपूर्वक गऱ्यो, त्यसले पृथिवीमा जति तीर्थ छन् , जति दर्शन गर्न योग्य स्थान छन् , जति मन्दिरहरू छन् , ती सबैमा न्वाह्यो, दर्शन गऱ्यो भन्ने ठाने हुन्छ ॥३६॥

एवं जागरणं कुर्याद् यावत् सूर्योदयं भवेत् । सूर्योदये शुभे तीर्थे गत्वा स्नानं समाचरेत् ॥३७॥
स्नात्वैवाऽऽगत्य भावेन पूजयेद् देवमीश्वरम् । पूर्वोदितेन विधिना भोजयेद् ब्राह्मणाञ्छुभान् ॥३८॥
कुम्भादिकं च यत् सर्वं प्रतिमां केशवस्य च । पूजयित्वा विधानेन ब्राह्मणाय समर्पयेत् ॥३९॥
एवंविधं व्रतं यो वै कुरुते भुवि मानवः । सफलं जायते तस्य व्रतं मुक्तिफलप्रदम् ॥४०॥
एतत् ते सर्वमाख्यातं यत् पृष्टोऽहं त्वयाऽनघ । मलिम्लुचस्य मासस्य शुक्लाया विधिमुत्तमम् ॥४१॥

यस्ता प्रकारले सूर्य उदाउने वेलासम्म जाग्राम पूजा- आजा गर्नू र सूर्योदय भएपछि कल्याणकारी असल तीर्थमा गएर न्याहीध्वाई गर्नू ॥३७॥ न्याहेपछि घरमा आएर भक्तिभावपूर्वक उनै भगवान् ईश्वरलाई विसर्जन गरिने अन्तिम पूजा गर्नू र पहिले अरू-अरू एकादशीको व्रतमा बताएका विधिले असल विद्वान् ब्राह्मणहरूलाई भोजन गराउनू ॥३८॥ हिजो पूजा गर्दाको कलश आदि गरिएका सामानहरू र भगवान् केशवको जो कुछ सरसामान छ ती सबलाई विधिपूर्वक चन्दन अक्षता फूल छर्की अनि ब्राह्मणलाई समर्पण गरिदिनू ॥३९॥ यस पृथ्वीतलमा जो मनुष्य यस्ता प्रकारले यो एकादशीको व्रत गर्दछ, त्यसको व्रत मुक्तिफल दिनेवाला भई सफल हुन्छ ॥४०॥ हे अनघ निष्पाप युधिष्ठिर ! तिमीले मलाई मलमासको शुक्लपक्षको एकादशीको व्रतको बारेमा जो सोधेका थियौ, त्यस व्रतको अति उत्तम विधि यो सब कुरो तिमीलाई मैले कहेर सुनाइदिएँ ॥४१॥

व्रतानि तेन चीर्णानि सर्वाणि नृपनन्दन । पद्मिन्याः प्रीतियुक्तो यः कुरुते व्रतमुत्तमम् ।।४२।।
कृष्णाया मलमासस्य विधिस्तस्याश्च तादृशः । परमा सा तु विज्ञेया सर्वपापक्षयंकरी ।।४३।।
अत्र ते कथयिष्यामि कथामेकां मनोरमाम् । नारदाय पुलस्त्येन विस्तारेण निवेदिताम् ।।४४।।
कार्तवीर्येण कारायां निक्षिप्तं वीक्ष्य रावणम् । विमोचितः पुलस्त्येन याचयित्वा महीपतिम् ।।४५।।
तदाश्चर्यं तदा श्रुत्वा नारदो दिव्यदर्शनः । प्रपच्छ च यथाभक्त्या पुलस्त्यं मुनिपुंगवम् ।।४६।।

हे पाण्डु राजाका छोरा युधिष्ठिर ! जसले यो पद्मिनी एकादशीको अति उत्तम व्रत प्रसन्नतापूर्वक गर्दछ, त्यस जनले सारा व्रतहरू गर्‍यो भन्ने ठाने हुन्छ ।।४२।। मलमासको कृष्णपक्षको एकादशीको व्रतको विधि पनि त्यस्तै हो । सारा पापलाई सखाप पार्ने यो एकादशी 'परमा' नामले जानिन्छ ।।४३।। यस विषयमा अर्थात् मलमासका एकादशीको बारेमा उहिले पुलस्त्य ऋषिले नारदलाई विस्तारपूर्वक निवेदन गर्नुभएको यानि बताउनुभएको यौटा अत्यन्त राम्रो, मनै रमाउने कथा तिमीलाई म कहन्छु ।।४४।। अघि कुनै समयमा राजा कार्तवीर्यले रावणलाई झ्यालखानामा जाकेको देखेर पुलस्त्य ऋषिले राजा कार्तवीर्यलाई बिन्ती चढाएर रावणलाई झ्यालखानाबाट छोडाएका थिए ।।४५।। तब त्यस्तो आश्चर्यको कुरा सुनेर, जसको दर्शन पाउनु अहोभाग्य छ, त्यस्ता नारद मुनिले भक्तिपूर्वक मुनिहरूमध्ये श्रेष्ठ पुलस्त्य ऋषिलाई सोद्धा भए ।।४६।।

दशाननेन विजिताः सर्वे देवाः सवासवाः । कार्तवीर्येण विजितः कथं रणविशारदः ॥४७॥
नारदस्य वचः श्रुत्वा पुलस्त्यो मुनिरब्रवीत् । शृणु वत्स प्रवक्ष्यामि कार्तवीर्यसमुद्भवम् ॥४८॥
पुरा त्रेतायुगे राजा माहिष्मत्यां बृहत्तरः । हैहयानां कुले जातः कृतवीर्यो महीपतिः ॥४९॥
सहस्रं प्रमदास्तस्य नृपस्य प्राणवल्लभाः । न तासां तनयं कश्चिल्लेभे राजधुरन्धरः ॥५०॥
यजन् देवान् पितृन् सिद्धान् प्रचिकित्सान् बृहत्तरान् । तेषां वाक्याद् व्रतं कुर्वन् न लब्धस्तनयस्तदा ॥५१॥

हे मुनिश्रेष्ठ ! त्यो रावणले इन्द्रसहितका सारा द्यौताहरूलाई युद्धमा जित्यो भने त्यस्तो रण-विद्या जान्ने त्यो रावणलाई कार्तवीर्यले कसरी जितिलियो ? ॥४७॥ नारदको त्यस्तो कुरो सुनेर नारद मुनिलाई पुलस्त्य ऋषिले भन्नुभयो- हे बाबू नारद! पहिले तिमीलाई कार्तवीर्यको उत्पत्तिको बारेमा कहन्छु, सावधान भएर सुन ॥४८॥ उहिले त्रेता युगमा माहिष्मती नगरीमा हैहय राजाहरूको वंशमा अत्यन्त ठूलो वीर 'कृतवीर्य' नामको महीपति राजा पैदा भएको थियो ॥४९॥ त्यस राजाका आफ्ना प्राणभन्दा प्यारा एक हजार पत्नी रानीहरू थिए । परन्तु राजकाजमा धुरन्धर त्यस कृतवीर्यले ती रानीहरूबाट कुनै पुत्र पाउन सकेन ॥५०॥ तब द्यौताहरूलाई, पितृहरूलाई, सिद्धहरूलाई, ठूला-ठूला चिकित्सक ओखती गर्ने वैद्यहरूलाई पूजा आजा भाकल निहोरा गर्दा पनि अनि तिनका कुरामा लागेर नाना प्रकारका व्रत र उपचार (ओखती) गर्दा पनि उसले छोरो प्राप्त गर्न सकेन ॥५१॥

सुतं विना तदा राज्यं न सुखाय महीपतेः । क्षुधितस्य यथा भोगा न भवन्ति सुखप्रदाः ।।५२।।
विचार्य चित्ते नृपतिस्तपस्तप्तुं मनो दधे । तपसैव सदा सिद्धिर्जायते मनसेप्सिता ।।५३।।
इत्युक्त्वा सहभार्यश्च चीरवासा जटाधरः । तपस्तप्तुं गृहं न्यस्य सुविचार्य सुमन्त्रिणे ।।५४।।
निर्गतं नृपतिं वीक्ष्य पद्मिनी प्रमदोत्तमा । हरिश्चन्द्रस्य तनया इक्ष्वाकुकुलसम्भवा ।।५५।।
पतिव्रता प्रियं दृष्ट्वा तपस्तप्तुं कृतोद्यमम् । भूषणानि परित्यज्य चीरमेकं समाश्रयेत् ।।५६।।

तब जसरी भोकालाई भोगका वस्तुहरू सुख दिने हुँदैनन् त्यस्तै ती राजालाई छोरो-विना उनको राज्य पनि सुख आनन्द दिने भएन ।।५२।। 'तपस्याले नै मनले चाहेको सिद्धि सदा प्राप्त हुन्छ' भन्ने कुरो चित्तमा विचारेर तब ती राजाले तपस्या नै गर्ने कुरो मनमा अठोट गरे ।।५३।। यो कुरो मनमा गुनेर भार्या पटरानी सहित भै जोगीका लुगा लगाई, जटाजुट धारण गरी, राम्रोसँग विचार गरी योग्य मन्त्रीलाई घर-द्वार राज्य सुम्पेर तपस्या गर्नका लागि ।।५४।। निक्लिएका राजालाई देखेर स्त्रीहरूमा उत्तम स्त्री इक्ष्वाकुको कुलमा जन्मिएकी, राजा हरिश्चन्द्रकी छोरी पद्मिनी नाम गरेकी ।।५५।। पतिव्रता पत्नीले तपस्या गर्न तंसिएका आफ्ना प्रियलाई देखेर, आफ्ना सारा गहनागुरिया शृंगार-पटारलाई त्यागेर यौटा गेरुवा वस्त्र पहिरिन् र ।।५६।।

जगाम पतिना सार्द्धं पर्वते गन्धमादने । गत्वा तत्र तपस्तेपे वर्षाणामयुतं नृपः ॥५७॥
न लेभे तनयं राज्ये ध्यायन् देवं गदाधरम् । अस्थिस्नायुमयं कान्तं दृष्ट्वा सा प्रमदोत्तमा ॥५८॥
अनसूयां महासाध्वीं प्रपच्छ विनयाऽन्विता । भर्तुः प्रतपतः साध्वि वर्षाणामयुतं गतम् ॥५९॥
तथापि न प्रसन्नोऽभूत् केशवः कष्टनाशनः । व्रतं मम महाभागे कथयस्व यथातथम् ॥६०॥
येन प्रसन्नो भगवान् मम भक्त्या प्रजायते । येन मे जायते पुत्रश्चक्रवर्ती बृहत्तरः ॥६१॥

आफ्ना पतिका साथ सरासर गन्धमादन पर्वतमा गइन् । त्यहाँ गएर ती राजाले दश हजार वर्षसम्म तपस्या गरे ॥५७॥ उहाँ गएर राजाले गदाधर भगवान्को ध्यान गरे, तब पनि राज्य सञ्चालनका लागि छोरो पाउन सकेनन् त हाड-छाला-नसा मात्र बाँकी रहेका कङ्काल कान्त (पति) लाई देखेर स्त्रीहरूमा उत्तम ती ॥५८॥ पद्मिनीले अति नम्रतापूर्वक असाध्यै सीधी, अत्यन्त सज्जन अनसूयालाई सोधिन् -। हे महामान्या माता ! मेरा पतिले तपस्या गर्न लागेको दश हजार वर्ष बित्यो ॥५९॥ तैपनि कष्ट नाश पार्ने केशव भगवान् पटक्कै प्रसन्न हुनुभएन । तसर्थ, हे महामान्या! छोरो हुने वास्तविक व्रत मलाई बताइबक्सियोस् ॥६०॥ जुन गर्नाले मेरा भक्तिले भगवान् प्रसन्न होऊन् । जुन प्रसन्नताले गर्दा सबभन्दा ठूलो चक्रवर्ती हुने छोरो मेरो पैदा होस् अर्थात् चक्रवर्ती हुने छोरो मेरो जन्मोस् ॥६१॥

श्रुत्वा तस्यास्तु वचनं पतिव्रतपरायणा । यं प्रव्रजन्तं नृपतिं स्वयं वव्राज दीक्षितम् ।।६२।।
तदा प्रोवाच संहृष्टा पद्मिनीं पद्मलोचनाम् । स्नात्वा मलिम्लुचे सुभ्रु मासद्वादशसंमते ।।६३।।
त्रिंशद्दिनैश्च भवति मासः पूर्णः शुभाऽऽनने । तन्मध्ये द्वादशीयुग्मं पद्मिनी परमा तथा ।।६४।।
उपोष्य तत्प्रकर्तव्यं विधिना जागरैः समम् । शीघ्रं प्रसन्नो भगवान् भविष्यति सुतप्रदः ।।६५।।
इत्युक्त्वाऽकथयत् सर्वं मया पूर्वोदितं नृप । विधिं व्रतस्य विधिवत् प्रसन्ना कर्दमाऽङ्गजा ।।६६।।

तपस्या गर्न दीक्षित भएका जुन राजालाई हिड्न लागेको देखेर आफू पनि पछि-पछि हिडिन् त्यस्ती ती पद्मिनीको त्यस्तो वचन सुनेर पतिव्रताहरूमा शिरोमणि अनसूया ।।६२।। अत्यन्त हर्षित हुँदै कमलको कोपिलो जस्तो आँखा भएकी त्यस पद्मिनीलाई भनिन् -हे सुभ्रू, राम्रा आँखिभुइँ हुने पद्मिनी! मलमास आउने बाह्र महीना पहिलेदेखि विधिपूर्वक सबै एकादशीको व्रत गरेर मलमासमा मलमासभरि न्वाहेर ।।६३।। हे सुन्दरी! तीस दिनको एक महीना पूरा हुन्छ, त्यसै-भित्र पर्ने द्वादशीविद्ध दुइटा एकादशी पद्मिनी तथा परमा ।।६४।। दुवैमा उपवास गरेर ती एकादशीको विधिपूर्वक रात्रि-जागरणका साथ व्रत गर्‍यौ भने छोरो दिने भगवान् चाँडै नै प्रसन्न हुनुहुन्छ ।।६५।। यति भनेर हे नृप! मैले पहिले बताएका व्रतका सबै विधिहरूलाई विधिपूर्वक ती कर्दम ऋषिकी छोरी अनसूयाले प्रसन्न भएर उसलाई बताइन् ।।६६।।

श्रुत्वा व्रतविधिं सर्वं यथोक्तमनसूयया । चार्वङ्ग्यकृत तत् सर्वं पुत्रप्राप्तिमभीप्सती ॥६७॥
एकादश्यां निराहारा सदा जाता च निर्मला । जागरेण युता रात्रौ गीतनृत्यसमन्विता ॥६८॥
पूर्णे व्रते च वै शीघ्रं प्रसन्नः केशवः स्वयम् । बभाषे गरुडाऽऽरूढो वरं वरय शोभने ॥६९॥
श्रुत्वा वाक्यं जगद्धातुः स्तुत्वा प्रीत्या शुचिस्मिता । ययाचेऽद्य वरं देहि मम भर्तुर्बृहत्तरम् ॥७०॥
पद्मिन्यास्तद्वचः श्रुत्वा कृष्णः प्रीतः प्रियंवदः । त्वयाऽहं तोषितो भद्रे प्रत्युवाच जनार्दनः ॥७१॥

अनि एकादशीको व्रत गर्ने सबै व्रतविधि सुनेर अनसूयाले जसरी जसरी भनेकी थिइन्, त्यसै त्यसै गरी ती सुन्दर अङ्गवाली सुन्दरीले छोरो पाउने इच्छाले ती-ती कुरा सबै गरिन् ॥६७॥ ऊ सधैँ एकादशीका दिन विशेष प्रकारले न्वाहीध्वाई निर्मल शुद्ध-पवित्र हुन्थी र सबै एकादशीमा निराहार रही, रातभर नाच-गानका साथ जागरण गर्ने गर्थी ॥६८॥ त्यस्ता प्रकारले बाहै ओटा एकादशीको व्रत पूरा भएपछि त्यस व्रतले प्रसन्न भएका केशव भगवान् स्वयं गरुडमा आएर 'हे सुन्दरी! तिमी वर माग' भन्नुभयो ॥६९॥ तब जगद्-रक्षक भगवान्को त्यस्तो कुरो सुनेर मुस्कुराउँदै प्रीतिपूर्वक भगवान्को स्तुति गरेर 'हे प्रभो! आज मेरा पतिलाई उहाँले चाहेको जस्तो वर दिनुहोस्' भनेर वर मागी ॥७०॥ पद्मिनीको त्यस्तो वचन सुनेर प्रिय बोल्ने कृष्ण अतिप्रसन्न हुँदै 'हे कल्याणी! तिमीले मलाई प्रसन्न पाऱ्यौ' भनी भगवान् जनार्दनले भन्नुभयो ॥७१॥

मलिम्लुचश्च मासोऽसौ नाऽन्यो मे प्रीतिदायकः । तन्मध्यैकादशी रम्या मम प्रीतिविवर्धिनी ॥७२॥
सा त्वयोपोषिता सुभ्रु यथोक्तविधिनाऽमुना । तेन त्वया प्रसन्नोऽहं कृतोऽस्मि सुभगानने ॥७३॥
तव भर्तुः प्रदास्यामि वरं यन्मनसेप्सितम् । इत्युक्त्वा नृपतिं प्राह विष्णुर्विश्वार्तिनाशनः ॥७४॥
वरं वरय राजेन्द्र यत् ते मनसि कांक्षितम् । सन्तोषितोऽहं प्रियया तव सिद्धिचिकीर्षया ॥७५॥
श्रुत्वा तद्वचनं विष्णोः प्रसन्नो नृपसत्तमः । वव्रे सुतं महाबाहुं सर्वलोकनमस्कृतम् ॥७६॥

यो मलमास महीना मलाई जस्तो प्यारो छ, त्यति प्यारो अर्को महीना छैन । त्यसै मलमास-भित्र मेरो प्रीति बढाउने अत्यन्त सुन्दर एकादशी पर्छ ॥७२॥ हे सुभ्रु! सुन्दर आँखिभुइँवाली! यो भनेजस्तो विधिले तिमीले त्यो एकादशीको उपवास व्रत पूजाआजा गरेर उपासना गऱ्यौ, त्यसै व्रतले हे सुभगानने! तिमीले मलाई प्रसन्न गरायौ, तिमीदेखि म प्रसन्न भएको छु ॥७३॥ तिम्रा पतिलाई, जो उनका मनले चाहेको छ, त्यो वर उनलाई म दिन्छु। यति पद्मिनीलाई भनेर विश्वको नै दुःख नाश गर्ने भगवान् विष्णुले राजालाई भन्नुभयो ॥७४॥ हे राजेन्द्र! तिम्रो मनमा जो इच्छा छ, त्यो वर माँग। तिम्रो कार्यसिद्धि चाहनेवाली तिम्री प्रियाद्वारा म प्रसन्न पारिएको छु ॥७५॥ भगवान् विष्णुको त्यस्तो वचन सुनेर प्रसन्न भएका ती राजाले "हे प्रभो, सारा लोकले नमस्कार गरिने अर्थात् विश्वमान्य ठूलो वीर छोरो पाऊँ" ॥७६॥

न देवैर्मानुषैर्नागैर्दैत्यदानवराक्षसैः। जेतुं शक्यो जगन्नाथ विना त्वां मधुसूदन॥७७॥
इत्युक्तो बाढमित्युक्त्वा तत्रैवाऽन्तरधीयत। नृपोऽपि सुप्रसन्नात्मा हृष्टः पुष्टः प्रियायुतः॥७८॥
समायात् स्वपुरं रम्यं नरनारीमनोरमम्। स पद्मिन्याः सुतं लेभे कार्त्तवीर्यं महाबलम्॥७९॥
न तेन सदृशः कश्चित्त्रिषु लोकेषु मानवः। तस्मात् पराजितः संख्ये रावणो दशकन्धरः॥८०॥
न तं जेतुं समर्थोऽस्ति त्रिषु लोकेषु कश्चन। विना नारायणं देवं चक्रपाणिं गदाधरम्॥८१॥

'हे जगन्नाथ! हे मधुसूदन! प्रभु! तपाईंलाई छाडेर यो ब्रह्माण्डैभरिका देउताहरूले, मनुष्यहरूले, नाग (गन्धर्व) हरूले , दैत्यहरूले, दानवहरूले कसैले पनि त्यो मेरो छोरोलाई जित्न नसकून्'' भनी वर माँग्यो ॥७७॥ यस्तो वर माँगिएका भगवान् विष्णुले 'बाढम् (लौ त्यस्तै होस्)' यति राजालाई भनेर त्यसै ठाउँमा अल्पिनुभयो। अनि राजा पनि वरका प्रभावले हृष्ट-पुष्ट र प्रसन्न चित्तको हँसिलो भएर आफ्नी प्रियालाई साथै लिएर ॥७८॥ खचाखच नर-नारीले भरिएको अति राम्रो आफ्नो नगरमा आए र उनले पद्मिनी रानीबाट अत्यन्त बलवान् 'कार्तवीर्य' नामको छोरो प्राप्त गरे अर्थात् पाए ॥७९॥ त्यतिखेर तीनै लोक, चौधै भुवनमा त्यो जस्तो बलियो मानव आदि कोही पनि थिएन । त्यसै कारणले लडाईंमा दशटाउके रावण हाऱ्यो ॥८०॥ गदाधारी चक्रपाणि भगवान् नारायण बाहेक, तीनै लोक स्वर्ग-मर्त्य-पतालमा कोही पनि त्यसलाई जित्न सक्ने समर्थ व्यक्ति छैन अर्थात् थिएन ॥८१॥

न त्वया विस्मयः कार्यो रावणस्य पराजये । मलिम्लुचप्रसादेन पद्मिन्याश्चाप्युपोषणात् ।।८२।।
दत्तो देवाधिदेवेन कार्तवीर्यो महाबलम् । इत्युक्त्वा प्रययौ विप्रः प्रसन्नेनाऽन्तरात्मना ।।८३।।

श्रीकृष्ण उवाच— ।।

एतत् ते सर्वमाख्यातं यत् पृष्टोऽहं त्वयाऽनघ । मलिम्लुचस्य मासस्य शुक्लायाः सम्भवो महान् ।।८४।।
ये करिष्यन्ति मनुजास्ते यास्यन्ति हरेः पदम् । त्वमेवं कुरु राजेन्द्र यदि चेष्टामभीप्ससि ।।८५।।

मलमासको कृपाले र त्यसमा पर्ने पद्मिनी एकादशीको उपवास व्रतको कारणले रावणको हराइ (हार्ने काम) मा तिमीले आश्चर्य मात्रै काम छैन ।।८२।। किनकि देवाधिदेव अर्थात् द्यौताका राजाका पनि राजा विष्णुले कार्तवीर्यलाई ठूलो बल दिनुभएको थियो । यति नारदलाई भनेर ब्राह्मण पुलस्त्यजी प्रसन्न मनले अर्थात् हर्षसाथ जाँदा भए ।।८३।। अझै श्रीकृष्णले भन्नुभयो-।। हे अनघ निष्पाप युधिष्ठिर! तिमीले मलाई जो सोधेका थियौ त्यो सारा कुरो अर्थात् मलमासको शुक्लपक्षको एकादशीको व्रतको प्रभावबाट सम्भव हुने ठूलो शक्तिको बारेमा तिमीलाई मैले बताइसकें ।।८४।। जो-जो मनुष्यहरू यो मलमासे एकादशीको व्रत विशेष रूपले गर्दछन् , ती पछि हरिको पद (स्थान) मा प्राप्त हुन्छन् । तसर्थ, हे राजेन्द्र! यदि तिमी पनि वाञ्छित वस्तु चाहन्छौ भने यो व्रत गर ।।८५।।

केशवस्य वचः श्रुत्वा धर्मराजोऽतिहर्षितः । चक्रे व्रतं विधानेन बन्धुभिः परिवारितः ॥८६॥

सूत उवाच— ॥

एतत् ते सर्वमाख्यातं यत्पृष्टोऽहं पुरा द्विज । पुण्यं पवित्रं परमं किं भूयः श्रोतुमिच्छसि ॥८७॥

एवंविधं येऽपि व्रतं मनुष्या
भक्त्या करिष्यन्ति मलिम्लुचस्य ।
उपोषिता यैस्तु सुखप्रदात्री
या शुक्लपक्षे भुवि तेऽपि धन्याः ॥८८॥

केशव भगवान्‌को यस्तो वचन सुनेर अत्यन्त प्रसन्न भएका धर्मराज युधिष्ठिरले पनि विविधविधिविधानपूर्वक सारा बन्धुबान्धवका साथ भएर त्यो व्रत गर्दा भए ॥८६॥ अनि सूतजीले भन्नुभयो-॥ हे शौनकादिक ब्राह्मणहो! पहिले तपाईंहरूले मलाई जो सोध्नुभएको थियो, त्यो सारा वृत्तान्त मैले बेलिविस्तार लाइसकें । अब फेरि तपाईंहरू पवित्र कुन-कुन पुण्य सुन्न चाहनुहुन्छ? ॥८७॥ जो मनुष्यहरू श्रद्धाभक्तिका साथ मलमासको यस्तो प्रकारको व्रत गर्दछन् र जुन मनुष्यहरू सुखैसुख दिने यो मलमासको शुक्लपक्षमा पर्ने एकादशीको उपवास व्रत गर्दछन् ता ती मनुष्यहरू पनि यस पृथ्वीतलमा धन्य-धन्य छन्. ॥८८॥

श्रोष्यन्ति ये तस्य विधिं समग्रं
तेऽप्यंशभाजा मनुजाः प्रशस्ताः ।
ये वै पठिष्यन्ति कथां समग्रां
ते वै गमिष्यन्ति हरेर्निवासम् ।।८९।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादेऽधिकशुक्लैकादशीकथा समाप्ता ।।२५।।

अनि जो मनुष्य त्यस मलमासको समस्त व्रतविधि सुन्दछन् ती पनि त्यस पुण्यांशका भागी (हिस्सेदार) हुन्छन् र ती मनुष्य पनि प्रशंसनीय धन्यवादका पात्र हुन्छन् र जो मनुष्यहरू समग्र कथालाई श्रद्धासित पढ्दछन् , ती मनुष्यहरू मरेपछि अवश्य नै हरिको निवासस्थान वैकुण्ठधाममा जान्छन् यानि प्राप्त हुन्छन् ।।८९।।

।। इति एकादशी-माहात्म्ये नेपाली टीकायां पञ्चविंशोऽध्यायः।।२५।।

(शंख-घण्ट-ध्वनिः)

हरि–कीर्तन

*

अथ षड्विंशोऽध्याय:

अथाऽधिककृष्णैकादशीकथा ।। युधिष्ठिर उवाच– ।।

मलिम्लुचस्य मासस्य कृष्णा का कथ्यते विभो । किं नाम को विधिस्तस्याः कथयस्व जगत्पते ।।१।।

श्रीकृष्ण उवाच – ।।

परमेति समाख्याता पवित्रा पापहारिका । भुक्तिमुक्तिप्रदा नृणां भोगदा च युधिष्ठिर ।।२।।
पूर्वोक्तविधिना कार्या शुक्लायाः सदृशेन वै । पूजयेत् परया भक्त्या नाम्ना देवं नरोत्तमम् ।।३।।
अत्र ते कथयिष्यामि कथामेतां मनोरमाम् । काम्पिल्यनगरे जातां मुनीनामग्रतः श्रुताम् ।।४।।

अब आज मलमासको कृष्णपक्षमा पर्ने एकादशीको कथा कहिन्छ।। युधिष्ठिरले भने-।। हे विभो! हे जगत्पते जगतैका स्वामी श्री कृष्ण! मलमासको कृष्णपक्षको एकादशीलाई के भनिन्छ? त्यसको के नाम हो? र त्यसको व्रतविधि के हो? अब त्यो कुरो बताइवक्सियोस् ।।१।। श्रीकृष्णले भन्नुभयो-।। हे युधिष्ठिर! मलमासको कृष्णपक्षको एकादशी जो अत्यन्त पवित्र छ र समस्त पाप नाश गर्न समर्थ छ त्यो एकादशी 'परमा' भन्ने नामले प्रसिद्ध छ र त्यसको व्रत उपवास गर्ने मनुष्यहरूलाई भुक्ति-मुक्ति दिन्छ तथा उसले चाहेको भोग पूरा गर्छ ।।२।। यसको उपवास व्रत पनि पहिले कहिएको शुक्लपक्षको एकादशीको जस्तै गरी गर्नुपर्दछ । यस एकादशीमा अत्यन्त भक्तिका साथ 'नरोत्तम' नामका भगवान्लाई पूजा गर्नुपर्दछ ।।३।। यस विषयमा काम्पिल्य नगरमा घटेको र मैले मुनिहरूका मुखबाट सुनेको यो अति राम्रो कथा तिमीलाई म बताउँछु, सुन ।।४।।

आसीद् द्विजवरः कश्चित् सुमेधा नाम धार्मिकः । तस्य पत्नी पवित्राऽऽख्या पातिव्रत्यपरायणा ।।५।।
कर्मणा केनचिद् विप्रो धनधान्यविवर्जितः । न क्वाऽपि लभते भिक्षां याचन्नपि नरान् बहून् ।।६।।
न भोज्यं लभते तादृङ् - न वस्त्रं नैव मण्डनम् । रूपयौवनमाधुर्यं नारी शुश्रूषते पतिम् ।।७।।
अतिथिं पूजयेत् क्वाऽपि तदा सा क्षुधिता गृहे । तिष्ठत्येवं विशालाक्षी न म्लानमुखपङ्कजा ।।८।।
विलोक्य भार्यां सुद र्शन्ति स्वकलेवरम् । न भर्त्तारं क्वचिच्चैव नाऽस्त्यन्नमिति भाषतीम् ।।९।।

उहिले कुनै समयमा कुनै सुमेधा नाम गरेका धर्मात्मा ब्राह्मण थिए। पतिव्रता धर्ममा रहने तिनकी पत्नी 'पवित्रा' नाम गरेकी थिइन् ।।५।। कुनै दुष्कर्मले ती बाहुन धन-धान्यले रहित भएका गरीब भए। धेरै मानिससित माग्दा पनि कहीं क्यै पनि भिक्षा पाउन्नथे ।।६।। न कतै त्यस्तो खानेकुरो पाउँथे, न राम्रो वस्त्र नै पाउँथे। रूप र यौवनले मनमोहक रूप भएको उस पतिलाई उनकी पत्नी सधैं सेवा गर्थीं ।।७।। कहिल्यै अतिथिको पूजा यानि सत्कार गर्नुपर्‍यो भने तब त्यो नारी घरमा भोकै रहन्थी र पनि विशालाक्षी यानि बडे-बडे आँखा हुने त्यो सुन्दरी मलिन मुख भएकी हुन्नथी ।।८।। त्यस्ती सुन्दर दाँतवाली अर्थात् हँसिली आफ्नू शरीरलाई सुकाउँदै अर्थात् दुब्लाउ एकी तथापि पतिलाई कहिल्यै पनि खान घरमा अन्न छैन नभन्ने आफ्नी पत्नीलाई देखेपछि ।।९।।

विचार्य ब्राह्मणश्चित्ते भार्यायाः प्रेमबन्धनम् । निन्दन् भाग्यं स्वकं विप्रः प्रोचे वाक्यं प्रियंवदाम् ॥१०॥
कान्ते करोमि किं कार्यं न मया लभ्यते धनम् । याचयामि नरान् भव्यान् न यच्छन्ति च मे धनम् ॥११॥
किं करोमि क्व गच्छामि त्वं मे कथय शोभने । विना धनेन सुश्रोणि गृहकार्यं न सिध्यति ॥१२॥
देह्याज्ञां परदेशाय गच्छामि धनलब्धये । तस्मिन् देशे च यद्भाव्यं भाग्यं तत्राऽपि लभ्यते ॥१३॥
उद्यमेन विना सिद्धिः कर्मणां नोपलभ्यते । तस्माद् बुधाः प्रशंसन्ति सर्वथैव शुभोद्यमम् ॥१४॥

एक दिन ती ब्राह्मणले चित्तमा भार्याको आफूमा भएको प्रेमबन्धन विचारेर अनि ती ब्राह्मणले आफ्नू भाग्यलाई धिक्कार्दै आफ्नी प्रियभाषिणी भार्यालाई यो कुरो भने ॥१०॥ हे सुन्दरी ! म के काम गरूँ ? क्यै गर्दा पनि मैले धन पाउन सकिनँ । ठूलठूला भव्य बेस मान्छेसँग पनि माग्दछु, तर ती पनि मलाई धन दिदैनन् ॥११॥ हे सुन्दरी ! म के गरूँ ? कहाँ जाऊँ ? तिमी नै मलाई भन । हे सुन्दरी! विना धनले त गृहकार्य (गृहस्थ्याइँ) चल्दैन ॥१२॥ मलाई धन कमाउनका लागि परदेश जानका लागि आज्ञा देऊ, धन कमाउनका लागि म जान्छु। त्यस देशमा पनि जो होनहार हुनु छ त्यही नै मिल्दछ ॥१३॥ तर उद्यम त गर्नैपर्छ, उद्यम नगरीकन कुनै पनि कामको सिद्धि हुँदैन। त्यसै कारण, बुद्धिमान्हरू सधैंभरि राम्रो कल्याणकारी उद्यमको प्रशंसा गर्दछन् ॥१४॥

श्रुत्वा कान्तस्य वचनं साऽश्रुनेत्रा विचक्षणा । प्रोवाच प्राञ्जलिर्भूत्वा विनयाऽऽनतकंधरा ॥१५॥
त्वत्तो नाऽस्ति सुविज्ञाता त्वयाऽऽज्ञप्ता ब्रवीम्यहम् । हितैषिणो नरा ब्रूयुः शाश्वदापद्गता अपि ॥१६॥
पूर्वदत्तं हि लभते यत्र कुत्र महीतले । विना दानं न लभ्येत मेरौ कनकपर्वते ॥१७॥
पूर्वदत्ता हि या विद्या पूर्वदत्तं हि यद्धनम् । पूर्वदत्ता हि या भूमिरिह जन्मनि लभ्यते ॥१८॥
यद्धात्रा लिखितं भाले तत् तदेव हि लभ्यते । विना दत्तेन किं क्वाऽपि लभ्यते नैव किञ्चन ॥१९॥

आफ्ना पतिको त्यस्तो कुरो सुनेर, आँखाभरि आँसु डबडबाएर विनयले गर्दन क्यै झुकाएर त्यो बुद्धिमती नारीले हात जोडेर बोली ॥१५॥ तपाईंभन्दा जानकार कोही छैन, तपाईंले नै आज्ञा दिएकी हुनाले अर्थात् सोधिएकी हुनाले म अहिले बोलिरहेकी छु। हमेशै आपत्तिमा परेका पनि हितैषी मनुष्यहरूले हितकै कुरो बोल्दछन् ॥१६॥ यस पृथ्वीतलमा जहाँकहीं गए पनि पहिले दान गरेको नै मिल्दछ । दान नगरीकन त सुनको मेरु पर्वतमा गए पनि पाइँदैन ॥१७॥ पूर्वजन्ममा जो विद्या दान गरेको छ, पूर्वजन्ममा जो धन दान गरेको छ, पूर्वजन्ममा जो भूमि दान दिएको छ, यस जन्ममा त्यही नै प्राप्त हुन्छ ॥१८॥ विधाता ब्रह्माले निधारमा जो लेखिदिएका छन् त्यही-त्यही नै जहाँ गए पनि मिल्दछ। के नदिएको चीज कहीं मिल्दछ? कहीं गए पनि क्यै मिल्दैन ॥१९॥

पूर्वजन्मनि विप्रेन्द्र न मया न त्वया क्वचित् । सत्पात्राणां करे दत्तं स्वल्पं भूर्यपि सद्धनम् ।।२०।।
इह देशे परे वाऽपि दत्तं सर्वत्र लभ्यते । अन्नमात्रं तु विश्वेशो विना दत्तं च यच्छति ।।२१।।
तस्मादत्रैव भो विप्र स्थातव्यं भवता मया । भवद्विना न तिष्ठामि क्षणमात्रं महामुने ।।२२।।
न माता न पिता भ्राता न श्वश्रूः श्वशुरो जनाः । न सत्कुर्वन्ति तां केऽपि स्वजनाश्च पुरो गताः ।।२३।।
भर्तृहीनां विनिन्दन्ति दुर्भगेति वदन्ति ताम् । तस्मादत्र स्थिरो भूत्वा विहरस्व यथासुखम् ।।२४।।

हे विप्रेन्द्र! पूर्वजन्ममा न मैले, न तपाईंले सत्पात्रहरूको हातमा थोरै वा धेरै कत्ति पनि चोखो धन दान दिएका थिएनौं ।।२०।। यो देशमा यानि यस ठाउँमा वा अर्को ठाउँमा जहाँ गए पनि सबै ठाउँमा दिएको नै पाइन्छ । विश्वेश अर्थात् विश्वका पालक ईश्वरले अन्न मात्र ता अर्थात् खान मात्र त दान नगरेको भए पनि दिन्छ यानि पुऱ्याउँछ ।।२१।। त्यसकारण हे विप्र! तपाईंले पनि मैले पनि यहीं नै बस्नुपर्छ। हे महामान्य मुनि! तपाईं नभैकन त म यहाँ एकक्षण मात्र पनि रहन सक्तिनँ ।।२२।। न आमा, न बाबु, न दाजु, न भाइ, न सासू, न ससुरा, न अरू मानिसहरू, न आफ्ना बन्धु-बान्धवहरू, न पुरवासीहरू, न छरछिमेकीहरू ती कोही पनि पति नभएकी नारीलाई सत्कार गर्दैनन् ।।२३।। पतिहीन त्यस नारीलाई सबैले 'दुर्भगा' दुष्ट यस्तो भन्दछन् र निन्दा गर्दछन् । त्यसकारण यहीं रहेर जो मिलेको खाई पिई सुखपूर्वक विहार गर्नुहोस् ।।२४।।

भवतां भाग्ययोगेन प्राप्तिश्चाऽत्र भविष्यति । श्रुत्वा तस्यास्तु वचनं स्थितस्तत्र विचक्षणः ।।२५।।
तावत् तत्र समायातः कौण्डिन्यो मुनिसत्तमः । दृष्ट्वा समागतं हृष्टः सुमेधा द्विजसत्तमः ।।२६।।
सभार्यः सहसोत्थाय ननाम शिरसाऽसकृत् । धन्योऽस्म्यनुगृहीतोऽस्मि सफलं जीवितं मम ।।२७।।
यद्दृष्टोऽसि महद्भाग्यादित्युवाच मुनीश्वरम् । दत्त्वा सुविष्टरं तस्मै पूजयामास तं द्विजम् ।।२८।।
भोजयित्वा विधानेन पप्रच्छ प्रमदोत्तमा । विद्वन् केन प्रकारेण दारिद्र्यस्य क्षयो भवेत् ।।२९।।

तपाईंको भाग्य अनुसारको प्राप्ति यहीं नै भैहाल्छ । त्यस पत्नीको त्यस्तो कुरो सुनेर अनि त्यो विद्वान् व्यक्ति पनि त्यहीं नै रह्यो, कतै गएन ।।२५।। यत्तिकैमा त्यहाँ कुनै दिन मुनिश्रेष्ठ कौण्डिन्य आइपुगे । ती ऋषिलाई आएको देखेर अत्यन्त खुशी भएका ब्राह्मणहरूमा श्रेष्ठ ती सुमेधाले ।।२६।। पत्नीसहित जन्याक-जुरुक उठेर शिर नमाएर बारम्बार नमस्कार गर्दा भए र भने-''म धन्य (भाग्यमानी) छु, कृपा गरिएकोले कृतार्थ छु, आजै मेरो जीवन सफल भयो ।।२७।। मेरा अहोभाग्यले प्रभु देखिनुभएको छ अर्थात् तपाईंको दर्शन पाएँ'' भनी ती मुनीश्वर कौण्डिन्यलाई ती सुमेधाले भने र अनि उनलाई सुन्दर आसनमा बसालेर ती कौण्डिन्य ब्राह्मणलाई अर्घ्यादिले पूजा गरे ।।२८।। अनि ती ऋषिलाई विधिपूर्वक यथेष्ट भोजन गराएर स्त्रीहरूमा अति उत्तम पवित्रा ब्राह्मणीले-हे विद्वान्! कुन प्रकारले हाम्रो दरिद्रताको नाश होला भनेर ती ऋषिलाई सोधिन् ।।२९।।

विना दत्तं कथं लभ्येद्धनं विद्यां कुटुंबिनीम् । मां मे भार्ता परित्यज्य गन्तुकामोऽद्य वर्त्तते ।।३०।।
अन्यदेशं परॉंल्लोकान् याचितु परपत्तने । रक्षितोऽस्ति मया विद्वन् हेतुभिः कैर्महत्तरैः ।।३१।।
नाऽदत्तं लभ्यते किञ्चिदित्युत्त्वा स निवारितः । मम भाग्यान्मुनीन्द्रोऽद्य त्वमत्रैव समागतः ।।३२।।
त्वत्प्रसादाद्दरिद्रं मे शीघ्रं नश्यत्यसंशयम् । केनोपायेन विप्रेन्द्रदारिद्र्यं नश्यति ध्रुवम् ।।३३।।
कथयस्व कृपासिन्धो व्रतं तीर्थं तपादिकम् । श्रुत्वा तस्याः सुशीलाया भाषितं मुनिपुङ्गवः ।।३४।।

पूर्वजन्ममा दान नदिईकन यस जन्ममा कसरी धन-विद्या र असल स्त्री पाइन्छन् र, तैपनि मेरा पति मलाई छोडेर आज अर्कै देशतिर पराया नगरमा, नचिनेका मान्छेसित भिक्षा माग्नका लागि जाने इच्छा गरिरहनुभएको छ । हे विद्वान् मुनि! मैले उहाँलाई कैयन् ठूल्ठूला कारणहरूले घेरेर रोकेकी छु ।।३०-३१।। मैले उहाँलाई 'नदिएको कुनै वस्तु अलिकति पनि कतै पाइन्न' यस्तो भनेर रोकेकी छु। मेरो अहोभाग्यले हे मुनिश्रेष्ठ! आज तपाई यहीं नै आइपुग्नुभयो ।।३२।। तपाईको कृपा भयो भने मेरो दरिद्रता चाँडै नै नाश हुनेछ, यस कुरामा मलाई कत्ति पनि संशय छैन । हे विप्रेन्द्र! कुन उपायले मेरो दरिद्रता निश्चयै नाश हुन्छ ।।३३।। हे कृपाका सागर मुनीश्वर! यस बारेमा व्रत-तीर्थ-तपस्या जे गर्नुपर्ने हो बताइबक्सियोस् ! यस्तो ती सुशीला सतीले भनेको कुरो सुनेर, ती मुनिश्रेष्ठ कौण्डिन्यले ।।३४।।

प्रोवाच प्रवरं चित्ते विचार्य व्रतमुत्तमम् । सर्वपापौघशमनं दुःखदारिद्र्यनाशनम् ।।३५।।
परमा नाम विख्याता विष्णोस्तिथिरनुत्तमा । मलिम्लुचे तु या कृष्णा भुक्तिमुक्तिफलप्रदा ।।३६।।
तस्या उपोषणं कृत्वा धनधान्ययुतो भवेत् । विधिना जागरैः साकं गीतनृत्यादिकं चरेत् ।।३७।।
धनदेन पुरा चीर्णं व्रतमेतत् सुशोभनम् । तदा तुष्टेन रुद्रेण धनानामधिपः कृतः ।।३८।।
हरिश्चन्द्रेण च कृतं धनानामधिपः कृतः । पुनः प्राप्ता प्रिया तेन राज्यं निहतकण्टकम् ।।३९।।

चित्तमा क्यै छिन घोरिएर विचारी सारा पापसमूहलाई शान्त पार्ने, समस्त दुःख-दरिद्रता नाश गर्ने, अत्यन्त श्रेष्ठ, अतिउत्तम व्रतको बारेमा भन्न लागे ।।३५।। मलमासको कृष्णपक्षमा विष्णुको अतिउत्तम तिथि जुन एकादशी हुन्छ त्यो 'परमा' भन्ने नामले विख्यात छ र त्यो त्यसको गतीलाई भुक्ति र मुक्ति फल दिनेवाला छ ।।३६।। त्यसै एकादशीमा नाच-गान, रात्रि-जागरण इत्यादिका साथ विधिपूर्वक उसको उपवास व्रत गरी त्यो अहोरात्र बिताउनुपर्छ ।।३७।। यो अत्यन्त मङ्गलकारी व्रत सबभन्दा पहिले कुबेरले गरेका थिए । तब त्यस व्रतले प्रसन्न भएका शिवजीले उनलाई धनको मालिक बनाइदिए ।।३८।। राजा हरिश्चन्द्रले यो व्रत गरे त धनहरूका मालिक अर्थात् धनाढ्य गराइए र फेरि उनले शत्रुरहित निष्कण्टक राज्य र पत्नी समेत पाए ।।३९।।

तस्मात् कुरु विशालाक्षि व्रतमेतत् सुशोभनम् । विधिना विधियुक्तेन समं जागरणेन च ॥४०॥
इत्युक्त्वा तद्विधिं सर्वं कथयामास पाण्डव । प्रीत्या परमसन्तुष्टस्ततो भक्त्या प्रसादतः ॥४१॥
पुनः प्रोवाच विप्रोऽसौ पञ्चरात्रिव्रतं शुभम् । यस्याऽनुष्ठानमात्रेण भुक्तिर्मुक्तिश्च प्राप्यते ॥४२॥
परमादिवसे प्रातः कृत्वा पौर्वाह्णिकं विधिम् । कुर्यात् सुनियमाञ्छक्त्या पञ्चरात्रिव्रताऽऽदरात् ॥४३॥
प्रातः स्नात्वा निराहारो यस्तिष्ठेद् दिनपञ्चकम् । स गच्छेद्वैष्णवं स्थानं पितृमातृप्रियासमम् ॥४४॥

त्यसकारण हे विशालाक्षी! यो अत्यन्त मङ्गलकारी व्रत तिमी पनि विधिविधानसहितको रात्रि-जागरणका साथ विधिपूर्वक गर ॥४०॥ हे पाण्डव युधिष्ठिर! यति उसलाई भनेर त्यसका सारा विधिहरू पनि बताइदिए र त्यसपछि उसको व्रत-प्रतिको प्रीतिले र भक्तिले अत्यन्त सन्तुष्ट भएका छँदा प्रसन्न भएर ॥४१॥ फेरि ती ब्राह्मणले उसलाई कल्याणकारी 'पञ्चरात्रि' व्रतको बारेमा बताए । जुन व्रतको अनुष्ठान मात्र गर्नाले भुक्ति र मुक्ति दुवै पुण्य-फल प्राप्त हुन्छ ॥४२॥ परमा एकादशीको दिनमा प्रातःकालका पौर्वाह्णिक अर्थात् दिनको पूर्वभागमा गर्नुपर्ने विधि गरिसकेर पञ्चरात्रि व्रत गर्नका लागि आदर यानि श्रद्धाका साथ गर्नुपर्ने असल नियमहरूलाई शक्ति-अनुसार गर्नुपर्छ ॥४३॥ त्यस एकादशीका दिन बिहानै न्वाहेर जो जन पाँच अहोरात्र सम्म निराहार उपवास गरेर रहन्छ, त्यो जन मरेपछि आमा-बाबु र प्रियाका साथै विष्णुको स्थान वैकुण्ठमा जान्छ ॥४४॥

एकाशनस्तु यो भूयाद् दिनानां पञ्चकं नरः । सर्वपापविनिर्मुक्तः स्वर्गलोके महीयते ॥४५॥
स्नात्वा यो भोजयेद् विप्रं दिनानां पञ्चकं नरः । भोजितं तेन विधिना सदेवाऽसुरमानुषम् ॥४६॥
पूर्णकुम्भं सुतोयेन यो ददाति द्विजातये । दत्तं तेनैव सकलं ब्रह्माण्डं सचराचरम् ॥४७॥
तिलपात्रं तु यो दद्यात् स्नात्वा पञ्चदिनं नरः । स भुक्त्वा विपुलान् भोगान् सूर्यलोके महीयते ॥४८॥
ब्रह्मचर्येण यस्तिष्ठेद् दिनानां पञ्चकं नरः । स स्वर्गे भुञ्जते भोगान् स्वर्वेश्याभिः समं मुदा ॥४९॥

फेरि जो जन त्यस दिनदेखि पाँच दिनसम्म एकछाक मात्र हविष्य खाएर नियमपूर्वक रहन्छ, त्यो जन सबै पापहरूबाट छुटेर पछि स्वर्गलोकमा आनन्दसित रहन्छ ॥४५॥ ती दिनमा प्रातःस्नान गरेर जो जन पाँचै दिनसम्म ब्राह्मणलाई भोजन गराउँछ, त्यस जनले विधिपूर्वक द्यौता-सहितका सारा दानव र मानवलाई भोजन गराए-बराबरको पुण्य पाउँछ ॥४६॥ स्वच्छ शुद्ध पानी भरिएको जलपूर्ण घडा यी पाँचै दिनसम्म जो जन ब्राह्मणलाई दान गर्छ, त्यस जनले नै मानों चर अचर सहितको सकल ब्रह्माण्ड नै दान गऱ्यो भन्ने ठाने हुन्छ ॥४७॥ जो जन ती पाँच दिनसम्म प्रातःस्नान गरेपछि प्रशस्त तिल भरिएको पात्र दान गर्छ, त्यो जन यस लोकमा ठूला-ठूला धेरै सुखभोग भोगेर अन्त्यमा परलोकमा सूर्यलोकमा गएर आनन्दसित रहन्छ ॥४८॥ ती पाँच दिनसम्म जो जन अटल ब्रह्मचर्यपूर्वक रहन्छ, त्यो जन मरेपछि स्वर्गमा गएर स्वर्गका वेश्याहरूका साथ हर्षपूर्वक कामक्रीडाका भोगहरू भोग्न पाउँछ ॥४९॥

एवं विधिव्रतं साध्वि कुरु त्वं पतिना शुभे । धनधान्ययुता भूत्वा स्वर्गं यास्यसि सुव्रते ।।५०।।
इत्युक्ता सा व्रतं चक्रे कौण्डिन्येन यथोदितम् । भर्त्रा समं भावयुता स्नात्वा मासि मलिम्लुचे ।।५१।।
पञ्चरात्रव्रते पूर्णे परायाः प्रियसंयुता । साऽपश्यद्राजभवनादायान्तं नृपनन्दनम् ।।५२।।
दत्त्वा नवीनं भवनं भव्यवस्तुसमन्वितम् । वासयामास विधिना विधिना प्रेरितः स्वयम् ।।५३।।
दत्त्वा ग्रामं वृत्तिकरं ब्राह्मणाय सुमेधसे । प्रसन्नस्तपसा राजा तं स्तुत्वा स्वगृहं ययौ ।।५४।।

हे साध्वि, हे सज्जन सुशीला, हे कल्याणी! तिमी पनि आफ्ना पतिका साथ यस्ता प्रकारको विधिपूर्वकको यो व्रत गर तब तिमी यस लोकमा धनधान्यले युक्त भएर हे सुव्रते पतिव्रते मरेपछि स्वर्ग जानेछ्यौ ।।५०।। यस्तो भनिएकी उसले, कौण्डिन्यले जसरी बताउनुभएको थियो, त्यसै गरी उसले अधिक महीनाभरि प्रातः स्नान गरेर आफ्ना पतिका साथमा श्रद्धाभक्तिपूर्वक त्यो व्रत गरी ।।५१।। परमा एकादशीदेखि थालेको पूर्ण उपवासपूर्वकको पञ्चरात्रे व्रत पूरा भएपछि आफ्ना पतिका साथै रहेकी उसले राजभवनबाट आइरहेको राजाको छोरो युवराजलाई देख्ती भई ।।५२।। अनि उसले भव्य वस्तुहरूले भरिभराउ भएको नयाँ घर दिएर, विधाताले प्रेरणा गरिएको उसले स्वयं विधिपूर्वक तिनलाई त्यस घरमा बसायो ।।५३।। अनि ब्राह्मण सुमेधालाई जीविकाका लागि यौटा गाउँ नै दान दिएर, उनका तपस्याले प्रसन्न उस राजपुत्रले तिनीहरूको स्तुति गरेर आफ्नू घर गयो ।।५४।।

मलिम्लुचस्य मासस्य परायाः परमाऽऽदरात् । उपोषणात् सकृष्णायाः पञ्चरात्रव्रतेन च ।।५५।।
सर्वपापविनिर्मुक्तः सर्वसौख्यसमन्वितः । भुक्त्वा भोगान् प्रियासार्द्धमन्ते विष्णुपुरं ययौ ।।५६।।
ये करिष्यन्ति मनुजाः पराया व्रतमुत्तमम् । पञ्चरात्रभवं पुण्यं मया वक्तुं न शक्यते ।।५७।।
पुष्कराद्यानि तीर्थानि गङ्गाद्याः सरितस्तथा । धेनुमुख्यानि दानानि तेन चीर्णानि सर्वथा ।।५८।।
गयाश्राद्धं कृतं तेन पितरः परितोषिताः । व्रतानि तेन चीर्णानि व्रतखण्डोदितानि वै ।।५९।।

अनि सुमेधाका दम्पती मलमासको पल्लो चाहिं परमा एकादशीको आदर (भक्ति) पूर्वक उपवास गरेको प्रभावले र त्यसै कृष्णपक्षको एकादशीदेखि लिएर गरिएको पञ्चरात्र व्रतको प्रभावले ।।५५।। ती सुमेधा पहिलेका सारा पापबाट छुटेको र, सारा सुखका सामानले युक्त भएको छँदो यस लोकमा आफ्नी प्रियाका साथमा अनेक सुखभोग भोगेर अन्तमा विष्णुको पुर वैकुण्ठमा सदम्पती जाँदा भयो।।५६।। त्यस्ता प्रकारले जो मनुष्यहरू परमा एकादशीको अत्यन्त उत्तम व्रत गर्दछन् तिनको पुण्य र पञ्चरात्र व्रतबाट प्राप्त भएको पुण्यको बखान गर्न त मबाट पनि पार लाग्दैन अर्थात् पुण्य वर्णन गर्न म सक्तिनँ ।।५७।। पुष्कर आदि गरिएका तीर्थहरू, त्यस्तै गङ्गा आदि गरिएका पुण्य नदीहरू अनि गाईदान जस्ता मुख्य-मुख्य दानहरू त्यसले सबै गऱ्यो जसले पञ्चरात्रव्रत विधिपूर्वक गऱ्यो।।५८।। जसले पञ्चरात्र व्रत गऱ्यो, त्यसले गयाश्राद्ध गऱ्यो, त्यसले सारा पितृहरूलाई तृप्त पाऱ्यो, त्यसले सारा व्रत गऱ्यो र व्रतखण्डमा बताइएका सारा व्रत गरिसिद्ध्यायो भन्ने ठान ।।५९।।

द्विपदां ब्राह्मणः श्रेष्ठो गौर्वरिष्ठा चतुष्पदाम् । देवानां वासवः श्रेष्ठस्तथा मासो मलिम्लुचः ॥६०॥
द्वयोस्तु सूर्यसंक्रान्त्योर्मध्ये द्वेऽमे स्त आगते । पूर्वाऽमातोऽधिकं मासं चान्द्रं भवति सर्वदा ॥६१॥
मलिम्लुचे पञ्चरात्रं महापापहरं स्मृतम् । पञ्चरात्रे च परमा पद्मिनी पापशोषणी ॥६२॥
साऽप्यशक्तैःश्कर्तव्या यथाशक्त्या विचक्षणैः । मानुषं तनुरासाद्य न स्नातो यैर्मलिम्लुचः ॥६३॥
ते जन्मघातिनो नूनं नोपोष्यन्ति हरेर्दिने । चतुरशीति लक्षाणि लभन्ते योनिसंकटे ॥६४॥

जस्तो दुईखुट्टेहरूमा ब्राह्मण श्रेष्ठ हुन्छ, जस्तो चारखुट्टेहरूमा गाई श्रेष्ठ हुन्छ, जस्तो देवताहरूमा इन्द्र श्रेष्ठ छन् त्यस्तै महीनाहरूमा मलमास श्रेष्ठ छ ॥६०॥ दुइटा सूर्य संक्रान्तिका बीचमा दुइटा औंसी परे भने वल्लोचाहिं औंसीदेखि अधिक चान्द्रमास हुन्छ ॥६१॥ मलमासमा गरिएको पञ्चरात्र व्रतलाई ठुल्ठुला पाप हर्ने भनिएको छ । पञ्चरात्र व्रतमा पनि पञ्चरात्र व्रत परेका परमा र पद्मिनी त सारा पापलाई नै सुकाइदिन्छन् ॥६२॥ त्यो एकादशी बुद्धिमान्‌हरूद्वारा व्रत गर्न अशक्त भए पनि शक्ति-अनुसार गर्नुपर्छ। मनुष्यको जन्म पाएर जुन जनहरू मलमासमा नित्य न्वाहुँदैनन् ॥६३॥ ती जन निश्चय नै जन्मघाती हुन् । अनि जो जो मलमासका दुवै एकादशीको व्रत लिंदैनन् , त्यस्ता जनहरू चौराशी लाख कष्टकारक योनिहरूमा भट्किरहन्छन् ॥६४॥

प्राप्यते मानुषं जन्म दुर्लभं पुण्यसञ्चयैः । तस्मात् कार्यं प्रयत्नेन परमाया व्रतं शुभम् ।।६५।।

श्रीकृष्ण उवाच—।।

एतत् ते सर्वमाख्यातं यत् पृष्टोऽहं त्वयाऽनघ । मलिम्लुचस्य मासस्य परमायाः समुद्भवम् ।।६६।।
तत् सर्वं ते समाख्यातं कुरुष्वाऽवहितो नृप । सर्वविघ्नोपशमनं सर्वशान्तिकरं नृणाम् ।।६७।।
माहात्म्यं यदुपतिनोदितं निशम्य, तेऽकुर्वन् व्रतमथ तत् प्रियासमेताः ।
भुक्त्वाऽसौ दिवि भुवि दुर्लभाँश्च भोगान्, नीतोऽसौ सुरवरमन्दिरं सुहृष्टः ।।६८।।

पुण्यहरूको सञ्चयको प्रभावले मात्रै बडा मुश्किलले यो मनुष्य जन्म पाइन्छ। त्यसकारण, परमा एकादशीको कल्याणकारी व्रत मनुष्यले प्रयत्नपूर्वक पनि गर्नैपर्छ ।।६५।। श्रीकृष्णले भन्नुभयो-।। हे अनघ! हे निष्पाप युधिष्ठिर! मलमासको र त्यसमा पर्ने परमा एकादशीको उपवास व्रत गर्नाले प्राप्त हुने पुण्यको बारेमा तिमीले मलाई जो सोधेका थियौ त्यो सब कुरो तिमीलाई मैले विस्तारका साथ सबै बताएँ ।।६६।। हे नृप! मनुष्यहरूको सबै विघ्नबाधा शान्त गर्ने र सब तरहले शान्ति दिने त्यो सब कुरो तिमीलाई मैले जो भनें त्यो कुरो सावधान भएर तिमी गर।।६७।। यदुपति श्रीकृष्णले बताउनुभएको मलमासका वा अरू महीनाका एकादशीको माहात्म्य सुनेर, अनि ती पाण्डवहरूले पनि प्रियासहित भएर त्यो-त्यो व्रत विधिविधानपूर्वक गरे। अनि तिनीहरूले त्यसका प्रभावले पृथ्वीमा पनि स्वर्गमा पनि दुर्लभ हुने भोगहरूलाई भोगेर पछि परन्तुमा ती अत्यन्त प्रसन्न हुँदै वैकुण्ठमा गए ।।६८।।

येऽप्येवं भुवि मनुजा मलिम्लुचस्य, सुस्नाताः शुभविधिना समाचरन्ति ।
ते भुक्त्वा दिवि विभवं सुरेन्द्रतुल्यं, गच्छेयुस्त्रिभुवनवन्दितस्य गेहम् । ६१ ।।

।। इति श्रीभविष्योत्तरपुराणे श्रीकृष्णाऽर्जुनसंवादे श्रीमदधिककृष्णैकादशी परमामाहात्म्यं समाप्तम् ।।२६।।

जो कोही पनि मनुष्यहरू यस संसारमा न्वाहीध्वाई शुद्ध पवित्र भएर शुद्ध विधिले अर्थात् असल विधिपूर्वक मलमासका दुवै एकादशीको र पञ्चरात्रको यस्ता प्रकारले व्रत गर्दछन् , ती मनुष्यहरू मरेपछि स्वर्गमा इन्द्रले जस्तै सुख-ऐश्वर्य भोगेर त्यसपछि तीनै भुवनकाले स्तुति गरिने भगवान् विष्णुको घर वैकुण्ठमा जान्छन् ।।६१।।

सप्तेषुशून्याक्षिमिते शुभे वैक्रमवत्सरे ।
एकदेवोऽलिखट्टीकामेकादश्याः कथालयाम् ।।

।। इति एकादशीमाहात्म्ये नेपालीटीकायां षड्विंशोऽध्यायः ।।२६।।

(शंख-घण्ट-ध्वनिः)

हरि-कीर्तन

समाप्तोऽयं ग्रन्थः

अथैकादशीव्रतोद्यापनम्

तत्रोद्यापन (सावधि व्रतसमाप्तिमा गरिने पूजा तथा होम) कर्ता दशम्यां प्रातरावश्यकदन्तधावनादि प्रातःसन्ध्याऽन्तं विधाय मध्याह्ने माध्याह्निकं कृत्यमनुष्ठायैकभक्तविधिना हविष्याऽऽशी सायन्तनविधेरन्ते ब्रह्मचर्य- भूशयनादिनियमवान् भवेत् ।

एकादश्यां प्रातरावश्यकाऽन्ते शुचिजलाशये समन्त्रकं प्रातःस्नानं सन्ध्यां च विधाय शुचिः समाहितः श्रीफलाद्युपायनपाणिः व्रतोपदेष्टारं गुरुं गत्वा प्रणम्य प्रार्थयेत्-

अस्मदीयं व्रतं विप्र हरिवासरसम्भवम् ।
संपूर्णं तु भवेद् येन तत् कुरुष्व द्विजोत्तम ।।

इति संप्रार्थ्य देवगुर्वोरग्रे व्रतनियमं पठेत् -- जलफलगन्धाक्षतपुष्प-युतं ताम्रपात्रं करयोः कृत्वा-

एकादश्यां निराहारः स्थित्वा चैव परेऽहनि ।
भोक्ष्यामि पुण्डरीकाक्ष शरणं मे भवाऽच्युत ।।

इति मन्त्रेण पात्रस्थं जलं भूमौ क्षिपेत् । ततो मध्याह्नस्नान-तर्पणादि यथाविधि विधाय गृहानागत्य शुचौ देशे चतुर्द्वारं मण्डपं निर्माय तोरणेषु आम्रपल्लवादीनि बद्ध्वा मण्डपमध्ये वेदिकां निर्माय तत्र वर्णकैः सर्वतोभद्रमण्डलं विलिख्य वा श्वेततण्डुलैरष्टदलं कमलं वा निर्माय तस्याऽष्टदिक्षु पूर्वादिक्रमेणाऽव्रणान् शुद्धोदकपूरितानश्वत्थादिपल्लव-

नारिकेलफलयुतान् वस्त्रवेष्टितान् चन्दानाऽक्षतादिभिर्भूषितान् अष्टकुम्भान् संस्थाप्य तन्मध्ये द्रोणचतुष्टयतण्डुलराशिं कुर्यात् ।

ततः स्वाऽऽसने प्राङ्मुख उदङ्मुखो वा उपविश्य दीपं प्रज्वाल्य संपूज्य आचम्य - ''ॐ स्वस्तिनो-- मिमीताम्'' इत्यादि शान्तिपाठं (स्वस्तिवाचनम्) पठित्वा प्रथमम् गणेशं पूजयेत्-

तत्र संकल्पः *(कुश-तिल-यव-जलान्यादाय)*-

''ॐ तत्सत् तत्सत् तत्सत् , विष्णुः विष्णुः विष्णुः.... अद्येह अमुकगोत्रोऽहं करिष्यमाणैकादशीव्रतोद्यापनकर्मणि निर्विघ्नतया कार्यसिद्धये श्रीमद्भगवतो गणेशस्य यथामिलितोपचारैः पूजनं करिष्ये'' इति संकल्प्य तत्कुशादिकं भूमौ उत्सृज्य यथाविधि गणेशं संपूज्य सामान्याऽर्घ्यादि विशेषार्घ्यस्थापनान्तं कृत्वा प्रधानसंकल्पं कुर्यात् -

(कुश-तिल-यव-जलानि हस्ते आदाय) ''ॐ तत्सत् तत्सत् तत्सत् , विष्णुः विष्णुः विष्णुः ... अद्येहेत्यादि अमुकगोत्रोऽमुकशर्माऽहं सकलपापक्षयकामः श्रीकृष्णप्रीतये कृतस्यैकाशीव्रतस्य सम्पूर्णता-सिद्धये उद्यापनं करिष्ये। तत्पूर्वाङ्गत्वेन (मातृकापूजनाऽऽभ्युदयिकश्राद्ध) पुण्याहवाचन-कलशस्थापन-नवग्रहाऽऽवाहनपूजनानि करिष्ये'' इति संकल्प्य तत्कुशादिकं भूमौ उत्सृज्य (केचित् तु रात्रौ पूजनत्वात् मातृकापूजनं नान्दीश्राद्धं च नेच्छन्ति वा नैव कुर्वन्ति) मातृकापूजनादि-पुण्याहवाचनान्तं विधाय आचार्यवरणम् कुर्यात् -

...अमुकगोत्रोऽमुकशर्माऽहं यजमानः अमुकगोत्रम् अमुकशर्माणं स्वशाखाध्यायिनं ब्रह्मस्वरूपं ब्राह्मणं त्वामस्मिन्नेकादशीव्रतोद्यापनाख्ये कर्मणि आचर्यकर्म कर्तुम् आचार्यत्वेन वृणे। आचार्यः 'वृतोऽस्मि' इति प्रतिवदेत् । ततो यजमानः- 'आचार्यस्तु॰ इति प्रार्थयेत् ।एवं ब्रह्मणो वरणं कृत्वा-'यथा चतुर्मुखो ब्रह्मा॰' इति पार्थयेत् ।।

अथ आचार्यः आसनोपवेशनपूर्वकमाचम्य प्राणानायम्य- 'अस्मिन्नेकादशीव्रतोद्यापनकर्मणि कर्माधिकारार्थमात्मनः शुद्ध्यर्थं च पुरुषसूक्तजपमहं करिष्ये' ।। इति संकल्प्य पुरुषसूक्तजपं कुर्यात् ।।

ततो मण्डपवेद्याम् ईशाने कलशस्थापनविधिना कलशं संस्थाप्य सर्वतोभद्रे मण्डलदेवतास्थापनं कुर्यात् । तच्च दध्यक्षतपुञ्जेषु पूगीफलेषु वा कार्यम् । तत्र मण्डलमध्ये-

'ॐ भूर्भुवः स्वः ब्रह्मन् इहाऽऽगच्छ' इत्यावाह्य -''ॐ ब्रह्म जज्ञानम्०, ॐ ब्रह्मणे नमः, ब्रह्मन् इह तिष्ठ'' इति स्थापयेत् ।।

तत उत्तरदिशि- ''ॐ भूर्भुवः स्वः सोम इहाऽऽ गच्छ'' इति आवाह्य-''ॐ इमं देवा०, ॐ सोमाय नमः, भो सोम ! इह तिष्ठ'' इति स्थापयेत् ।।

ईशाने- ''ॐ भूर्भुवः स्वः ईशान ! इहाऽऽगच्छ'' इत्यावाह्य-'' ॐ तमीशानम्०, ॐ ईशानाय नमः, भो ईशान ! इह तिष्ठ'' इति स्थापयेत् ।

पूर्वे- ''ॐ भूर्भुवःस्वः इन्द्र ! इहाऽऽगच्छ'' इत्यावाह्य -''ॐ त्रातारमिन्द्रम्०, ॐ इन्द्राय नमः, भो इन्द्र ! इह तिष्ठ'' इति स्थापयेत्।

आग्नेये- ''ॐ भूर्भुवः स्वः अग्ने ! इहाऽऽगच्छ'' इत्यावाह्य- ''ॐ अग्निं दूतम्०, ॐ अग्नये नमः, भो अग्ने इति तिष्ठ'' इति स्थापयेत् ।

दक्षिणे- ''ॐ भूर्भुवः स्वः यम ! इहाऽऽगच्छ'' इति आवाह्य- ''ॐ असि यमोऽ अस्यादित्यः०,ॐ यमाय

नमः, भो यम ! इह तिष्ठ'' इति स्थापयेत् ।

नैर्ऋत्ये- ''ॐ भूर्भुवः स्वः निर्ऋते इहाऽऽगच्छ'' इत्यावाह्य ''ॐ एष ते निर्ऋते०, ॐ निर्ऋतये नमः, भो निर्ऋते ! इह तिष्ठ'' इति स्थापयेत् ।

पश्चिमे -''ॐ भूर्भुवः स्वः वरुण ! इहाऽऽगच्छ'' इति आवाह्य, - ''ॐ इमं मे वरुण०, ॐ वरुणाय नमः, भो वरुण ! इह तिष्ठ'' इति स्थापयेत् ।

वायव्याम् - ''ॐ भूर्भुवः स्वः वायो ! इहाऽऽगच्छ'' इति आवाह्य -''ॐ व्वातो वा०, ॐ वायवे नमः, भो वायो ! इह तिष्ठ'' इति स्थापयेत् ।।

वायुसोमयोर्मध्ये - ''ॐ भूर्भुवः स्वः वसव ! इहाऽऽगच्छत'' इति आवाह्य-''ॐ सुगावो देवाः सदनाऽ अकर्म यऽ आजग्मेद ᳪसवनं जुषाणाः । भरमाणा व्वहमाना हवी ᳪष्यस्मे धत्त व्वसवो वसूनि (य० सं० ८-१८) ''ॐ वसुभ्यो नमः, भो वसव ! इह तिष्ठत'' इति स्थापयेत् ।। सोमेशानमध्ये - ''ॐ भूर्भुवः स्वः रुद्रा इहाऽऽगच्छत'' इत्यावाह्य-''ॐ अस्मे रुद्रा मे हना पर्वतासो वृत्रहत्ये भरहूतौ सजोषाः । यः सᳪ सते स्तुवते धायि वज्र इन्द्रज्येष्ठाऽ अस्माँ २।। अवन्तु देवाः ।। (य० सं० ३३-५०) ।। ''ॐ रुद्रेभ्यो नमः, भो रुद्रा ! इह तिष्ठत'' इति स्थापयेत्।। इन्द्रेशानमध्ये- ''ॐ भूर्भुवः स्वः आदित्या इह आगच्छत'' इति आवाह्य - ''ॐ आकृष्णेन०, ॐ आदित्येभ्यो नमः, भो आदित्या इह तिष्ठत'' इति स्थापयेत् ।।

इन्द्राग्निमध्ये- ''ॐ भूर्भुवः स्वः अश्विनौ इह आगच्छतम्'' इति आवाह्य -''ॐ वां कशा०, ॐ अश्विभ्याम्

नमः, भो अश्विनौ इह तिष्ठतम्'' इति स्थापयेत् ।। यमाऽग्निमध्ये-''ॐ भूर्भुवः स्वः सपितृका विश्वेदेवा इह आगच्छत'' इति आवाह्य- ''ॐ विश्वेदेवासऽ आगत०, सपितृकेभ्यो विश्वेभ्यो देवेभ्यो नमः, भो सपितृका विश्वेदेवा इह तिष्ठत'' इति स्थापयेत् ।। यम-निर्ऋतिमध्ये-''ॐ भूर्भुवः स्वः यक्षा इहाऽऽगच्छत'' इत्यावाह्य-''ॐ अभित्यं देवम्०, ॐ सप्तयक्षेभ्यो नमः, भो यक्षा इह तिष्ठत'' इति स्थापयेत् ।। निर्ऋति-वरुणयोर्मध्ये- ''ॐ भूर्भुवः स्वः भूतनागा इह आगच्छत'' इति आवाह्य- ''ॐ आयं गौः प्रश्निरक्रमी०, ॐ भूतनागेभ्यो नमः, भो भूतनागाः इह तिष्ठत'' इति स्थापयेत् ।।

वरुण-वातयोर्मध्ये- ''ॐ भूर्भुवः स्वः गन्धर्वाऽप्सरस इह आगच्छत'' इति आवाह्य- ''ॐ ऋताषाड् ऋतधामाग्निर्गन्धर्वस्तस्यौषधयोऽप्सरसो मुदो नाम । स न इदं ब्रह्म क्षत्रं पातु तस्मै स्वाहा वाट् ताभ्यः स्वाहा ।। (य० सं० १८-३८)।। ॐ गन्धर्वाऽप्सरोभ्यो नमः, भो गन्धर्वाऽप्सरस्स इह तिष्ठत'' इति स्थापयेत् ।।

ब्रह्म-सोममध्ये- ''ॐ भूर्भुवः स्वः स्कन्द इह आगच्छ'' इति आवाह्य- ''ॐ यदक्रन्दः प्रथमम्०, ॐ स्कन्दाय नमः, भो स्कन्द इह तिष्ठ'' इति स्थापयेत् ।। तत्समीपे एव - ''ॐ भूर्भुवः स्वः नन्दीश्वर ! इह आगच्छ'' इति आवाह्य- ''ॐ आशुः शिशानो०, ॐ नन्दीश्वराय नमः, भो नन्दीश्वर ! इह तिष्ठ'' इति स्थापयेत् ।। ब्रह्मेशानयोर्मध्ये- '' ॐ भूर्भुवः स्वः शूल इह आगच्छ'' इति आवाह्य-''ॐ यत्ते गात्रादग्निनापच्यमानादभिशूलं निहतस्यावधावति । मा तद् भूम्यावाश्रिषन्मा तृणेषु देवेभ्यस्तदुशद्भ्यो रातमस्तु । (य० सं० २५-३४) ॐ शूलाय नमः, भो शूल इह तिष्ठ'' इति स्थापयेत् ।। तत्रैव- ''ॐ भूर्भुवः स्वः महाकाल ! इहाऽऽगच्छ'' इति आवाह्य- ''ॐ कार्षिरसि

समुद्रस्य त्वाक्षित्या उन्नयामि ! समापोऽ अद्भिरग्मत समोषधीभिरोषधी ।। (य० सं० ६-२८) ।। ॐ महाकालाय नमः, भो महाकाल ! इह तिष्ठ'' इति स्थापयेत् ।। ब्रह्मेन्द्रयोर्मध्ये- '' भूर्भुवः स्वः दक्षा इह आगच्छत'' इति आवाह्य- '' ॐ प्रजापते न त्वदे०, ॐ दक्षेभ्यो नमः, भो दक्षा इह तिष्ठत'' इति स्थापयेत् ।। ब्रह्माग्निमध्ये- ''ॐ भूर्भुवः स्वः दुर्गे इह आगच्छ''- इत्यावाह्य-''दुर्गायै नमः, भो दुर्गे इह तिष्ठ'' इति स्थापयेत् ।। तत्रैव- ''ॐ भूर्भुवः स्वः विष्णो इहाऽऽ गच्छ'' इत्यावाह्य- ''ॐ विष्णो रराटमसि०, ॐ विष्णवे नमः, भो विष्णो । इह तिष्ठ'' इति स्थापयेत् ।। तत्रैव- ''ॐ भूर्भुवः स्वः स्वधे इहाऽऽगच्छ'' इत्यावाह्य,- ''ॐ उदीरतामवर०, ॐ स्वधायै नमः, भो स्वधे इह तिष्ठ'' इति स्थापयेत् ।। ब्रह्मयमयोर्मध्ये- ''ॐ भूर्भुवः स्वः मृत्युरोगा इह आगच्छत'' इति आवाह्य - ''ॐ परं मृत्योऽ अनुपरेहि०, ॐ मृत्युरोगेभ्यो नमः, भो मृत्युरोगा इह तिष्ठत'' इति स्थापयेत् ।। ब्रह्म-निर्ऋतिमध्ये-''ॐ भूर्भुवः स्वः गणपते ! इहाऽऽ गच्छ'' इत्यावाह्य- ''ॐ गणानान्त्वा०, ॐ गणपतये नमः, भो गणपते ! इह तिष्ठ'' इति स्थापयेत् ।। ब्रह्मवरुणयोर्मध्ये- '' ॐ भूर्भुवः स्वः आप इहाऽऽ गच्छत'' इति आवाह्य-''ॐ शन्नो देवीरभिष्टय०, ॐ अद्भ्यो नमः, भो आप ! इह तिष्ठत'' इति स्थापयेत् ।। ब्रह्मवायुमध्ये- ''ॐ भूर्भुवः स्वः मरुत इहाऽऽ गच्छत'' इति आवाह्य -''ॐ मरुतो यस्य हि क्षये०, ॐ मरुद्भ्यो नमः, भो मरुत इह तिष्ठत'' इति स्थापयेत् ।।

ब्रह्मपादमूले कर्णिकाधः- ''ॐ भूर्भुवः स्वः पृथिवि इहाऽऽगच्छ'' इत्यावाह्य-''ॐ स्योनापृथिवि नो०, ॐ पृथिव्यै नमः, भो पृथिवि इह तिष्ठ'' इति स्थापयेत् ।। तत्रैव- ''ॐ भूर्भुवः स्वः गङ्गादिसप्तनद्य इहाऽऽगच्छत''

इति आवाह्य-''ॐ नदीभ्यः पौञ्जिष्ठमृक्षीकाभ्यो०, ॐ गङ्गादिसप्तनदीभ्यो नमः, भो गङ्गादिसप्तनद्य इह तिष्ठत'' इति स्थापयेत् ।। तत्रैव- ''ॐ भूर्भुवः स्वः सप्तसागरा इहाऽऽगच्छत'' इत्यावह्य- ''ॐ मापो मौषधीर्हिं्सीर्धाम्नो धाम्नो०, ॐ सप्तसागरेभ्यो नमः, भो सप्तसागरा इह तिष्ठत'' इति स्थापयेत् ।। तदुपरि-'' ॐ भूर्भुवः स्वः मेरो इह आगच्छ'' इति आवाह्य-''ॐ मेरवे नमः, भो मेरो ! इह तिष्ठ'' इति स्थापयेत् ।।

उत्तरे- ''ॐ भूर्भुवः स्वः गोतम ! इह आगच्छ'' इत्यावाह्य - '' ॐ गोतमाय नमः, भो गोतम ! इह तिष्ठ'' इति स्थापयेत् ।। ऐशान्याम् - 'ॐ भूर्भुवः स्वः भरद्वाज ! इहाऽऽगच्छ' इति आवाह्य,-''ॐ भरद्वाजाय नमः, भो भरद्वाज ! इह तिष्ठ'' इति स्थापयेत् ।। पूर्वे-''ॐ भूर्भुवः स्वः विश्वामित्र ! इहाऽऽगच्छ'' इति आवाह्य, ''ॐ विश्वामित्राय नमः, भो विश्वामित्र ! इह तिष्ठ'' इति स्थापयेत् ।। आग्नेय्याम्- ''ॐ भूर्भुवः स्वः कश्यप ! इहाऽऽगच्छ'' इति आवाह्य, - ''ॐकश्यपाय नमः, भो कश्यप ! इह तिष्ठ'' इति स्थापयेत् ।। दक्षिणे- ''ॐ भूर्भुवः स्वः जमदग्ने ! इह आगच्छ'' इति आवाह्य,-''ॐ जमदग्नये नमः, भो जमदग्ने इह तिष्ठ'' इति स्थापयेत्।। नैर्ऋत्याम् -''ॐ भूर्भुवः स्वः वसिष्ठ ! इह आगच्छ'' इति आवाह्य,- ''ॐ वसिष्ठाय नमः, भो वसिष्ठ ! इह तिष्ठ'' इति स्थापयेत् ।। पश्चिमे- ॐ भूर्भुवः स्वः अत्रे ! इह आगच्छ'' इति आवाह्य,- ''ॐ अत्रये नमः, भो अत्रे ! इह तिष्ठ'' इति स्थापयेत् ।। वायव्याम् -''ॐ भूर्भुवः स्वः अरुन्धति ! इहाऽऽगच्छ'' इति आवाह्य - ''ॐ अरुन्धत्यै नमः, भो अरुन्धति इह तिष्ठ'' इति स्थापयेत् ।।

पूर्वादिक्रमेण, तद्बाह्ये पूर्वे - ''ॐ भूर्भुवः स्वः ऐन्द्रि ! इह आगच्छ'' इति आवाह्य,- ''ॐ ऐन्द्र्यै नमः, भो

ऐन्द्रि ! इह तिष्ठ'' इति स्थापयेत् ।। आग्नेय्याम् -''ॐ भूर्भुवः स्वः कौमारि इहाऽऽगच्छ'' इत्यावाह्य,-''ॐ कौमार्य्यै नमः, भो कौमारि इह तिष्ठ'' इति स्थापयेत् ।। दक्षिणे- ''ॐ भूर्भुवः स्वः ब्राह्मि ! इहाऽऽगच्छ'' इति आवाह्य- ''ॐ ब्राह्मयै नमः, भो ब्राह्मि इह तिष्ठ'' इति स्थापयेत् ।। नैर्ऋत्याम् - ''ॐ भूर्भुवः स्वः वाराहि इहाऽऽगच्छ'' इति आवाह्य-''ॐ वाराह्यै नमः, भो वाराहि इह तिष्ठ'' इति स्थापयेत् ।। पश्चिमे- ''ॐ भूर्भुवः स्वः चामुण्डे इहाऽऽगच्छ'' इति आवाह्य, ॐ चामुण्डायै नमः, भो चामुण्डे इह तिष्ठ' इति स्थापयेत् ।। वायव्याम् - ''ॐ भूर्भुवः स्वः वैष्णवि इहाऽऽगच्छ'' इति आवाह्य- ''ॐ वैष्णव्यै नमः, भो वैष्णवि इह तिष्ठ'' इति स्थापयेत्।। उत्तरे- 'ॐ भूर्भुवः स्वः माहेश्वरि इहाऽऽगच्छ' इति आवाह्य, '' ॐ माहेश्वर्यै नमः, भो माहेश्वरि इह तिष्ठ'' इति स्थापयेत् ।। ऐशान्याम् - '' ॐ भूर्भुवः स्वः वैनायकि इहाऽऽगच्छ'' इति आवाह्य, - ''ॐ वैनायक्यै नमः, भो वैनायकि इह तिष्ठ'' इति स्थापयेत् ।।

सोमसमीपे, उत्तरे - ''ॐ भूर्भुवः स्वः गदे इहाऽऽ गच्छ'' इति आवाह्य,-'' ॐ गदायै नमः, भो गदे ! इह तिष्ठ'' इति स्थापयेत् ।। ऐशान्याम्, ईशानसमीपे- ''ॐ भूर्भुवः स्वः त्रिशूल इहाऽऽगच्छ'' इत्यावाह्य,- ''ॐ त्रिशूलाय नमः, भो त्रिशूल इह तिष्ठ'' इति स्थापयेत्।। इन्द्रसमीपे, पूर्वे - ''ॐ भूर्भुवः स्वः वज्र ! इहाऽऽगच्छ'' इति आवाह्य, -''ॐ वज्राय नमः, भो वज्र इह तिष्ठ'' इति स्थापयेत् ।। आग्नेय्याम्, अग्निसमीपे- ''ॐ भूर्भुवः स्वः शक्ते इहाऽऽगच्छ'' इत्यावाह्य,- 'ॐ शक्तये नमः, भो शक्ते इह तिष्ठ' इति स्थापयेत् ।। दक्षिणे, यमसमीपे - ''ॐ भूर्भुव स्वः दण्ड इहाऽऽ गच्छ'' इति आवाह्य- ''ॐ दण्डाय नमः, भो दण्ड इह तिष्ठ'' इति स्थापयेत् ।। नैर्ऋत्याम्,

निर्ऋतिसमीपे - ''ॐ भूर्भुवः स्वः खड्ग इहाऽऽ गच्छ'' इत्यावाह्य, - 'ॐ खड्गाय नमः, भो खड्ग इह तिष्ठ'' इति स्थापयेत् ।। पश्चिमे, वरुणसमीपे- ''ॐ भूर्भुवः स्वः पाश इहाऽऽ गच्छ'' इत्यावाह्य,- ''ॐ पाशाय नमः, भो पाश इह तिष्ठ'' इति स्थापयेत् ।। वायव्याम्, वायुसमीपे -''ॐ भूर्भुवः स्वः भो अंकुश इहाऽऽ गच्छ'' इत्यावाह्य,- ''ॐ अङ्कुशाय नमः, इह तिष्ठ'' इति स्थापयेत् ।।

ततः ''ॐ एतन्ते०'' ''ॐ मनोजूतिः ०'' इति प्रतिष्ठाप्य-''ॐ ब्रह्मणे नमः'' इत्यादिपूर्वोक्तनाममन्त्रैः पञ्चोपचारपूजनम् कुर्यात् ।। ततो यजमानः स्थापितकलशोपरि रौप्यपात्रं निधाय तत्र श्रीलक्ष्मीनारायणप्रतिमां सौवर्णीमग्न्युत्तारणपूर्वकं पञ्चामृतस्नापितां संस्थाप्य- ''ॐ एतन्ते०'' ''ॐ मनोजूतिः ०'' इति प्रतिष्ठां पूर्वोक्तविधिना प्राणप्रतिष्ठां च विधाय ध्यायेत् -

जातरूपमयं देवं लक्ष्म्या युक्तम् जनार्दनम् । सस्मितं सोपवीतं च सहिरण्यं सवाससम् ।।
अक्षमालासमायुक्तं शंख-चक्र-गदाधरम् । पद्मासीनं मेघवर्णं स्फुरत्कुण्डल - राजितम् ।।
ॐ उद्यत्कोटिदिवाकराभमनिशं शंखं गदां पद्मजं । चक्रं बिभ्रतमिन्दिरावसुमतीसंशोभिपार्श्वद्वयम् ।।
कोटीराङ्गदहारकुण्डलधरं पीताम्बरं कौस्तुभोद्दीप्तं विश्वधरं स्ववक्षसि लसच्छ्रीवत्सचिह्नं भजेत् ।।

आवाहनम् - ''ॐ सहस्रशीर्षा० -''

आवाहयाम्यहं देव भक्तानामभयप्रदम् । सुस्निग्धं वरदं शान्तं मनसाऽऽ वाहयेद्धरिम् ।।

आसनम् - ''ॐ पुरुषऽ एवेद ꣳसर्वं० -''

सुवर्णमणिभिर्दिव्यैः खचिते देवनिर्मिते । दिव्यसिंहासने स्निग्धे प्रविश त्वं सुरालये ।।

पाद्यम् - "ॐ एतावानस्य० -"

पादोदकं सुरश्रेष्ठ सुवर्णकलशस्थितम् । गन्धपुष्पाक्षतैर्युक्तं गृहाण रमया सह ।।

अर्घ्यम् - ॐ त्रिपादूर्ध्वं० -

अष्टद्रव्यसमायुक्तं स्वर्णपात्रस्थितं जलम् । अर्घ्यं गृहाण देवेश भक्तानामभयङ्कर ।।

आचमनीयम् - ॐ ततो व्विराड० -

देवदेव नमस्तुभ्यं पुराणपुरुषोत्तम । मयाऽऽनीतमिदं तोयं गृहीत्वाऽऽ चमनं कुरु ।।

'ॐ पयः पृथिव्याम्०' इत्यादिपूर्वोक्तमन्त्रैः पञ्चामृतस्नानम् विधाय, 'ॐ लक्ष्मीनारायणाय नमः' गन्धोदकस्नानं समर्पयामि ।।

स्नानम् - 'ॐ आपो हिष्ठा०, ॐ श्रीलक्ष्मीनारायणाय' शुद्धोदकस्नानं समर्पयामि ।।

स्नानम् - ॐ तस्माद्यज्ञात्सर्वहुतः संभृतं० -

नदीनां चैव सरसां मयाऽऽनीतं जलं शुभम् । अनेन त्वं कुरु स्नानं मन्त्रैर्वारुणकैः शुभैः ।।

'ॐ श्रीलक्ष्मीनारायणाय' स्नानाङ्गमाचमनीयं समर्पयामि ।।

वस्त्रम् - ॐ तस्माद्यज्ञात्सर्वहुतऽ ऋचः० -

वस्त्रयुग्मं समानीतं पट्टसूत्रेण निर्मितम् । पीताम्बरं नमस्तेऽस्तु गृहाण मदनुग्रहात् ।।

'ॐ श्रीलक्ष्मीनारायणाय' आचमनीयं समर्पयामि ।।

यज्ञोपवीतम् - ॐ तस्मादश्वा० -

नारायण नमस्तेऽस्तु त्राहि मां भवसागरात् । ब्रह्मसूत्रं सोत्तरीयं गृहाण पुरुषोत्तम ।।

'ॐ श्रीलक्ष्मीनारायणाय' यज्ञोपवीताङ्गमाचमनीयं समर्पयामि ।।

गन्धः - ॐ तं यज्ञं० -

चन्दनं मलयोद्भूतं कस्तूर्यगुरुसम्भवम् । कर्पूरेण च संयुक्तं स्वीकुरुष्वाऽनुलेपनम् ।।

'ॐश्रीलक्ष्मीनारायणाय' चन्दनं समर्पयामि ।।

पुष्पाणि- यत्पुरुषं० -

शतपत्रैः कर्णिकारैश्चम्पकैर्मल्लिकादिभिः । पुष्पैर्नानाविधैर्देव पूजयामि नमोऽस्तु ते ।।

'ॐ श्रीलक्ष्मीनारायणाय' पुष्पाणि समर्पयामि ।।

तुलसीदलानि- तुलसीं हेमरूपां च रत्नरूपां च मञ्जरीम् । भवमोक्षप्रदां तुभ्यमर्पयामि हरिप्रियाम् ।।

'श्री लक्ष्मीनारायणाय' मञ्जरीं समर्पयामि ।।

अथाऽङ्गपूजा - ॐ दामोदराय नमः, पादौ पूजयामि । ॐ माधवाय नमः, जानुनी पूजयामि । ॐ कामपतये नमः, गुह्यं पूजयामि । ॐ वामनमूर्तये नमः, कटिं पूजयामि । ॐ पद्मनाभाय नमः, नाभिं पूजयामि । ॐ विश्वमूर्तये नमः, उदरं पूजयामि । ॐ ज्ञानगम्याय नमः, हृदयं पूजयामि । ॐ श्रीकण्ठसङ्गिने नमः, कण्ठं पूजयामि । ॐ सहस्रबाहवे नमः, बाहू पूजयामि । ॐ योगयोगिने नमः, चक्षुषी पूजयामि । ॐ उरूगाय नमः, ललाटं पूजयामि ।

ॐ नाकसुरेश्वराय नमः, नासिकां पूजयामि । ॐ श्रवणेशाय नमः, श्रवणे पूजयामि । ॐ सर्वकामदाय नमः, शिखां पूजयामि । ॐ सहस्त्रशीर्षाय नमः, शिरः पूजयामि । ॐ सर्वरूपिणे नमः, सर्वाङ्गं पूजयामि ।

ततो धूपः- ॐ ब्राह्मणोस्य० -

वनस्पतिरसो दिव्यो गन्धाढ्यः सुमनोहरः । आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ।।

'ॐ श्रीलक्ष्मीनारायणाय नमः' धूपं समर्पयामि ।।

दीपः - ॐ चन्द्रमा मनसो० -

एषाऽऽर्तिका सुरक्षेष्ठ गोघृतेन तु वर्तिना । संयुक्ता तेजसा कृष्ण गृह्यतां विश्वदीपक ।।

'ॐ श्रीलक्ष्मीनारायणाय' दीपं समर्पयामि ।।

चतुर्विंशविधं नैवेद्यम् - (मनभोग, अपुंगो, हलुवा, पुवा, लड्डू, पेडा, बर्फी, बतासा, खजुरी, घेबर, गोजिया, कसार, तिलका लड्डू, भुटेका च्यूराका लड्डू, मिश्री, ठकुवा, सेल, अनर्सा, बाबर, मालपुवा, केरा, नरिवल, छोहोडा, सातु) ॐ नाभ्याऽ आसी० -

मोदकानि विचित्राणि पायसं साज्यशर्करम् । दधियुक्तं फलाऽऽढ्यं च नैवेद्यं प्रतिगृह्यताम् ।।

'ॐ श्रीलक्ष्मीनारायणाय नमः' नैवेद्यं समर्पयामि ।।

अथ प्राणादिमुद्राः प्रदर्श्य, क्षणं ध्यात्वा यथाशक्ति मूलमन्त्रजपं विधाय गुह्यातीति समर्प्य नैवेद्यमुद्वास्य ततः किञ्चित् विश्वक्सेनादिभ्यो दत्त्वा नाममन्त्रेण आचमनीयम् दद्यात् । ॐ श्रीलक्ष्मीनारायणाय करोद्वर्तनार्थे चन्दनं समर्पयामि।।

फलम् - ॐ याः फलिनी० -

इदं फलं मया देव ! स्थापितं पुरतस्तव । तेन मे सफलाऽऽवाप्तिर्भवेज्जन्मनि जन्मनि ।।

'ॐ श्रीलक्ष्मीनारायणाय इदं फलं समर्पयामि ।।'

ताम्बूलम् - नागवल्लीदलैर्युक्तं पूगीफलसमन्वितम् । कर्पूरादिसमायुक्तं ताम्बूलं प्रतिगृह्यताम् ।।

'ॐ श्रीलक्ष्मीनारायणाय ताम्बूलं समर्पयामि ।।'

भूषणार्थे द्रव्यम् - ॐ हिरण्यगर्भ० -

हिरण्यगर्भगर्भस्थं हेमबीजं विभवसो । अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ।।

'ॐ श्रीलक्ष्मीनारायणाय द्रव्यं समर्पयामि ।।'

आरार्तिक्यम् - ॐ अन्तस्तेजो० -

नीराजनं गृहाणेश पञ्चवर्तिभिरावृतम् । तेजोराशे मया दत्तं लोकानन्दकर प्रभो ।।

'ॐ श्रीलक्ष्मीनारायणाय आरार्तिक्यं समर्पयामि ।।'

प्रदक्षिणा- ॐ यत्पुरुषेण० -

यानि कानि च पापानि जन्मान्तरकृतानि च । तानि सर्वाणि नश्यन्तु प्रदक्षिण - पदे पदे ।।

'ॐ श्रीलक्ष्मीनारायणाय प्रदक्षिणां समर्पयामि ।।'

नमस्काराः - ॐ सप्तास्यासन्० -

नमस्ते देवदेवेश नमस्ते गरुडध्वज । नमस्ते विष्णवे तुभ्यं व्रतस्य फलदायक ।।

'ॐ श्रीलक्ष्मीनारायणाय नमस्कारं समर्पयामि ।।'

मन्त्रपुष्पाञ्जलिः - ॐ यज्ञेन यज्ञमय जन्त० -

ॐ मालती-मल्लिकापुष्पैर्नाग - चम्पकसंयुतैः । पुष्पाञ्जलिं गृहाणेमं पादाम्बुज-युगार्पितम् ।।

'ॐ श्रीलक्ष्मीनारायणाय पुष्पाञ्जलिं समर्पयामि ।।'

विशेषाऽर्घ्यदानम् - नारिकेल-बीजपूरादिफलयुतेन साक्षतपुष्प-चन्दन-कुश-जलेन जनार्दनं हृदि ध्यात्वा अर्घ्यं दद्यात् -

नमस्ते पुण्डरीकाक्ष नमस्ते विश्वभावन । दामोदर नमस्तेऽस्तु गृहाणाऽर्घ्यं नमो नमः ।।

'ॐ श्रीलक्ष्मीनारायणाय विशेषार्घ्यं समर्पयामि ।।' इति पञ्चवारं जानुभ्यामवनिं गत्वा शिरसा अर्घ्यं निवेदयेत् । अनेन षोडशोपचार- पूजनाऽऽख्येन कर्मणा श्रीभगवान् श्रीलक्ष्मीनारायणः प्रीयताम् न मम ।।ॐ तत्सत् कृष्णाऽर्पणमस्तु ।।

ततः सायं सन्ध्यान्ते पुनः पञ्चोपचारपूजनपूर्वकं धूपाऽऽर्तिक्यं विधाय जपस्तुतिकथागीतवादित्रमङ्गलैः रात्रिं जागरणेन अतिवाहयेत् (बिताओस्) ।।

अथ प्रबोधिन्या द्वितीयदिने द्वादश्याम् प्रभाते स्नानादिपूजनाऽन्तं विधाय आचार्यो वेद्याम् अग्निस्थापनविधिना पञ्चभूसंस्कारपूर्वकमग्निं संस्थाप्य एकादश्यां स्थापितकलशोपरि नवग्रहान् संपूज्य । तद् यथा- आदौ कलशोपरि पूर्वस्थापिततण्डुलस्थित- ग्रहमण्डलमध्ये वर्तुले मण्डले (वृत्ते) रक्तपुष्पाक्षतैः प्राङ्मुखं सूर्यम् आवाहयेत् - गन्धाक्षतपुष्पैः संस्पृशन् - 'ॐ आकृष्णेन रजसावर्तमानोनिवेशयन् नमृतम्मर्त्यञ्च ।। हिरण्ययेन सविता रथेना देवो याति भुवनानि

पश्यन् ।। ॐ भूर्भुवः स्वः कलिङ्गदेशोद्भवकाश्यपसगोत्र रक्तवर्ण भो सूर्य इहाऽऽगच्छ, इह तिष्ठ । ॐ सूर्याय नमः, सूर्यम् आवाहयामि ।। इति सूर्यम् स्थापयेत् ।।१।। आग्नेय्यां दिशि चतुरस्रेऽर्धचन्द्राकारे वा मण्डले शुक्लपुष्पाक्षतैः सोमम् आवाहयेत् । पूर्ववत् स्पृशन् - ॐ इमं देवाऽ असपत्नꣳ सुवध्वं महते क्षत्त्राय महते ज्यैष्ठाय महते जानराज्यायेन्द्रस्यैन्द्रियाय ।। इमममुष्यैपुत्रममुष्यै पुत्रमस्यै व्विशऽ एष बोमी राजा सोमोऽ स्माकं ब्राह्मणानाꣳराजा ।। ॐ भूर्भुवः स्वः यमुनातीरदेशोद्भव आत्रेय गोत्र शुक्लवर्ण भो सोम इहाऽऽगच्छ, इह तिष्ठ । ॐ सोमाय नमः ।। सोमम् आवाहयामि इति सोमं स्थापेयत् ।।२।।

दक्षिणस्यां दिशि त्रिकोणमण्डले दक्षिणमुखं रक्तपुष्पाऽक्षतैर्भौमम् आवाहयेत् ।- स्पृशन् -''ॐ अग्निमूर्द्धादिवः ककुत्पतिः पृथिव्याऽअयम् ।। अपाꣳ रेताꣳ सि जिन्वति ।। ॐ भूर्भुवः स्वः अवन्तिदेशोद्भव भारद्वाजसगोत्र रक्तवर्ण भो भौम इहाऽऽ गच्छ, इह तिष्ठ । ॐ भौमाय नमः ।। भौमम् आवाहयामि ।। इति भौमं स्थापयेत् ।।३।। ईशान्यां दिशि बाणाऽऽकारमण्डले (वृत्ते) उदङ्मुखं पीतपुष्पाऽ क्षतैर्बुधम् आवाहयेत् ।। पूर्ववत् स्पृशन् -''ॐ उद्बुध्यस्वाग्नेऽ प्रतिजा गृहीत्वमिष्टापूर्तेसꣳ सृजेथामयञ्च ।। अस्मिन्त्सधस्थेऽ अध्युत्तरस्मिन्विश्वे देवा यजमानश्च सीदत ।। ॐ भूर्भुवः स्वः मगधदेशोद्भव आत्रेयसगोत्र पीतवर्ण भो बुध इहाऽऽगच्छ, इह तिष्ठ, ॐ बुधाय नमः ।। बुधम् आवाहयामि ।। इति बुधं स्थापयेत् ।।४।। उत्तरस्यां दिशि चतुरस्रे मण्डले पीतपुष्पाक्षतैर्बृहस्पतिम् आवाहयेत् ।। पूर्ववत् स्पृशन् - ''ॐ बृहस्पतेऽतियदर्योऽ अर्हाद्युमद् विभाति क्रतुमज्जनेषु ।। यद्दीदयच्छ वसऽऋप्तप्रजा तदस्मासुद्रविणं धेहि चित्रम्''

''ॐ भूर्भुवः स्वः सिन्धुदेशोद्भव आङ्गिरससगोत्र पीतवर्ण भो बृहस्पते इहाऽऽगच्छ, इह तिष्ठ' ॐ बृहस्पतये नमः ।। बृहस्पतिम् आवाहयामि ।। इति बृहस्पतिं स्थापयेत् ।।५।। पूर्वस्यां दिशि पञ्चकोणमण्डले प्राङ्मुखं शुक्लपुष्पाक्षतैः शुक्रम् आवाहयेत् ।। पूर्ववत् स्पृशन् - ''ॐ अन्नात्परिस्रुतो रसम्ब्रह्मणाव्यपिबत् क्षत्रम्पयः सोमम्प्रजापतिः ।। ऋतेन सत्यमिन्द्रियं विपाᳬं शुक्रमंधसऽ इन्द्रस्येन्द्रियमिदम्पयोमृतं मधु ।। ॐ भूर्भुवः स्वः भोजकटकदेशोद्भव भार्गवसगोत्र मधु ।। ॐ भूर्भुवः स्वः भोजकटकदेशोद्भव भार्गवसगोत्र शुक्लवर्ण भो शुक्र इहाऽऽगच्छ, इह तिष्ठ, ॐ शुक्राय नमः ।। शुक्रम् आवाहयामि ।। इति शुक्रम् स्थापयेत् ।।६।। पश्चिमायां दिशि धनुषाकारमण्डले प्रत्यङ्मुखं कृष्णपुष्पाऽक्षतैः शनैश्चरम् आवाहयेत् । - स्पृशन् -''ॐ शन्नोदेवीरभिष्टयऽ आपो भवन्तु पीतये शंय्योरभिस्रवन्तु नः।। ॐ भूर्भुवः स्वः सौराष्ट्रदेशोद्भव काश्यपसगोत्र कृष्णवर्ण भो शनैश्चर इहाऽऽगच्छ, इह तिष्ठ । ॐ शनैश्चराय नमः ।। शनैश्चरम् आवाहयामि ।। इति शनैश्चरम् आवाहयेत् ।।७।। नैर्ऋत्यां दिशि शूर्पाकारमण्डले दक्षिणाऽभिमुखं कृष्णपुष्पाक्षतैः राहुम् आवाहयेत् । - स्पृशन् -ॐ कयानश्चित्रऽआभुवदूती सदा वृधः सखा । कयासचिष्ठयावृता ।। ॐ भूर्भुवः स्वः राठिणापूरोद्भव पैठिनसगोत्र कृष्णावर्ण भो राहो ! इहाऽऽ गच्छ, इह तिष्ठ ।। ॐ राहवे नमः ।। राहुम् आवाहयेत् ।। वायव्यां दिशि ध्वजाकारमण्डले दक्षिणाऽभिमुखं धूम्रपुष्पाक्षतैः केतुम् । - स्पृशन् - ''केतुङ्कृण्वन्नकेतवेपेशोमर्य्याऽ अपेशसे ।। समुषद्भिरजायथाः ।। ॐ भूर्भुवः स्वः अन्तर्वेदिसमुद्भव जैमिनिसगोत्र धूम्रवर्ण भो केतो इहाऽऽ गच्छ, इह तिष्ठ ।। ॐ केतवे नमः ।। केतुम् आवाहयामि ।। इति आवाहयित्वा तत्तत्

स्पृशन् - मन्त्रेण चतुर्थ्यन्तान् तान् पूजयेत्, धूपदीपादिकं च कारयेत् ।।

ततो होमस्थाने दक्षिणतो ब्रह्मासनमित्यादि कृत्वा चतुःस्वस्तिपर्यन्तं हवनं समापयेत् ।।

ततो यजमानो द्रव्यत्यागसंकल्पं कुर्यात् - ॐ विष्णुः ३, अद्येहेत्यादि अमुकोऽहम् एकादशीव्रतोद्यापनहोमकर्मणा यक्ष्ये । तत्र चतुर्थ्यन्ते 'स्वाहा' वदन्- प्रजापतिम्, इन्द्रम्, अग्निम्, सोमम् आज्येन । विष्णुम् साज्यपायसेन तिलैश्च- ''ॐ इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम् । समूढमस्य पाᳬं सुरे स्वाहा'' इति मन्त्रं पठन् अष्टोत्तरशतं (१०८) जुहुयात् ।। ततः केवलाऽऽज्येन ''ॐ स्त्रीचतुःसहस्रसहितायै रुक्मिण्यै स्वाहा १, ॐ स्त्रीचतुःसहस्रसहितायै सत्यभामायै स्वाहा २, ॐ स्त्रीचतुःसहस्रसहितायै जाम्बवत्यै स्वाहा ३, स्त्रीचतुःसहस्रसहितायै कालिन्द्यै स्वाहा ४, शंखाय स्वाहा ५, चक्राय स्वाहा ६, गदायै स्वाहा ७, पद्माय स्वाहा ८, गरुडाय स्वाहा ९ । पुनः इन्द्राय स्वाहा १, अग्नये स्वाहा २, यमाय स्वाहा ३, निर्ऋतये स्वाहा ४, वरुणाय स्वाहा ५, वायवे स्वाहा ६, कुबेराय स्वाहा ७, ईशानाय स्वाहा ८। पुनः विमलायै स्वाहा १, उत्कर्षिण्यै स्वाहा २, ज्ञानायै स्वाहा ३, क्रियायै स्वाहा ४, योगायै स्वाहा ५, प्रह्वायै स्वाहा ६, सत्यायै स्वाहा ७, ईशानायै स्वाहा ८ ।। इति अष्टदलदेवताभ्यो होमं कृत्वा शेषेण स्विष्टकृतम्, ब्रह्मादिमण्डलदेवताः (पूर्वोक्तः भूर्भुवः स्वः ब्रह्मन् ! इहाऽऽ गच्छ इत्यादितः अंकुश पर्यन्तम्) प्रत्येकमेकैकयाऽऽ हुत्या आज्येन । ततः अत्रिम्, वायुम्, सूर्यम्, अग्नीवरुणौ, अग्निम्, वरुणम्, सवितारम्, विष्णुम्, विश्वान्, देवान्, मरुतः, स्वर्कान्, वरुणम्, प्रजापतिम् आज्येन यक्ष्ये । एतद्धोमद्रव्यं तत्तद्देवताभ्यो मया

परित्यक्तम् ।। ॐ तत्सत् यथादैवतमस्तु न मम ।।

तत आचार्यः शेषम् अग्निस्थापनविधिं समापयेत् ।। ततो यजमानो ब्रह्मणे पूर्णपात्रं दत्त्वा चतुर्विंशतिसंख्याकान् द्वादशसंख्याकान् वा सपत्नीकान् द्विजान् वस्त्राऽलङ्कारादिभिः संपूज्य पक्वान्नादियुतान् जलपूरितान् तावत्संख्याकान् घटान् तेभ्यो दद्यात् । ततो गोदानविधिना कपिलादानं विधाय प्रार्थयेत् -

नमस्ते कपिले देवि संसारार्णवतारिणि । मया दत्तां द्विजेन्द्राय प्रीयतां मे जनार्दन ।।

इति संप्रार्थ्य आचार्याय दद्यात् । उत्तराङ्गत्वेन पुनर्देवं सम्पूज्य शय्यादानविधिना सति संभवे शय्यादानं विधाय भूयसीं सङ्कल्प्य कृताञ्जलिर्भूत्वा देवं प्रार्थयेत् -

मयाऽद्याऽस्मिन् व्रते देव यदपूर्णकृतं विभो । सर्वं भवतु संपूर्णं त्वत्प्रसादात् रमापते ।।

इति दण्डवत् प्रणम्य क्षमाप्य न्यूनातिरिक्तमित्यादिना विसृज्य सोपस्करां प्रतिमां-'ॐ विष्णुर्मे प्रीयताम्' इति आचार्याय दत्त्वा भूयसीं संविभज्य दत्त्वा अच्छिद्रं० वाचयित्वा अभिषेक मन्त्रपाठाऽन्ते आचार्यादीन् ब्राह्मणान् भोजयित्वा प्रणिपत्य क्षमाप्य तदनुज्ञया स्वयमपीष्टबन्धुभिः सह भुञ्जीत ।। इति ।।

।। समाप्तम् ।।